# संस्मरण



CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

# संस्मरण

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

# संस्मरण

कृष्णबहादुर अमात्य

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

प्रकाशिका
विणादेवी अमात्य

प्रथम संस्करण : २०५५ साल

मूल्य : रू. ५००।-

मुद्रक :
हिसि अफसेट प्रिन्टर्स प्रा. लि.
जमल, सेतोदरबार
काठमाडौं ।
फोन : २२६४१६

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection.

कृष्णबहादुर अमात्य तथा श्रीमती विणादेवी अमात्य

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

# विषयसूची


| | | पृष्ठ |
|---|---|---|
| मेरो धारणा | – | छ |
| भूमिका | – | झ |
| विगतको सिंहावलोकन | – | १ |
| त्यसबेलाको नोट | – | ५ |
| देश धान्ने अर्थतन्त्र | – | ९ |
| शुभकामनाको पनि अर्थ हुन्छ | – | १३ |
| भरोसा र विश्वास | – | १५ |
| जनजीवन र सक्रियता | – | १७ |
| वर्तमान र भविष्य | – | २१ |
| आजको युग सक्रियताको युग | – | २३ |
| ज्ञानको बाँध | – | २९ |
| ज्ञान क्रियाशील शक्ति हो | – | ३३ |
| मनस्थितिले मानिस चिनाउँछ | – | ३७ |
| सरल कृषि प्रधान जनजीवन | – | ४१ |
| संस्कृतिले अर्थतन्त्र सघाउँछ | – | ४७ |
| राजनीति र परिवर्तन जेसुकै होस् | – | ५१ |
| चिन्तारहित हुन असम्भव | – | ५९ |
| प्रगति अनुकूल चेतनाको खाँचो | – | ६५ |
| सन्तुलित वर्तमानले भविष्य औंल्याउँछ | – | ६९ |
| गतिशील समाज संचालन प्रक्रिया | – | ८१ |
| गतिशील समाज र सांस्कृतिक परम्परा | – | ८७ |
| सही परम्पराले समाज समृद्धशाली बन्छ | – | ९३ |
| पुरानो कुरा : एक सिंहावलोकन | – | ९९ |
| मैले जाने बुझेको समाजको स्वरूप | – | १०९ |


CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

| | | |
|---|---|---|
| अनुभव पनि ज्ञानकै एउटा स्वरूप र क्षमता | – | ११७ |
| समयको ज्ञान समाज हितका लागि हुनुपर्छ | – | १२७ |
| परिवर्तन समन्वयात्मक हुनुपर्छ | – | १३७ |
| परिवर्तनपछिको सामाजिक प्रारूप | – | १४७ |
| भविष्यमा धर्म र समाज | – | १६१ |
| अस्थिर राजनीतिले देशको उन्नति हुँदैन | – | १६९ |
| कृषि युग र अर्थतन्त्रको विकास | – | १७५ |




CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

# मेरो धारणा



मेरो संस्मरणको पुस्तक नै तयार गर्छु भनेर मैले प्रयास गरेको होइन। मेरा श्याम भाइ (श्री भ्रुलेन्द्र प्रधान) प्रत्येक बृहस्पतिबार मकहाँ आउनुभएर पुराना कुराहरू मसंग सोध्नुहुन्थ्यो। हाम्रो धर्म, हाम्रो समाज र हाम्रो परम्परासम्बन्धी कुराहरू कोट्याएर मसंग सोध्नुहुन्थ्यो। हाम्रो संस्कृति, संस्कार, व्यापार पद्धति र राष्ट्रिय अर्थतन्त्रका सम्बन्धमा प्रश्नहरू गर्नुहुन्थ्यो। यस्ता गहन कुराहरूको वर्णन क्रमानुसार गर्ने मेरो स्वभाव थिएन। आफ्नो ज्ञान, आफ्नो अनुभवका आधारमा जाने बुझेको थोर–बहुत कुरा सुनाउँथें। उहाँले टेप रेकर्डरमा भर्ने गर्नुहुँदो रहेछ। अनि सबै कुरा टेपबाट उतारेर लेखेर संकलन गरी पुस्तकको रूप दिनुभएको रहेछ। वास्तवमा यस पुस्तकको श्रेय भ्रुलेन्द्रजीलाई नै छ। म इतिहासकार पनि होइन, न म राजनीतिज्ञ नै हुँ। मेरो आफ्नै जीवनको अवलोकनबाट मेरो सम्झना र मैले भोगेका कुराहरू पनि उपयोगी हुनसक्छ भने म धन्य हुनेछु।

वर्षभरि चाडबाड, सामाजिक व्यवहार अनि अनुभव ज्ञानबाट वर्णन गरेका कुराहरू ठाउँ ठाउँमा दोहोरिरहने स्वाभाविक नै ठानें। सबै प्रसंगहरू प्रासांगिक भए भएनन् भनेर पनि मैले ध्यान दिइन। सम्झनाको सहाराबाट मैले आफ्ना कुराहरू जसरी व्यक्त गरें, त्यस्तै गरी सबै यथावत रहन दिनु नै मैले वेश ठानें।

छोराहरू पढे–लेखेका छन्। तिनीहरूले आवश्यक देखेका कुराहरू सच्याउने र मिलाउने नै छन्। मेरा छोराहरू पीयूषबहादुर अमात्य, दमनबहादुर अमात्य, हिरेन्द्रबहादुर अमात्य र विनोदबहादुर अमात्यले यो पुस्तक प्रकाशनका लागि आवश्यक व्यक्तिहरूबाट सहयोग लिएर सम्पूर्ण कार्य गरिरहेकोले म खुशी छु।

देश र समाजको विकास र उन्नति होस् भन्ने नै मेरो प्रबल

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

धारणा छ । परिवर्तन एक अटूट सांसारिक वा दैव नियन्त्रित क्रम हो । यसलाई नियन्त्रण गर्न कसैको जोड चल्दैन । यसैमा निरन्तरता छ । मेरो सत्तरी पचहत्तर वर्षको अनुभव केही होइन । सयौं वर्षको अनुभव भएका मानिसहरू पनि जीवित छन् । उहाँहरूका अनुभवहरू बरू गहकिलो हुने म ठान्दछु । विद्वान्हरूले खोजेर दिशावोध हुने अनुभव संकलनहरू गरेर सामाजिक ज्ञान, आध्यात्मिक ज्ञान, भौतिक ज्ञान तथा समाज सुहाउँदो अर्थतन्त्र र राजनीतिको ज्ञान प्रकाशमा ल्याउने कुरामा म विश्वस्त छु । यसैमा मेरो भरोसा छ ।

अन्य कुराहरूमा श्री ज्योति वैद्यले पुस्तक सम्पादन गर्नुभएर पुस्तकको डिजाइन समेत गरिदिनुभएकोमा म उहाँलाई पनि धन्यवाद दिन्छु र कम्प्युटरमा टाइप गरिदिनुभएकोमा राजेश बज्राचार्यलाई पनि धन्यवाद दिन्छु ।

**— कृष्णबहादुर अमात्य**

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

आदरणीय दाइ श्री कृष्णबहादुर अमात्य सज्जन र नरम स्वभावका व्यक्तित्व हुनुहुन्छ । उहाँको सरल आचरणबाट म २००७ सालदेखि प्रभावित थिएँ । राष्ट्रिय उद्योग र राष्ट्रिय अर्थतन्त्रमा उहाँको ज्ञान र अनुभवका कुराहरू सुनिरहुँ जस्तै लाग्थ्यो । राष्ट्रिय परम्परा र संस्कृतिमा पनि उहाँको आस्था सन्हाहनीय थियो । परम्परागत आध्यात्मिक आस्थामा पनि उहाँ प्रबल नै पाएको छु । समाज अवलोकन गर्दै समाजको हितमा राष्ट्रबाट हुनुपर्ने कामहरू सरल किसिमले भन्ने उहाँमा एउटा राम्रो शैली रहेको छ । उहाँको जीवनका सबै कुरा सुन्दा मलाई उहाँको जीवनको संस्मरण प्रकाशित भए उपयोगी हुने विचार आएर उहाँसित मैले समय–समयमा विभिन्न प्रश्नहरू गरेर टेप गरिराख्थें । अनि टेप रेकर्ड गरिएका कुराहरू यथावत कागजमा उतारेर लेख्दै लगें । फलस्वरूप उहाँका संस्मरणको संकलन पुस्तक बन्न सम्भव हुन आयो ।

उहाँको यो संस्मरण आफ्नै जीवनको कथा, आफैले भोगेका र अनुभव गरेका कुराहरू समेत भएर अत्यन्त मार्मिक लाग्छ । देशको धर्म, कर्म, परम्परा र संस्कृति, राजनीति र अर्थतन्त्र तथा सामाजिक आचरण र व्यवहार, समय समयका पूजाआजा र चाडपर्वका विवरणहरू हामीहरूले पनि मानिरहेका र अनुसरण गरिरहेका कुराहरू भएर धेरै चाखलाग्दा छन् । अझ विशेष राजनीति र आर्थिक पक्षमा उहाँको गहिरो विचार उल्लेखनीय छ । उहाँ परिवर्तनमा निरन्तरता देख्नुहुन्छ । परिवर्तन संसारैमा निरन्तर घटिरहने एउटा अदृश्य शक्तिकै रूपमा उहाँको धारणा बनेको छ । परिवर्तन क्रान्तिबाट होस्, औद्योगिक प्रगतिबाट होस्, दैवी प्रकोपबाट होस् वा ज्ञानशक्तिबाट होस् निरन्तर परिवर्तन भई नै रहने समयको जीवनतत्व स्वभाव हो । परिवर्तन हुन र

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

आउन नदिने क्षमता कसैमा हुँदै हुँदैन ।

ऋतु परिवर्तन जस्तै जीवनको अवलोकन बूढो भएर बिलाएर संसारबाट जानुपर्ने जस्तो चैतन्य पनि सहज अभिव्यक्त भइरहेको यो आत्म संस्मरण इतिहासका पानाहरू जस्तै यथार्थ हुन् । मानव सभ्यताहरू भिन्न भिन्न रूपले बन्छ, परिपक्व हुन्छ र बिलाउँछ । राज्यशक्तिका धारणाहरू पनि सांसारिक घटनाक्रममा प्रादुर्भाव हुन्छ र समयचक्रमा पुनः बिलाउने नै हुन्छ । यो आध्यात्मिक ध्यानगम्य पक्ष हो । यही नै सर्वोत्कृष्ट यस आत्म संस्मरणको विशेषता हो ।

यो आत्म संस्मरणरूपी पुस्तकको अवधारणा साहू माइला दाइकै सुपुत्र श्री पीयूषबहादुर अमात्यको हो । हाम्रो देशको एकजना उद्योगी व्यक्तित्वको अवधारणालाई उतार्न साधारण प्रयास गर्दा मेरो कार्यशैलीमा त्रुटि रहन गएकोले होला कहीं कहीं प्रसंगहरू दोहोरिन गएका छन् । त्रुटि मेरो हो । दोष आदरणीय दाइको होइन । धैर्यपूर्वक आफ्नो जीवनको सिंहावलोकन गर्ने उहाँको असीमित ज्ञानबाट हामी लाभान्वित अवश्य हुने कुरामा म विश्वस्त छु ।

**— झुलेन्द्रमान प्रधान**

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

# संस्मरण

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

# विगतको सिंहावलोकन



मेरो आफ्नो जीवनमा मैले के गर्न सकें भनी सोच्नु वा आफैलाई नियालेर हेर्नु राम्रो कुरा हो। Knowledge is Power is Knowledge अर्थात् ज्ञान शक्ति हो भने ज्ञानै हो । ज्ञानविना जीवनमा प्रगति सम्भव छैन । प्रगतिरहित जीवन ज्ञानको कमीको फल हो। मलाई लाग्छ, देशको विकास ज्ञानविना सम्भव हुँदैन। ज्ञान जहाँबाट पाए पनि, जुनसुकै काम गरेर भएपनि ज्ञान लाभदायक हुन्छ। ज्ञानले फल पाउँछ। त्यसैले हाम्रा पूर्वजहरूले शिक्षा पाएको ज्ञानी भोको हुँदैन भनेर शिक्षालाई महत्व दिएको वा प्राधान्यता दिएको ज्ञानकै फल हो । त्यस्तै, व्यापारका सम्बन्धमा पनि पूर्वजहरूको विचार राम्रो छ । व्यापारमा लक्ष्मी बसेको हुन्छ । व्यापार पनि ज्ञान जस्तै अपार छ, स्वतन्त्र छ । व्यापार गर्दागर्दै बुद्धि पनि लगाउन सके अर्थात् ज्ञान पनि प्रयोग गर्न सके व्यापारले जीवनमा उन्नति र प्रगति प्रदान गर्छ । ज्ञान नियन्त्रण गरे बन्धन बलियो हुन्छ । स्वच्छन्द ज्ञानको अभिव्यक्ति र व्यवहारले प्रगति र स्वतन्त्र जीवन प्राप्त हुन्छ । कर्म पनि साथसाथै परिश्रमद्वारा परिष्कृत गर्नुपर्छ। यही ज्ञान मैले आफ्नो आदरणीय बुबा श्री चन्द्रबहादुर अमात्यबाट पाई व्यवहारमा उतारेर अनुभव गरें। यो कुरा यसै हेर्दा मेरो व्यक्तिगत अनुभव हुनसक्छ किनभने मानिस मानिसमा अनुभवको भिन्नता पनि हुन्छ। अन्य कुरामा पनि भिन्नता पाइन्छ ।

> *ज्ञान विना जीवनमा प्रगति सम्भव छैन। प्रगतिरहित जीवन ज्ञानको कमीको फल हो।*

समय बित्दै जानु स्वाभाविक हो । समय कसैको नियन्त्रणमा हुने कुरो भएन । बित्दै गएको समयसंगसंगै हुर्कंदै म १९ वर्षको भएँ। मेरो विवाहको कुरा चलेको मैले चाल पाएँ । हुन त यति चाँडै विवाह गर्ने विचार मनमा

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

*छोरालाई चाँडै विवाह बन्धनमा बाँधिदिने विचारको रहस्य आफ्नो काँधमा जिम्मेदारी परेपछि स्वतः चाल पाएँ ।*

उठेको पनि थिएन । छोरालाई चाँडै विवाह बन्धनमा बाँधिदिने विचार बुबाको धार्मिक स्वभावको चिन्तन र व्यावहारिक दृष्टिकोण विस्तारै थाहा हुँदै आउँदो रहेछ भन्ने कुरा पछि आफ्नो काँधमा जिम्मेदारी परेपछि स्वतः चाल पाएँ । नाति नातिना र परिवार बृद्धिको सोचाइ बुबाको थियो । अनि विवाह गरिदिएपछि छोराको मन घर, परिवार र काममा स्वतः ध्यान दिनेतिर लाग्छ भन्ने परम्परागत विचार युक्तिसंगत नै हुन्छ । सुखी वैवाहिक जीवन भएन भने विपरीत हुने उदाहरण पनि नभएको होइन ।

चोकदेखि बाहिर गएर खेल्न जाने स्वभाव ममा बनेकै थिएन, पछि पनि भएन । तथापि एक दिनको कुरा म चोकमा साथीहरूसंग घाममा खेल्दै थिएँ । बुबाले बोलाउनु भयो । तुरुन्त जान सकिएन । खेलमा लागेको मन तुरुन्तै आज्ञाकारी हुन गाह्रो हुँदो रहेछ । एक क्षण ढीला भएपछि उहाँले भन्नुभएको थियो– "बुबाले बोलाउँदा जाबो खेल छोडेर आउन नसकिने छोराबाट के आशा गर्न सकिन्छ !" यस वाक्यले मेरो मनमा गहिरो प्रभाव पाऱ्यो ।

त्यसपछि मेरो खेल्ने समय पनि छोटियो । मलाई राम्ररी याद छ, साथीहरूले खेल्न बोलाएर पनि खेल्न नगएको धेरै धेरै दिन भएको थियो । पछि त बोलाउन पनि छोडे । बुबासंग पसलमा जाने, बुबालाई सघाउने नै मेरो प्रमुख काम थियो । किनभने मेरो दाजु बितिसक्नुभएको थियो । भाइ पनि गए । अब बुबाको सम्पूर्ण कार्य ममा नै केन्द्रित भयो । मेरो पनि विवाहको कुरा चल्दै गएको केही दिनपछि नै विवाह सम्पन्न भयो । १९९८ मा विवाह हुँदा म त्यसबेला १९ वर्षको थिएँ । यो वैवाहिक सम्बन्ध पनि मलाई लाग्छ, एक दैवीसंयोग हो । 'होगा वही जो राम रची रखा' भने झैं नै हो ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

ईश्वरको विवेचना जति गरे पनि सिद्धिने होइन। यही एउटा सबभन्दा उत्तम जीवनको एक विषय हो, जुन अपार र अनन्त छ। परमार्थ र अध्यात्म जीवनका आत्मीय विषय हुन् जुन विश्वासमा आधारित छन्। विश्वास अन्धविश्वास होइन। विश्वास ज्ञानको टेवा हो। ज्ञान शक्ति हो। ज्ञान नै वास्तविक धन हो। ज्ञान नै जीवनमा सुख दुःखसित परिचय गराउने एक मार्गस्तम्भ हो।

ज्योतिषीहरू र बुबाको विश्वास अनुरूप हामी दुईको चिन्हा अनुसार मेरो विवाह सुश्री विणा राजभण्डारीसंग भयो। यंगाल टोल बस्नुहुने श्री भक्तबहादुर राजभण्डारीका सुपुत्र श्री सुब्बा दिलबहादुर राजभण्डारीकी सुपुत्री हुन् विणा। १९९० सालको भूकम्पले उनका बुबा स्वर्गवास भएपछि मामाहरू गृहेन्द्रशरण रावलका घरमा हुर्केकी विणासंगको मेरो विवाह सुखद् संयोग नै मैले ठानेको छु। उनको व्यावहारिक ज्ञान, माया र सेवा मेरो जीवनमा प्रगतिका लागि सहायक भयो। यसैले जीवन प्रगतितिर लम्कन थाल्यो। सुझबुझबाट कदम चाल्न सफल भयो भने प्रगति उन्नति र त्यसमा असफल भयो भने दुःख र गरिबी हुन्छ। यही विश्वासमा आजसम्म काम गर्दैछु र भगवान्को कृपाले सानातिना अड्चनहरू जीवनमा आएपनि नराम्रो अवस्था वा स्थिति अनुभव गर्नुपरेको छैन। भविष्य थाहा हुने भएन। मानिसहरू भविष्य पनि कल्पना गर्छन्। तर भविष्य मानिसहरूको हातमा छैन। जसरी मानिस चाहन्छ उसरी नै मानिसले भविष्य बनाउँछ भने पनि तोकेर निश्चय गर्न भने कठिनै हुन्छ भन्ने मलाई लाग्छ।

*विणासंगको मेरो विवाह सुखद् संयोग नै मैले ठानेको छु। उनको व्यावहारिक ज्ञान, माया र सेवा मेरो जीवनमा प्रगतिका लागि सहायक भयो।*

सिंहावलोकन पनि आफ्नो जीवनको एक उपाय हो। यो यस्तो एक प्रक्रिया हो जो निरन्तर हरेक काम गर्दा आफ्नो अतीतसित सोझै सम्पर्क राख्न र सुझबुझका लागि सहायक हुन्छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection



*मित्रहरूका साथ आफ्नो पसलमा श्री कृष्णबहादुर अमात्य*

*त्यसबेलादेखिको व्यापारिक केन्द्र नयाँ सडकको पुरानो दृश्य*

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

# त्यस बेलाको नोट



एक बखत धन आर्जन गर्न जरुरी थियो । मानिसले धनी हुन अत्यावश्यक थियो। समाजमा प्रतिष्ठा प्राप्त गर्न आफ्नै परिश्रमले धन कमाउनु पर्थ्यो। धन भएको मानिसको मान समाजमा हुन्थ्यो । सामाजिक मान्यताले धनीले धन सजिलैसित कमाउन सकिन्थ्यो । धनीको धन हुन्थ्यो, धेरै जग्गा जमीन हुन्थ्यो र गहना, सुन र हीराको गहनाबाट धनीको इज्जत र मर्यादाको मूल्याङ्कन हुन्थ्यो । कृषिप्रधान देशमा धनले एक तत्वको रूपमा प्राधान्यता ओगटेर बसेको थियो। बालककालमा मैले समाजबाट पाएको धनको धारणा यही थियो । छ दशक मात्र अगाडिको कुरा हो, देशको अर्थतन्त्रले नयाँ धन नोटको कल्पना गर्ने मात्र आँटेको थियो। कागजको नोट बजारमा आयो। पोका पोका पारेर लैजान गाह्रो चाँदीको मोंहर डबलको सट्टा कागजको नोट लिएर हिंड्न मानिसलाई सजिलो भयो। मानिसहरूलाई डर हुन्थ्यो – चाँदीको पोका लिएर बजारमा आउन जान । नोटले धनको रूप बदलिदियो । तर नोट धन कहाँ हो र ? यो तं वास्तवमा विश्वास मात्र हो । एक माध्यम हो व्यापारको । यसले गर्दा सामान किनबेच गर्न सजिलो भयो। फलस्वरूप व्यापारको प्रक्रिया बदलियो। चाँदी जस्तो पगालेर अर्को रूप दिनसक्ने गुण त नोटमा छैन। नोट त धनको सजिलो रूप मात्र हो। यसले धितो र ग्यारेण्टी दिने हुँदा व्यापार प्रगतिको यो द्योतक हो । देशको अर्थतन्त्रको विकासको तस्वीर हो नोट। कृषिजन्य व्यापारले उद्योगजन्य व्यापारको रूप लिने संकेत नोटको प्रचलनबाट व्यापारी र उद्योगपतिले पाएCC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

*छ दशकअघि कागजको नोट बजारमा आयो। नोटले धनको रूप बदलिदियो। तर नोट धन कहाँ हो र ?*

*एक मोहर अर्थात् ५० पैसा हातमा भए खर्च गर्न मलाई गाह्रो हुने गर्दथ्यो ।*

बैंक नोट र नोटको स्थिर दर भाउ विस्तारै बजारमा स्थापित भयो । व्यापार सजिलो हुन थाल्यो । तर देशको साधारण बजारमा वस्तुको भाउ वा नोट कमाउने वा मूल्य स्वाभाविक रूपले घटबढ पनि हुन थाल्यो । आई.सि. अर्थात् भारतीय मुद्राको माग हाम्रो देशमा बढ्यो, यसबाट भारतीय मुद्राको भाउ बढ्यो । फलत: वस्तुको मूल्यमा असर पार्ने हुन थाल्यो ।

चाँदीको मोहर रुपैयाँ मात्र प्रयोग हुँदा बजार भाउमा धेरै अन्तर हुँदैनथ्यो । दरभाउमा बृद्धि वा घटी हुने र ठूलै असर पर्ने घटना हुँदैन वा देखिँदैनथ्यो । छालाको पैसा, कोरीको पैसा, डल्लो धातुको पैसा पनि व्यापार माध्यम भएर गएको इतिहास त सबैले सुनिराखेकै कुरा पनि भयो । वस्तुको वस्तुबाटै सट्टापट्टा हुने बजार पनि अद्यापि गाउँ गाउँमा छँदैछ । खाद्यान्न र लत्ताकपडा जस्ता दैनिक उपभोगका सामान बजारमा कमी हुने, भाउ बढ्ने, चाँदीको मोहर रुपैयाँ कमी हुने, भाउ घट्ने जस्ता साधारण घटनाहरू हुने गर्दथे । व्यापार सिद्धान्त यत्तिकैमा चल्ने भएर सरल थियो ।

व्यापारीहरूका तुजुक र सुझबुझले बजारमा मूल्य घटबढमा नगण्य हलचल हुन्थ्यो, समयमा सामान किनिन्थ्यो । सामान कम हुनेताका अलिकति भाउ बढ्ने र बढ्ने भएपछि सामान बजारमा आउँथ्यो । तर जेहोस्, लडाईं, अनिकाल जस्तो ठूलै घटना नभईकन बजार भाउमा ठूलो अन्तर देखिँदैनथ्यो । दोस्रो विश्वयुद्ध अगाडि जापानी कपडा सस्तो र भारतीय कपडा पनि सस्तै थियो । यसैले जनजीवन सरल थियो । एक मोहर अर्थात् ५० पैसा हातमा भए खर्च गर्न मलाई गाह्रो हुने गर्दथ्यो । के गरेर खर्च गर्ने, आजकाल जस्तो आमोद प्रमोद गर्ने विभिन्न क्षेत्र थिएन । १ पैसाको ४

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

दाम हिसाबले चार दामको ४ थोक पाइने समय र अहिले माग्नेलाई एक रुपैयाँ दिए १ पैसाले किनेको जति नआउने समयमा देशको वर्तमान अर्थतन्त्रले देश धान्ने विश्वास गर्न सजिलो पनि छैन । धेरै मिहिनेत र परिश्रम गर्नुपर्छ देश विकास गर्न र देशको उद्योग विकास गरी लैजान सक्ने अर्थतन्त्र निर्माण गर्न ।

अब क्षणभर अडेर आफ्नो जीवन सम्बन्धमा विचार गरे स्पष्ट हुन्छ । भविष्य यस्तै हुन्छ भनेर ठोकेर भन्न सक्ने त कुरा थाहा छैन । कसैले भन्छ होला भन्न पनि सकिंदैन, अनुमान हो । अनुमान गर्न सक्ने मानिस होला । बितेको कुरा भन्नेहरू भने छन् भन्ने मलाई विश्वास छ । एउटा ज्योतिषी हुनुहुन्थ्यो पोखरामा । उहाँसंग बराबर भेट हुन्थ्यो । उहाँले निधार नियालेर राम्ररी हेर्न पाएमा मानिसको चिन्हा बताइदिन सक्नुहुन्थ्यो । एक दुई घडीको फरक हुन्थ्यो होला तर दुरुस्त जन्मँदाको घडी पलाबाट बनेको चिन्हा जस्तै हुन्थ्यो उहाँले बनाइदिने चिन्हा । यो अनुभव असाधारण ज्ञानबाट उपलब्ध भएको हुनुपर्छ । अहिले पनि अर्थात् आजको युगमा पनि मानिस भगवान् रामको र राक्षस रावणको चिन्हा बनाएर टिप्पणी गर्छन् । रामको जित रावणको हार ग्रह, गति र कालको लेखाजोखा गरी वर्णन गर्ने गर्छन् । यो कुराको इतिहास पढेर सुनेर ज्ञान हुन्छ । आज जाडो छ तर घाम लागेको छ र घाममा न्यानो भएको छ । तर के थाहा भोलि उदाउने सूर्य बदली भएर अस्ताउन सक्छ, घाम नलागी जाडो बढ्ने हुनसक्छ । दिन त्यसै बित्न सक्छ । संसार कसैको अधीनमा हुन्छ भन्न सकिने कुरा होइन । त्यसैले भविष्यको बारेमा भन्न सकिंदैन ।

*वर्तमान अर्थतन्त्रले देश धान्ने विश्वास गर्न सजिलो पनि छैन । धेरै मिहिनेत र परिश्रम गर्नुपर्छ देश विकास गर्न ।*

भाग्य भनुँ वा कर्म के हो, यी दुवै जीवनका पक्षहरू

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

*कर्म नगरी भाग्य भनेर मात्र बस्नु हुँदैन । कर्म गर्दै रहेमा भाग्यले साथ दिन्छ ।*

हुन् । कर्म नगरी भाग्य भनेर मात्र बस्नु हुँदैन । कर्म गर्दै रहेमा भाग्यले साथ दिन्छ । मेरो भाग्य नै भन्नुपर्छ – आजसम्म ठूलो पीर परेको छैन । सजिलोसित जीवन बितिरहेछ । आराम छ, सुख छ, भाग्यमानी छु, चिन्ता छैन भन्ने कुरा होइन । मुख्य कुरा हो जीवनमा त्यति सान्हो असजिलो र अफठ्यारो परेको थाहा छैन । भाग्य नै भनेर ठानेको छु, पछि भविष्यमा के हुन्छ । भविष्य र आशा भगवान्को भरोसामा छ । जीवनमा सकेको र जानेको काम गरिरहनुपर्छ । भविष्य सोचेर मानिस पार लाग्दैन । भविष्य आफै बन्छ ।



CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

# देश धान्ने अर्थतन्त्र



भविष्य आफै बन्छ । भविष्य समूहको गतिविधि र भाग्यले निर्माण गर्छ। म जस्तो एक व्यक्तिको समाजमा अलिकति पनि स्थान भएमा भाग्य नै सम्झनुपर्छ तर समाजमा मेरो अस्तित्व अर्थपूर्ण हुन्छ भनी मैले सोचेको छैन । म समाजमा छु, समाजमा जस्तो स्थान छ सन्तोष भएर समाजको प्रारूप परिवर्तन अवलोकन गरिरहेको छु । समय प्रबल छ । मानिसको आयु गणनामा म पनि बूढो भैसकेको छु। ७५ वर्ष भएँ। अब बूढाहरूको समाज सिर्जना गरेर बुढेसकाल मर्यादित र सजिलोसित व्यतीत गर्न पाए हुने विचार पनि आउँछ। मैले बेलायतमा बूढाहरूको समाज देखेको छु । त्यहाँ बूढाबूढीहरू सजिलोसित जीवनयापन गर्छन्, आपस आपसका भेटघाटमा विचार आदान प्रदान पनि गर्छन् । खेल्ने, खानपीन गर्ने, घुम्ने, आमोद प्रमोद गर्ने पनि प्रबन्ध रहेछ बूढाबूढीका लागि। स्याहार सुसार, रेखदेख गर्ने समूह पनि कार्यरत् छन् त्यहाँ ।

बूढाहरू भेटघाट गर्ने संस्था बनाउने विचार राम्रो हो। श्री इन्द्रजी पनि बुढेसकाल रमाइलो गरी बिताउन केही गर्नुपर्‍यो भनी विचार गर्दैछन् । यही हो अब भविष्यको सोचाइ। भनेर हुँदैन, गर्नुपर्छ। नगरी बन्दैन। त्यस्तै उन्नति नगरी देश बन्दैन । देशमा काम गर्नेले सोचेर गर्नुपर्छ । संसार हाम्रो सोचाइभन्दा धेरै पर पुगिसकेको छ। बुढेसकाल धान्न दिने पनि देशको अर्थतन्त्रमा बजेटमा वातावरण अनुकूल स्थिति हुनुपर्छ । तर यस्तो कल्पनाले मात्र केही हुँदैन । समयानुकूल सोचाइ राख्न देशमा के के गर्न सकिन्छ, के गरे हुन्छ भन्ने राम्ररी अवलोकन हुनुपर्छ ।

*बूढाहरूको समाज सिर्जना गरेर बुढेसकाल मर्यादित र सजिलोसित व्यतीत गर्न पाए हुने विचार पनि आउँछ ।*

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

*संसारका ठूलाठूला देशहरूबाट आयोजनाको नाममा Grants, Aids, आदि सहयोग प्राप्त भै देश धान्ने काम भइरहेको सबैलाई थाहा छ ।*

प्रथमतः देशको उत्पादन हेर्नुपर्छ। देशबाट निर्यात गर्न सकिने उत्पादन सर्सर्ती हेर्दा वन पैदावार अर्थात् लकडी टिम्बर निर्यात गर्न सकिने हुन्छ । आजकाल वन विनाश भैसकेको छ । राणा शासनमा वन नै देशको मुख्य आय थियो । तर त्यसबेला वन विनाश हुने गरी नै वन पैदावार निकासी हुँदैनथ्यो । दोस्रो, मानिसहरू भारतमा वा विदेशमा लाहुरे भएर जान्थे । बदलामा देशले भारतीय मुद्रा पाउँथ्यो। यसैबाट देश धान्नुपर्थ्यो। देशको अन्य आयस्रोतमा थोरै मालपोत उठ्थ्यो । अनि कृषि पैदावार भारत निकासी गर्न सके देशको आय हुन्थ्यो। मालपोत नगण्य थियो। घर बिर्तामा कर लाग्दैनथ्यो ।

२०१५ सालमा भूमिसुधार लागू भयो । जमीनको उत्पादकत्वमा सुधार ल्याउने कार्य यो पनि थियो । तर देशको अर्थतन्त्रमा यो कदम पनि पर्याप्त थिएन। १९९० सालदेखि २०११ साल अर्थात् श्री ५ त्रिभुवनको शासनकालसम्म भोट लडाईंका लागि दिइएको चाँदीबाट देशको सबै शासन चलाउन देशको अर्थतन्त्र मोहर छापेर धान्ने हुन्थ्यो। चाँदीमा धातु मिसिन थाल्यो। चाँदीको मोहर रुपैयाँ भारतमा निर्यात हुने गरेबाट देशको बजार बाँचिरह्यो । श्री ५ त्रिभुवनपछि श्री ५ महेन्द्रको पालामा चीनबाट सामान सहयोगको रूपमा प्राप्त भयो । अमेरिकाबाट गहुँ र विश्व बैंकबाट ऋण, शिक्षा योजनाका लागि ५५ करोड अन्तर्राष्ट्रिय सहयोग आदि आएर देशको अर्थतन्त्र धान्न सघाउ पुऱ्याइयो । वर्तमान समयमा संसारका ठूलाठूला देशहरूबाट आयोजनाको नाममा Grants, Aids, आदि सहयोग प्राप्त भै देश धान्ने काम भइरहेको सबैलाई थाहा छ।



CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

१९४७ मा भारतले अमेरिकासित अन्य सहयोग प्राप्त गर्नुपरेको थियो तर आज ऊ धेरै अघि बढिसक्यो । त्यसैले नेपालको अर्थतन्त्र सबल भएर अगाडि बढ्ने कदमहरू उठ्न सकिने अवस्थामै भएन भन्नुभन्दा सोचाइ नै भएन भन्नु वेश देखिन्छ । राजनैतिक सोचाइ भने मेरो क्षेत्र नै होइन र यस दृष्टिकोणले किन सोचाइ हुन सकेन मलाई चासो भएन । किनकि एक साधारण व्यक्तिले बजारसित सम्पर्क राखी बजारबाटै समाजको एक परिवारको लागि आय व्यय व्यापार बजार प्रक्रियासित संलग्न सही कार्य गर्ने नै मेरो सरल क्षेत्र भयो । यसै सरल क्षेत्रको उपलब्धि मेरो वर्तमान जीवन हो ।

विद्वान्हरूको क्षेत्र मेरो कार्यक्षेत्र होइन । अर्थशास्त्रीहरूले विश्लेषण गरी देशको अर्थतन्त्र प्रतिपादन गर्ने पनि मेरो क्षेत्र होइन । मैले बालककालमा नै कार्यक्षेत्रमा उभिनुपऱ्यो । बुबाको सहयोगका लागि म बजारमा सहयोगीको रूपमा उभिएँ । संसारको वा विश्वको अर्थतन्त्र अध्ययन गर्न समय नै भएन । बुबाको पछि लागी साधारण बजार अनुभवबाट बजारमा माग बढेमा भाउ बढ्छ, माग घटेमा भाउ घट्छ भन्ने ज्ञानबाट नै मेरो जीवनको बाटो पहिलिदै गएकोमा मैले देशको अर्थतन्त्र विज्ञ जस्तो भएर गौरव गर्ने स्थानमा पुगेको मलाई आभास छैन । बुबाको स्वर्गवासपछि म माइला भाइको नामले इष्टमित्र साथीभाइहरूका बीचमा चिनिन थालेको थिएँ ।

म समयमा आफ्नो पसलमा जान्छु । पसलमा बस्छु । साथीभाइहरूबाट सुनाइएको सूचनाबाट प्राप्त ज्ञान नै मेरो बजार अनुभवको ज्ञान र ज्ञान उपलब्धिको क्षेत्र हो ।

*नेपालको अर्थतन्त्र सबल भएर अगाडि बढ्ने कदमहरू उठ्न सकिने अवस्थामै भएन भन्नुभन्दा सोचाइ नै भएन भन्नु वेश देखिन्छ ।*

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

अर्को एक व्यापारिक केन्द्र भोटाहिटीको कृष्णाष्टमीका दिन खिचिएको एक पुरानो दृश्य

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

चाडबाडका अवसरमा व्यापार गर्न बसेकाहरू

# शुभकामनाको पनि अर्थ हुन्छ



आशीर्वाद सहायक हुनसक्छ, भाग्य बन्न । आजकाल कसैलाई आशीर्वाद दिन पऱ्यो भने 'जय होस्, प्रगति होस्, मान बढोस्, कीर्ति बढोस्, लक्ष्मीले घरमा बास गरून्' आदि आशीर्वाद दिने तरीकाहरू प्रयोग हुन्छ । पहिले त 'सुब्बा होस्, चिरायु होस्, भाग्यमानी होस्, मान बढोस्' भनी बूढाबूढी र धार्मिक स्वभावका मानिसहरूले आशीर्वाद दिने गर्दथे । यस्तो आशीर्वादको ठूलो महत्व र अर्थ हुन्छ । यसले मानिसहरूको अनुहारमा सुखको अनुभव देख्न सकिन्छ । ठीक यसैगरी मलाई मनमा आनन्दको अनुभव हुन्थ्यो । मलाई आशीर्वाद दिनेहरूको मीठो बोली सुन्दा भाग्यमानी होस् भन्ने शुभचिन्तकहरू धेरैले आशीर्वाद दिएको मलाई याद छ । म व्यापार गर्ने एउटा व्यक्ति हुनाले मलाई सुब्बा होस् भन्ने कोही थिएन । मेरो यो बाटो पनि भएन । जागीर नखाएको व्यक्तिलाई सुब्बा होस् भनी आशीर्वाद दिन उपयुक्त पनि भएन । तसर्थ, व्यापारमै प्रगति गर्नुपर्ने दृष्टिकोण यस्तो आशीर्वादले मनमा उत्साह साथ सचेत गराएको थियो । मेरो जीवनमा लक्ष्य यही दृष्टिकोण भयो । व्यापारमा प्रगति गर्नु आत्मसन्तोषको उपाय हो ।

व्यापार वास्तवमा अपार छ । अड्डाखानामा अफिसमा ७ घण्टा काम गरे जस्तो तोकिएको समयसम्म काम गर्ने हुँदैन व्यापारमा । व्यापारमा तन, मन र धन लगाउनुपर्छ, लगनशील हुनुपर्छ । लगानी लगाएर व्यापारको काममा बिहानदेखि बेलुकासम्म अथक् परिश्रम र मिहिनेत गर्नुपर्छ । बिदा बस्ने पनि यस क्षेत्रमा सहुलियत हुँदैन ।

*व्यापार वास्तवमा अपार छ । व्यापारमा तन, मन र धन लगाउनुपर्छ, लगनशील हुनुपर्छ ।*

मानिसहरू विभिन्न स्वभावका हुन्छन् । तिनीहरू सम्पर्कमा आउँछन्, जान्छन् । केही न केही तिनीहरूबाट सिक्नु पनि व्यापारीका लागि लाभदायक ज्ञान नै हुन्छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

*व्यापारीले मनोवैज्ञानिक हुन सक्नुपर्छ। व्यापार क्षेत्रको वातावरणसित हरहमेसा तालमेल राखिरहनुपर्छ।*

यसैबाट व्यापारीको जीवन सार्थक हुन्छ। विभिन्न मानिसको समूहको सम्पर्कबाट पाइने ज्ञान व्यापारिक हुन्छ। पुस्तकको ज्ञानभन्दा मानिसको सम्पर्कबाट पाइने ज्ञान अनुभवयुक्त, समयानुकूल तथा प्रयोगात्मक हुन्छ। अनि व्यापारमा प्रतिस्पर्धा सफल भएर प्रगति गर्न बाटो खुला हुन्छ। यसको अभावमा कति व्यापारीहरू बिलाउँछन् । व्यापार गर्न छोडेर अन्य काममा लाग्छन् ।

मानिसमा बिदा मनाउने, स्वच्छन्द भएर हिंड्ने, खेलबाड गर्ने, ऐश गर्ने, घुमघाम गर्ने जस्ता रहर र धारणा पनि हुन्छन् । संसार भनेको स्वभावहरूको एक महासागर हो । यसमा स्वभाव र क्रियाकलाप भिन्न हुनु नै यसको विशेषता हो। एउटा व्यापारीको विशेषता भने अन्य रहर सबै पन्छाएर कलाकार कला गर्न तन, मन र धन लगाएर लगनशील भए जस्तै व्यापार क्षेत्रमा दृढतासाथ, धैर्यसाथ मन लगाएर बस्नु र विभिन्न स्वभाव र स्तरका इष्टमित्रहरूलाई ग्राहकका रूपमा आकर्षण गर्नु उपाय सोची आशावादी बन्नु हो भन्ने म ठान्दछु ।

व्यापार भनेको व्यक्तिको कुशल क्षमताको एउटा ठूलो पक्ष र मनोविज्ञानको क्षेत्र हो। व्यापारीले मनोवैज्ञानिक हुन सक्नुपर्छ। व्यापार क्षेत्रको वातावरणसित हरहमेसा तालमेल राखिरहनुपर्छ। बजारमा सामान कम छ या धेरै छ, सामानको माग छ, छैन सबै बुझिरहनुपर्दछ। अब व्यापारको माध्यम त मुद्रा नै भयो । व्यापार संचालनमा भाउ स्थिर रहनु, बढ्नु, घट्नु र मुद्राको माग बढ्ने स्थिति, घट्ने स्थिति बुझी मुद्रा सटही राम्ररी संचालन गर्न एक सक्षम आर्थिक कला (Skill) भयो भने व्यापारीलाई फाइदा हुन्छ। त्यस्तै मुद्रा फाट्का व्यापार क्षमता (Efficiency) मा आधारित हुन्छ। व्यापारको वातावरणमा उतार चढाव समय निर्णय गर्ने क्षमतामा सफलता र लाभ निर्भर हुन्छ।



CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

# भरोसा र विश्वास

भरोसा गर्नुपर्छ । जीवन लक्ष्यमा पुग्न भरोसाले ठूलो सहयोग गर्छ । भरोसाले जीवन जिउन उत्साह दिइरहेको हुन्छ । बाबु–आमा, दाजुभाइ, इष्टमित्रको आड भरोसाले काम गर्न उत्साह दिन्छ। तर एक्लै भयो भने त्यो आड भरोसा विलीन हुन्छ र मानिस हतोत्साही हुन जाने सम्भावना हुन्छ। मानिसले भगवान्मा भरोसा गरेमा, यही भरोसाले जीवनमा दिलासा अर्थात् धैर्य गर्न सिकाउँछ र मानिस विस्तारै सही बाटोमा लाग्छ । यसरी भगवान्मा भरोसा गरेर नै मेरो कार्यक्षेत्रमा प्रगति भएको म ठान्दछु।

व्यापारमा द्वन्द्व र संघर्ष हुन्छ। प्रतिस्पर्धामा बाँच्न वा सफल हुन सजिलो हुँदैन । अझ भर्खर मात्र व्यापारको क्षेत्रमा उत्रेको मानिसलाई अनेक वाधा अड्चन आउनु स्वाभाविक हुन्छ । यस्तो अवस्थामा आफ्नो आत्मबलमा भरोसा राख्नु र भगवान्मा भरोसा गर्ने सिवाय अन्य बाटो खुल्न असम्भव नभए पनि कठिन हुन्छ। यस्तै बेला आपत् विपत्ले पनि जीवनमा आघात गर्न सक्छ ।

*मानिसले भगवान्मा भरोसा गरेमा जीवनमा दिलासा अर्थात् धैर्य गर्न सिकाउँछ र मानिस विस्तारै सही बाटोमा लाग्छ ।*

हुन त सबैको जीवन एकनास हुँदैन । तथापि साधारणतया सबैमा समान रूपले असर पार्ने घटनाहरू घटी नै रहेको हुन्छ। २५/२६ वर्षमा मलाई ठूलै आघात पर्‍यो, मेरा पूज्य बुबाज्यूको स्वर्गवासबाट । शुभेच्छा र आशीर्वाद मान्यजनहरूको पाएर र भगवान्मा भरोसा गरेर नै सम्पूर्ण शक्ति लगाएर र आत्मबलले आफैलाई नियन्त्रण गरेर कार्यक्षेत्र व्यापारमा बढें, डटें । आजसम्म भगवान्मा भरोसाको कारणले नै मलाई विश्वास छ, कहीं

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

*भगवान्माथिको भरोसाले विश्वास पुनर्जागरण भएर मनमा सान्त्वना हुन्छ ।*

गाऱ्हो भएन। सानातिना सांसारिक उतार चढावहरू नआएका होइनन्, आए । काकासित उहाँकै स्वेच्छानुसार भिन्न हुनुपऱ्यो । उहाँ राजनैतिक विचारधाराको हुनुहुन्थ्यो, म भने व्यापारमा झुकाव भएको ।

काकाबाट भिन्न हुँदा छोरी शान्ति, छोराहरू पीयूष, दमन र हिरेन्द्र जन्मिसकेका थिए। अनि निरन्तरता आयो, तीव्रता आयो – जाँगरमा । कार्यक्षेत्रमा कटिबद्ध भएर लागें। भरोसा गरें भगवान्मा। भरोसाले विश्वास जाग्यो। व्यापारमा तन, मन र उत्साह लगाएँ। यही नै मेरो जीवनमा मलाई सम्झना भएको कुरो हो। कहिलेकाहीं विश्वास टुट्न पनि सक्ने रहेछ । भगवान्माथिको भरोसाले विश्वास पुनर्जागरण भएर मनमा सान्त्वना हुन्छ। यसैगरी मानिसको मनमा निरन्तर शंका उपशंका पनि नहुने होइन। व्यापारमा घाटा हुन्छ कि लाभ हुन्छ भन्ने प्रश्नहरू मनमा उठिरहेका हुन्थे ।



CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

# जनजीवन, संस्कृति र सक्रियता

भरोसाको कुरा गर्दा सोच्नुपर्ने विषय हो सक्रियता । जीवन सक्रिय भएमा भरोसाको ठूलो अर्थ हुन्छ । यसले कार्यक्षमता र दक्षता बढ्छ । भाग्यमा भए खान पुग्छ भनेर बस्ने अल्छीले जीवनमा उन्नति गर्दैन । अल्छीपना अर्थात् आलस्य उन्नतिको साधन कहिल्यै पनि हुन सक्दैन । समयसित सापेक्ष भएर सोचेर र तत्काल निर्णय गरेर कार्य गर्न सक्रियता आवश्यक हुन्छ र सक्रियता साथसाथै समय ज्ञानको जरुरी हुन्छ । उन्नति र प्रगति गर्न जीवनमा अति महत्व राख्ने कुरा नै सक्रियता हो ।

आज युग कता पुगिसक्यो भनेर विद्वान्हरू मात्र होइन, साधारण मानिसहरू पनि चनाखा हुन्छन् । यसको अर्थ औद्योगिक युगबाट पनि संसार अगाडि बढी प्राविधिक युगमा पुगेर काम गर्न थालेको सम्झना हुन्छ । सय वर्ष अगाडिको अमेरिका, डेढ सय वर्ष अगाडिको बेलायत र यूरोपका देशहरूको आर्थिक उन्नतितिर ध्यान दिने हो भने प्रगतितिर भर्खर लम्कन प्रयास गर्न लागेको नेपालको भविष्यको सम्झना हुनु स्वाभाविक छ ।

*भाग्यमा भए खान पुग्छ भनेर बस्ने अल्छीले जीवनमा उन्नति गर्दैन ।*

तसर्थ, देशका अर्थविद् र बुद्धिमान्हरूले प्रगति गर्न सक्रिय भै भरोसा गरी पथप्रदर्शन गर्नुपर्छ । स्कूल कलेजबाट जीवनमा सक्रिय हुनुपर्ने र सक्रिय हुनसक्ने किसिमले शिक्षा र तालीम दिन जरुरी छ । अनि मात्र देशमा अर्थतन्त्रको विकास हुनसक्छ । देशको अर्थतन्त्र सुधारका लागि सबै आवश्यक साधनहरू जुटाएर समयसापेक्ष ज्ञानको प्रयोग गरेमा मात्र देशको अर्थतन्त्रको विकास हुने कुरामा आशा र

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

*चन्द्र शम्शेरको समयसम्म मानिस केवल आर्थिक व्यक्तिमा गणना हुन्थ्यो । विद्वान्हरू यसलाई 'आर्थिक पशु' भन्ने धारणा राख्छन् ।*

भरोसा गर्न सकिन्छ। नेपालमा अर्थतन्त्रको विकासको समीक्षा गर्ने हो भने राणाकालीन युग र त्यस युगको परिस्थितिको विवेचना गर्नुपर्छ, जुन सबैलाई कथा जस्तो लाग्ने भैसकेको छ । चन्द्र शम्शेरको समयसम्म मानिसहरूमा राजनैतिक चेतना जागरण भैसकेको जस्तो देखिँदैन । अधिकार भन्ने कुरा त बाबु छोराको अंशमा नै सीमित थियो । त्यसभन्दा अगाडि अधिकारको अर्थ 'जीउधन सरकारको' अर्थमा व्यक्त हुन्थ्यो । मानिस केवल आर्थिक व्यक्तिमा गणना हुन्थ्यो । विद्वान्हरू आज यसलाई 'आर्थिक पशु' भन्ने धारणा राख्छन् भन्ने जस्तो लाग्छ। मानिसको आर्थिक व्यक्तित्व पनि केवल व्यक्तिगत स्वार्थमा प्रयोग भै व्यक्तिगत धन आर्जनमा नै केन्द्रित हुन्थ्यो। मानिसमा राजनैतिक व्यक्तित्वको आभाससम्म पनि कहीं झल्किँदैनथ्यो। मानिस राजनैतिक जीव हुन् भन्ने धारणा त छँदै थिएन भने पनि हुन्छ । यो त बिलकुल वर्तमानको पक्ष हो ।

राणाकालीन राजनीति भेद प्रधान थियो। जाति भेदभाव र क्षेत्रीय भेदभाव उग्र थियो । त्यसबेलाको परिस्थिति गहिरिएर अध्ययन गर्ने हो भने त काठमाडौं मात्र नेपालको रूपमा चित्रण भएको मानिसहरूको धारणा थियो। नेपालमा नेपालीहरूले नै पहिले आफूलाई चिन्नुपर्छ, आफ्ना विचार शैलीलाई बुझ्नुपर्छ । पूजापाठ गर्ने शैलीका ज्ञाता अर्थात् यसलाई धार्मिक कार्यको संज्ञा दिएर यसको ज्ञान हुने ब्राम्हणहरूका आर्थिक आयस्रोत नै दानधर्ममा आधारित थियो। बकस र दानबाट प्राप्त जग्गा जमीन बिर्ताको रूपमा व्यक्तिगत धनोपार्जन मानिन्थ्यो । राजपातको काम गर्ने राणाहरू, राजा महाराजाहरू जमीन र जनधनका मालिक सम्झिन्थे । साधारण जनता व्यापारीका रूपमा वर्गीकृत थिए। जग्गा जमीन जोत्ने किसान धेरै तल्लो वर्गमा गणना

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection.

गरिएका हुन्थे । तसर्थ संक्षेपमा कृषि उत्पादन र साधारण व्यापार नै राणा अर्थतन्त्रको स्वरूप हुन् भन्ने कुरालाई स्पष्ट बुझ्न सकिन्छ ।

हुन त कोतपर्व जस्ता घटनाहरू पनि नेपालमा नघटेका होइनन् । तर यस घटनामा जनतालाई चासो हुनुपर्ने कुनै पनि पक्ष थिएन । यो त राजा महाराजाहरू र भाइ–भारदारहरूकाबीचमा भएको कलह मात्र थियो । यसमा राजनैतिक वास्ता थियो जस्तो लाग्दैन । बरू, युद्धहरूमा राजनैतिक अस्तित्व देखिन्थ्यो । मल्ल राजाहरूको दबदबा शाह राजाहरूका महत्वाकांक्षाले हटायो । त्यस्तै, शाहकाल राणकालले निष्क्रिय पाऱ्यो । १९९६ र २००७ सालका राजनैतिक घटनाहरूले नेपाललाई राजनैतिक वातावरणमा उभ्याएका हुन् । नेपालका प्रजाहरू जनताका रूपमा चिनिने प्रयास शुरु भएका हुन् । विश्वका राजनैतिक र आर्थिक सक्रियताको प्रभाव विस्तारै नेपालमा पर्न शुरु भएकोले यसै दशकबाट नेपालमा राजनैतिक परिवर्तनका भूमिकाहरू देखा पर्न थालेका हुन् । हेर्दै जाउँ, कस्ता कस्ता परिवर्तन भएर नेपालमा अन्तिम राजनैतिक प्रारूप स्थापना होला । भविष्यको आशा राम्रो हुनेमा नै गर्नुपर्छ, प्रत्येक नेपालीले भरोसा राख्नुपर्छ । आफूमा विश्वास गर्नुपर्छ ।

१९९६ र २००७ सालका राजनैतिक घटनाहरूले नेपालका प्रजाहरू जनताका रूपमा चिनिने प्रयास शुरु भएका हुन् ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

गठेमुगलको चाडमा भद्रकालीमा गठेमुगलको मखुन्डो ठड्याउँदै



CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

इन्द्रजात्राका दिन लिङ्गो ठड्याउँदै गरेको दृश्य

# वर्तमान र भविष्य



अतीतसंगै जोडिएर आउने पनि परिवर्तनको एक पक्ष हो । विस्तारै परिवर्तन भएमा देशमा हिंसा हुँदैन । जनधनको ठूलो क्षति हुँदैन । अन्यथा, विश्वका विभिन्न देशहरूमा परिवर्तनका लागि घटिरहेका घटनाहरूले मुटु थर्काउँछ । देशमा कहिल्यै युद्ध विभीषिका नलेखियोस् भन्ने धारणा सबैमा हुनु जरुरी छ । नेपालमा भारतको परिवर्तनको प्रभाव पर्ने गरेको र पर्ने कुरामा सबै विश्वस्त छन् भन्ने मलाई लाग्छ । समझदारीबाट परिवर्तन ग्रहण गरी देशलाई प्रगतितिर लानु नै बुद्धिमानी हो । विवेकीहरूमा अथक् परिश्रम र स्वतः जनस्वचालित प्रकृतिको स्वभाव भएमा परिवर्तन निश्चित छ । यस्तो परिवर्तनलाई अंगाल्नु नै देशको राम्रो लक्षण हो । राजनैतिक चेतनामा आधारित नभए पनि देशमा स्वतः परिवर्तन आइरहेको छ । यही चेतना देशको अतीतदेखि वर्तमानसम्म विस्तार भएको हाम्रो संस्कृति र विभिन्न कला देशका असीमित पूँजी हुन् । यसरी हेर्दा अतीतदेखि वर्तमानसम्म राजनैतिक र आर्थिक उन्नति हुन नसके पनि कला र संस्कृतिमा उन्नति भएको पाइन्छ । यो पनि साधारण कुरा होइन । आधुनिक युगमा समय बिताउन धेरै र प्रशस्त ठाउँहरू छन्, जहाँ मानिसहरू आफूले कमाएको पूँजी अनुसार आमोद प्रमोद गर्न पाउँछन् । आजकाल स्कूल, कलेज र विश्वविद्यालयहरू छन् जहाँ प्रगतिमूलक शिक्षा पाउँछन् । यस्ता शिक्षण संस्थाहरू लाखौंका संख्यामा शिक्षा प्राप्त गर्ने जनशक्तिमा प्रगति गर्न क्षमता हुनुपर्ने हो । तर देशमा यसरी तयार जनशक्ति आधुनिक युगमा प्रगति गर्न योग्य र सक्षम छन् त भन्ने एउटा प्रश्न उठ्छ भने अर्को पक्षबाट देशमा बौद्धिक जगत्को रूपमा प्रस्तुत जनशक्ति समस्यामूलक भएका छन् । यसरी

*नेपालमा भारतमा हुने परिवर्तनको प्रभाव पर्ने गरेको छ । यसलाई समझदारीपूर्ण ढंगले ग्रहण गरी देशलाई प्रगतितिर लानसक्नुपर्दछ ।*

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

*अतीतका सिर्जनाहरू वर्तमानबाट संरक्षण र सम्वर्द्धन हुन आशातीत छन् ।*

सर्सर्ती हेर्दा अब आर्थिक प्रगतिको बाटो पहिल्याउन अत्यावश्यक भैसकेको छ ।

२००४ सालसम्म नेपालमा केवल आमोद प्रमोदका साधन विभिन्न क्षेत्रका स्कूलहरूमा निर्माण कला र संस्कृति नै थिए । पात्रो हेरे थाहा हुन्छ, पर्व तिथिहरूमा मानिसहरू सांस्कृतिक तथा धार्मिक दृष्टिकोणले निर्माण भएका कलाकृतिका स्थलहरू अवलोकन गर्न जान्थे । आमोद प्रमोदका यिनै साधनहरू मुख्य हुन् जसको अवलोकनबाट ज्ञान हासिल गर्छन्, जीवन सक्रिय तुल्याउन र पवित्र दृष्टिकोणले क्षेत्रीय अर्थतन्त्रलाई धान्न सहयोग पुऱ्याउँछन् । गठेमुगलदेखि शुरु हुने चाडपर्व बाजा बजाई स्वयम्भू र अन्य पवित्र स्थान परिक्रमा गर्ने तथा गाईजात्रा र यसबीच आठ दिनसम्म प्रदर्शन हुने नाचगान बजान अनि कुमारी यात्रा जसलाई ईन्द्रजात्रा भन्दछन्, भदौमा पर्छ र यसबखत पनि नाचगान बजानबाट मानिसहरू आमोद प्रमोदमा लाग्छन् र देशका विभिन्न आर्थिक, सामाजिक, धार्मिक र सांस्कृतिक पक्षहरूलाई प्रोत्साहित गर्छन् । अनि आउँछ, दशैं र फलफूलको रमाइलो चाड तिहार । यी सबै अतीतदेखि संयोजित आर्थिक व्यवस्था नेपालमा जनजीवन धान्न प्रयोग भैरहेका छन् । अन्य अनेकन् तिथिहरू छन्, जस्तो शिवरात्रि, तीज, बाऱ्हवर्षे मेला, रथयात्राहरू नै वास्तवमा त्यस बखतका स्वाभाविक अर्थतन्त्रसित तालमेल खाने आमोद प्रमोदका साथै जीवन शान्तिमय प्रगतितर्फ लाने सुनियोजित कार्यहरू हुन् ।

अब वर्तमानमा यी सबै क्रियाकलापहरू सांस्कृतिक धनको रूपमा रहेर बाँच्न देशकै ध्यान आकर्षित गर्ने वस्तु भएका छन् । अब यी अतीतका सिर्जनाहरू वर्तमानबाट संरक्षण र सम्वर्द्धन हुन आशातीत छन् । आजको युग कता पुगिसक्यो भन्ने धारणाबाट अब यो सांस्कृतिक अतीत भयभीत छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

# आजको युग सक्रियताको युग



आजको युग सक्रियताको युग हो । देश, काल र परिस्थिति अनुसार प्राप्त ज्ञान सक्रिय हुनुपर्ने हो । यो भएको पनि छ । अतीतमा ज्ञानको प्रयोग ढिलो हुन्थ्यो, संस्कृति र कलाकृति ढिलो हुन्थ्यो र आर्थिक क्रियाकलाप पनि ढिलै हुन्थ्यो । अहिले अर्थात् वर्तमानमा ज्ञानको उपलब्धि छिटो छरितो छ । यसरी उपलब्ध ज्ञान छिट्टै प्रयोग हुन नसके आर्थिक उपलब्धि ऱ्हास हुन्छ र ज्ञान पनि नाश हुन्छ । धेरै परिश्रमबाट प्राप्त प्राविधिक ज्ञान पनि समयानुकूल सक्रिय भएर नयाँ नयाँ ज्ञानले परिष्कारतिर लम्किरहनुपर्छ । ज्ञानको प्रयोग राम्रो विधिसंग संचालन भैरहनुपर्छ । अन्यथा प्रगति बाधक जस्तो भएर ज्ञान खेर जाने सम्भावना समेत विश्वको आर्थिक प्रगतिले संकेत गरिरहेको छ । यस्तो समयको गतिमा मेरो यो एउटा साधारण व्यापारजन्य ज्ञानलाई म महत्वपूर्ण ठान्दिन ।

आजको नेपाल पनि अतीतको नेपाल झैं आर्थिक जीवनकै स्वरूपको नेपाल भएको छ । त्यसैले राष्ट्रिय आय न पूरा कृषि उत्पादनमा नै निर्भर छ, न औद्योगिक स्थिति नै बलियो राष्ट्रिय स्तम्भको आधारमा स्थापित छ । यसभन्दा परको स्थितिका विषयमा सोच्ने त आधारै छैन । अनि "आज विश्व कता पुगिसक्यो" भनी ठूला ठूला विचार गरी मन खिन्न पार्नुकै के अर्थ छ र ! नेपालको राज्यशक्ति र राजनीति नै पिछडिएको छ । युगौं युगदेखि अर्थात् शताब्दियौंअघिदेखि आजसम्म विचार, ज्ञान, कार्य, सक्रियता भिन्न भिन्न सांस्कृतिक संस्कार बोकेर साधारण घरेलु लक्ष्य पूरा गर्ने

*आज नेपालको राष्ट्रिय आय न कृषि उत्पादनमा निर्भर छ, न औद्योगिक स्थिति नै बलियो राष्ट्रिय स्तम्भको आधारमा स्थापित छ ।*

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

*मलाई मेरो सरल व्यवहारले नै मेरो जीवनमा सार्है ठूलो कटु अनुभव गर्नुपर्ने घटनाबाट बचाएको छ ।*

आधारमा मात्र अर्थतन्त्र संचालन भएर रहेको छ। आजकाल नगण्य रूपमा औद्योगिक सक्रियता देखिए पनि सजिलो राजनैतिक र कानूनी वातावरण बन्न सकेको छैन । त्यसैले औद्योगिक ज्ञान भएका होशियार उद्योगीहरू विश्वका मुलुकहरूमा भइरहेको उद्योगको स्थितिमा अगाडि बढ्न तयार छैनन्। नेपालमा अहिले जे जस्तो छ, त्यही स्थिति नै ठीक छ, सुधार गर्ने विचार गरी काम गरेमा असफल हुने हुन्छ भनी सक्रियता र जाँगर पोका पारी बस्न परेको छ। सबै भोलिको प्रतीक्षामा छ। भोलि के हुन्छ ? फेरि भविष्यकै कुरा भयो । मलाई लाग्छ, भविष्य यसै हुन्छ भनी अनुमान गरे पनि यथार्थमा यसै हुन्छ भनी भविष्यवाणी गर्न गाह्रो हुन्छ । यद्यपि विद्वान्हरू व्याडमिन्टन खेलको कर्क कतातिरबाट जमीनमा झर्छ भन्ने कुरा ठोकुवा गरेर भन्न सक्छन् ।

बजार ज्ञानको दृष्टिकोणले पनि वर्तमान बजारमा व्यापारमा प्रभाव पार्ने पक्ष भारतीय नोट नै हुन्। भविष्यको अर्थतन्त्रको तस्वीर पनि ज्ञान र सक्रियताले नै सुन्दर बनाउन चिताएको जस्तो बनाउन सक्छ वा सजिलो होला भन्न सकिदैन । अझ साँचैं विचार गरेर भन्ने हो भने भविष्यको स्वभाव नै तस्वीरको स्वरूप बदलिरहने किसिमको हुन्छ।

मेरो जीवन सरल छ । मेरो बानी–बेहोरा सरल छ। मेरो ज्ञान पनि मेरो आचरण जस्तै सरल र साधारण नै छ भन्ने मेरो धारणा छ। अरूले मलाई कसरी हेरेको छ, मलाई थाहा छैन । मलाई नराम्रो ठानेको छैन जस्तो लाग्छ । म ठान्दछु, मलाई मेरो सरल व्यवह्यारले नै मेरो जीवनमा सार्है ठूलो कटु अनुभव गर्नुपर्ने घटनाबाट बचाएको छ। म विभिन्न खेल खेल्न जान्दिन । मेरो बाल्यावस्थामा फूटबल खेलको

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

प्रचलन थियो । तर फूटबल खेल्न जाने पनि मेरो समय भएन । कपर्दी कहिलेकाहीं खेल्थें । मछिन्द्रबहाल नजीक छ । त्यसैले साथीहरूसित त्यहाँ गएर कहिलेकाहीं गुच्चा र कहिलेकाहीं तेलकासा (नेवारी भाषाबाट लुकामारीको खेल) खेल्थें । घर अगाडिको चोकको नाउँ नै तधँ चुक हुँदा चोकमै खेलेर मेरो बाल्यावस्था बित्यो । १२ वर्षको उमेरमै व्यापार कर्ममा लागेपछि देशको विभिन्न भागमा घुम्ने पनि समय भएन । त्यसैले पाटन, भक्तपुर, कीर्तिपुर र साँखु जस्ता नजीकका शहरहरूको पनि मलाई पूर्ण ज्ञान भएको जस्तो लाग्दैन । चंगा उडाउने रहर अलि अलि केटाकेटी अवस्थामा थियो । दशैंताका सबै छाना–छानामा बसेर चंगा उडाउने गर्थे । फुलपातीदेखि टीकासम्म बजार पनि प्रायः ठप्प हुने हुँदा पसल खोलेर बस्न पनि पर्दैनथ्यो ।

यसरी आफ्नो बाल्यावस्था र आफ्नो जीवनमा नियालेर र फर्केर हेर्दा समय र समाजले धेरै कोल्टो फेरिसकेको ज्ञान र अनुभवले फेरि फेरि आफ्नो जीवनमा अवलोकन गर्न मलाई रमाइलो नै लाग्छ । भोलि के होला, त्यो त निश्चित गरी भन्न सकिने भएन । तैपनि परिवर्तन हुँदै जाने कुरा भने प्रायः निश्चित छ । कस्तो परिवर्तन हुन्छ र कस्तो समाज भविष्यमा बन्छ । कस्तो बजार व्यवस्था र देशको अर्थतन्त्र हुन्छ यसै भन्न सकिन्न । आज बजार र अर्थतन्त्रको स्थिति विचार गर्दा त भविष्यमा राम्रो होला भन्न पनि गाह्रो छ ।

*राजनैतिक व्यवस्था बलियो भयो, शिक्षाको गुणस्तर बढ्यो, ज्ञानको राम्रो प्रयोग भयो, साम्प्रदायिक भेदभावले उग्ररूप लिएन भने भविष्य राम्रो हुने आशा गर्न सकिन्छ ।*

देशको राजनैतिक व्यवस्था बलियो भयो भने, शिक्षाको गुणस्तर बढ्यो भने, ज्ञानको राम्रो प्रयोग भयो भने, साम्प्रदायिक भेदभावले उग्ररूप लिएन भने, समझदारी र सुझबुझले भविष्य राम्रो नै हुने आशा राख्न सकिन्छ । हुन पनि यस्तै आशा र विश्वास हुनु पनि पर्छ । नैराश्य राम्रो

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

> *इतिहासको पाना परिवर्तनको आँधीबाट मुक्त हुन गाह्रो हुन्छ ।*

कुरा होइन । नैराश्यले कहिल्यै प्रगति हुन दिँदैन । नैराश्य प्रगति र राम्रोको बाधक नै हो भन्ने मैले ठानेको छु । बरू मनमा कुरा चल्छ, साथीहरूसित कुराकानी हुँदा विचार आउँछ र सोच्छु । फैक्ट्री र मिलबाट उत्पादन भएको उस्तै उस्तै रूपको उत्रै खालको चीजवस्तु जस्तै देशको शिक्षा भयो भने देशको विभिन्न पक्षमा प्रगति हुन बाधा पुग्छ । त्यसैले विद्यालय र विश्वविद्यालयहरूबाट दिइने शिक्षाको गुणस्तर नाप्ने कसी, परीक्षाको भाँती, अध्ययन अध्यापनको स्तर र शैलीमा चाँडै परिवर्तन हुनुपर्‍यो । समय सुहाउँदो र विश्व सुहाउँदो ज्ञान हासिल हुने शिक्षण व्यवस्था हुन अत्यावश्यक भयो । हामी विचार मात्र त गर्न सक्छौं । ज्ञान नियन्त्रण राजनीति र ज्ञान अन्वेषण राजनीतिको स्तरमा बृद्धि भएर भेद पारख राजनैतिक व्यवस्था हुनुभन्दा एकीकृत र सहभागी पारख राजनैतिक व्यवस्था (A System of the Sharing of Politics) प्रादुर्भाव हुन सकेमा श्रम व्यवस्था, अर्थतन्त्र सुदृढीकरण व्यवस्था, ज्ञान अभिबृद्धिको व्यवस्था भएर देशमा प्रगति हुनसक्छ । म कसरी अहिले बयोबृद्धमा गनिन पुगें ? मेरो बाल्यावस्था, मेरो युवावस्था, मेरो परिपक्व अर्ध बृद्धावस्था र वर्तमान बुढेसकाल मेरो सबैसित समझदारीको नै फल म यो अवस्थामा उपलब्ध भएको ठान्दछु । इतिहास सडकबाट पक्कै हिंड्दैन ।

त्यसैले मलाई लाग्छ, समझदारीको क्षेत्र अभिबृद्धि गरी व्यापक सहयोग उपलब्ध हुनसक्ने वातावरण सिर्जना गरी देशको जनशक्तिलाई सिर्जनात्मक दिशाबोध गर्न सके देश प्रगतितिर लम्कनेछ । अन्यथा इतिहासको पाना परिवर्तनको आँधीबाट मुक्त हुन गाह्रो हुन्छ ।

देशमा राम्रो श्रम व्यवस्था, आर्थिक व्यवस्था, ज्ञान र



CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

शिक्षाको उन्नत व्यवस्था, प्रशासनिक सुधार व्यवस्था र समाज र संस्कृतिलाई समयानुकूल अगाडि बढ्न सक्षम तुल्याउने कला, विज्ञान, कारिगरी तथा अन्य व्यवस्थित संरचना आदि सुनियोजित ढंगले प्रबन्ध गर्नु जरुरी छ । जीवन जस्तै समाज पनि परिवर्तनशील हुन्छ । समाज अपरिवर्तनशील हुँदैन । इच्छित परिवर्तन सरल र स्वेच्छाले बैज्ञानिक तरीकाबाट अनायास प्रक्रिया झैं भएर आउने हुन सक्नु राम्रो हुन्छ । जीवित समाजकै अस्तित्वमा प्रभाव पर्ने आमूल परिवर्तन र नसोचेको समाज निर्माण गर्न सोच्न सकिंदैन । यसर्थ, सडकबाट मात्र इतिहास नहिंड्ने कुरा सोच्नु पनि आवश्यक छ ।

मैले आफूले जानेका खेलहरू सम्बन्धमा सोच्दा पनि यो सोचाइ उपयुक्त हुन्छ जस्तो म ठान्दछु । फूटबल खेल खेल्न मलाई रहर छ । टुँडिखेलमा खेल्ने यो खेल खेल्न म जान्थें । यो खेल खेलेर जीवनमा आनन्द पाउन र शारीरिक योग्यता बढाउन धेरै परिश्रम र मिहिनेतको आवश्यकता छ । कहिलेकाहीं साइकल पनि चढ्थें । ड्राइभिङ्गको रहर पनि थियो । यी सबै मानिसका साझा रहरहरूभित्र पर्ने कुरा हुन् । जीवनको प्रगतिका लागि आवश्यक ठानिएका रहरहरू हुन् । तर मलाई जुवा भनेपछि पटक्कै मन पर्दैन । जुवाबाट मानिसहरूका जीवनमा नकारात्मक परिवर्तन आएका कुराहरू मानिसहरूले नसुनेका होइनन् । तैपनि मानिस जुवा खेल्छन्, जित्ने खालेहरू पनि हुन्छन् तर साँच्चै खेल्ने जुवाडेहरूमा जित्ने त नगण्य नै हुन्छन् । ४० वर्ष अगाडिसम्म वा भनुँ २००७ सालमा तिहारमा श्री ५ त्रिभुवन भारतमा छँदासम्म राणाकालमा जुवा फुकेको थियो । एकातिर देशमा क्रान्तिको आह्वान थियो हवाइ जहाजबाट पर्चा

*मलाई जुवा भनेपछि पटक्कै मन पर्दैन । जुवाबाट मानिसहरूका जीवनमा नकारात्मक परिवर्तन आएका कुराहरू हामीले नसुनेका होइनौं ।*

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

*जुवालाई म प्रगतिको बाधक मात्र नभै प्रतिकूल साधन पनि ठान्दछु ।*

छरिरहेका थिए । मानिसहरू जुवामा 'मारा मारा, दाउ खालि छ' भनी कराउन छोडेका थिएनन् । यस्तो परिस्थिति हेर्दा विचार आउँथ्यो– मानिसको चाहना के हो ? जुवा फुकेदेखि जुवा बन्द भनी झ्याली नपिटेसम्म जुवा खेल्ने, दाउ हान्ने, जुवाको खालमा च्याँखे थाप्ने बुद्धिमान्हरू पनि देखें । धैर्य गरेर पर्खी पर्खी तिरतालमा तिनै दाउमा पालैपालो थापेर जितेर लैजान । यसका लागि धैर्य हुनुपर्ने र मौका कुर्नुपर्ने । त्यस्तै, दाउ हान्नेहरू टाट भएर हैरान हुँदाहुँदै भरे जुवामा ३/४ हात मारेर हारेको उकासियो भन्ने पनि देखें । यी भए देशमा सरल अर्थ व्यवस्था भएका समयमा राजा रंक, रंक राजा हुने सिद्धान्तमा आधारित खेल । यहाँ खेलाडीहरूको नाम लिनु युक्तिसंगत हुँदैन ।

व्यक्ति जोसुकै भए पनि व्यक्तिको मर्यादा हुनुपर्छ । कसैको व्यक्तिगत जीवनको चर्चा गर्ने मेरो मनसुवा छैन । जुवा साधारण सम्झनाको रूपमा मात्र चर्चा गरेको छु । उत्सुकतावश मैले पनि बालककालमा नखेलेको होइन । खेल्थें, तर यसमा मेरो पटक्कै मन गएन । मलाई मन पर्दैन जुवा खेल्न । आफै काममा व्यस्त हुनुपर्ने समयमा त यता मेरो ध्यान जाँदै गएन । जेहोस्, जुवालाई म प्रगतिको बाधक मात्र नभै प्रतिकूल साधन पनि ठान्दछु ।

त्यसैले पनि इतिहासको घटना भनेपछि मलाई भूकम्प जस्तै लाग्छ, प्राकृतिक प्रकोप जस्तै लाग्छ, विनाशकारी प्रलयको छुत झैं लाग्छ । यसको बाटोमा बाँध हुँदैन ।



CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

# ज्ञानको बाँध



सबै ज्ञानीलाई थाहा छ, ज्ञान नै एउटा सशक्त बाँध हो । यसको आवश्यकता परापूर्वकालदेखि महसूस गरिएको प्रगतिमूलक साधन तथा प्रगति परिचायक प्रतीक हो । नैतिकता, विवेक, बुद्धि, क्षमता, सहनशीलता र धैर्य आदि ज्ञानका पक्षहरू हुन्, ज्ञानलाई क्रियाशील गराउने युक्ति हुन् । ज्ञानविना कुनै पनि कार्य राम्रो हुने सम्भावना नै हुँदैन । हाम्रा पूर्वजहरू ज्ञानी थिएनन् वा कम मात्रामा ज्ञानी थिए भन्नु राम्रो हुँदैन । शिक्षाले ज्ञान परिष्कृत गर्छ । हुनसक्छ, पहिले पहिले शिक्षा थिएन, लेखपढ गर्न जान्ने कम थिए । ज्ञानको परिष्कार छिटो भएन, अज्ञानको युगले धेरै समय खायो । शिक्षा र शिक्षित क्षमताले ज्ञान अजय हुन्छ । त्यसैले ज्ञानको मार्ग सुमार्ग हुन जरुरी छ, नियन्त्रित हुन आवश्यक छ । अनुशासन यसको बाँध हो । राम–रावण युद्ध, कृष्ण–कंश युद्ध, महाभारत, विश्वयुद्ध, आदि अनियन्त्रित ज्ञानको फल हो । नियन्त्रण तथा सामञ्जस्यसहित ज्ञान विभाजनका कारण हुन् । ज्ञानी स्वतन्त्र र विवेकी हुन्छ । अनुशासनले नै नैतिक तथा चरित्रवान् तुल्याउँछ । हाम्रो देशमा आधुनिक विद्यालय वा महाविद्यालयको शिक्षाको इतिहासै पनि एक सय वर्षको भएको छैन । वि.सं. १९६० तिर मात्रै साक्षर बनाउने अंग्रेजी पद्धतिको शुरुवात भएको थियो । त्यसो भनेर संस्कृत शिक्षा भएको थिएन भन्न मिल्दैन । संस्कृतमा शिक्षा पाउनेहरू थोरै हुन्थे । विद्वान् कहलिन्थे । संस्कृत शिक्षा र ज्ञानबाटै युगौं युग सांस्कृतिक विकासतिर सहयोग हुने गरी धार्मिक कार्यहरूद्वारा नेपाली नरनारीहरू शिक्षित हुन्थे । धार्मिक पर्वहरूको आयोजनाले

*वि.सं. १९६० तिर मात्रै साक्षर बनाउने अंग्रेजी पद्धतिको शुरुवात भएको थियो ।*

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

*हामी वंश वंशले गरिआएको मान्यता छोडेर विदेशबाट सिकेको ज्ञान, सीप र व्यापारिक मान्यता तथा राजनीतिमा अगाडि जान खोजिरहेका छौं ।*

समय समयमा ठाउँ ठाउँमा मानिसहरू जम्मा भै जात्रा, बन्दव्यापार आदि हुने गरेको हुनाले नै नेपालको सरल जनजीवन धेरै समयसम्म बाह्य जगत्‌को व्यापारबाट अलग्गै रह्यो । अहिले आएर हामी वंश वंशले गरिआएको व्यापारिक मान्यता छोडेर विदेशबाट सिकेको ज्ञान, सीप र व्यापारिक मान्यता तथा राजनीतिमा अगाडि जान खोजिरहेका छौं । त्यसैले मलाई लाग्छ, इतिहासको मोड ठम्याउन गाहारो हुन्छ ।

सामाजिक, सांस्कृतिक तथा प्राकृतिक साधनमा आधारित व्यापार नै नेपालको सरल अर्थतन्त्र भएकोले ज्ञानकै आधार तथा जगमा बसेको निर्माण र प्रगतिलाई ज्ञानकै खाँचो छ। ज्ञानमा नै आधारित हुनु अत्यावश्यक छ। अन्यथा संस्कृति र समाज छिन्नभिन्न हुन्छ । आधुनिक व्यवहार हेरेर र भेषभूषा हेरेर विचार गर्ने हो भने अब संस्कृति र समाज कमजोर भएरै जाने आशंका हुनु अस्वाभाविक छैन। प्राचीन संस्कृति अनुसार कार्य गरिने प्रथा हराएर गइसकेको छ, प्रायः अरू पनि लोप हुने सम्भावना देखिन थालिसकेको छ। वर्तमान अवस्थाको मुद्राको अवमूल्यनले गर्दा रीतिथिति अनुसरण गरिरहनु सम्भव नहुने भैसकेको छ र यस कार्यका लागि मानिसहरूमा धैर्य र समयको पनि अभाव देखिन थालेको छ। सबभन्दा मुख्य कुरा त अझ काम गर्ने मानिस उपलब्ध हुन पनि गाहारो छ ।

यसैले कुनै पनि काम, पूजाआजा, ब्रतबन्ध र विवाह कर्म आदि गर्दा पार्टी आयोजना गरी भोज ख्वाउनु नै मलाई पनि सजिलो लाग्छ। हाम्रो पुरानो किसिमको भोजभतेर गर्दा ठाउँको प्रबन्धदेखि सुकुल ओछ्याउने, पात गाँसेर पातमा खानाको परिकार राख्दै जाने मानिसहरू, जसलाई भण्डारे भन्दछन्, आवश्यक पर्ने, जुठो जम्मा गर्ने र परिवारैले परिश्रम गर्नुपर्ने, पुरानै तरीकाले माटीको प्यालामा रक्सी

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

हालेर रक्सी खुवाउने हो भने त रक्सीको प्रबन्ध गर्न नै दुई महीना लगाउनुपर्ने आवश्यकता पर्छ । सबै क्रियाकलाप साधारणतया पुरानो अर्थतन्त्रमा आधारित थिए। अब सम्भव छैन । तैपनि अझै समाजमा मध्यम वर्गले यस्तै नगरी सुख पनि हुँदैन । पार्टी खुवाउन पनि त अर्थकै आवश्यक पर्छ । खालि काम सजिलो भन्ने मात्र हो पार्टी भोज गर्दा ।

यसरी हाम्रो प्राचीन र हाम्रो पालोमा चलेको समाज र सामाजिक चलनको आधार नै पनि देशको अर्थतन्त्रको पक्ष हो। अब अर्थतन्त्रले सिधै बजारसंग सम्पर्क राख्छ, राख्नै पर्छ अथवा बजार र बजार स्वभाव नै अर्थतन्त्रको द्योतक हो । राजनीति र समाज पनि यसै बजार अर्थतन्त्र अनुरूप हुनुपर्ने र हुन सकेमा समाज, रीतिथिति र सम्पूर्ण सांस्कृतिक पक्षहरू र व्यवहार पक्षहरू दरिलो हुने हुन्छ । यस्तो गहन विषय अर्थविद् र राजनीतिज्ञहरूले अन्वेषण गर्ने विषय क्षेत्र हुन् । जसबाट देशमा राजनैतिक परिपाटी, देशको समाज र संस्कृति सम्वर्द्धन हुनसक्ने सरकार बन्न आवश्यकताको ज्ञान दिने हुन्छ ।

हाम्रा प्राचीन ऋषिमुनिहरू समाज ज्ञानकै आधारमा समाज र संस्कृति निर्माण गर्ने पथप्रदर्शकहरू हुन्। उहाँहरूको ज्ञान अनुसार आर्थिक र राजनैतिक परिपाटी ज्ञानमै आधारित हुन्थे । श्रम, पूँजी र जमीन समाजकै आधारमा परिचालन र क्रय–विक्रय हुन्थे । अहिलेका अर्थशास्त्रीहरूले श्रम, पूँजी र जमीन पक्षलाई के कसरी महत्व दिएको छ, सो विषयको उत्पादन र अहिलेसम्म स्थिति र जीवित सामाजिक तहसित सम्बन्ध अध्ययन गरेमा निकै भेद भएको स्पष्ट हुन्छ जस्तो मलाई लाग्छ। ज्ञानले पुरानो समाजका पर्खालहरू भत्काउँदै लगेको हुँदा हामी पनि देख्छौं । इतिहासमा वर्णित पनि छन् । यसैले ज्ञानको धारामा बाँध बाँधी लान सके धेरै वेश अन्यथा इतिहासको मोड सधैं सुखद हुन्छ भन्न

*बजार अर्थतन्त्र अनुरूप राजनीति र समाज भए समाज, रीतिथिति र सम्पूर्ण सांस्कृतिक पक्षहरू र व्यवहार पक्षहरू दरिलो हुने हुन्छ ।*

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

> *देशको सबैभन्दा ठूलो र प्रथम कच्चापदार्थ त ज्ञानै हो । त्यसैले ज्ञानको प्रयोग हुनुपर्छ ।*

सकिने हुँदैन ।

४० वर्ष, ५० वर्ष र ६० वर्ष पहिलेको अनुभव र व्यवहार आज आएर आजको युवा पीढीलाई दन्त्यकथा जस्तो लाग्नु आश्चर्यको कुरा होइन । एउटा परिवारलाई एउटा मोहर वा एक रुपैयाँले छाक टार्ने कुरा अहिले कथा जस्तै आफैलाई लाग्न थालेको छ । अहिले हामी इतिहासको मोडमा छौं । यो जबर्जस्त मोड हो । खालि ढुकुटीले पूरै मानव ज्ञानलाई काँप्नुपर्ने तुल्याएको छ । समाज पुरानो भैं लागेर वाधाको रूपमा उभिएको छ । अर्थतन्त्र नवनिर्माण गर्नुपर्ने क्षेत्रको व्यापकता जति बृहत् छ, उत्तिकै व्यापक र सशक्त ज्ञानको आवश्यकता देखिएको छ । भविष्यमा आफ्नो अनुभव सुनाउनेहरूले, इतिहासकारहरूले चकित भएर औंल्याउने छन् । अहिले विचार परीक्षण समाज निर्माण धारणाहरूको परीक्षण कसरी भइरहेको छ ? मेरो विचारमा अहिलेको देशको क्रियाकलाप भोलि आफै समाज भनी हेर्ने ऐनाको काम गर्ने हुन्छ । राजनीति शक्तिसित सम्बद्ध छ, सत्यसित होइन ।

ज्ञान, संस्कृति, कला र विज्ञान जुनसुकै देशबाट भए पनि अध्ययन गरी देश र समाजलाई लाभदायक हुने भए आयात गर्न हुन्छ । देश र समाज निर्माण गर्न कच्चापदार्थको आवश्यकता हुन्छ, ज्ञान पनि कच्चा पदार्थ हो । यसको उपलब्धिका लागि प्रयत्न गर्नुपर्छ ।

नेपालमा के छ ? ज्ञान नै छैन । देशभरमा राष्ट्रिय स्रोत र साधनको रूपमा अवर्णनीय कच्चापदार्थ होला । त्यसलाई उपयोग गर्न ज्ञान चाहियो । तब देशको अर्थतन्त्र आफ्नै स्रोतले विकास गर्नेछ । देशको सबैभन्दा ठूलो र प्रथम कच्चापदार्थ त ज्ञानै हो । त्यसैले ज्ञानको प्रयोग हुनुपर्छ । साथै, राम्रो बाँध पनि ज्ञानको खोलामा नै बाँध्नुपर्छ ।



CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

# ज्ञान क्रियाशील शक्ति हो



ज्ञान धेरै उत्तम एवं क्रियाशील शक्ति हो । यसको प्रयोग प्रत्येक व्यक्तिले गरिरहेकै हुन्छ । स्वभावतः आफ्नो कार्यक्षेत्रमा ज्ञानको प्रयोग प्रत्येक व्यक्तिले गर्नैपर्छ, गरिरहेकै पनि हुन्छन् । तर धैर्य र विवेक पनि ज्ञानसंगसंगै कार्यक्षेत्रमा साथ दिने सहयोगी हुन्छन् । यसमा अलिकति पनि असन्तुलित काम भएमा मानिसका कर्त्तव्य विचलित हुन सक्छन् । मानिसको जीवनस्तरमा भिन्नता आउने बाटो यहींबाट सिर्जना हुन्छ । अनि मानिसका सपनामा उतारचढाव देखिन थाल्ने हुन्छन् । मानिसको मनस्थितिमा धनको सपनाले ठाउँ लिन थाल्छ । यस्तो भए हुने, उस्तो भए हुने, यसो गर्न पाए हुने, उसो गर्न पाए हुने, धनी हुन पाए हुने, ऐश आराम गर्न पाए हुने । यसरी अव्यावहारिक चिन्तन र कल्पनाले फाट्का खेलेपछि मानिसको मस्तिष्कले फुर्सत नपाई निरन्तर सोचिरहने हुन्छ । फलस्वरूप मलाई लाग्छ, प्रौढहरूका सपना क्षेत्र एक किसिमले राम्रो र सुखद् कुरा हो । सपना देख्ने सुखी नै हुन्छन् जस्तो लाग्छ – स्वाभाविक सपना देखिने हो भने । दुःखीले त सपना देख्छ जस्तो लाग्दैन । बरू बिपनामा सपना सिर्जना गरिरहन्छ होला । यस्तो सपना निद्रामा देखिने सपना हुँदैन । निद्रामा देखिने सपना सूक्ष्म र यथार्थ हुन्छ । अनि सपना देखेर सम्झना नरहनु सुखद् र आनन्दानुभूति दिने हुन्छन् । त्यसैले सपना देखेर बिर्सेको बेश । सपना देखेर बिर्सिएन भने वा बिर्सन सकेन भने मानिस आफै भ्रममा पर्ने हुन्छ । अनि भ्रम संसार नै हो, एक अनुमान कार्य प्रक्रिया हो । दुःखको पथ पनि हो यो । तर, यो दुःख काम गर्दा जनाइने दुःखको (कार्य)

*अव्यावहारिक चिन्तन र कल्पनाले फाट्का खेलेपछि मानिसको मस्तिष्कले फुर्सत नपाई निरन्तर सोचिरहने हुन्छ ।*

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

*शायद अब मेरा छोराहरूलाई ज्ञानलाई क्रियाशील शक्तिका रूपमा प्रयोग गर्ने आवश्यकता पर्छ होला ।*

साधारण अर्थमा प्रयोग हुने दुःख होइन । यो भ्रमले साँचेको दुःख हो । किनकि यसले कल्पनाले सिर्जेको जस्तो जीवनको एक दृष्टिकोणको तस्वीर बनाउँछ । यसैले सम्झिने सपना राम्रो होइन । सम्झना रहेको सपना बुझ्न सजिलो हुँदैन । यस्तो सपना बिपना समान हुनसक्छ ।

त्यसैले कर्त्तव्यमा आस्था र विश्वास गरे सपना देख्नु वा कल्पना गर्नु आवश्यक हुँदैन । यसैले कर्त्तव्य पथमा कल्पना हुँदैन, सपना हुँदैन, भ्रम हुँदैन । मनमा अधैर्य हुँदैन । व्यावहारिक पक्ष नै प्रबल हुन्छ । म यसै धारणाले अग्रसर थिएँ । मैले आफ्नो कार्यक्षेत्र व्यापारमा मन लगाएर कार्य गरेको थिएँ । आजको विश्वको ज्ञान नै धन हो भन्ने ज्ञान मैले प्रयोग गर्नु नै परेन । शायद अब मेरा छोराहरूलाई ज्ञानलाई क्रियाशील शक्तिका रूपमा प्रयोग गर्ने आवश्यकता पर्छ होला । उनीहरू चारै दाजुभाइ शिक्षित छन्, उद्योगमा लागेका छन् । देशको आधुनिक अर्थतन्त्रलाई बुझ्रेर सुधार्नतिर पनि लाग्नुपर्ने वाध्यताबाट र आधुनिक युगको अर्थतन्त्रको वातावरणबाट तिनीहरू अनभिज्ञ छैनन् ।

फेरि सपनाको कुरा लिउँ । सपनाको उल्टो बिपना अर्थात् यथार्थ हो । आधुनिक युग हाम्रो सरल कार्यजन्य युगका लागि सपना हो । अहिलेको बिपना सपनाभन्दा भिन्नै खालको संसार हो । बिपनामा शरीर सक्रिय हुनुपर्छ, ज्ञान सक्रिय हुन्छ । अर्थात्, निद्राबाट उठ्नासाथ प्राकृतिक स्वभावको अनुसरण हुन्छ । त्यसपछि दैनिक आवश्यकतानुसार कार्यक्षेत्रमा सबै लाग्छन् । कार्यक्षेत्र फरक छन्, फरक होलान्, फरक हुँदै पनि गइरहेका छन् । अवलोकन नै यसका प्रमाण हुन् । भिन्नता धेरै कोट्याइरहनु आवश्यक छैन । रात पर्छ, निद्रा आउँछ, अनि सुत्ने काम हुन्छ । बस, बिपनाले गर्ने कामको

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

अन्त भयो । तर, ज्ञानको मेशिनको निरन्तरता चालू नै रहन्छ ।

अब निद्रामा सपना हुन पनि सक्छ, नहुन पनि सक्छ । बिपनाको पछि आउने काम नै सपना हो भन्ने चाहिं होइन । निदाएपछि सपनाको काम पनि शुरु हुनसक्छ । सगुण रूपको अर्को रूप तुरुन्तै सक्रिय हुनसक्छ । बिपना झैं सपना पनि एक निरन्तर अटूट जीवनमा प्रकट भैरहने प्रक्रिया हो । यहीं नै मलाई लाग्छ, विचार र दर्शनले मतभेद सिर्जना गर्छ । वादविवाद, अर्थ र आलोचना पुष्ट्याइने तर्क र तार्किक युक्ति अगाडि बढ्छ । किन्तु पूर्ण समझदारी र स्वीकृति पूर्ण र पर्याप्त नै हुन्छ भन्न गाहारो हुने भनाइ विद्वान्हरूको छ ।

तर कुरा के भने सपना देखिन्छ, सपना हेर्ने काम हुन्छ । खालि यसको सम्झना रहनु र नरहनुमा यसको भेद छ । सम्झना नरहनुमा सुखको अनुभूति हुन सके राम्रो हुन्छ । निद्रामा बिपना याद हुँदैन, त्यस्तै बिपनामा सपना याद नहुनु बेश । तर सपनाको सम्झना आइरह्यो भने त्यो सपना र बिपनाको बीचमा एउटा भ्रम उत्पत्ति हुन्छ । जीवनमा उल्झन उत्पत्ति हुन्छ । उल्झन पनि एक समस्या वा भ्रम हो । बिपना कहिल्यै पनि भ्रम हुँदैन । सपनामा पनि सपना देखुञ्जेल भ्रम हुँदैन । अब यसको विश्लेषणमा म अल्झिन सक्तिन । परमात्मालाई ॐ ले वर्णन गर्छ । खोजी र खोज अपार छ ।

*निद्रामा बिपना याद हुँदैन, त्यस्तै बिपनामा सपना याद नहुनु बेश ।*

बिपना आँखाले अवलोकन गर्छ । बालककाल छोडेर आफ्नो ज्ञानले जानेदेखि सात दशकको अवलोकनमा देशको अर्थतन्त्र सपनामा ठानेको छु । बितेको अर्थतन्त्र सम्झेर आधुनिक व्यापारतन्त्रमा व्यापार प्रक्रियामा टीका-टिप्पणी

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

> *समाजवाद र खुला व्यापारवाद देशको अर्थतन्त्रका दुई रूप हुन् ।*

गर्नु सपना सम्झनु जस्तै दु:खदायी हुन्छ। सम्झना भयावह हुन्छ, भ्रमले काम गर्ने हुन्छ। त्यसैले सपना जस्तै अतीत पनि विस्मृतिमै रहन दिनु उत्तम हुन्छ।

सपना बिपनाको अर्को पक्ष हो। त्यस्तै समाजवाद र खुला व्यापारवाद दुई अनुहार झैं देशको अर्थतन्त्रका दुई रूप हुन्। एक रूप सुत्ने, एउटा अर्को रूप उठ्ने। सपना र बिपना झैं अर्थतन्त्रका दुई रूप छन्। एउटा समाजवाद र अर्को खुला व्यापारवाद। यी दुवै उपलब्धि हुन सक्छन्। शरीर छ भने छायाँ हुनु अवश्यम्भावी हुन्छ। यी दुई अर्थतन्त्रको प्रक्रिया अविभाज्य र एक अर्काका पूरक हुन्। राम्रो गर्न सके, ज्ञानले क्रियाशील गर्न सके देशको आर्थिक अन्धकारमा प्रकाश उदय हुनेछ।



CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

# मनस्थितिले मानिस चिनाउँछ



मानिसको मनस्थिति अगाध हुन्छ। त्यसैले मनस्थितिको गहिराई नाप्न गाहारो नै हुन्छ किनकि यो सूक्ष्म हुन्छ। अनि मानिसको मस्तिष्कको शक्ति पनि अत्यन्तै प्रबल हुन्छ। मस्तिष्क प्रबल छ, विचार प्रबल छ, कल्पना शक्ति प्रबल छ र सक्रियता पनि सशक्त छ भने विचार शक्तिले वैज्ञानिकता अपनाउँछ। त्यसैले मलाई लाग्छ, मानिसलाई उसको मनस्थितिले चिनाउँछ। यस्तो गुण भएका धेरै मानिससंग मैले सम्पर्कमा आउन परेको र सम्पर्कमा कारोबार गर्नुपर्ने भएकोले मलाई याद छ, मानिसको व्यवहार र विवेकले पनि ठूलो काम गर्ने हुँदो रहेछ। मेरो व्यवहार, मेरो सोचाइ र मेरै अनुभव अनुसार मैले त ठानेको छु – सरल छ। तर मानिसको सम्पर्कले पनि ज्ञान बढ्दो रहेछ र मैले काम गरिरहँदा मलाई संसारको बारेमा पढिरहेको जस्तो भान पनि हुन्थ्यो। विचारशील मानिसहरूको संगतले पनि मैले धेरै सिकें। सिकेको काम लाग्यो, मेरो व्यापार गर्ने क्षमता बढ्दै गयो, अर्थात् काम गर्ने क्षमतामा बृद्धि भयो। अनि विवादमा फँस्न वा अन्योलपूर्ण विषयमा लाग्न मैले कहिल्यै परेन। किनकि विचारशील सज्जन व्यक्तिहरू कहिलेकाहीं वादविवादमा लाग्दा राम्रो नभएको मैले थाहा पाएँ। ज्ञान यसरी अनुभवबाट प्राप्त हुने रहेछ। मानिसलाई मन पर्ने नपर्ने विषय पनि हुने नै गर्छ। मलाई मन नपर्ने कुरा विवादमा फँस्नु हो। त्यसैले म विवादमा फँस्न चाहन्न। आफ्नो कामलाई पूजा ठान्यो र तदनुसार लगनशील भएर कार्य गर्न पाए मलाई पुग्यो। तर कहिलेकाहीं दैवागत नसोचेको घटना घट्दो रहेछ। कता कताबाट चिन्ताको क्षण आउँदो रहेछ।

*मस्तिष्क प्रबल छ, विचार प्रबल छ, कल्पना शक्ति प्रबल छ र सक्रियता पनि सशक्त छ भने विचारशक्तिले वैज्ञानकिता अपनाउँछ।*

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

> *"मेरी आमाले किनबेच गरेको भाउमा म ६० वर्षको हुँदा पनि धेरै अन्तर भएको थाहा भएन ।"*

२०१०/११ सालतिर फागुन महीनामा नोटको फाट्का खेल्यो भनेर श्री केशर शम्सेर ज.ब.रा.ले शराफीहरूलाई समातेर थानामा लगी ५/६ घण्टा थुने । त्यसमा एकजना म पनि परें । त्यसबेला समातेर लगेका शराफीहरू पनि व्यापारी नै थिए । समातिएका व्यापारीहरूमा श्री मे. बुद्धिबहादुर रायमाझी, श्री लोकनाथ जोशी, श्री नारायणदास मारवाडी, श्री केदार, श्री चन्द्रलाल, श्री लक्ष्मण, श्री महन्तलाल, श्री नारायणजङ्ग पाण्डे थिए । कपडा, चुरोट, मसला, सुपारी र अन्य मसलन्द सामान नै साधारण व्यापारका सामान थिए । भारतीय नोटविना व्यापार सम्भव नै थिएन ।

त्यसैले मेरो विचारमा फाट्का भनेको खेल्ने पनि होइन । यो त अर्थशास्त्रका साधारण विद्यार्थीहरूलाई पनि थाहा हुने विषय हो – माग बढी भए र सामान घटी भए अभाव भएको वस्तुमा भाउ बढ्ने, अनि माग घटे र बजारमा सामान बढी भए भाउ घट्ने त साधारण कुरा नै हो । यसैले देशको आर्थिक वा व्यापारको स्थितिमा नोटको भाउ भर पर्ने कुरा हो ।

यहाँनिर श्री आशाकाजी साहूको कुरा सम्झनु प्रासांगिक हुनेछ । उहाँ भन्नुहुन्छ, मेरी आमा र मेरो उमेरको फरक १५/१६ वर्षको मात्र हो । मेरी आमाले किनबेच गरेको भाउमा म ६० वर्षको हुँदा पनि धेरै अन्तर भएको थाहा भएन ।

श्री कृष्णनारायण र श्री द्वारिका साहूहरूलाई पनि मारकीन छीत कपडा व्यापारमा श्री जुद्ध शम्शेर ज.ब.रा. तत्कालीन प्रधानमन्त्रीले दुःख दिएको सम्झना छ । त्यसबेला मलमलको २० गज कपडाको रु. ४/- मात्र लिइन्थ्यो । द्वितीय विश्वयुद्धताका जापानी कपडा त झनै सस्तो थियो ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

एउटा भनाइबाट व्यापारमा खतरा हुन्छ भन्ने कुरा सम्झना गर्नु सामयिक हुन्छ। व्यापार अपार भन्ने भनाइ नै छ। व्यापारमा लाग्नेले समयको आभास राम्ररी बुझ्न सकेमा लाभ भएर धन आर्जन हुन्छ, अन्यथा टाट पल्टिन पनि असम्भव छैन । व्यापारमा टाट पल्टेका पनि धेरै साहूहरू छन् । त्यसबेला पकडिएका हामीहरूलाई गृह मन्त्रालयमा मौखिक तारिखमा हाजिर हुनुपर्थ्यो र पछि चाहिं बोलाइने गरी हाम्रो चिन्ता हरायो । २००७ साल अगाडि भए हुकुमी शासन थियो, यसरी पकडिएकालाई के गरिन्थ्यो थाहा भएन । यहाँ मेरो दृष्टिकोण तत्कालीन व्यापार अनुसार मलाई लाग्छ, राणाकालीन अर्थतन्त्रमा व्यापार भारतीय मुद्राकै आधारमा हुने र नेपाल भारतकै व्यापार क्षेत्र जस्तो लाग्नु पनि अनौठो थिएन । भारतीय नोटको अधिराज्यभरि जहाँ पनि लेनदेन हुन्थ्यो । नेपाली नोट नेपाल अधिराज्यको तराईमा नै पनि चलन भएको थिएन। काठमाडौं उपत्यकाबाट बाहिर जानुपर्‍यो भने भारतीय नोट साथमा हुनु अनिवार्य नै थियो ।

वर्तमान समयमा जनसंख्याको विस्फोटनले नेपालको व्यापारमा दिनपरदिन महंगी बढ्दै गएको छ । यसलाई नियन्त्रण गर्न साहू महाजनहरूकै सरसल्लाह र सहभागिता सहयोगी हुनसक्छ । यस्तै, श्री जुद्ध शम्शेर ज.ब.रा. को पालोमा चामल महंगो हुँदा रंगुनबाट चामल झिकाई १ मोहर (५० पैसा) को ८ माना चामल दिइएको थियो । बजार भाउ सस्तो हुँदै जाँदा तराइका जमिन्दारहरूलाई मालपोत तिर्न गाहारो हुने र काठमाडौंमा पनि बाहिरबाट आएका र अन्य व्यापारीहरूलाई टिक्न गाहारो भएको एक बखत वा त्यो बेला जनताकै हितमा देशको अर्थतन्त्रले सोच्ने गर्थे । यस्तै सोचाइ सबल भएमा देशको अर्थतन्त्र

*व्यापारमा लाग्नेले समयको आभास राम्ररी बुझ्न सकेमा लाभ भएर धन आर्जन हुन्छ, अन्यथा टाट पल्टिन पनि असम्भव छैन ।*

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

> *नेपालमा धर्म नै अर्थतन्त्रको संचालन गर्ने एक सशक्त माध्यम हो।*

धान्न अहिलेको युगमा पनि उपाय नहोला जस्तो लाग्दैन।

अब त पूरै देशवासीहरूले भगवान् र प्रकृतिमा भर परी भाउ बेसाहा सस्तो होस् भनी प्रार्थना गर्ने गरेको सुनिन्छ। भगवान्मा विश्वास हुनुपर्छ। मानिसको मनमा धर्मले बलियो जग बसेको हुनुपर्छ। धर्ममा आस्था र विश्वास नगरी मानिस शुद्ध व्यापारी हुन सम्भव छैन। भगवान्को मन्दिर भएको स्थानलाई लिइएपछि विचार गर्न स्थान छँदैछ। धर्मलाई लिएर विवेचना गर्ने हो भने पनि नेपालमा त धर्म नै अर्थतन्त्र संचालन गर्ने एक सशक्त माध्यम हो।

धर्म वास्तवमा एउटा अति सक्षम व्यक्तिगत पूँजी तथा देशको अर्थव्यवस्था संचालन गर्ने माध्यम हो। यसैबाट देशको संस्कृति र जनजीवन संरक्षण, सम्वर्द्धन र प्रवर्द्धन हुनसक्छ। यसै दृष्टिकोणबाट नेपालको व्यापार शैली संचालन भएर क्षेत्रहरूको समेत व्यापार सन्तुलन लक्षित छन्। एकादशी, औंसी, अष्टमी, पूर्णिमा र चाडपर्वहरू यसरी जनजीवन र क्षेत्रीय उत्पादनसित आबद्ध गरी संचालन भएका छन् कि कुनै पनि प्राकृतिक तथा घरेलु उत्पादन अलग्गिन गएको देखिंदैन। वैदेशिक तथा बाह्य उत्पादनका वस्तुहरू पनि राष्ट्रिय धार्मिक आचरणहरूसंगसंगै समाहित भएर व्यापारमा निरन्तरता प्राकृतिक नियमबाटै प्रदत्त तथा प्रेरित छन्। तसर्थ नेपालको धार्मिक आचरणको विवेचनाबाटै मात्र नेपालको अर्थतन्त्र तथा व्यापार-उद्योग व्यवस्थाको सबल पक्ष बुझ्न र सम्झन सहयोग हुन्छ।



CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

# सरल कृषि प्रधान जनजीवन



जनजीवनमा वा देशमा नयाँ कुरा वा काम हुनु एउटा उपलब्धि नै मान्नुपर्छ । तर धेरै खोजबाट प्राप्त हुने नयाँ कुरा सजिलैसित जनजीवनमा प्रयोगमा आउन सकिने भने हुँदैन । नयाँ कुरा अपनाउन समय लाग्छ । विस्तारै परीक्षणले र समझदारीले नयाँ विचार, नयाँ काम र नयाँ कुरा ग्राह्य भएर प्रचलनमा आउने हुन्छ । बल प्रयोग र करकाप कसैलाई पनि मनपर्ने विषय नै हुँदैन । हामीहरू त हामीहरूले सुनिराखेका पुराना कुरा, आफूले गरिआएका आचरण र अनुभवका सम्झना गर्छौं । ठूल्ठूला पुस्तकहरूमा खोज गरेर व्यक्त गरिराखेका विचारहरू र ज्ञानसित परिचित हुँदैनौं । विचार/ज्ञान बुझ्न सजिलो पनि हुँदैन । त्यसैले नयाँ नयाँ प्रविधिको प्रयोगबाट कृषिकार्य गरिने देशहरूसित हाम्रो कृषिकार्यको तुलना गर्नु हुँदैन । कार्यक्षेत्रमा उत्रँदै जानुपर्छ । ज्ञानले काम गर्न शुरु गर्छ ।

मेरो सरल विचार र अनुभव अनुसार, हाम्रा पूर्वज बाबु बाजेहरूले जग्गा जमीन जोड्थे । कृषि उपज धान, गहूँ, मकै, आदि उत्पादनबाट सजिलै जीवन धान्ने विचारले जग्गा मोहीले कमाउँछ । कृषिकार्य सबै प्रकृतिमा नै आधारित हुन्छ । समयमा वर्षा, समयमा खनजोत, समयमा रोपाईं, साधारण मलजलको प्रयोग विधि, सरल कृषि प्रविधि नै जनजीवनको कृषि ज्ञान थियो । समय र प्रकृति अनुकूल हुनु र नहुनुले जीवन प्रभावित हुन्थे । आजकाल मोही र तलसिंको विवाद र नयाँ कृषि प्रविधिको प्रयोगले जग्गा जोड्ने काम र कृषिकार्य र कृषिप्रधान जनजीवन अर्कै मोडमा लागिसकेको छ । उर्वरा जमीनबाट उत्पादन हुने अन्नपातबाट निश्चित

*आजकाल मोही र तलसिंको विवाद र नयाँ कृषि प्रविधिको प्रयोगले जग्गा जोड्ने काम र कृषिकार्य र कृषिप्रधान जनजीवन अर्कै मोडमा लागिसकेको छ ।*

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

*कृषि जनजीवनको अभिन्न अङ्ग भएर राष्ट्रको मुख्य आर्थिक स्रोतको अङ्ग नै मानिएको थियो र यसै अनुरूप जनजीवन, संस्कृति र चाड अनि व्यापार संचालित थिए।*

जीवन यापन गर्ने एउटा मूल आर्थिक स्रोत जमीन अब अर्कै रूपमा प्रयोगमा आउन थालेको देखिएको छ। परिवर्तनका मोडहरू कता र कुन दिशातिर लाग्छन्, भन्न कठिन छ।

४/५ दशक अगाडि घर/घरमा अन्नका भकारी हुन्थे र यही नै सम्पन्न जनजीवनको प्रतीक मानिन्थ्यो। राम्रो अनुकूल मौसम भएर सामयिक वर्षा भएमा जमीनबाट हुने उत्पादन अन्नपूर्ण र लक्ष्मीको आशीर्वाद सम्झिन्थे। जग्गा जमीन थोर–बहुत नहुने मानिस कमै हुन्थे, थोर–बहुत अन्न घरमा नहुने मानिस पनि कमै हुन्थे। तसर्थ, कृषि जनजीवनको अभिन्न अङ्ग भएर राष्ट्रको मुख्य आर्थिक स्रोतको अङ्ग नै मानिएको थियो र यसै अनुरूप जनजीवन, संस्कृति र चाड अनि व्यापार संचालित थिए। पात्रमा तिथि, मिति र चाडपर्व विवरण अध्ययन गरेमा पनि कुन तिथि र कुन मितिमा कुन चाडपर्व संचालन हुन्छ, बुझ्न सरल छ।

तसर्थ, भौगोलिक तथा जलवायुको स्थितिले वैशाख जेठमा अन्नबाली लाउन मानिसहरू जग्गाको काम गर्न ध्यान दिन्थे र आषाढको १५ गतेसम्ममा खेतमा बाली रोपी रोपाई वा 'सिनाज्या' सम्पन्न गर्थे। अनि गठेमूगलको चाड मनाई धार्मिक विश्वास अनुसार भूतप्रेत खेततिर जान आह्वान गरी शहरी जीवन र व्यापारतिर मानिसहरू लाग्ने धारणा प्रकट हुन्थे। यसबाट देशमा कृषिप्रधान जनजीवन स्पष्ट भै मानिसहरूको जग्गा जमीन जोड्ने अभिरुचि थियो भन्ने कुरा स्पष्ट हुन्छ। यसबखत शहर बजारमा मानिसहरू कम हुन्थे। वर्षायाममा खोलानाला बढी आवतजावत गर्न गाहारो पनि हुने हुनाले चैत्र बैशाखसम्म लत्ताकपडा, मरमसाला जोड्न मानिसहरू बजारमा आउने हुँदा बजार

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

चली नै रहन्थे। तैपनि कृषिको समयमा व्यापारमा यसबाट प्रतिकूल असर पर्नु एउटा स्वाभाविक समभ्रदारी नै थियो।

आजकाल पनि देशको उत्पादनमा कृषि उत्पादन नै प्रधान छ। तर जग्गा जोड्ने विचार मानिसहरूमा कम हुँदै गएको छ। घर घडेरी जोड्ने र सुविस्ताको घर बनाएर बस्ने मानिसहरूको प्रकृतिमा बढी अभिरुचि देखिन थालेको छ। जग्गाबाट बाली लिन काम गर्नुको सट्टा घर बहालबाट आम्दानी गर्ने सोचाइले उपत्यकामा अन्धाधुन्ध घरहरू बन्दै गरेको देखिन्छ। यसैले जग्गाको मोल छोई नसक्नु भएर बढ्दै गइरहेको छ र घर–घडेरीका लागि र व्यापार केन्द्रका लागि राम्रो देखिएका जग्गाहरू सडक विस्तार र जनसंख्या बृद्धिले गर्दा अत्यन्तै महंगो भैसकेको छ। दन्त्यकथा जस्तै भैसकेका पुराना कुराहरू सम्भी भनिरहने हो भने टुङ्गो नै लाग्दैन जस्तो भैसकेको छ। वर्तमान समयमा बार्है महीना व्यापारको चापले पुराना कुराको सम्भनालाई स्थान दिइरहन समय नै हुँदैन। शहर र शहर नजीकको जग्गा नै पनि  रोपनीको ५०/६०/१०० मा पाइने र अलि टाढाको जग्गा त रोपनीको २५/३० ले नै पाइने समय सम्भेर साध्य नै हुँदैन। तर जग्गा किनेर मोही लगाई खेती गर्ने कार्य देशको अर्थतन्त्रको मुख्य आधारशीला हुँदा यसलाई सम्भने लाभदायक अर्थात् प्रासांगिक हुन्छ। किनकि यसबाट जग्गाधनी र मोहीको जीवन प्रतिपालन गर्ने एउटा व्यवस्था जग्गा धनी, मोही र कृषिको सम्बन्धबाट पूर्णतया प्रतिबिम्बित भएको थाहा हुन्छ। अहिले आएर मोहीले बाली नबुभाउने, जग्गा खिचोला हुने र देशको वर्तमान राजनैतिक परिस्थितिले जग्गा धनी र मोहीमा वादविवाद हुने आदि भमेलाबाट साधारण कृषि जीवनमा परिवर्तन आउन आवश्यक नै देखिएको छ। यही नै कारणले कृषिजन्य व्यापार स्वभावमा परिवर्तन

*दन्त्यकथा जस्तै भैसकेका पुराना कुराहरू सम्भी भनिरहने हो भने टुङ्गो नै लाग्दैन जस्तो भैसकेको छ।*

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

*नेपालमै भएको कच्चा सामान वा प्रविधि जबसम्म उपलब्ध गर्न प्रयास गरिदैन, नेपालमा आफ्नै किसिमको उद्योग फस्टाउन सक्तैन ।*

आई व्यापारले ठूलो फड्को मारेर वा मोड लिएर जनजीवनलाई परिवर्तनको बाटोमा लाग्न आवश्यक तुल्याएको छ । तसर्थ, कृषिमा भन्दा व्यापारमा अभिमुख भएर बजारमुखी अर्थतन्त्रले ठूलो ठाउँ ओगटिसकेको वर्तमान परिप्रेक्ष्यमा कृषिको क्रियाकलाप पनि बजारमुखी हुन गएको छ। कृषि उत्पादनको भाउ बजारको माग अनुसार बृद्धि हुँदै गएको छ ।

पहिले मुद्राको मूल्य मुद्राको कमीले उच्च थियो । सबै सस्तो लाग्थ्यो । अहिले मुद्राको अवमूल्यन भएको छ र बजार भाउदेखि लिएर जग्गा जमीनको मूल्य अकासिएको छ । देशमा उद्योगतिर धेरैको ध्यान गएको अर्को पक्ष छ भने कृषि काममा धेरै झमेला हुने गर्दा उद्योगका सम्बन्धमा १९९६ सालतिर नै यस्तो परिस्थितिको सम्बन्धमा सोच्ने काम शुरु भएको थियो । तत्कालीन प्रधानमन्त्री जुद्ध शम्शेरले उद्योग परिषद् गठन गरी लैनचौर (हाल नारायणहिटी दरबार र शंकर होटेलबीचको जग्गा) मा उद्योग प्रदर्शनी खोली देशमा सम्भव हुने उद्योग चलाउन प्रयास गरिएको थियो। जुनसुकै उद्योगका लागि कच्चा सामानको आवश्यकता हुन्छ नै । उदाहरणका लागि साबुन बनाउन तेल र अन्य कच्चा पदार्थ भारतबाटै आउन पर्‍यो । घरेलु कार्य गर्न कपास भारतैबाट आउन पर्‍यो । बजारमा कुनै पनि एउटा सामान उठाएर हेरे स्पष्ट हुन्छ, नेपालमा त्यो सामान बनाउन कच्चा पदार्थ यहाँ बन्दैन । नेपालमै भएको कच्चा सामान वा प्रविधि जबसम्म उपलब्ध गर्न प्रयास गरिदैन, नेपालमा आफ्नै किसिमको उद्योग फस्टाउन सक्तैन । सलाई, जूट फ्याक्टरी, चिनी मील, रक्सी, वियर आदिमै पनि देशमा भएको कच्चा पदार्थले मात्र उद्योग गर्न सम्भव भैरहेको छैन भने विदेशी पार्टपुर्जाहरू आयात गरेर उत्पादन गरिने सामानको उद्योग गर्न उद्योगपति व्यापारीहरू सधैं चिन्तित रहनुपर्ने हुनुहुँदैन।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

गलैंचा उद्योग, गार्मेन्ट उद्योग पनि सरकारका औद्योगिक नीतिबाट सुहाउँदो ठाउँमा गर्ने गरेर प्रोत्साहित गर्नुपर्ने जस्तो लाग्छ ।

यसरी मेरो साधारण दृष्टिकोणले हाम्रो सरल कृषिप्रधान उद्योग पनि फस्टाउन र सफल हुने स्थिति भैसकेको छैन । हरक्षेत्रमा परिवर्तन हुन्छ, त्यो प्राकृतिक स्वभाव हो । समयको माग पनि हुन्छ तर ज्ञानले यस प्रवाहलाई राम्ररी दिशावोध गर्न सफल हुनुपर्छ । अन्यथा ज्ञानशक्ति नै ज्ञान भनी चिन्तन गर्नु नै व्यर्थ हुन्छ । परिवर्तन परिवर्तनका लागि मात्र भए देशको आर्थिक स्थिति कहाँ पुगिने हो त्यो त भन्न सकिंदैन । ज्ञानशक्ति कमजोर भएमा सरल जीवन पनि नष्ट भएर चाहेको परिवर्तनको मोडबाट जान गाहारो हुन्छ ।

*परिवर्तन परिवर्तनका लागि मात्र भए देशको आर्थिक स्थिति कहाँ पुगिने हो त्यो त भन्न सकिंदैन ।*

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

मछिन्द्रनाथको रथयात्राको एक दृश्य

# संस्कृतिले अर्थतन्त्रलाई सघाउँछ



देशको संस्कृति र आचरणले पनि वास्तवमा देशको अर्थतन्त्र बाँचिरहन सघाउ पुऱ्याउँछ । सांस्कृतिक आचरणले संस्कृति र कलालाई पनि परिष्कृत हुन सघाउ पुऱ्याउँछ। यही नै नेपालको अर्थतन्त्र बलियो वा भनुँ अटूट संचालन गर्न एउटा सशक्त माध्यम हो। यसै माध्यमबाट साधारण जनता पनि बाँचिरहन सफल छ र वैदेशिक अर्थतन्त्रबाट प्रभावित नभएर आजसम्म नेपालको आस्था बाँचिरहेको छ, राष्ट्रियताको जगेर्ना भैरहेको छ र नेपाल नेपाल भएर अडिरहेको छ ।

यहाँ देशका विभिन्न पर्वको सम्झना राख्नु र अलिकति विवेचना गर्नु अत्युक्ति हुँदैन होला भन्ने लागेको छ। नेपालमा चाडबाड पर्व गठेमुगलबाट शुरु हुन्छ। त्यसपछि हप्ता हप्ता र महीना महीनामा चाडपर्व शुरु भएर बजार गुल्जार गर्दै चैत्र महीना आएपछि चाडपर्वको प्रायः अन्त्य हुन्छ । भक्तपुरको नववर्षारम्भ तथा ललितपुरको मत्स्येन्द्रनाथ रथ जात्रा नववर्षको चाडपर्वको शुभारम्भ मात्र हुन् । यसका पनि त आर्थिक दृष्टिकोणले महत्व त छँदैछ। तर कृषिप्रधान देशमा कृषिको आधारमा प्रवर्द्धन भएको हाम्रो संस्कृतिलाई, व्यापारलाई र अर्थतन्त्रलाई समेत समेटेर शुरु हुने चाडपर्व भने गठेमुगल नै भएको कुरा मान्न योग्य बूढाहरूका मुखबाट पनि सुनेको छु ।

*वैदेशिक अर्थतन्त्रबाट प्रभावित नभएर आजसम्म नेपालको आस्था बाँचिरहेको छ, राष्ट्रियताको जगेर्ना भैरहेको छ र नेपाल नेपाल भएर अडिरहेको छ ।*

चाडपर्वको रमझम र सिलसिला चैत्र महीनामा अन्त हुन्छ । यस वर्षको चैत्र महीना भर्खरै सिद्धिएको छ । यस महीनाभित्र बालाजुमा नुहाउने पूर्णिमा र घोडेजात्रा पनि पर्छ । पूर्णिमामा बालाजुको बाइसधारामा नुहाउन र घोडेजात्राको रमिता हेर्न [illegible]

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

*संस्कृतिको आडमा नेपालको अर्थतन्त्र कसरी संचालन भइरहेको छ भन्ने बुझ्न सजिलो हुन्छ ।*

आउँछन् । फर्कंदा लत्ता कपडा, अन्य वस्तुहरू तथा खानपान आदि गर्दा बजार गुल्जार भएर व्यापार हुने नै भयो । जीवन धान्न शहरमा खुलिरहेका पसलहरू व्यस्त हुने नै भए । पर्व मेलामा बजार खोलेर मेला भर्नेहरूबाट आर्थिक लाभ गर्न पाउने पनि भयो । जनजीवन र सांस्कृतिक आचरण विवेचना गरी हेर्दा संस्कृतिको आडमा नेपालको अर्थतन्त्र कसरी संचालन भइरहेको छ भन्ने बुझ्न सजिलो हुन्छ । यसैगरी व्यापार आचरणमा ध्यान दिइयो भने राष्ट्रिय उत्पादनको कुरा अगाडि आउँछ । नेपालमा भारतको मालसामान प्रशस्त बिक्री हुन्छ । एकाध पैसावालहरूले वृटिश सामानमा आस्था राख्नु अर्कै कुरा भयो । साँच्चै भनुँ भने पहिलो र द्वितीय विश्वयुद्धताका जापानी माल नै भारतपछि नेपालमा सबैको मनपर्ने तथा सस्ता थिए । आजकाल यो कुराको सम्झना गर्नु नै पनि कथा जस्तै भइसकेको छ । सर्वसाधारणदेखि धनीहरूलाई पनि आवश्यक एउटा सियोसम्म पनि बन्ने नगरेको हाम्रो देशमा व्यापारका सामान सस्तो मोलमा जुनसुकै देशबाट आए पनि खपत हुन्थ्यो । व्यापार हुन्थ्यो र व्यापारको केन्द्र काठमाडौं नै थियो ।

पहाड पहाडबाट र वरपरका गाउँबाट घोडेजात्राका समयमा जात्रा हेर्न आउनेले आफूलाई आवश्यक मालसामान किनेर लैजाने गर्थे । यसैबेला पेन्सन थाप्न आउनेहरू पेन्सन लिएर भारतीय मुद्रा कम्पनी सटही गरेर महेन्द्रमल्ली चाँदीको मोहर लैजान्थे । भैरहवा, पोखरा, लमजुङ्ग र गोरखाबाट गुरुङ्गहरूले भारतीय मुद्राबृद्धिमा सरकारका कम्पनीमा नै विशेष ध्यान दिन्थे । यसैले कम्पनी सटही र भारतीय नोट सटहीमा नै विशेष गरी व्यापारीहरूका ध्यान जान्थे । नोट सटहीको व्यापारमा तिनताका मलाई पनि धेरै नै सक्रिय हुन आवश्यक पर्थ्यो । विश्वासले गर्दा भनुँ वा परिस्थितिले गर्दा भनुँ सटहीको काममा साहू महाजन र व्यापारी तथा नोट र कम्पनी क्रय–विक्रय (खरीद बिक्री) का लागि मानिसहरू

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection.

मेरै सम्पर्कमा आउँथे । एकताका त मलाई नोटको भाउ भनिरहने फुर्सतसम्म पनि भएन र स्लेटमा नोटको भाउ लेखेर राख्ने गर्नुपरेको थियो ।

सबै क्षेत्रमा ओरालो र उकालो हुन्छ । जस्तो पहाड चढ्दा उकालो चढ्नुपर्छ, अनि ओरालो लाग्नुपर्छ । समय समयको कुरा हो । हाम्रो देशमा सरकारले नोटको भाउमा ध्यान दियो र नोट सटहीको काम नियन्त्रण गऱ्यो । बैंक बाहेक अन्य स्थानमा नोट सटही गर्न नियन्त्रण गरियो । देशसेवाको लागि सहयोगको रूपमा नोटको नियन्त्रणमा विचार व्यक्त गरियो र यसैबाट आफूले गरिआएको आफ्नो व्यापार कार्य बन्द भयो । तथापि व्यापारीले उद्योग गर्न छोड्नु हुँदैन । व्यापार र व्यापारको प्रक्रिया अपार छन् । खुला व्यापार क्षेत्रमा व्यापारीले ध्यान दिनैपर्छ। यसै दृष्टिकोणले व्यापारको क्षेत्रमा लाग्दै नै छु। व्यापार एक स्वतन्त्र नियमित प्रक्रिया हो । यो शान्तिप्रिय हुन्छ । झै–झगडामा लाग्ने प्रकृति यसमा हुँदैन। वास्तवमा झै–झगडामा व्यापार लाग्न नै चाहँदैन । झै–झगडामा लाग्नुपर्ने स्थिति सिर्जना गरेर बलैले व्यापारलाई असजिलो तनावमा तानियो भने यस्तो स्थिति सिर्जनालाई सहेर क्षमा पनि दिँदैन । यस्तो असजिलो तनाव नै मुख्य मुद्दा वा विषय बन्छ र विरोधी स्थितिको हार अवश्यम्भावी हुन्छ। अनि स्वतन्त्र अर्थतन्त्रले यस्तो व्यापार विपरीत स्थितिलाई सजायँ दिन्छ र पाठ सिकाउँछ जो बिर्सन नसकिने हुन्छ र फेरि यस्तो स्थिति दोहोरिन नदिन सजग गराएमा नियमित स्वतन्त्र व्यापारविरुद्ध विपरीत धारणाको अन्त गराइदिन्छ। मलाई लाग्छ, संसारमा कहीं पनि अर्थतन्त्रको सशक्त अधिकार र क्षमता निरंकुश राजनैतिक व्यवस्थाबाट नियन्त्रण गरी बन्धनमा राख्न सफल छैन र सफल हुँदैन ।

*मलाई लाग्छ, संसारमा कहीं पनि अर्थतन्त्रको सशक्त अधिकार र क्षमता निरंकुश राजनैतिक व्यवस्थाबाट नियन्त्रण गरी बन्धनमा राख्न सफल छैन र सफल हुँदैन ।*

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection



राणाकालीन गद्दी वैठक

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

राणाकालमा गाडी बोकीएर काठमाडौंमा ल्याइँदै गरेको दृश्य

# राजनीति र परिवर्तन जेसुकै होस्



हामी नेपालीहरूसंग पर्याप्त राजनैतिक चेतना छैन। राजनैतिक चेतना पर्याप्त नभएपछि यसका लागि आवश्यक गुणहरूको पनि कमी हुन्छ। निर्वाचन मात्रै यसको कसी होइन। राजनैतिक चैतन्य प्रेरक समाज र संस्कार पहिले हुनु जरुरी छ। प्राप्त परिवर्तन जनमूलक हुन नसके पुनः अग्रिम स्थितिमा पुग्ने वा फर्कने स्थितिकै सम्भावना धेरै हुन्छ। जनराजनैतिक चेतनाको दृष्टिकोणले नेपाल एउटा जनतान्त्रिक देश बन्ने भविष्य त्यसैले उत्साहपूर्ण छ भन्न सकिँदैन। भविष्य अन्धकारै छ भन्नु त नैराश्यपूर्ण कुरा नै हुन्छ। म निराशावादी भने होइन। ज्ञानशक्तिको परिष्कार र प्रयोग राम्ररी भएर जानुपर्छ भन्ने मेरो धारणा छ।

म राजनैतिक व्यक्ति होइन। तैपनि राजनीतिबाट अप्रभावित भएर रहन पनि सकिँदैन। किनकि देशको अर्थतन्त्र, व्यापार र राजनीतिको सम्बन्ध अन्योन्यास्रित छ र स्वतन्त्रताको प्रेम र जनतन्त्र मानिसको प्राकृतिक र स्वाभाविक अधिकार हुन्। मानिस भएर बाँच्न यसको आकांक्षा राख्ने स्वभाव हुनु नै मानिस हुनुको परिचय हो। मानवीय इज्जत, मानवीय भावना जनमूलक राज्य निर्माणको प्रक्रियामै आधारशीला हुनु जरुरी छ, तर विरोधी प्रतिक्रियाको दबावमा यो धारणा दबेको छ र तानाशाही पुनरावृत्ति अनायासै र अज्ञानातावश नै सक्रिय हुनपुग्छ। देशको परिवर्तन नियालेर हेरेमा जनतान्त्रिक राजनैतिक चैतन्यको जग दरो नभएको स्वतः थाहा हुन्छ। दासत्ववाद र चैतन्य दबाव व्यवहार र प्रक्रिया प्रबल भएको देखिन्छ। यो परम्पराबाट तल ओर्लेको स्वभाव परिष्कृत नभएको संकेत हो। यो राजनैतिक स्वभाव र

*म राजनीतिक व्यक्ति नभए पनि यसबाट प्रभावित नभैरहन सकिदैन।*

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

*राम्रो घर बनाएर बस्न खोज्ने मानिसहरूमाथि श्री ३ महाराज चन्द्र शम्शेरको आँखा पर्थ्यो । त्यसैले सडकका घरहरूमा पनि आँखीभ्याल राख्ने चलन थियो ।*

परम्परा नै धेरै समय अगाडिदेखि हाम्रो देश एउटा दैवीशक्ति नियन्त्रण धारणाको प्रबल समाजबाट नियन्त्रित छ, त्यसैले समय समयमा तानाशाही पद्धतिको परिस्थिति नै जनस्वभाव सामिप्य हुने गरेको पाइन्छ । यद्यपि परिस्थिति परिवर्तन प्रक्रिया स्वचालित छ र यसलाई कुनै पनि शक्तिले स्थगित गर्न वा रोक्न सकिने होइन ।

म आफै जीवनलाई नियालेर हेर्छु । मैले जन्मेर हुर्की बालककाल बिताएँ । अहिले म बृद्धावस्थामा आइपुगिसकेको छु । मेरो जीवनको अनुभव र सम्झना, मेरो ज्ञान मेरो जीवनको एउटा सानो भोलापनको तस्वीर वा कथा हो । मेरो बाल्यकाल असजिलो थिएन । शायद बाल्यकाल कसैको पनि असजिलो हुँदैन । बाबु आमाको हप्कीदप्की सिवाय अरू अफठ्यारो बालककालमा हुने हुँदैन । वास्तवमा हप्कीदप्की पनि त माया र स्नेह हुन् र जीवनको एउटा अभिन्न शिक्षाका क्षण हुन् । हुने कुरा रोक्न सक्ने त यो मायाको पनि शक्ति छैन् । 'होगा वही जो राम रचिराखा' भन्ने कुरा सम्झन्छु र मेरो जीवनको क्षेत्रलाई नै म ठूलो पाठ सम्झन्छु ।

यसै क्रममा बुबा र बुबाका साथीहरूका जीवनमा भएका कुराहरू मलाई राम्ररी याद छ । त्यो बेला श्री ३ महाराज चन्द्र शम्शेरको शासनकाल थियो र राम्रो लुगा लगाएर हिंड्न पनि चाडपर्व हुनुपर्थ्यो । राम्रो घर बनाएर बस्न खोज्ने मानिसहरूमाथि श्री ३ महाराज चन्द्र शम्शेरको आँखा पर्थ्यो । त्यसैले सडकका घरहरूमा पनि आँखीभ्याल राख्ने चलन थियो । शिक्षा प्रचार, व्यापार र उद्योग शासन परिवर्तनका, परिस्थिति परिवर्तनका र जनजीवन परिवर्तनका साधन सम्झिन्थे । यी पुराना कुराको सम्झनाले के सम्झाउँछ भने परिवर्तन स्वचालित यन्त्र हो र प्रसारणको कुरा होइन ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

परिवर्तन समाज सुधारका लागि आवश्यक पक्ष हुन् । तसर्थ, परिवर्तन नियन्त्रण गर्न खोज्ने कुनै पनि अवरोधका प्रयासहरू कहिल्यै सबल हुँदैन । परिवर्तनले अवरोध हटाउने बाटो अन्ततः कुनै पनि तरीकाले बनाइहाल्छ ।

विस्तारै भारतीय परिवर्तनको प्रभाव नेपालमा पनि पर्न थाल्यो । तर नेपालको परिस्थितिको स्वरूप भिन्दै छ, जनस्वभाव र सोचाइ भिन्दै छन् । भौगोलिक स्थिति र राजनैतिक तथा सामाजिक अवधारणाहरूमा पनि आफ्नै खालका विशेषता छन् । यसैले नेपालको जनजीवन राजनीति र शक्तिबाट अप्रभावित राखी प्रशासनयन्त्रमा मात्र नियन्त्रण भए पुग्ने कुरा इतिहासमा पनि उल्लेख भएको पाइन्छ । त्यसैले सिधा जनसम्पर्क राख्ने कार्य प्रशासनले गरेन । परम्पराको प्रतिनिधित्व गर्ने राजपरिवार व्यापारमा लागेन । तैपनि परिवर्तनको हावा बहन छोडेन ।

१९९७ सालदेखि २०४७ सालसम्म (५० वर्षको अवधिमा) परिवर्तनको गतिविधिले नेपालको राजनैतिक, सामाजिक, धार्मिक तथा मुख्यतया आर्थिक क्षेत्र ठूलै मोडमा ल्याएर छोडेको छ । अब निकै सशक्त अर्थतन्त्रको ज्ञानशक्तिविना समाज शान्त र विकासमय हुन सजिलो हुँदैन ।

*परिवर्तन नियन्त्रण गर्न खोज्ने कुनै पनि अवरोधका प्रयासहरू कहिल्यै सबल हुँदैन । परिवर्तनले अवरोध हटाउने बाटो अन्ततः कुनै पनि तरीकाले बनाइहाल्छ ।*

सूर्यको उदय झैं यहाँ विभिन्न व्यक्तित्व भएको मानिसको पनि उदय हुन्छ । मानिसको शक्तिको उदय हुन्छ, धनीको उदय हुन्छ, भाग्यको उदय हुन्छ । सुख समृद्धिको पनि उदय हुन्छ । यो भाग्यवादी पक्षको कुरा हो । त्यसैले उदयपछि अस्त पनि निश्चित छ । जङ्गबहादुरबाट राणाकालको उदय भयो र शाहकालमा निष्क्रिय भयो । राणाकालीन दबदबा १०४ वर्ष रह्यो । यस अवधिमा राणाकालले चाहेको थियो,

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

*तैपनि अनायास दरबार स्कूल र त्रिचन्द्र कलेज खुले । विस्तारै शिक्षाको प्रचार प्रसारले मानिसहरूमा ज्ञान संचार भयो ।*

देश विकास र समृद्धिको कार्य धेरै हुन सक्थ्यो । जनतामा ज्ञानको प्रचार माध्यम सशक्त भए शासन हल्लिन्छ भन्ने धारणाले शिक्षाको विकासमा राणाकालले ध्यान दिएन। तैपनि अनायास दरबार स्कूल र त्रिचन्द्र कलेज खुले । विस्तारै शिक्षाको प्रचार प्रसारले मानिसहरूमा ज्ञान संचार भयो ।

१९९६ सालमा नागरिक अधिकारका लागि क्रान्तिको शुरुआत भयो। श्री ३ महाराज जुद्ध शम्शेरको शासनकालमा जनअधिकारका लागि आवाज उठाउने धर्मभक्त, शुक्रराज, दशरथ चन्द र गंगालाल शहीद भए । टंकप्रसादजी जेलमा पर्‍यो । जेलमा गणेशमानजी पनि पर्नुभएको थियो । उहाँ जेलबाट भागेर जान सफल हुनुभयो । फलत: २००२/०३ सालमा फेरि जनताले आवाज उठाए। तत्कालीन प्रधानमन्त्री श्री ३ महाराज पद्म शम्शेर पनि देश छोडेर जान वाध्य भए। अनि क्रान्ति अर्थात् परिवर्तनका लागि आवाज उठाउने चेतनशील बुद्धिजीवी, कवि, लेखक र श्री डिल्लीरमण रेग्मी लगायत राजनीतिज्ञहरू पनि भारत गएर बस्न वाध्य भए। राणाकालको अन्तमा श्री ३ मोहन शम्शेर प्रधानमन्त्री भएपछि २००७ सालमा श्री ५ त्रिभुवनले नै पनि राणा शासनको विरोधमा भारतमा राजनैतिक शरण लिनुपर्ने परिस्थिति आयो। यो त सर्सर्ती देशको भूतकालको, इतिहासको सम्झना हो । राजनीति मेरो क्षेत्र होइन । म एक साधारण र सरल व्यापारी हुँ। व्यापारमा यस अवधिभित्र पर्न आएको प्रभावको सम्झनाले मात्र यसरी राजनैतिक परिप्रेक्ष्यको सम्झना गरेको हुँ ।

यसरी देशको राजनैतिक संक्रमणकालमा पनि व्यापार प्रक्रिया भने खुला थियो । भंसार प्रशासन सरल थियो र समय समयमा समस्या पर्दा व्यापारीहरूका सरसल्लाह र



CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

सहयोगले व्यापार सरल भएर सरल तरीकाले जनमूलक सामान बजारमा उपलब्ध हुने गर्थे । यसो भन्नुको अर्थ यो होइन कि आजकाल व्यापार प्रक्रिया खुला छैन । व्यापार त आजकाल पनि खुला व्यापार नीति र प्रक्रियामै आधारित छ र व्यापार धेरै गुणा बढी परिमाणमा हुने वा भएको छ । खालि व्यापार नियन्त्रण र लगानीको प्रक्रियामा असामञ्जस्यले गर्दा व्यापार र उद्योगको स्थिति र लगानी प्रक्रियामा परिमार्जन हुन सकेन र व्यापार असन्तुलित हुन आएकोले देशको विकास र उद्योगका लागि प्रिय लक्षण मान्न सकिने स्थिति भएन ।

५/६ दशक अगाडिको राजनैतिक स्थितिको संक्षेपमा अध्ययनबाट आधुनिक अर्थतन्त्र यस देशमा गतिशील बन्ने संभावना धेरै नै कमजोर भएको कुरा स्पष्ट हुन्छ । मैले शुरुमा उल्लेख गरेको थिएँ कि देशको अर्थतन्त्र धान्न देशमा नै भएको प्राकृतिक साधन उपयोगमा ल्याउने अनवरत् प्रयास गर्नुपर्छ । साधारणतया वर्दियाको आम्दानी, जंगलको आयस्रोत र बृटिश सरकारबाट गोरखा फौजको बदलामा पाइने रकमबाट मात्र अब जनताको जनजीवन धान्न सम्भव छैन ।

राणाकालमा पनि हुन त उद्योग क्षेत्र विस्तारको सम्भावना नखोजिएको होइन । ९० सालको भूकम्पले ध्वस्त भएको काठमाडौं उपत्यकाको पुनरोद्धार जुद्ध शम्शेरकै पालामा भयो । नयाँ सडक, जुद्ध सडक पनि जुद्ध शम्शेरकै पालामा बन्यो । ठूलो र फराकिलो बाटो र दायाँ बायाँ एकनासले मिलेका घरहरू निर्माण भए । जुद्ध शम्शेरको शालिकबाट पूर्व पश्चिम उत्तर दक्षिणमा निर्माण भएका सडक र घरहरूबाट काठमाडौं शहरको नयाँ स्वरूप जनताले देखे ।

*जुद्ध शम्शेरको शालिकबाट पूर्व पश्चिम उत्तर दक्षिणमा निर्माण भएका सडक र घरहरूबाट काठमाडौं शहरको नयाँ स्वरूप जनताले देखे ।*

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

*श्री ५ त्रिभुवन भारतीय राजदूतावासमा शरण लिन पुगेको खबरले पनि जनता विचलित भएनन् ।*

तिनताका कलकत्ता जाने गरेका साहू महाजन र भलाद्मीहरूले हाम्रो देशमा पनि अब कलकत्ताको एक रूप देखियो भन्ने गरेको सुनिन्थ्यो । जेहोस्, जुद्ध सडक निर्माण भविष्यको विकासको एउटा शुरुवातको संकेत अवश्य भयो । व्यापार क्षेत्रको विकास हुने सम्भावना पनि यसले गर्दा बढ्न गयो । मारवाडी व्यापारीहरू यसै सडकतिर बढी आकर्षित भएर सुधारिएको तरीकाबाट पसलहरू खुले ।

जुद्ध शम्शेरकै समयमा अर्को एउटा पनि उल्लेखनीय ठूलो उद्योग व्यापार प्रोत्साहनको काम भयो । लैनचौरमा देशमा भएका सीप भएका व्यक्तिहरूको औद्योगिक प्रदर्शनी खुलेको थियो । एउटा सियोदेखि लिएर कलपूर्जा भारत वा समुद्रपारिबाट झिकाउनुपर्ने देशमा पनि उद्योग गर्न सिपालु औद्योगिक व्यक्तिहरूले औद्योगिक प्रदर्शनीमा भाग लिए । आफ्ना आफ्ना सीप र कला प्रदर्शनी गरे । कच्चापदार्थ समेत विदेशबाट ल्याउनुपर्ने देशमा उद्योग गर्नु भनेको सजिलो कुरा थिएन । तापनि यस प्रदर्शनीले देशमा उद्योग हुनसक्ने र औद्योगिक क्षमता भएको ज्ञान उपलब्ध भएर देशको क्षमता र आवश्यकता अनुसार स्थानीय उद्योगमा प्रोत्साहन दिन सकिने पक्षहरू स्पष्ट देखिएका थिए । फलस्वरूप जुद्ध मैच फ्याक्टरी, जूट मील, चिनी मील र साबुन फ्याक्ट्रीहरू पनि खोल्दै गए । तर जुद्ध शम्शेर राजर्षि भएर प्रवास पऱ्यो । पद्म शम्शेर पनि प्रवासिएर मोहन शम्शेर सत्तासीन भएपछि देशमा क्रान्ति भएर देशको राजनैतिक स्वरूपले नै काँचुली फेऱ्यो ।

श्री ५ त्रिभुवन भारतीय राजदूतावासमा शरण लिन पुगेको खबरले पनि जनता विचलित भएनन् । यहाँका जनता उपत्यकाबाहिर सशस्त्र क्रान्ति भएको खबर सुन्थे ।



CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

काठमाडौंमा अहिंसात्मक सत्याग्रह भैरहेको थियो । यस्तो समयमा पनि अझ एउटा सम्झना गर्न मन लाग्ने कुरा के भने परम्परागत तिहार पर्व जनताले साधारण र सरल स्वभावले मनाई नै रहेका थिए र जुवा फुकेको थियो । जुवाको खालमा मानिसहरू जुवा खेल्दै थिए । रातमा हवाइ जहाजबाट पर्चा छरियो । "खी कोबिया लायक" चिन्ता भन्ने भावना व्यक्त गरिएर अर्थात् राजनीतिसित जनताको मतलब नभएको धारणाले राजनीतिक उथलपुथल हुन लागेको घटनामा पनि जनताले चासो नराखेको देखी देशमा राजनीति र सांस्कृतिक परम्परा र संस्कार अलग्गै जस्तो लाग्नु मनमा खट्कने वास्तविकता हो । जीवन धान्न, परम्परा जोगाउन आयस्रोतको आवश्यकता हुन्छ । दीपावली तिहार एउटा आयस्रोतको शृङ्खला हो । जुवामा खाल राखेर पनि कमाउनु पर्छ । फलफूल, रोटी बेचेर पनि कमाउनै पर्छ, कपडा पसलमा कपडा पनि बेच्नै पर्छ । दिदी बहिनीहरूले भाइटीकाबाट लाउने लुगा कपडा प्राप्त गर्नै पर्छ । जीवन धान्न बनिरहेको सुव्यवस्थित परम्परालाई अनि राजनैतिक हलचलमा ध्यान दिन फुर्सत र चासो कहाँबाट हुन्छ र ! राजनीति र परिवर्तन जेसुकै होस् आखिर हुने कुरा भैहाल्छ ।

*राजनीतिक उथलपुथल भैरहँदा पनि जनता सांस्कृतिक परम्परामै मग्न हुनु मनमा खट्ने वास्तविकता थियो ।*

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

कुमारी रथयात्राको दृश्य



सवभकु (भैरव नाच)



CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

# चिन्तारहित हुन असम्भव



चैतन्य खुद आफै उज्यालो र प्रकाशमान् हुन्छ कि हुँदैन, थाहा छैन। तर चैतन्यले सजिलो र असजिलो स्थिति भने थाहा पाउन सक्छ । उज्यालोबाट अँध्यारोमा झाँकेर हेरे अँध्यारोमा केही देखिंदैन तर अँध्यारोबाट उज्यालोतिर हेरे स्थिति र परिस्थिति स्पष्ट हुन्छ र जीवनमा एउटा बाटो उपलब्ध हुन्छ । अनि अँध्यारो स्थितिको परिधिलाई र गहिराइलाई उज्यालोले नाप्न जीवन चैतन्यलाई आनन्द र शान्ति अनुभव हुन्छ। तर आजको युग चिन्तारहित हुन सक्तैन किनकि आजको युग समस्यामूलक युग हो । सम्भवतः समस्याको समाधानको बाटो प्राप्त होला, तर सम्पूर्ण समस्या उन्मूलन हुने उपाय ज्ञानशक्ति सन्तुलन तथा समाज परिष्कृतिको माध्यम भए पनि स्वतः समस्या समाधान होइन । यो त एउटा साधन मात्र हो, साध्य होइन । तसर्थ, वर्तमान राजनैतिक, आर्थिक तथा सामाजिक अन्योलको स्थितिमा चिन्ता स्वतः अनुभूत हुन्छ, कोही पनि चिन्तारहित हुन सक्तैन । न राजनैतिक नेता, न उद्योगी, न व्यापारी, न बुद्धिजीवी न सरल जनजीवन चिन्तारहित जीवन व्यतीत गर्नसक्छ ।

*वर्तमान राजनैतिक, आर्थिक तथा सामाजिक अन्योलको स्थितिमा चिन्ता स्वतः अनुभूत हुन्छ, कोही पनि चिन्तारहित हुन सक्तैन ।*

आपसी सहयोग र सहभागितासहित ज्ञानशक्तिले समस्या पहिचान गरी समाधानको बाटो पहिल्याई सशक्त कदमबाट समस्यासंग जुध्न सम्भव हुन्छ । अन्यथा एउटा कुनै पनि आंशिक प्रयासले सम्पूर्णताको लक्ष्य अनुभव गरेर कार्य अगाडि बढाउन सम्भव देखिदैन। चेतनशील मानव जीवनमा चैतन्य तथा ज्ञानशक्ति एक असाधारण शक्ति हो। यसै चैतन्यशक्तिले समस्याका सम्पूर्ण पक्षलाई विवेचना गरेर र समेटेर मानिसलाई

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

*तर मनले सोचेको जस्तो कहाँ हुँदो रहेछ र ! विभिन्न तरीकाले आजकै जस्तो स्थिति र असजिला क्षणहरू आए ।*

प्रगतिका लागि अग्रसर तुल्याउन सके मानव जीवनमा दैवीशक्ति अनुभूत हुन सम्भव हुन्छ। अनि चैतन्यले अनुभव गर्नसक्छ। स्थिति जनमूलक छ, समाज अनुकूल छ। आनन्द त व्यक्तिगत अनुभवको क्षेत्र हो । तथापि सामूहिक आनन्द जुटेर गर्ने कार्यबाट अनुभव हुने विषयलाई भने नकार्न सकिँदैन । आनन्दको अनुभव र चैतन्यको दायरा फराकिलो वा संकीर्ण जस्तोसुकै भएपनि भिन्न भिन्न व्यक्तिको भिन्न भिन्न अनुभवबाट बन्छ। यसैले मानिसको जीवनमा आनन्द प्राप्ति केवल जीवनमा गरिएका कार्यहरूसंग मात्र सम्बन्धित नैसर्गिक संसर्ग मात्र पनि मान्न सकिन्छ । आत्मीय आनन्दानुभूति क्रय विक्रय गर्न सकिने सामान, व्यापार वा प्रसारण योग्य वस्तु हावापानी, अग्नि, पानी वा वर्षा जस्तो हुँदैन ।

त्यसैले आनन्द प्राप्तिको विचार एक निष्क्रिय जीवनशक्ति तत्व हो । यो पदार्थमुखी तत्व होइन । सुखको धारणासित पनि यसको तुलना सम्भव छैन । मैले सोचेको थिएँ वा मलाई लागेको थियो – जीवनमा अब चिन्ता हुँदैन । सरल सक्रियतामा मेरो दैनिक व्यापारशील जीवन बित्छ । मैले ठानेको थिएँ – व्यापारे बसते लक्ष्मी । व्यापार अपार छ। मन लगाएर व्यापार गरिरहेको मलाई मेरो जीवनमा शायद ठूलो चिन्ता हुँदैन । प्रजातन्त्र पनि देशमा बहाल भैसकेको छ। तर मनले सोचेको जस्तो कहाँ हुँदो रहेछ र ! विभिन्न तरीकाले आजकै जस्तो स्थिति र असजिला क्षणहरू आए। मैले नचाहेर पनि हुने भएन। जीवनमा चिन्ता स्वतः आउने नै हुँदो रहेछ।

यो समयको सिर्जना हो वा अनुभवहीन, ज्ञानशक्तिहीन विचारहरूबाट सिर्जना हुन आएको यो परिस्थिति हो ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

कसरी व्यक्त गर्ने हो यो भावना अर्थात् आफ्नो सरल भावना। हाम्रो देशमा सहभागिताले सिर्जना गरेको समाजमा संयुक्त परिवारको कल्पना र सपना अब टुटेर जाने कुरा अवश्यम्भावी भएको छ । नियम कानूनै पनि संयुक्त परिवारको दर्शन विपरीत बन्दै आइरहेको छ। बाजे, बाबु र छोरा – तीन पुस्ता वा नाति पनातिसंगै बस्ने हाम्रो पुरानो समाज व्यवस्थाको परिकल्पना अब एक सपना जस्तै हुने ठोकेर भन्न सकिने भएको छ।

आयकर, सम्पत्ति कर, घर जग्गाको कर आदिले गर्दा अब प्रत्येक देशवासीले भिन्न नभएर पनि भिन्न भएको देखाउन र प्रबन्ध गर्न अनिवार्य जस्तै भएको छ। कर लिनु हुँदैन भन्ने मेरो धारणा होइन । देश विकासका लागि कर लगाउनुपर्छ, लिनुपर्छ। राज्यलाई दिने कर, ब्राम्हणलाई दिने दान, दक्षिणा आदि, पर्व पर्वमा स्वेच्छा र श्रद्धाले दिइरहने गरेको दान र जगात्हरू पनि करै न हुन्। राज्यले उठाउने ऋण समाजमा असर नपर्ने कर हुन्। वर्तमान कर प्रणाली त धार्मिक परम्परागत समाजमा एउटा ठूलै मोड आउने वर्तमान राजनीतिबाट उत्पादित यो भयावह समाज विखण्डन हुने स्थिति हो। अन्ततोगत्वा संस्कृति र समाजको भयानक परिवर्तनको यो एक सशक्त संकेत हो।

*हाम्रो देशमा नियम कानूनै पनि संयुक्त परिवारको दर्शन विपरीत बन्दै आइरहेको छ।*

यसैले मलाई लाग्छ, आजको युग वा अब पछि आउने युग चिन्तारहित हुन सक्तैन । प्रगतिका लागि र समाज विकासका लागि कार्य गर्न चाहनु साँच्चै नै राम्रो कुरा हो। तर यसका लागि मानव जीवन अनुकूल लक्ष्य र कार्यशैलीको खाँचो हुन्छ। एउटा स्पष्ट दिशावोध हुनुपर्छ। अनुभवहीन शक्ति मोह र समाजको चिरस्थायी वा सरल भावना विपरीत कदम कहिल्यै समाज हितकर हुँदैन। मानव समाजको स्रोत

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

> २०१२/१३ सालसम्म 'महिन्द्र मल्ली' सटही गर्न आउने मानिसहरूको भीड इन्द्रचोकमा भैरवनाथ अगाडि इन्द्रजात्रामा जस्तै वा मेलामा जस्तै खचाखच भरिएका हुन्थे ।

र साधन परिचालन समाजले स्वीकृति दिने र समाज स्वभाव अनुकूल हुन जरुरी छ। अहिले देशको आर्थिक स्थिति डाँवाडोल छ । देशको मुद्राको क्रयशक्ति विल्कुलै नगण्य छ । त्यसैले बजारमा हरेक सामान महंगो छ। सोभ्कै भन्ने हो भने पैसा अति सस्तो छ । तर यो सस्तो पैसा पनि प्राप्त गर्ने आधार अति कमजोर छ । परिश्रमले प्राप्त गर्ने पारिश्रमिक जीवन धान्न अपर्याप्त छ। यसबाट स्पष्ट हुन्छ, व्यापार अपार भनेर आस्था राखिने लक्ष्मीको पूजा सरल र इमान्दारी स्वच्छ भावनाले नभै अर्कै अवाञ्छित रूपले हुन थाल्छ । मलाई राम्ररी याद छ, २०१२/१३ सालसम्म 'महिन्द्र मल्ली' सटही गर्न आउने मानिसहरूको भीड इन्द्रचोकमा भैरवनाथ अगाडि इन्द्रजात्रामा जस्तै वा मेलामा जस्तै खचाखच भरिएका हुन्थे। सयकडा रु. १० देखि रु. १५ सम्म बट्टा दिएर मुल्की खाना र अन्य साहू महाजन संकलनकर्ताहरूबाट प्राप्त गरी सबै व्यापारमा सघाउँथे । प्रतिदिन १ लाख चाँदीको मोहर रुपैयाँ गन्न दिनभरि नै लाग्थ्यो। आजकाल १०/२० लाख त केही होइन, १०/२० करोड नोट गन्न पनि समय लाग्दैन। यो त समयको कुरा हो । अब महिन्द्र मल्लीको खोज लुप्तै भैसक्यो। चाँदीको रुपैयाँ मोहर अब बजारमा छैन। समयले देशलाई र समाजलाई राम्रो भविष्यतिर डोहोऱ्याउनु पर्नेमा असल र राम्रो हराएर जाने, खराब मूल्यहीन वस्तुले मात्र बजार भरिने यो आधुनिक स्थिति इतिहास र अनुसन्धानको विषय हो । एक चिन्ता नभए राहतको विषय त जरुर होइन ।

यसैले भविष्य सधैं चिन्ताको नै विषय भएको छ। असल नचाहने र राम्रो नचाहने कोही छैन । व्यापारका लागि, राष्ट्रिय उद्योगका लागि र समाज उन्नतिका लागि राम्रो र अनुकूल वातावरण अत्यावश्यक नै हुन्छ । देश



CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

अनुकूल, समाज अनुकूल व्यापार नीति र स्थिति बनेन भने चिन्ता सिवाय भविष्यमा हात लाग्ने केही हुँदैन । समाजको भलाई र स्वदेशी उद्योगको भलाई हुने रुचिकर परिस्थिति सिर्जना हुने लक्षण नै अहिले नदेखिनु द्रेशको ज्ञानशक्ति र दूरदर्शिताको अभाव सिवाय अरू मैले ठानेको छैन ।

२००७ साल अगाडि राणाशासनकालमा पनि व्यापारमा यस्तै चिन्ताको स्थिति समय समयमा आउने गर्थ्यो । अन्तर्राष्ट्रिय व्यापार स्थितिको दबाव र प्राकृतिक कारणहरू समय समयमा देखा पर्दथे । समाज त्रस्त हुन्थ्यो । व्यापारमा उतार चढाव आउँथ्यो । तर अनुभवीहरूका राय सल्लाह र सुझावको आदान प्रदानले संकट टर्ने गर्थ्यो । यस्तो आर्थिक संकट र आपत् विपत् टार्न सहयोग पुऱ्याउने कर्मचारीहरूले ठूलै पारितोषिक पाउने पनि गर्थे । देश र समाजको कल्याणको भावनाले काम गर्ने साहू महाजन व्यापारीहरूले मान, इज्जत र पुरस्कार पाउँथे । सरदार पशुपतिभक्त र सरदार गुञ्जमान यस्तै समयमा राणा सरकारको सेवा गरी चाँदीको सिल चाहे जति वा सके जति टक्सारबाट मुद्रण गरी महिन्द्र मल्ली प्राप्त गर्ने हुकुम प्रमाङ्गी पाउने व्यक्तिहरू हुन् । यो सानो पुरस्कार थिएन । यो त एकदिन राज्य गर्ने सरहको अधिकार जस्तै भयो । यसरी पुरानो कुरा सम्झेर आजको युगमा कुनै लाभ हुने होइन । युग अनुकूल क्रियाशील मानवोपयोगी वा जनमूलक विचार प्रगतिजन्य हुन्छ ।

*सरदार पशुपतिभक्त र सरदार गुञ्जमान चाँदीको सिल चाहे जति वा सके जति टक्सारबाट मुद्रण गरी महिन्द्र मल्ली प्राप्त गर्ने हुकुम प्रमाङ्गी पाउने व्यक्तिहरू हुन् ।*

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

महाँकालस्थान

गुह्येश्वरी मन्दिर



CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

# प्रगति अनुकूल चेतनाको खाँचो



समयको ज्ञानले देशको संस्कृतिलाई जगेर्ना गर्नु आवश्यक छ। तर हाल संस्कृतिको जगेर्ना आर्थिक स्थिति डाँवाडोल भइरहेको देशको वर्तमान परिस्थितिमा यस अर्थतन्त्रले कताको बाटो रोज्दैछ भनेर अर्थविद्हरूलाई पनि अन्योल पार्ने यो अवस्थामा पनि देशको संस्कृतिले, धार्मिक भावनाले, ज्ञानले, चैतन्यले अध्यात्ममा आस्था राख्ने धारणा व्यवहारमा उतारेको छ। तीज यस्तै एउटा महत्वपूर्ण सांस्कृतिक उत्सव हो जसले समाजको विभिन्न पक्षलाई समेटेर जीवन धान्न खोजेको छ। आर्थिक पक्षमा व्यापारलाई पनि यस चाडले ठूलै र महत्वपूर्ण स्थान दिएको छ।

आइमाईले ब्रत बसेर समाजलाई मार्गदर्शन गर्ने सफल यो तीज पर्वले जनस्रोतको महत्वलाई स्पष्ट गर्छ। जीवनको दुई पांग्राको रथ राम्ररी गुड्न सके समाजको हरेक अंग सबल बन्छ। सशक्त परिवार, सुखी परिवार समाजको समृद्धि हो। पति–पत्नीको प्रेम र चिरायुको कामना समाजकै हितमा छ। धर्म सशक्त धारणा हो। नारीले नारीको स्थानको आस्था र मर्यादासित परिचित भएर समाज र प्रकृतिको समन्वयमा अग्रिम भूमिका जीवित राख्नु यस नारी सक्रियतारूपी चाडको देन हो। सप्रेम दाम्पत्य जीवनको आकांक्षा आधुनिक समाजलाई दिग्दर्शन गर्ने नै यसको आध्यात्मिक पक्ष र सामाजिक महत्व हुन्।

*नारीले नारीको स्थानको आस्था र मर्यादासित परिचित भएर समाज र प्रकृतिको समन्वयमा अग्रिम भूमिका जीवित राख्नु नारी सक्रियतारूपी चाड तीजको देन हो।*

नेवार जाति र अन्य नेपालका धेरै जातिका महिलाहरूबाट यो तीज व्रत र चाड अनुसरण गरिँदैन।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

> *नेवार जातिमा बालककालमा नै बाल–नारीको अध्यात्म विवाह हुने परम्परा र चलन छ । वेधव्य जीवन यापन गर्नुपर्ने वाध्यता नेवार जातिमा छैन ।*

नेवार जातिमा बालककालमा नै बाल–नारीको अध्यात्म विवाह हुने परम्परा र चलन छ । वेधव्य जीवन यापन गर्नुपर्ने वाध्यता नेवार जातिमा छैन । दर्शन र धर्मको विवेचना र अनुसन्धान गर्नु विद्वान्हरूको क्षेत्र हो । मैले साधारणतया आर्थिक पक्षलाई लिएर यस चाडले व्यापार प्रवर्द्धन गर्न सघाउ पुऱ्याई आएको देखी उल्लेख गरेको हुँ ।

तीजको १/२ दिन अगाडिदेखि बजार झिलमिल भएर सजिन थाल्छ । रोटी पसलहरू गोकर्ण औंसी र मातातीर्थ औंसीमा झैं सजिन थाल्छन् । लहरै कृष्णाष्टमी, गोकर्ण औंसी, तीज र इन्द्रजात्रामा बजारको चहलपहल देशका अर्थतन्त्र र व्यापार धान्ने सांस्कृतिक परिवेश र व्यवस्था हुन् जसबाट राष्ट्रियताको जगेर्ना हुन बल पुगेको छ ।

नेपालको व्यापार अहिले पनि लत्ता कपडा, नून तेल र जीवनोपयोगी जिन्सी सामानमा नै अधिकतम आस्रित छ । गोकर्ण औंसी, तीज र इन्द्रजात्रामा धेरै व्यापार हुने वस्तुहरू यिनीहरू नै हुन् । यसैले बजारमा कपडाको व्यापारले ठूलो ठाउँ ओगटेको छ । चुरा, पोते र श्रृङ्गारका सामानहरू प्रशस्त बिक्री हुन्छन् । सुन चाँदीको भाउ पनि अलि घटेकै हुने बेला हुँदा जाडो महीनामा हुने विवाहका लागि सुन चाँदीको पनि व्यापार यसैबेला धेरै हुने गर्छन् । उद्योगको नाममा सियोसम्म पनि बन्ने उद्योग नभएको हाम्रो देशमा विदेशी उद्योगबाट उत्पादित सामानहरू नै खपत भैरहने खालका स्वाभाविक व्यापारिक प्रक्रिया देशको जनजीवनमा देखिनु देशको अर्थतन्त्र, उद्योग र व्यापारमा प्रगति चाहने अर्थविद्हरूका लागि धेरै अध्ययन गर्नुपर्ने विषय नै हो जस्तो मलाई लाग्छ ।

आजकाल देशमा जनता तीव्र आर्थिक विकास चाहन्छन् । एउटा घर, एउटा गाडी, संसारको विकसित

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection.

साधन टेलिफोन सबै परिवारका लागि आकांक्षा बनिसकेका छन् । दोस्रो विश्वयुद्धताकासम्म रेडियो पनि नभएको देशमा आज खल्तीमा राखेर हिंड्ने टेलिफोनको चाहना भैसकेको छ । सुविधायुक्त जीवन जिउने चाहना समाज परिवर्तनका परिचायक हुन् । समाजमा धेरै परिवर्तन भैसक्यो तर यो परिवर्तन आन्तरिक क्षमताबाट आएन । यसमा विदेशी प्रभाव रह्यो । ज्ञानशक्ति नै ज्ञानक्षेत्रबाट प्रभावित भयो । यसैले देशको समाज संरक्षण, चाहना र आकांक्षा पूर्तिका लागि समन्वयात्मक एवं समयानुकूल उद्योग फस्टाउन अत्यन्त जरुरी भएको देख्दछु । परिवर्तनशील संसारमा परिवर्तन त भई नै रहन्छ । तर परिवर्तन समाजोपयोगी हुन नसकेमा समाज, संस्कृति र उद्योगले कुन रूप लिने हो भन्न सकिने भएन । रूसमा परिवर्तन भयो, युगोस्लाभियामा परिवर्तन भयो, संसारमा धेरै देशहरूमा तीव्रगतिले परिवर्तनहरू देखा पर्दैछन् । राजनैतिक परिवर्तन, आर्थिक परिवर्तन, समाजमुखी परिवर्तनतिर सुखी समाजको परिकल्पनातिर उन्मुख हुन खोजेको भए संसारमा राम्रो हुन्छ । तर समाज समेट्ने सूत्र बलियो नभएमा यो धारणा जीवित रहन सम्भव हुँदैन । बूढाहरू पुराना कुराहरू सम्झन्छन् । वर्तमान परिस्थितिमा उनीहरूका विचार मिल्दैन, क्रियाकलापमा समन्वय हुँदैन । समयसंग जान नसकेको परोक्ष लाञ्छनाबाट प्रभावित हुन्छन् र अलग्गिन्छन् । सुनियोजित समाजका लागि होइन र समाज परिवर्तनको परिकल्पना गर्नु ?

*समाजमा धेरै परिवर्तन भैसक्यो तर यो परिवर्तन आन्तरिक क्षमताबाट आएन । यसमा विदेशी प्रभाव रह्यो ।*

देश, समाज, व्यवस्था, धर्म, संस्कृति, व्यापार र उद्योग नियालेर हेर्नु, परिवर्तनको परिकल्पना गर्नुभन्दा पहिले आवश्यक काम हो । समाज युद्ध चाहँदैन, विनाश चाहँदैन, बरू उन्नति र समृद्धि चाहन्छ । बितेका युगहरूमा पनि मानिसले चाहेका चाहना यिनै हुन । तर मानिसले ताकेको

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

*देशमा समाज धान्न आवश्यक आर्थिक स्थितिको निर्णयात्मक दिशावोध छैन ।*

चाहना र युग परिवर्तनले सदैव भ्रमकै रूप लिन्छन् । मानवोपयोगी अनुकूल युग हुन समाज क्रियाशील हुनुपर्छ । समाजले समाज अनुकूल कार्यमा बलियो धारणा राख्नुपर्छ । कार्यप्रति सद्भावना र इमान्दारीको भाव महत्वपूर्ण हुन्छ । गर्नुपर्ने, गर्नुपर्छ या गरे हुन्छ आदि अनुमान मात्र गरेर कार्य अगाडि बढ्दैन । यसले समाजको आर्थिक स्थिति बचावको कुनै पनि बलियो धारणा बन्न दिँदैन । बरू मानिसको विचार अनुत्पादक हुन जान्छ । यही नै वास्तवमा अहिले हाम्रो समाज र देशको अवस्था हो । त्यसैले देशमा समाज धान्न आवश्यक आर्थिक स्थितिको निर्णयात्मक दिशावोध छैन ।

विलासिताको सामान उत्पादनको आभाससम्म पनि अहिले समाजमा छैन । विदेशी उत्पादन समाजमा प्रयोग हुन्छ । सेवामूलक सामानको उद्योगसम्म पनि प्रश्नसूचक अवस्थामा छन् । देशमा परिवर्तन आयो, तर आएको परिवर्तनलाई समाजले हृदयङ्गम गर्न गाहारो भयो । वास्तवमा नेपाली मुद्राको मूल्यमा ऱ्हास आउनु यसको मुख्य कारण भयो । अब परिवर्तन रुचिकर तुल्याउने मुख्य तत्व जनशक्ति, कलपूर्जा शक्ति, स्वचालित यन्त्रशक्ति भए कुनै अन्य शक्ति, समाजले ठम्याउन सक्नुपर्‍यो वा परिवर्तन परिचालन गर्ने संघसंस्थाले यकीन गरेर समाजलाई दिग्दर्शन गर्नुपर्‍यो । परिवर्तनको नेतृत्व र समाजमा रात र दिन सरह स्पष्ट फरक छ । अब हरेक क्षेत्रमा विचार क्रान्तिको समान महत्व हुन्छ । चर्केको घर या भत्केको घर निर्माण गर्न जगैदेखि उचाइ र अन्य रूपरेखा पहिले नै सोचेर ठेगान लाउनुपर्ने हुन्छ ।



CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

# सन्तुलित वर्तमानले भविष्य औंल्याउँछ



वर्तमानमा के छ र राम्रो मानेर सम्भनुपर्ने कुरा ? वर्तमानले त आशा गर्ने हो – भविष्य राम्रो होस् भनेर राम्रो काम गर्ने हो । वर्तमानमा गरिने कुनै पनि समाजमूलक कार्यमा सन्तुलनको आवश्यकता पर्छ । सामाजिक, आर्थिक र राजनैतिक असन्तुलन हुने कामले संसारमा कहीं पनि भविष्य राम्रो हुने विचार देखिएको छैन । बितेका कुराहरू र राम्रा कामहरू राम्रो इतिहास मात्र होइन, संस्कार बन्ने हुन्छन् ।

पत्रपत्रिका पढे पनि, खबर सुने पनि, टेलिभिजन हेरे पनि बितिसकेकै र वर्तमान नै अनुमान गर्न र भविष्यको आभास पाउन सहयोग हुन्छ । संसारमा कहीं लडाईं, कहीं भुखमरी, कहीं क्रान्ति, संघर्ष र परिवर्तन, कहीं आतंक र हत्या भइरहेका कुराहरूकै प्राधान्यता पाएर पत्रिका छापिन्छन्, खबर प्रचार प्रसार गरिन्छन्, टेलिभिजनबाट प्रत्यक्ष घटना देखाइन्छन् । आङ्ग जिरिङ्ग र सिरिङ्ग हुने यी वर्तमानका घटनाहरू नै भविष्यका संकेत जस्तो सबैलाई लाग्नु स्वाभाविक भएका छन् । अब हाम्रो देशमा पनि हरक्षेत्रमा असन्तुलित कार्यहरू देखिरहेका छन् । म पनि यही देख्छु । भविष्य राम्रो हुने, भविष्य सुखप्रद हुने र भविष्यमा संसारमा शान्ति हुने अपेक्षा राख्ने खालको केही पनि सुन्न र हेर्न पाइने अब छाँटकाँट नै छैन । यस्तो नभएको जस्तो लाग्न थाल्नु अस्वाभाविक भएन । अनि खालि बितिसकेकै कुरा त सम्भना हुन्छ युवक युवती बूढाबूढी सबैलाई । म पनि त ७० वर्ष पुगेको बूढो नै भन्नु पऱ्यो । खालि फरक म ५०/६० वर्ष

*भविष्य राम्रो हुने, भविष्य सुखप्रद हुने र भविष्यमा संसारमा शान्ति हुने अपेक्षा राख्ने खालको केही पनि सुन्न र हेर्न पाइने अब छाँटकाँट नै छैन ।*

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

*वर्षभरिमा अधिक व्यापार हुने समय दशैं थियो पहिले पहिले । अहिले सधैं दशैंको बजार जस्तै छ ।*

पहिलेका कुराहरू सम्झन्छु, याद गर्छु र वर्तमानसंग तुलना गर्छु । युवक युवतीहरूले देश विदेशमा पढेका कुराहरू र भविष्यमा हुनुपर्ने आशाका कुराहरू गर्छन्। सबैले वास्तवमा जीवनमा घटेका घटना र आफैले भोगेका कुराहरू नै याद गर्छन् र सम्झन्छन् ।

देशको परिस्थिति हेर्दाहेर्दै यस वर्ष पनि इन्द्रजात्रा आयो । इन्द्रजात्रापछि दशैं आयो र गयो । गत वर्षहरूमा झैं यहीं आकाश भैरवमुनि मेरो आफ्नै पसलमा बसेर इन्द्रजात्रा दशैं हेरिरहें । मानिसहरूमा पहिले झैं उत्साह उमंग थियो । गाईजात्राले मृत्युलोकको संस्कार जीवित गर्छ भने इन्द्रजात्रा र दशैंले देशको सामाजिक, सांस्कृतिक, आर्थिक र राजनैतिक सन्तुलनमा संस्कार नै प्रबल पार्न प्रयास गरेको छ। जतिसुकै मालसामान महंगो भए पनि व्यापार घटेको छैन । बढेकै देखिएको छ। असन, इन्द्रचोक र नयाँ सडकको सुपर मार्केट वरिपरि सामान फिंजाई बिक्री गरिरहेका घटना वा दृश्यहरूले के सम्झना दिन्छ भने आजकाल सधैं जात्रा र व्यवहार जस्तै बजारमा घुइँचो देखिन्छ। बजारले सधैं दशैं तिहारकै सम्झना दिन्छ। अर्थात्, जीवन धान्ने व्यापार आज वर्तमानमा सक्रिय छ। बजारमा चहलपहल छ। वर्षभरिमा अधिक व्यापार हुने समय दशैं थियो पहिले पहिले । अहिले सधैं दशैंको बजार जस्तै छ । ५/१० पैसाले मासु किन्न पाउने बेला भने अहिले छैन । लुगा र मासुको चाड दशैं त अहिले दैनिक आवश्यकता भैसकेका छन् । दशैं आउनुपर्ने होइन । तैपनि दशैंको व्यवहार दशैंमा परम्पराले राम्ररी नै प्रदर्शन गरेकै देख्तछु । वर्तमानमा धेरै धेरै आवश्यकताहरूले खेलिरहेका भूमिका पनि परम्पराबाट टाढिन खोजेको जस्तो भने लाग्दैन । म त केवल सन्तुलनकै आवश्यकता देख्दैछु । यसर्थ म आशावादी छु । मानव समूहलाई आबद्ध गर्ने एक सूत्र

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

संस्कार हो । हाम्रो जनसमूहको संस्कार हाम्रो धर्म, समाज र संस्कृतिबाट विमुख हुन खोजेको जस्तो लाग्दैन । व्यवहार भने उद्दण्ड भएको देखिन्छ । अभाव, महंगी र राजनैतिक तथा अर्थतन्त्र धान्ने प्रक्रियाको असन्तुलन यसको मुख्य कारण जस्तो मलाई लाग्छ ।

परम्परागत राजसंस्थाहरूले जनताको नाममा नै शासन गर्ने गर्थे । तर जनताको हित चिताएर, जनताको भलो हुने काम गरेर जनताको समर्थनबाट राज्य संचालन भएको भए जनताले परिवर्तन चाहने थिएन । समाज परिवर्तनको आँधीमा पर्ने थिएन । वास्तवमा इच्छा गरिएको जनमूलक परिवर्तन राम्रो हुन्छ । विकासले जनता सुखी र समृद्धशाली बन्छ । अन्यथा परिवर्तनले इच्छा नगरेको र आशा नगरेको स्थितिमा जनतालाई नपुऱ्याउला भन्न सकिदैन । अनि पूरै घर भत्काएर नयाँ घरको रूपरेखा तयार गरेर नयाँ घर बनाउन गाहारो हुन्छ भने जस्तै देशको व्यवस्था नै पूर्ण रूपले बदल्न सजिलो कुरा हुँदैन । असाधारण रूपले समाज परिवर्तन चाहने स्थिति शक्तिका आडमा राज्य चलाउने होडबाजीले सिर्जना गर्छ । यस्तो स्थिति समाजका लागि आतंकित गर्ने हुन्छ । यस्तो स्थितिको सिर्जना सामाजिक व्यवहार र परम्परासित मेल खाने हुँदैन ।

इतिहास ज्ञानशक्तिलाई परिष्कृत गर्ने पक्ष हो । नेपालको इतिहासमा राजा र राजसंस्था परम्परा मात्र नभै धार्मिक जनजीवनकै अंग हुन् । यसैले राजा र राजसंस्था राजनीतिबाट अलग्ग भएर जनताका अविभाज्य अंग मानिन्थ्यो र धार्मिक, सामाजिक र सांस्कृतिक परम्परामा राजसंस्थाको आस्था थियो । राजनीति त केवल शक्ति संघर्षमा सीमित थियो । जनता र समाजलाई प्रभावित गर्ने खालको थिएन ।

*राजा र राजसंस्था राजनीतिबाट अलग्ग भएर जनताका अविभाज्य अंग मानिन्थ्यो र धार्मिक, सामाजिक र सांस्कृतिक परम्परामा राजसंस्थाको आस्था थियो ।*

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

*धर्म, समाज, संस्कृति र आर्थिक व्यवस्था छिन्नभिन्न भएर समाज कठिन परिस्थितिमा उभिएको छ। समाज छिन्नभिन्न भएर जाने स्थिति उत्पन्न भएको छ।*

त्यसैले कहीं समाज नै वादविवादको घेराभित्र पर्न आए राजाको प्रतिनिधित्व शिरोपर गरी जनता बोल्थे, समस्या सुन्ने र समाधान खोज्ने गर्थे। अब यस्तो सरल प्रजा संलग्न राजनैतिक व्यवहार हरायो। कसैले कसैको कुरा सुन्नभन्दा आफ्नो कुरा सुनेर त्यही अनुसार गरोस् भन्ने चाहना हुन थाल्यो। राजनीतिले अर्कै बाटो वा दलीय मोड लिएको छ र सनातनदेखिको जनसहभागितामा आधारित प्रजातान्त्रिक राज्य व्यवस्था अब विलयको बाटोमा जान लागेको छ। यो पश्चिमी सभ्यताको प्रभाव हो। यसैको फलस्वरूप धर्म, समाज, संस्कृति र आर्थिक व्यवस्था छिन्नभिन्न भएर समाज कठिन परिस्थितिमा उभिएको छ। समाज छिन्नभिन्न भएर जाने स्थिति उत्पन्न भएको छ। अब केवल समयले नै भविष्यको सामाजिक प्रारूप निर्धारण गर्ने आशा गर्न सकिन्छ।

समाजमा जुनसुकै क्षेत्रमा समस्या छन्। समस्याको समाधान पहिल्याउन सीमित ज्ञानको अनुकरण र प्रयोग भइरहेछ। राजनैतिक व्यक्ति तथा व्यक्तित्वहरू राजतन्त्रात्मक प्रजातन्त्र मान्ने भन्छन् तापनि समाजवाद र साम्यवादमा प्रजातन्त्रलाई समन्वय गर्न खोज्छन्। एकपछि अर्को उपाय परीक्षण गरिँदैछ। नीति नियमहरू बन्दैछन्। यसलाई समर्थन आवश्यक पर्छ। तर सशक्त विरोध प्रदर्शन पनि भएको देखिन्छ। परम्पराले, जनस्वभावले, संस्कृतिले र धर्मले नमान्ने र नमिल्ने कुरामा कसैको चित्त बुझ्ने पनि भएन। चित्तबुझ्दो काम भएको भन्ने पनि कहीं देखिएन र मिलेन। केले नमिलेको हो थाहा छैन। जनतालाई मर्का पर्न थाल्यो भनी भावना व्यक्त भएको मात्र जतातत्तै सुनिन्छ।


CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

समाजमा, परिवारमा र राज्य संस्थामा नमिल्दो काम

हुँदै गएका छन् । राम्रा सभ्यताहरू चिहानमा गाडिएर गए जस्तै भएको छ । वर्तमान परिस्थितिमा उँभो लाग्ने स्थिति कतै देखिँदैन । समाजलाई विभाजित गर्ने र समाजलाई आर्थिक दलदलमा भसाउने कार्यले देशलाई हित गर्दैन । संघर्षको बाटोमा सधैं जनतालाई हिंडाउन प्रयास गर्नुहुँदैन । आर्थिक धापमा जनता गाडिन थालेमा जनताका लागि कुनै पनि राजनैतिक व्यवस्थाको अस्तित्व रहँदैन ।

जनताको इच्छा र आकांक्षामा आधारित राजनीति हुनुपर्छ । अनि मात्र विकासको दिगोपना महसूस गर्न सकिने हुन्छ । संसारमा ठूल्ठूला राष्ट्रहरूको आर्थिक युद्धमा जन आधारित स्वतन्त्र आर्थिक बलको र राजनैतिक परिपाटीको विजय भएको हुन्छ । जनताको आर्थिक स्थिति कमजोर पार्ने राजनीतिले क्रान्तिको सामना बारम्बार गर्नुपर्ने हुन्छ ।

नेपालको समाज संरचनाको परम्परा नै जनमूलक आर्थिक व्यवस्था हो । नेपालका राजाहरूले जनता भोकै नबसून् भनेर दरबारको भौप्वालबाट निरीक्षण गर्ने भन्ने कुरा आजकाल किंवदन्ती भैसकेको छ । तथापि धार्मिक र सांस्कृतिक व्यवस्थाले जनताले स्वतन्त्रपूर्वक प्राप्त गरेको आय व्यय गर्ने व्यवस्था वर्षभरिमा क्रमानुसार आउने चाडपर्वबाट भइरहेकै छन् । दशैं, तिहार, तीज र बालाचतुर्दशी आदिले स्पष्ट देखाई नै रहेका छन् । यी चाडपर्व बाहेक जनताका कुनै पनि परिवारमा जन्म मृत्युदेखि श्राद्ध तथा विवाह, व्रतबन्ध आदिमा प्रशस्त दान दक्षिणा आदिमा परिवारको आयमा तीन खण्डको एक खण्ड व्यय नै भएको हुन्छ । यसरी हुने दैनिक खर्च बाहेक यदि संस्कृति, समाज र धार्मिक व्यवस्था नहुँदो हो त खर्च वर्तमान सरकारी कर निर्धारणको व्यवस्थालाई कर तिराएर प्रशस्त बचत हुने

*जनताको आर्थिक स्थिति कमजोर पार्ने राजनीतिले क्रान्तिको सामना बारम्बार गर्नुपर्ने हुन्छ ।*

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

*समाज धान्न आवश्यक आर्थिक व्यवस्था संचालनमा समन्वय र सन्तुलन हुन अत्यन्त आवश्यक छ ।*

हुन्छ ।

यसैले सामाजिक व्यवहारबाट समाज कर तिर्न पछाडि परेको छ, अन्कनाउँछ भन्न मिल्दैन । दान दक्षिणा दिन नपर्ने हुँदो हो त परम्परागत समाजले अर्कै रूप लिइसक्ने थियो । तसर्थ, समाज धान्न आवश्यक आर्थिक व्यवस्था संचालनमा समन्वय र सन्तुलन हुन अत्यन्त आवश्यक ठान्दछु । देशको उद्योग र व्यापार पनि सन्तुलन नीतिमा आधारित भएमा राजनीति, समाज र आर्थिक व्यवस्था जेनमूलक भएर अगाडि बढ्ने र विकास हुने ठान्दछु ।

अन्यथा, अब जनमूलक क्रान्ति भयो अर्थात् राजनैतिक क्रान्ति भयो, अब आर्थिक क्षेत्रमा क्रान्ति ल्याउनुपर्छ भनेर अन्धाधुन्ध कर प्रणाली र मुद्रा प्रणालीले आर्थिक क्षेत्र सुदृढ भै जनता विकासमा अगाडि बढ्छ भन्न सकिँदैन । करकै उदाहरण लिउँ । धेरै किसिमले कर लगाएमा मानिसहरूले काम थोरै गर्ने भएर आर्थिक क्रियाकलाप कमजोर नहोला भन्न सकिन्न । कम कर प्रणालीमा बढी उत्पादन प्रेरित हुन्छ । कौडी खाने करोडपति डबल खाने नांग्लोपति भन्ने उखान अर्थतन्त्रको सजिलो र सफल मेरुदण्ड हो । सबै विचारधाराले सफल आर्थिक पद्धतिको स्वरूप परीक्षण गर्ने अवसर पाएमा आर्थिक विकासको बाटो पहिल्याउन सकिने हुन्छ । आर्थिक दृष्टिकोणले सफल राष्ट्रले कुनै पनि व्यापार पद्धतिमा विशेषाधिकार राखेको हुँदैन । देशमा मुद्राको कमजोरी विशेषाधिकारको कमजोरी हो ।

कर प्रणालीको प्रयोगमा जनता अर्थात् उद्योगपति, व्यापारी, कर्मचारी र किसान वा दान–दातव्य प्राप्त गर्ने व्यक्तिहरू कर दिन उत्साहित हुने व्यवस्था हुनुपर्छ । अन्यथा कर पक्षको मनोविश्लेषण गरेर हेरेमा दुइवटा धारणाले

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

स्पष्टतया कार्य गरिरहेको देखिन्छ । एक कर छल्ने प्रवृत्ति अर्को करदातालाई कर छल्न प्रोत्साहन र संरक्षण दिने क्रियाकलाप । यी दुइवटै धारणा गलत छन् । अनि कर व्यवस्थाको के प्रयोजन भयो र ! बरू परम्परागत दान दातव्यमा नै आफ्नो पुनर्जन्ममा राम्रो होस् भनेर धारणा राख्नु राम्रो हुन्छ । समाजमा प्रत्येक मानिसको संस्कारमा यो धारणा प्रबल छ ।

हाम्रो देशमा राष्ट्रलाई आपत् परेको बेला ऋण दिन पनि जनता तयार भएको कुरा यहाँ संझन मन लाग्छ । पृथ्वीनारायण शाह, जङ्गबहादुर र चन्द्र शम्शेरले जनताबाट ऋण लिएर राष्ट्रका लागि र समाज संरक्षणका लागि काम गरेका थिए । वि.सं. २०१८ सालमा श्री ५ महेन्द्रबाट पनि पूर्व पश्चिम राजमार्गका लागि जनताका घरदैलोबाट अनुदान संकलन गरिएको थियो । मेरो साधारण ज्ञान, मेरो सरल अनुभव र साधारण जनजीवन एवं व्यापार पद्धति अवलोकन वर्तमान परिस्थितिमा ग्राह्य हुन्छ भन्ने कुरा मैले ठानेको होइन, खालि आफूलाई थाहा भएको भावना र धारणा मात्र उल्लेख गरेको हुँ । उद्योगकै कुरा लिउँ, यो देश विकास गर्न र देश धान्न आवश्यक पक्ष हो । उद्योगको विकासविना आजको युगमा देश विकास गर्ने भन्ने कुरा सम्भव छैन । यसै हेतुले होला राणाकालीन नेपालमा केही उद्योगहरूको विकासका लागि प्रयास गरिएको थियो । फलस्वरूप केही जूट मिलहरू, साबुन तथा सलाई कारखानाहरू र घरेलु कपडा उद्योगहरू संचालनमा आए । तर ती उद्योगहरूमध्ये धेरै उद्योगहरू संरक्षणको अभावमा बन्द गरिए । २००७ सालमा प्रजातन्त्र प्राप्त भएपछि औद्योगिक विकासका लागि ठोस कार्यक्रम संचालन गर्ने कामको थालनी भयो । औद्योगिक

*हाम्रो देशमा राष्ट्रलाई आपत् परेको बेला ऋण दिन पनि जनता तयार भएको कुरा यहाँ संझन मन लाग्छ ।*

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

*२०४६ सालमा प्रजातन्त्रको पुनर्बहाली भएपछि औद्योगिक वातावरण राम्रो होला भन्ने उद्योगपतिहरूले आशा गरे । तर...*

विकास निगमको स्थापना पनि गरियो । २०१५ सालतिर आएर चिनी मिल लगायत केही उद्योगहरूको स्थापना पनि भयो । तर २०२८ सालमा आएको उद्योग नीतिले उद्योगमा भन्दा व्यापारमा फाइदा हुने हुनाले उद्योग फस्टाउने वातावरण अस्थिर हुन पुग्यो किनकि यसबेला निर्यात सुविधा प्रणाली (Export Entitlement Scheme) तिर जोड दिइएको थियो ।

२०२४/२५ सालतिर कपडा उत्पादन, स्टेनलेस स्टिल तथा घडी उद्योगहरू स्थापना भएका थिए । यी उत्पादनहरू भारतीय उत्पादनभन्दा गुणात्मक दृष्टिकोणबाट राम्रो भएको हुँदा भारतीय बजारमा निकै बिक्री भयो । यी उद्योगहरू संचालनमा आएपछि भारतीय व्यापारीहरूले भारत सरकारलाई दबाव दिएर वि.सं. २०२९/३० सालतिर तत्कालीन भारतीय प्रधानमन्त्री स्व. श्रीमती इन्दिरा गान्धीद्वारा नेपालको निमित्त सामानको खुला आवागमन रोक्न नयाँ व्यापार सन्धिमा शर्तहरू राख्न लगाइयो । सो शर्त अनुसार, भारतमा निर्यात गर्ने नेपाली सामान उत्पादनमा ९० प्रतिशत भारतीय वा नेपाली कच्चा पदार्थहरू हुनुपर्ने पारियो । यस सन्धिले र शर्तले नेपाली उत्पादनहरू भारतीय बजारमा सिधा जान नपाउने हुन गयो ।

यसैबेला नेपालकै बजारमा आफ्नो उत्पादन खपत गर्ने हेतुले केही नेपाली उद्योगहरू स्थापना भए । टुथपेस्ट, साबुन, धूलो साबुन आदि उत्पादन गर्ने उद्योगहरू खोलिए । तर संरक्षणको अभावमा ती उद्योगहरू पनि बन्द भए ।

२०४६ सालमा प्रजातन्त्रको पुनर्बहाली भयो । यसपछि औद्योगिक वातावरण राम्रो होला भन्ने उद्योगपतिहरूले आशा गरे । तर एक वर्षसम्मको अन्तरिमकालमा पुरानो नीतिमा



CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection.

कुनै परिवर्तन भएन । आम निर्वाचनपछि बहुमत पाएर नेपाली कांग्रेस पार्टीले सरकार गठन गऱ्यो। सरकार चलाउने व्यक्ति वा नेता सक्षम र बहुआयामी व्यक्तित्व भएको भए राम्रो हुने थियो। देशको सर्वाङ्गीण पक्ष समेटेर जान आवश्यक थियो । परीक्षणको नेतृत्व सफल हुन गाहारो छ । कांग्रेस सरकारको गठनपश्चात् केही महिनापछि नै भारतीय मुद्राको विदेशी मुद्रासंग अवमूल्यन गरियो। सो नीतिलाई श्री ५ को सरकारले पनि अनुकरण गऱ्यो। भारतीय उद्योगमा विदेशी मुद्राको भुक्तानी असन्तुलनलाई पूर्ति गरी निर्यात बृद्धि गर्न गरिएको थियो। तर सो समयमा नेपालमा २० अरब नेपाली रकम बराबरको विदेशी मुद्रा संचिति थियो। भारतीय मुद्राको अवमूल्यनको कारणमा भारतको जुन वाध्यता थियो सो नेपाललाई थिएन । यसले गर्दा नेपालका धेरै उद्योगहरूको उत्पादन लागतमा बृद्धि भएर उद्योगहरू घाटामा संचालन गर्न वाध्य भए। केही उद्योगहरूले लागत रकममा भएको बृद्धिलाई सन्तुलनमा ल्याउन मूल्यबृद्धि पनि गर्नुपऱ्यो । यसरी मूल्यबृद्धि गरिनुपर्ने र उद्योगमा असर पर्ने सोचिएन। भारतमा करीब ६ महिनापछि फेरि लागू गरिएको आंशिक मुद्रा विनिमय प्रणाली (Partial Convertibility) लाई नेपालले पनि अपनाई फेरि एकपटक राष्ट्रिय अर्थतन्त्रलाई विपरीत असर (Adverse Effect) पार्ने काम भयो।

भारतीय सरकारद्वारा आंशिक मुद्रा अवमूल्यन त विदेशमा बसेका धेरै भारतीय नागरिकहरूबाट पूँजी लगानी (Investment) गराउन र विदेशी मुद्रा भारतमा आकर्षित गर्न लिइएको नीति थियो । यो किसिमको विचार गर्नुपर्ने विदेशी मुद्राको आर्थिक पक्ष नेपालमा थिएन । नेपालीहरू विदेशमा व्यापार गरी बसेका र कमाइ भएर काम

*भारतीय मुद्राको अवमूल्यनको कारणमा भारतको जुन वाध्यता थियो सो नेपाललाई थिएन ।*

CC-0 Nepal Sanskrit Academy, Kathmandu Collection

*एकातर्फ देशको अर्थतन्त्र र उद्योगमा असर पर्ने नीति वाञ्छनीय थिएन भने अर्कोतर्फ उद्योगले प्राप्त संरक्षण पनि गुमाउनु पऱ्यो ।*

गरिरहेका थोरै मात्र छन् । यो पक्षमा नेपालको लागि अवमूल्यन उपयुक्त थिएन । आंशिक मुद्रा अवमूल्यन प्रणाली अन्तर्गत नेपाली मुद्राको डलरको दाँजोमा अवमूल्यन भएपछि थप अर्को २० प्रतिशतको अवमूल्यन भयो । यसले गर्दा विदेशी मुलुकहरूबाट आयात हुने कच्चा पदार्थहरू तथा मालसामानहरू निकै महंगो हुन गयो । साथै, यसले नेपालमा विदेशी कच्चा पदार्थमा आधारित धेरै उद्योगहरूलाई यस नीतिले गर्दा कच्चा पदार्थहरूको मोल बढ्न गई उद्योगहरूको मूल्य लागतमा निकै बृद्धि भई आर्थिक नोक्सानी व्यहोर्नुपर्ने अवस्थाको सिर्जना भयो । विदेशबाट आयातीत सामानहरूको मूल्यबृद्धिले गर्दा माग घट्न गई सो क्षेत्रमा २५ वर्षदेखि संलग्न व्यापारी तथा उद्यमीहरू हतोत्साहित हुने अवस्थाको सिर्जना भयो ।

एकातर्फ देशको अर्थतन्त्र र उद्योगमा असर पर्ने नीति वाञ्छनीय थिएन भने अर्कोतर्फ उद्योगले प्राप्त संरक्षण पनि गुमाउनु पऱ्यो । सरकारले संरक्षण नीति पनि रद्द गऱ्यो । कुनै पनि राष्ट्रमा उद्योगमा असर पार्ने कदम चाल्दा विचार पुऱ्याई चाल्नुपर्ने थियो । अब यसले गर्दा व्यापारमा बढी मुनाफा हुने र उद्योगमा नोक्सानीको सम्भावनाले ठूला उद्योगहरूको स्थापनामा निकै कठिनाई पर्न सक्ने सम्भावना बढ्न गई राष्ट्रिय आर्थिक विकासमा वाधा पुग्ने भयो ।

स्वदेशी उद्योगलाई प्रोत्साहन दिएमा उद्योग मात्र होइन, यसबाट व्यापारमा बृद्धि भएर मानिसहरूले काम पनि पाउने हुन्छ जस्तो मलाई लाग्छ । मेरो साधारण विचारले आफ्नै देशमा सीप तथा प्राविधिक विकास गर्न स्वदेशी उद्योग प्रोत्साहित हुनुपर्छ । देशका उद्योगहरूको समस्यालाई राम्रोसँग दृष्टिगत गरी स्वदेशी उद्योगहरू प्रोत्साहित हुने



CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

गरी कर निर्धारण पक्षमा राम्ररी ध्यान दिने नीतिहरू लिंदै गएमा औद्योगिकीकरणमा बृद्धि हुँदै जाने जस्तो मलाई लाग्छ । ज्ञानशक्ति नै ज्ञान हो भनी मैले शुरुमा मेरो सरल भावना व्यक्त गरेको छु । ज्ञान, अनुभव र विचार आदान प्रदानका कुनै पनि कदम राष्ट्रहितका लागि ग्राह्य हुने गर्छ भन्ने मलाई लाग्छ। वास्तवमा देश हितको लागि चालिनुपर्ने उपयुक्त कदमको सही उपाय पनि यसैबाट उपलब्ध हुन्छ ।

*ज्ञान, अनुभव र विचार आदान प्रदानका कुनै पनि कदम राष्ट्रहितका लागि ग्राह्य हुने गर्छ भन्ने मलाई लाग्छ ।*

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection



१० सालको भूकम्पअघिको धरहरा

१० सालको भूकम्पअघिको घण्टाघर

CC-0. Nepal Sanskrit Academy Kathmandu Collection

# गतिशील समाज संचालन प्रक्रिया



विद्वान्हरूले प्रजातन्त्रलाई विभिन्न प्रकारले परिभाषित गरेका हुन्छन् । मेरो सरल विचारमा आर्थिक स्वतन्त्रता वा व्यापार स्वतन्त्रता नै प्रजातन्त्र हो । यसै स्वतन्त्रताको माध्यमबाट आस्थापूर्ण मानवीय र युक्तिसंगत सामाजिक स्थायित्व कायम हुन सक्छ। व्यापार र प्रजातन्त्रको समन्वय वा सन्तुलनले विकासको सम्भवत: छिटो वा सजिलो प्रक्रिया उपलब्ध हुने हुन्छ । विभिन्न आर्थिक सुधारका क्रमबद्ध कदमहरू र प्रजातन्त्र समन्वयमा नै आधारित हुन सके समाज रुचिकर परिवर्तनतिर गतिशील हुनसक्ने हुन्छ।

परिवर्तन चाहने कुनै पनि विद्वान्ले आफ्नो समाजबाट विमुख भएर यसको आमूल परिवर्तन चाहने हुँदैन। समाजमा सुधार र गतिशील मानवीय गुणहरू बढ्दै जाने आकांक्षा र चाहनाले परिस्थिति परिवर्तनको आवश्यकता महसूस हुन्छ। समाजको आमूल परिवर्तन चाहनेले समाजको अर्को प्रारूप वा विकल्प पनि त सोच्नुपर्ने हुन्छ। गीतामा श्रीकृष्णले यो नारीको सम्मान र इज्जतको संरक्षण गर्न नसक्ने समाजले समाजको के भलाई गर्न सक्ला भनेर भनेको जस्तै समाज परिवर्तनमा मानवीय गुणको नै अधिकतम उपादेयता हुनुपर्छ । अन्यथा कुनै पनि काल्पनिक समाजले स्थायित्व प्राप्त गर्न सकिने नै हुँदैन ।

*मेरो सरल विचारमा आर्थिक स्वतन्त्रता वा व्यापार स्वतन्त्रता नै प्रजातन्त्र हो ।*

२००७ सालमा परिकल्पना गरिएको समाज स्वतन्त्र समाज थियो । २०४७ सालमा आएर समाजवादी समाज परिकल्पना गरियो । राज्य नियन्त्रित समाजको कल्पनाले

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

*२०४८ सालको आम निर्वाचनपछि बहुमतका आधारमा निर्णय लिई गरेका कार्यबाट देशमा उद्योग, व्यापार र जनताको आर्थिक स्थितिलाई असर पर्न गएको देखियो ।*

क्रान्ति प्रेरित थिएन । बरू, स्वतन्त्र मानवीय मूल्यको आस्था र गतिशील तथा न्यायोचित समाजको आवश्यकताले गतिशील भएको थियो । आर्थिक विषमताको जडलाई उखेल्न क्रान्ति केन्द्रित थियो । यो क्रान्तिले जनता र समाजलाई संविधानको स्रोत बनायो । अनि संविधान समाज, उद्योग, व्यापार र स्वतन्त्र मानवीय मूल्यको प्रारूप बन्यो । अब यसको विपरीत जान हुँदैन । जो विपरीत गएर मनोमानी गर्न खोज्छ, त्यो अज्ञानी हुन्छ, अपराधी र जनविरोधी हुन्छ, देशमा अशान्ति हुन्छ । स्थापित संविधान समाज र देशको अस्तित्व हुन्छ । यही अस्तित्व समाजको संस्कार र गौरव हुन्छ ।

अब साधारण बहुमतले संविधान परिवर्तन हुन्छ भन्ने कुरा पनि मान्य हुन सक्तैन । देशमा साधारण बहुमतले संविधान विपरीत केही गर्न खोज्नु धृष्टता हुन जाने हुन्छ चाहे त्यो महत्वपूर्ण कदम नै मानिने किन नहोस् । कुरा संविधानको विश्लेषणसित होइन । बरू, २०४८ सालको आम निर्वाचनपछि बहुमतका आधारमा निर्णय लिई गरेका कार्यबाट देशमा उद्योग, व्यापार र जनताको आर्थिक स्थितिलाई असर पर्न गयो भन्ने हो । व्यापार संकुचित भयो । उद्योगधन्दा असफल भयो । देश धान्ने अर्थतन्त्रको बलियो सूत्र बनेन । जनता महंगीको मारले अत्यन्त प्रभावित भए । मेरो अनुभवमा मैले यस्तो परिस्थिति विगतमा कहिल्यै देखेको थिएन । देशमा आर्थिक दलदल तथा धाप व्याप्त भयो । विदेशी लगानी, विदेशी राजनीति, विदेशी अर्थतन्त्रको प्रभावबाट देशको अर्थतन्त्र उँभो लाग्नुको सट्टा जर्जर भयो, सामाजिक जीवनयापन गर्न जनसमाजलाई आयस्रोत दिने राहत दिने उपायसम्म पनि गर्न सकिने स्थिति भएन । देशको समाजको चतुर्दिक् भन्नु वा सबै पक्ष भन्नु परिस्थिति विचार गर्दा शान्ति



CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection.

र सन्तोष छँदै छैन जस्तो लाग्छ । व्यापारमा, उद्योगमा, शिक्षामा जनताको सामाजिक, आर्थिक पक्षमा राम्रो भएको छ भन्ने कहीं देखिएन । राजनीतिमा पनि परिवर्तनवाद, क्रान्तिवाद राम्रो भयो भन्ने भएन । यसबाट के प्रजातन्त्रको मूल्य स्थापित हुने कदम सही ढंगले परिचालन भएको त छ भन्ने प्रश्न गर्न मन लाग्छ । प्रजातन्त्रको मूल्य र मान्यताको नैतिकतासित घनिष्ट सम्बन्ध रहेको हुन्छ । समाज विपरीत कुनै पनि कदमलाई नैतिकताले राजनैतिक अशोभनीय पक्ष मानेको हुन्छ । स्वतन्त्रता, जनभलाई, आर्थिक र सामाजिक स्वतन्त्रता, जनताको राय, सल्लाह, सहयोग, समझदारी र सहमति आदि स्वतन्त्र राजनैतिक परिपाटीका आत्मीय गुणहरू हुन् ।

तानाशाही प्रवृत्ति र मनोमानीले कुनै पनि समाज कहीं पनि उँभो लागेको थाहा छैन । सरकारले जनताको भलाई हुने पक्षमा जनसहयोगी हुने निर्णय लिनुपर्छ, संयुक्त प्रयासले निर्णय हुनुपर्छ । लिइएको निर्णय जनताको पक्षमा भएन भने लडाईं लडेर होइन, झगडा गरेर होइन, निर्वाचन र भोटले प्रजातन्त्रको मूल्य र मान्यता स्थापना गर्न लडाईं लड्नुपर्छ । अर्थात्, निर्वाचनमा बहुमत पाएपछि बहुमतको निर्णय सामयिक र राष्ट्रिय निर्णय नै हो । व्यक्तिगत स्वतन्त्रता, व्यक्तिगत पूँजी र धनमालको अधिकार तथा कानूनी राज्य सबैका लागि एकनासले प्राप्त हुनु प्रजातन्त्रमा वाञ्छनीय हुन्छ ।

*के प्रजातन्त्रको मूल्य स्थापित हुने कदम सही ढंगले परिचालन भएको त छ भन्ने प्रश्न गर्न मन लाग्छ ।*

यो मेरो साधारण अनुभवबाट मलाई लागेको भावना हो । राजनैतिक सिद्धान्तकै मैले विश्लेषण गर्न चाहेको वा खोजेको होइन । जनतालाई के कुराले परिवर्तनको चाहना गर्न प्रेरित गऱ्यो ? यसमा एउटा कुरा त [illegible] प्रभाव नै

CC-0 Nepal Sanskrit Academy, Kathmandu Collection

*ज्ञानमानले कलकत्तामा बग्गीमा बसेर शयर गरेको चन्द्र शम्शेरले देखेपछि ज्ञानमान काठमाडौं फर्कंदा शक्तिको क्रोध तिनमा खनियो र केही समय अयोग्य भएर तिनी स्वर्गवास भए ।*

सशक्त हुनसक्छ । अर्को, नेपालमा समय समयमा घटेका घटनाहरू आन्तरिक प्रेरणा मान्न सकिन्छ ।

कोतपर्व जस्तो घटना जनताको चेतनाले घटेको भन्न मिल्छ जस्तो लाग्दैन । यो आन्तरिक शक्ति संघर्षको कुरा हो । जनताका लागि जोसुकै शक्तिशाली हुन्, मतलबको कुरा भएन । बलियाले शक्ति हत्याए, जनताले शक्तिशालीलाई मानिदियो, घटनाको अर्थ नै अन्त भयो । तर, चन्द्र शम्शेरले जनतालाई अत्यन्त दबावमा राखेर शासन चलाए । तिनले आफ्ना दाजुभाइलाई पनि प्रवासमा पठाए । जनताले राम्रो घर बनाउन र राम्रो सुविधायुक्त जीवन बाँच्न पाएन । चन्द्रनीति भनिन्थ्यो त्यसबेला । जनताले आफ्नो धनजनको प्रभाव वा ऐश आरामको जीवन बिताउन खोजे भने सर्वश्व लिइने निहुँ प्रयोग गरिन्थे । ज्ञानमानले कलकत्तामा बग्गीमा बसेर शयर गरेको चन्द्र शम्शेरले देखेपछि ज्ञानमान काठमाडौं फर्कंदा शक्तिको क्रोध तिनमा खनियो र केही समय अयोग्य भएर तिनी स्वर्गवास भए । अनि ९६ सालको घटना घट्यो । धर्मभक्त, शुक्रराज, दशरथ चन्द, गंगालाल शहीद भए । ब्राम्हण भएकोले टंकप्रसादले शहीद हुने सौभाग्य पाएन । २००२/३ सालमा जुद्ध शम्शेरले प्रवासमा जानु पऱ्यो । उनको अनुसरण पद्म शम्शेरले गरे । अनि, २००७ सालमा मोहन शम्शेरको शासनकाल अन्त्य भएर राणाशासनकै अन्त्य भयो ।

जनता चेतनशील भएर जनताको अग्रभूमिकाबाट यसरी हेरफेर भएको भए सजिलैसित प्रजातन्त्र फस्टाउँदै जाने थियो होला । ०१५ सालको आम निर्वाचनको देन ०१७ सालमा बिलायो, सजिलै बिलायो । कालान्तरमा दुई दशकपछि ०३६ साल आयो । जनमत संग्रहको घोषणा भयो । ०३७

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

सालमा जनमत संग्रह भयो। पुनः ०४६ सालमा जनक्रान्ति भयो। ०४८ सालमा आम निर्वाचन भएर बहुमतको सरकार बन्यो। यो राजनैतिक गतिविधि नियालेर हेर्दा जनताले संविधान सभा पाउन नसकेको स्थितिबाट जनता संविधानको स्रोत बनेको छ। यो चेतना र चेतनशील जनभावनाको परिचालन र फल भए देश र समाजको प्रगति हुन र विकास हुन गाहारो हुँदैन। जनताले चाहेको जस्तो देशमा उद्योग, व्यापार र उन्नत समाज विकसित भएर जाने पर्याप्त पथ प्रदर्शित भइसकेको यस्तो परिस्थिति पनि म त अहिले संकुचित देख्दछु। जनसमाज आर्थिक राहत पाएर देशको अर्थतन्त्र सुध्रिएर जानुपर्ने थियो। जुनसुकै क्षेत्र हेरे पनि असन्तोष व्याप्त छ। यसको कारण ठम्याउन गाहारो भएको छ। आफ्नो अनुभवले देशको परिस्थिति विचार गर्दा यी कुरा असान्दर्भिक जस्तो पनि मलाई लागेको छैन। भाग्यमा अन्धभाग्य पनि हुन्छ। अन्धभाग्यले देश र समाजको भविष्य कता डोहोर्‍याउँछ भन्न गाहारो भएको छ। कथामा सुनेको छु– रावण मर्छ, कंश मर्छ, दुर्योधन मर्छ। विजय त सत्य र राम्रैको हुन्छ। हेरूँ भन्नु सिवाय वर्तमान राजनैतिक परिस्थितिले अर्को बाटो छोडेको छ जस्तो लागेन। देशको अर्थतन्त्र धान्ने गतिशील समाज संचालन प्रक्रिया शुरु हुन त आधार नै सिर्जना भएन, जुन देशकै आन्तरिक स्थितिबाट प्रेरित हुनुपर्थ्यो।

*कथामा सुनेको छु– रावण मर्छ, कंश मर्छ, दुर्योधन मर्छ। विजय त सत्य र राम्रैको हुन्छ।*

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection



वसन्तपुर





CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

बौद्ध

कुनै पनि समाजको संस्कृति र परम्पराले आर्थिक पक्ष वा अर्थतन्त्र जनजीवनको अभिन्न अंगको रूपमा समेटेको र संगालेको हुनुपर्छ। यो प्रत्यक्ष वा परोक्ष दुवै पक्षलाई ध्यानमा राखी संचालन गरिएको प्रक्रियामा निर्भर हुन्छ। प्रथमतः सकभर विदेशी कच्चापदार्थमा अत्यधिक निर्भर नहुने धारणा लिइनु राम्रो हो । तर अहिले यो पक्ष संभव जस्तो लाग्दैन । ५०/६० वर्ष पहिलेको घरेलु उद्योग खादीको उत्पादन साधारण वैदेशिक कच्चापदार्थमा निर्भर थियो । पाटन, भक्तपुर, काठमाडौं, कीर्तिपुर, पांगा, बनेपा आदि स्थानहरूमा महिला किसानहरूले लाउने धोती अर्थात् फरिया स्वदेशी उत्पादन हुन्थे । महिलाहरू आफै पनि बुन्थे र खरानीमा पानी हाली चुहेको तरल र रिट्ठोबाट लुगा धुने गर्थे। यो सकभर स्वदेशी कच्चापदार्थको प्रयोगको प्राचीनतम् उदाहरण हो । अहिले यस्तो प्रयोगको कल्पना व्यावहारिक हुँदैन । गतिशील स्वदेशी उद्योगको जग यस्तै धारणालाई उन्नत रूप दिएर बसाल्नुपर्छ। गुन्यु, चोलो आदि त्यसबेला भारतीय उद्योगबाट आयात हुने गर्थे ।

वीर शम्शेर, भीम शम्शेर र जुद्ध शम्शेरको पालादेखि धारा बिजुली थोरै मात्र जनसाधारणले प्रयोग गर्न पाएदेखि देशमा समाजले सुविधाको अर्को रूप प्रयोगमा ल्याउन थालेका हुन् । हुन त चन्द्र ज्योति भनेर चन्द्र शम्शेरको पालामा नै बिजुली आइसकेको थियो । तर थोरै मात्र मानिसका घरमा बिजुली बल्यो । जनसाधारणको घरमा धारा जडान गर्ने कुरा कल्पना नै मानिन्थ्यो । धाराको पानीको महसूल लिन असामाजिक मानिन्थ्यो भने बिजुलीको

*चन्द्र ज्योति भनेर चन्द्र शम्शेरको पालामा नै बिजुली आइसकेको थियो। तर थोरै मात्र मानिसका घरमा बिजुली बल्यो ।*

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

*विदेशी विचारधाराबाट संरचित राजनीति सशक्त धार्मिक तथा सांस्कृतिक परम्परामा हुर्कन सजिलो हुँदैन ।*

महसूल १/८४ पैसा मात्र लिइन्थ्यो । ज्ञानले र प्रविधिले परिवर्तन आउने संकेत सूक्ष्म रूपमा दिइहाल्छ भन्ने कुरा यसबाट पनि बुझिन्छ ।

अहिले ५० वर्ष अगाडि देखा परेको परिवर्तनको आवश्यकताको संकेतले आधुनिक युगमा समाज क्षतविक्षत हुने प्रारूप तयार पारेको भन्ने धारणा गलत हुन्छ । किनभने गतिशील समाजको संरचना, संस्कृति र परम्पराले आधुनिकतालाई अंगाली विकासशील भएर अगाडि बढ्न क्षमताको बलियो आधारशीला पनि राखेको हुन्छ ।

विदेशी विचारधाराबाट संरचित राजनीति सशक्त धार्मिक तथा सांस्कृतिक परम्परामा हुर्कन सजिलो हुँदैन । यस्तो संरचनाले राजनैतिक परिपाटीको बलियो जग बसाल्न सक्दैन । कदाचित सांस्कृतिक र धार्मिक परम्परासित संघर्ष गरेर कुनै प्रकारले बाँच्न सके पनि सशक्त परम्परालाई पुग्ने खतराबाट यस्तो राजनैतिक संरचनाले जनसमाजमा स्थायित्वको स्थान लिन सजिलो हुँदैन ।

आजकाल पोटे लिने चलन त लुप्त भयो । मुलुकी ऐनले काममा जात भन्ने पनि हटाइदिएको छ । मानववादी सनातनी संस्कृति जसले समाजको आर्थिक व्यवस्था धान्ने पद्धति पनि अंगालेको छ, हाम्रो देशमा मानव जीवनका अभिन्न अंगका रूपमा संचालित छन् । चौधौं शताब्दीमा मात्र पश्चिमी सभ्यतामा मानवलाई केन्द्रबिन्दु गरिएको विचार र राजनैतिक पद्धति सोचिएका थिए भने मानवता र मानवताको नजिकिएको अध्यात्म पद्धति नै नेपालको समाजको शुरुदेखिको बलियो पद्धति भगवान् बुद्धको कालदेखि पनि अगाडि प्रादुर्भाव भएको थियो । सप्तम मुनि गौतम अगाडि आदिबुद्धदेखि ६ वटा बुद्धको सशक्त शान्तिपूर्ण समाजको



CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

पथप्रदर्शन समाजमा विकसित भैसकेको थियो ।

त्यसैले मेरो सरल विचारमा हामीसित समाज विकासको कुनै आधार छैन भन्ने सोचाइ पनि आफ्नो देशको समाज र समाज संचालनका आधारहरूलाई होच्याउनु र अबुझ हुनु जस्तै हुन्छ। २०४९ साल पुस महिनामा गरिएको सम्यक्को नै एउटा उदाहरण लिउँ। यसमा देवी देवताहरूका साथसाथै राजा पनि जीवित देवताको रूपमा पुजिन्छन्। राजा जनजीवन र समाजको अभिन्न अंग हो । राजाविनाको जीवन देशमा कल्पना गर्न सकिंदैन । एकताकाको के कुरा, ३०/४० वर्ष अगाडिसम्म नै पनि घर बनाउनेहरूले 'भौप्वा' अर्थात् बिरालो आवतजावत गर्न सकिने गरी छानामा राख्नु धार्मिक अनिवार्य थियो । किनकि राजाले आफ्नो दरबारबाट क–कसको घरमा चुलो बलेको छ, क–कसको घरमा चुलो बलेको छैन जानकारी राख्न भौप्वाल राख्न अनिवार्य थियो । अब सिमेन्टबाट ढलान गरेर घर बनाउने प्रक्रिया आउन थाल्यो। यसबाट राजाले जनताको विचार गर्ने एउटा पक्ष त लोप नै भयो ।

कथा जस्तै भए पनि पुरानो एउटा कुरा सम्झन मन लाग्छ । एकपल्ट एउटा घरमा एउटी बूढी आइमाई मात्र थिइन् । तिनको विश्वास थियो – राजाको राजस्व खान हुँदैन भन्ने । त्यसैले ती बुढियाले घरमा खाने कुरा पकाउन अन्न नहुनाले चुलोमा खालि पराल बालेर भौप्वालबाट धूँवा निकालिरहिन्। भौप्वालबाट धूँवा निस्किरहनाले बुढिया भोकै भएको राजाले थाहा पाउन सकेन । बुढियाको मृत्यु भयो । खान नपाए पनि बुढियाले पराल बालेर राजालाई छकाइरहेको थाहा पाएपछि राजाले पश्चाताप गर्न लागे ।

> *भौप्वालबाट धूँवा निस्किरहनाले बुढिया भोकै भएको राजाले थाहा पाउन सकेन ।*

यस्तै, पाटनमा दुइजना किसानले १/१ मुरी धान घाममा

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

*आज राजनैतिक व्यवस्थाले सानातिना कुरा भनेर जनताको आत्मबल बढ्ने काममा ध्यान दिन र वास्ता गर्न छाडेको छ ।*

सुकाएका थिए रे । बेलुका धान भर्दा जति सुकायो त्यति नै हुँदा एक किसानले अर्को किसानलाई धान आफ्नो सुकाइराखेको ठाउँमा राखिदिए भनी एकले अर्काको सुकाइराखेको धानमा आफ्नो धान थपिदिने वा राखिदिने गर्दा कलह हुन थाल्यो । यो कलहको कारण राजा सिद्धि नरसिंह मल्लले थाहा पाएर कलह शान्त गर्न दुवै किसानको बढी भनी ठानेको धान आफ्नै ढुकुटीमा राख्न लगाउने निर्णय गरी कलह शान्त गरे । जनताको चरित्र र आत्मबल इमान्दारी र बलियो आर्थिक स्थितिबाट बन्छ । जनताको बलियो आर्थिक स्थिति देशको राम्रो व्यापार–उद्योग नीति तथा प्राकृतिक अन्न आदि राम्रो उत्पादनले बन्छ र देशको प्रगति हुन्छ ।

आज राजनैतिक व्यवस्थाले सानातिना कुरा भनेर जनताको आत्मबल बढ्ने काममा ध्यान दिन र वास्ता गर्न छाडेको छ। फलस्वरूप देशको सरल र गतिशील समाजमा विकृतिहरू जतातत्तै देखिन थालेका छन्। वर्षभरि नै जनतालाई गतिशील तुल्याइराख्ने व्यापार, धर्म जस्ता सनातनदेखि चलिआएका राष्ट्रिय वार्षिक गतिविधि तथा समाजको सही परिचालन निरन्तर गराउने समाजको सक्रिय व्यवहार र विश्वासलाई अहिले अनावश्यक तथा रूढीवादी ठान्ने गरिएको पनि सुनिन थालेका छन् ।

वर्षभरिमा कुनै पनि महिना छैन जुन कुनै न कुनै किसिममा सांस्कृतिक र व्यापारिक गतिविधि अंगालेर संचालन नभएको होस् । वैशाख महिनामा नववर्षारम्भ हुन्छ । नयाँ वर्षमा भक्तपुरमा लिङ्गो ढाल्ने रथयात्रा हुन्छ। देशका विभिन्न भागबाट जनता आउँछन् । भैरवनाथ रथयात्रा हुन्छ । खानपिनको लागि अन्नपातदेखि लिएर अन्य विभिन्न आवश्यक सामानको व्यापार हुन्छ । यो केवल चाड मात्र मान्न



CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection.

गरिएको प्रबन्ध थिएन । आन्तरिक पर्यटन तथा आमोद प्रमोद पनि अंगालेको कुरा यसबाट सजिलै आभास हुन्छ । यसपछि तत्कालै 'ल्हुति पुणी' अर्थात् बालाजु बाइसधारा स्नान, अनि थानकोट नित्य मातातीर्थ स्नान तथा पाटनमा रातो मत्स्येन्द्रनाथ रथयात्रा आदि समाज सक्रिय तुल्याइराख्न र विभिन्न स्थानका जनताबीचको भेटघाट र अवलोकनले समाजमा सन्तुलित वातावरण बनाइराख्न मद्दत पुऱ्याउँछ । समय समयमा जहाँ जहाँ सांस्कृतिक भेला हुन्छ त्यहाँ त्यहाँ व्यापार प्रवर्द्धनमा पनि सहयोग पुऱ्याउने दृष्टिकोणले यी चाडपर्व पनि संचालित छन् ।

यसैगरी, महिना महिनामा कहाँ कहाँ कुन कुन पर्व र सांस्कृतिक गतिविधि संचालन हुन्छ भनेर थाहा पाउन कतै जानु पर्दैन । एउटा पात्रो लिएर पल्टाएर हेरे थाहा हुन्छ । गठेमुगल आएपछि त चाड पर्वको लहर नै चल्न थाल्छ । घोडेजात्राले चैत्रमा वार्षिक सांस्कृतिक गतिविधि समाप्त हुन्छ । यही क्रमबद्ध गतिविधिमा जनता जागरूक हुन्छन् । हाम्रो समाजको संरक्षण र सम्वर्द्धन यसैमा निहित छ, निर्भर छ र गतिशील छ । हाम्रो राष्ट्र, समाज र संस्कृतिको अध्ययनले र व्यवहार अवलोकनले बताउँछ- हाम्रो इतिहासमा हाम्रो समाजको अस्तित्व कसरी जगेर्ना भएर क्रमबद्ध तरीकाले हामीसम्म ओर्लेको छ । हाम्रो समाजको उद्योग, उत्पादन, व्यापार र आर्थिक स्थितिलाई चारैतिरबाट असुरक्षित पारिसकेको छ । नयाँ नयाँ वैज्ञानिक साधन, संचारले शिक्षा र संस्कृतिलाई प्रभावित पार्दै ल्याएका छन् । परिवर्तनका प्रारूपहरूले समाज परिवर्तन गर्दै लैजाने कुरा स्वतः सिद्ध छ । यसमा मेरो विरोध होइन । परिवर्तनका अवश्यम्भावी प्रारूपहरू जसबाट समाज प्रभावित नभै छोड्दैन र यसलाई समेटेर सन्तुलित तरीकाबाट समाज गतिशील बनाउन प्रयास

*गठेमुगल आएपछि त चाड पर्वको लहर नै चल्न थाल्छ ।*

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

*अन्यथा सामाजिक, आर्थिक, राजनैतिक र आध्यात्मिक पछ्यौटेपन र असफलता नै देशको भाग्य हुन बेर लाग्दैन ।*

गर्नु आवश्यक हुन्छ । किनकि आफ्नो समाज र संस्कृति नै सुरक्षित हुन सकेन भने परिवर्तनले समाजलाई कुन रूप दिने हो भन्न सकिने हुँदैन । त्यसैले मेरो साधारण धारणामा समाजमा स्वतन्त्रता समाज अनुकूल राजनीति र स्वतन्त्र उद्योग संरचना नै गतिशील समाजको अन्तर्निहित स्वार्थ हुन वाञ्छनीय छ र समाजलाई राष्ट्रिय धारणा प्रदान गर्न सक्नुपर्छ । अन्यथा सामाजिक, आर्थिक, राजनैतिक र आध्यात्मिक पछ्यौटेपन र असफलता नै देशको भाग्य हुन बेर लाग्दैन ।

मैले बालककालदेखि हेरी भोगी आएको समाज मेरो नै जीवनकालमा अनेक मोड लिंदै लिंदै परिवर्तन भएर आएको मलाई राम्ररी थाहा छ । आज जनताले अनेक किसिमले राम्रो होस् भनेर चिताएको समाज कता कता वर्कि–फर्किरहेको आभास पनि मैले राम्ररी नै अनुभव गरिरहेको छु । सबै साथीभाइ, साहु महाजन तथा बुद्धिजीवीबाट पनि सुनिरहेको छु । यस्तो नै भोलि, पर्सि अर्थात् भविष्यमा हुँदैन, परिवर्तनको प्रक्रिया निरन्तर चली नै रहने हुन्छ । यसलाई हामी भन्छौं, सृष्टिको चक्र घुमी नै रहने हुन्छ – तल माथि, तल माथि, यो चक्र कहिल्यै पनि रोकिदैन । यसैले मेरो समाज अवलोकन – प्राचीन तथा आधुनिक समाज प्रारूप मैले जस्तो जानेको छु – माथि वर्णन गरिसकेको छु । संस्कृति र परम्परामा नियालेर नै विचारकहरूले, राजनीतिज्ञहरूले र समाज सुधारकहरूले स्पष्ट धारणा बनाई अगाडि बढेमा हाम्रो समाजको भविष्य उज्ज्वल र रुचिकर पथ निर्दिष्ट हुनसक्ने देख्दछु । त्यसो त, के लडाईं हुन सक्छ त यो देशमा ? मैले समाज विनाशतिर जाने कुरा सोचेको होइन । समयमा उपाय गरेर जानु बुद्धिमानी हुने कुरा मात्र आशा गरेको हुँ ।



CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

# सही परम्पराले समाज समृद्धशाली बन्छ



वर्षभरिका चाडपर्व, मेलाहरू, यात्राहरू, जात्राहरू र विशेष तिथिहरूमा देशभरि नै सक्रियता देखिने सांस्कृतिक र धार्मिक गतिविधिहरू सम्झन मन लाग्छ। बालाचतुदर्शी अर्थात् सतबीउ छर्ने पवित्र दिन जुन दिन असल सन्तानको कामना गरिन्छ, अनि तीजव्रत जसमा नारीहरूले आफ्ना पुरुषहरूको लामो आयुको कामना गरेका हुन्छन्, अनि दशैं तिहार जस्ता राष्ट्रिय चाडबाडहरूको राष्ट्रिय अर्थतन्त्रमा धेरै योगदान हुन्छ। शिवरात्री, होली, अनि घोडेजात्रा क्रमशः आएर निश्चित समाज र जीवनोपयोगी गतिविधिले जनतालाई समाजसित विभिन्न पक्षमा सन्तुलन राखी जीवन आबद्ध गर्छन्। यसमा धर्म, आमोद प्रमोद र भौगोलिक क्रममा आर्थिक वर्षको सक्रियता समेतको समाप्तिपछि नववर्षको स्वागतका लागि जनजीवन परिचालन गर्ने गरिन्छ। इतिहासकार, समाजविद्, अर्थशास्त्री, राजनीतिज्ञ र धार्मिक तथा आध्यात्मिक दार्शनिकहरूको ध्यान यस पक्षमा राम्ररी केन्द्रित हुनुपर्ने हो। भएका पनि छन् होला। अन्यथा मन्दिरै मन्दिरको देश, देवीदेवताहरूको देश भनेर नेपालको नाम विदेशमा प्रख्यात हुने थिएन।

*दशैं, तिहार, तीज, घोडेजात्रा, बालाचतुर्दशी जस्ता विभिन्न राष्ट्रिय चाडबाडहरूको राष्ट्रिय अर्थतन्त्रमा धेरै योगदान हुन्छ।*

देशको सरल सामाजिक र सांस्कृतिक पृष्ठभूमिमा मलाई लाग्थ्यो मेरो सरल जीवनमा स्थायित्व छ र सरल तथा एउटा निश्चित सामाजिक परिस्थितिमा मेरो जीवन बित्छ। सामाजिक स्थितिमा शान्ति निश्चित छ। तर ९६ सालपछि २००३ साल र २००७ सालदेखि देशमा घटेका घटनाहरूले

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

*हाम्रो समाज र संस्कृतिमा देखा पर्न थालिसकेको परिवर्तनलाई हामीले नकार्न सक्तैनौं ।*

समाजमा परिवर्तन हुने तीव्र संकेत र लक्षणहरू देखाउन थाले । त्यसपछि त एकपछि अर्को गर्दै घटेका घटनाहरूले परिवर्तनका प्रबल धारणाहरू र परिवर्तनका सैद्धान्तिक अवधारणाहरू प्रबल हुन थाले । सशक्त हुन थाले । साम्यवाद, समाजवाद र स्वतन्त्र प्रजातान्त्रिक बहुदलीयवादबीचमा द्वन्द्व पनि भएको देखिन थाल्यो । आफ्नो भाग्य निर्माण गर्ने जनताको आफ्नै योग्यताका आधारमा स्वतन्त्र परिवर्तनको बाटो पहिल्याउने चेतनाको स्पष्ट प्रादुर्भाव हुन सकेन । चैतन्य प्रवर्द्धन भएन । जागरणको सम्वर्द्धन पनि हुन सकेन ।

समाजको उन्नति र प्रगतिका लागि परिवर्तन लक्षित हुने विद्वान्हरूको धारणा फलिभूत हुन सकेन । फलस्वरूप समाज आतङ्कित हुने र देशमा अनिश्चितता र गोलमालको वातावरण उत्पन्न हुने स्थितिले बलियो पकड लिंदै गयो । सामाजिक विकृतिहरू देखिन थाले । अविश्वासको वातावरण र असन्तोष जनभावनाहरू उठ्न लागे । अनि मलाई लागेको मेरो सामाजिक निश्चिततामा अब अनिश्चितताले आफ्नो प्रारूप र आचरण देखाउन थाल्यो । झण्डै ४ दशकको मेरो सरल सामाजिक स्थिति अवलोकनमा परिवर्तनको आवधारणाले समाजलाई केवल अनिश्चिततामा धकेल्ने काम गऱ्यो । अब भविष्य निश्चिन्त छ भन्ने मलाई लाग्न छोड्यो । हुन त म निराशावादी होइन, समाजको उन्नति चाहन्छु । आफ्नो पनि उन्नतिका लागि काम गर्देछु । मेरा छोराहरूले देशमा उद्योग गर्न र उन्नति गर्न नै चाहेका छन् । आर्थिक उन्नति सबै चाहन्छन् । यसैमा सामाजिक शान्ति र प्रगति निहित हुन्छ । यद्यपि हाम्रो समाज र संस्कृतिमा देखा पर्न थालिसकेको परिवर्तनलाई हामीले नकार्न सक्तैनौं । म पनि सबै मानिस जस्तो एउटा साधारण मानिस हुँ र सरल व्यवहारमा म विश्वास गर्छु । मानिस र मानवताको

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

मूल्य उच्च राख्नैपर्छ। अन्याय गर्नु पनि हुँदैन र सहनु पनि हुँदैन। बहुजन हिताय समाजको चाहना राख्ने कसैले पनि समाजविरुद्ध हुने अन्यायको विरोधमा बोल्नुपर्छ। राष्ट्र र समाजको अहित हुने कुरामा सहमत हुनुहुँदैन। नेताहरूले अन्जानमा वा आफ्नो धारणामा समाजलाई हित नहुने काम गर्न सक्छन्। समाज सजग रहनुपर्छ। यस्तै, मलाई लागेको मेरो भावना व्यक्त गर्दा राजनीतिका कुरा जस्तो लाग्न सक्छ। तर यी मेरा सरल भावना वा धारणा मात्र हुन्, म राजनीतिज्ञ होइन।

म एक सरल सामाजिक व्यक्ति हुँ। त्यसैले समाजमा आउन खोजेको परिवर्तनबाट म प्रभावित नभइरहन सक्तिन। यसैले मेरो साधारण विचार कहिलेकाहीं अप्रासांगिक हुन पनि सक्छ। अनायास राजनैतिक प्रसंगभित्र पर्न सक्छ। किनकि कुनै पनि भनाइमा सामाजिक प्राणी प्रभावित हुनु स्वाभाविक हुन्छ। यसै प्रसंगमा यहाँ एउटा उदाहरण प्रस्तुत गर्छु।

'नेवार विग्रियो भोजले, पर्वते विग्रियो मोजले' सांस्कृतिक परिप्रेक्ष्यमा टिप्पणी गरिएको यस भनाइमा वा उखानमा सांघुरो र निम्न विचार मात्र चरितार्थ हुँदैन। यसभित्र निकै गहकिलो राजनैतिक, सामाजिक, आर्थिक, धार्मिक तथा सांस्कृतिक परम्पराको संरक्षण समेटिएको छ। किनभने यी सबै कुरा गतिशील छन्। यसभन्दा बढी यस भनाइले व्यापारमा अत्यधिक सहयोग पुग्छ।

*'नेवार विग्रियो भोजले, पर्वते विग्रियो मोजले' भन्ने उखानभित्र निकै गहकिलो राजनैतिक, सामाजिक, आर्थिक, धार्मिक तथा सांस्कृतिक परम्पराको संरक्षण समेटिएको छ।*

'नेपाल दुई ढुङ्गाबीचको तरुल हो' र 'नेपाल चार जात छत्तीस वर्णको साझा फूलबारी हो' यसमा नेपाल दुई ढुङ्गाबीचको फलाम भनियो भने अहम् झल्किने हुन्छ। दोस्रोमा चार जातमा ब्राह्मणवादको बाहुल्यता छ भनियो भने

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

> *विश्वका कुन देशलाई परिवर्तनले पराकाष्टामा पुऱ्याएर अब परिवर्तनको आवश्यकता छैन भन्न सक्षम तुल्याएको छ ?*

घृणा झल्किने हुन्छ । यसरी विभिन्न स्थान र परिस्थितिमा सामाजिक सहयोग र समझदारीको गतिविधिमा टिप्पणी गरिएबाट बुद्धिमत्ता प्रदर्शित हुन्छ । मोजले विग्रने पर्वतेहरू पनि यसमा रमाउँछन् । पाखा पर्वतका सामान ल्याएर बेची कमाउँछन् र जीवन प्रतिपालन गर्न अत्यावश्यक ज्ञान पाउँछन् । भोजका लागि पाखा पर्वतबाट ल्याइने सामान पनि अत्यावश्यक हुन्छन् । त्यसैले भोजले पाखा पर्वतका जनतालाई दुई पैसा कमाउन सहयोग गर्न र संस्कृति संरक्षण गर्न सहयोग पुऱ्याउँछ । मोज गर्ने जनताले लत्ता कपडा र गहना गुरिया किनेर लान्छन् ।

हाम्रो देशमा उपत्यकाबाहिर हाट बजार लाग्ने गर्छ । व्यापार प्रक्रिया भिन्नै भए पनि नियमित व्यापार प्रक्रिया समेत समेटेको हाम्रो चाडपर्व आफन्तहरूलाई स्वागत सत्कार गर्ने अवसरहरू समाज समृद्धशाली तुल्याउने पक्ष पनि हो । २००६/७ सालसम्म वस्तुको क्रय विक्रय वस्तुबाटै हुने गरेको हाम्रो देशमा अब परिवर्तनले ठूलै मोडमा समाजलाई ल्याई पुऱ्याएको छ भने समाजोपयोगी परिवर्तनका देनहरू सुलभ तरीकाबाट स्वीकार गरिएन भने समाज पछि पर्छ, परम्परा टुट्छ र समाज अनिश्चित दिशातिर गतिमान् हुन्छ ।

विश्वका प्रगतिशील देशहरूलाई नियालेर हेरूँ । विश्वका कुन देशलाई परिवर्तनले पराकाष्टामा पुऱ्याएर अब परिवर्तनको आवश्यकता छैन भन्न सक्षम तुल्याएको छ ? परिवर्तन एउटा विश्रामरहित गति हो । समाज उन्नत र समृद्धशाली हुँदै जान पनि परिवर्तनले नै ठूलो कार्य गरेको हुन्छ। रूसको शक्ति टुक्रिँदै गयो । समाजको आर्थिक उन्नति नभएर प्रगति अवरुद्ध भयो । युगोस्लाभिया संघर्षरत् भएर



CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection.

रहेको छ। अमेरिकाले आर्थिक अवस्था सुदृढीकरणका लागि सरकार फेरेको छ। जापानको आर्थिक समृद्धशाली शक्ति विश्वभरमा अनुकरणीय भएको छ र विश्वलाई अर्थतन्त्र सुधार्न चुनौती भएको छ। चीन, कोरिया र अन्य एशियाका देशहरूमा जापानी अर्थतन्त्रको प्रभावले प्रगति गर्दैछ। जर्मनी, बेलायत, फ्रान्स आदि देशहरू पनि जापानको आर्थिक उन्नतिको दाँजोमा जान प्रयासरत् छन्। मलाई लाग्छ, परिवर्तनको हरेक मोडले विश्वमा आर्थिक प्रगतिलाई नै प्राधान्यता दिइन थालेको छ। आर्थिक प्रगतिविना समाज समृद्धशाली हुनै सक्तैन। तर आश्चर्य छ, हाम्रो देशमा गरिबी झेलेर आर्थिक अवनतिको स्थितिमा पनि अझ उद्योगरहित अर्थतन्त्रमा पनि समाज जीवित राखिएको छ। यो परम्परा र संस्कृतिको देन हो। समाजले परिवर्तन चाहेको छ, समाजको सम्वर्द्धनका लागि, समाजको संरक्षणका लागि।

*आश्चर्य छ, हाम्रो देशमा गरिबी झेलेर आर्थिक अवनतिको स्थितिमा पनि अझ उद्योगरहित अर्थतन्त्रमा पनि समाज जीवित राखिएको छ।*

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

९० सालको भूकम्पअघिको भक्तपुरस्थित पचपन्न झ्याले दरबार

९० सालको भूकम्पबाट क्षतिग्रस्त पचपन्न झ्याले दरबार

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

# पुरानो कुरा : एक सिंहावलोकन



देशमा समाज अहिले त्रसित छ । भयावह आर्थिक स्थितिले गर्दा चाख राखी देशको राजनैतिक गतिविधिमा चिन्ता लिनु पनि परेको छ। सबै क्षेत्रमा सबै अलमल छन् । केही गर्न पनि सक्तैनन् । जनता आफै स्थानीय परम्परा, जातीय परम्परा, धार्मिक परम्परा तथा राष्ट्रिय आस्थामा सबल र सशक्त हुनुपर्ने विचारतर्फ नै उन्मुख छन्। नयाँ स्थिति र राजनैतिक अवस्थाबाट आत्तिन थालेका छन् । समाजमा देखिन आएको नमिल्ने क्रियाकलापबाट परिवर्तनवाद विचलित छ। जातीय दबावबाट जनता सधैं पिल्सिएर वा थिचिएर रहन सक्तैन । अहिले देशमा विभिन्न जातिले तिनीहरूमाथि ठूलै राजनैतिक दबाव तथा आर्थिक दबाव महसूस गरी व्यक्त गरिएका धारणाहरू पत्रपत्रिकाबाट पनि पढ्न र सुन्न पनि थालिएका छन् । राजनैतिक र प्रशासकीय भेद चरम सीमासम्म प्रयोग भएको देखिन्छ । जातीय अनुपातमा राष्ट्रिय क्रियाकलाप प्रवर्द्धन भएको देखिदैन। कहाँ पुगेर कुन परिस्थितिमा यो प्रतिक्रियाले सशक्त रूप लिन्छ भन्ने समयको प्रतीक्षाको कुरा जस्तो मलाई लाग्छ ।

*म पनि पुरानो कुरा, आफ्नो सम्झनाको कुरा, आमाबाबु, बाजे बज्यैले भनेका कुरा सम्झन्छु र छोराछोरी नाति नातिनीहरूलाई भन्छु र सुनाउँछु ।*

म पनि पुरानो कुरा, आफ्नो सम्झनाको कुरा, आमाबाबु, बाजे बज्यैले भनेका कुरा सम्झन्छु र छोराछोरी नाति नातिनीहरूलाई भन्छु र सुनाउँछु । मैले भनेको कुरा सुन्नै पर्छ भन्ने मेरो विचार छैन, मैले भने जस्तो गर्नैपर्छ भन्ने पनि मेरो दृष्टिकोण होइन । सुनाउनु मेरो काम वा कर्त्तव्य सम्झन्छु । मेरो अनुभव मिलाएर म पुरानो कुरा भन्छु । आजको पीढीले त वर्तमानसित जुध्नै पर्छ, वर्तमान

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

*हाम्रा पुराना गीत, हाम्रा पुराना कथाहरूमा पनि त हामी नै झल्केको हामी पाउँछौं ।*

परिस्थितिमा आफूलाई ढालेर जान प्रयास पनि गर्नैपर्ने हुन्छ । अन्यथा वर्तमान जीवन गतिशील हुँदैन । म पनि मेरो बुबाको सोचाइभन्दा भिन्नै छु, तापनि मेरो परम्परा टुटेको जस्तो मलाई लाग्दैन । इतिहासले वर्तमानलाई टेवा दिनुपर्ने कुरामा म विश्वास राख्छु । त्यसैले परम्पराको जगेर्ना गर्न सन्तानलाई ज्ञान दिन आवश्यक ठानी यो भावना व्यक्त गरेको छु ।

हाम्रा पुराना गीत, हाम्रा पुराना कथाहरूमा पनि त हामी नै झल्केको हामी पाउँछौं । त्यसभन्दा बिलकुलै भिन्न भएर हाम्रा सन्तानहरू आधुनिक समाज निर्माण गरेर अगाडि बढ्लान् त ? मेरो अनुमानमा देश देशावरको घटनाक्रमबाट यस्तो सिर्जना सम्भव हुँदैन जस्तो लाग्छ । यो वादविवादको कुरा पनि हुनसक्छ । आदिकालका मानिसहरू हेर्दा हामीहरू बिलकुलै भिन्न भैसकेका छौं होला । तर एकपछि अर्को अनुभव विकसित भएर विक्रम सम्वत् २०५४ सम्म आइपुगेका हामीलाई टेलिभिजन, तारविनाको टेलिफोन, सुन्दर बङ्गला, कार अवाञ्छित हुनै सक्तैन । विकासबाट कुनै पनि मानिस अप्रभावित भएर अलग्गिन सकिँदैन ।

राजनैतिक विचारधारा जनता बाँध्न होइन, देश र समाजको विकास गर्न र जनताका बहुजातीय आयाम सन्तुलन भरिएर समाज विकास प्रक्रियामा स्वतन्त्र र स्वच्छन्द तथा सक्रिय योगदान र सहयोग उपलब्ध हुनको निम्ति संस्थागत रूप दिन हुनुपर्ने हो जस्तो मलाई लाग्छ । देशको परम्परागत समाज विवेचना गर्दा यही कुरालाई प्राधान्यता दिइएको छ । यसैले हाम्रो परम्परा पनि जीवित छ । अझ स्थायित्व छ – परम्पराको बहुजातीय राष्ट्र भएर पनि हाम्रो देशमा । बहुजातीय र बहुआयामिक परम्परामा शान्ति छ,



CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

समन्वय छ । बहुजन हिताय राजनीतिमा सबैको आस्था छ । यसै आस्थाभित्र जातीय आस्था, भाषा, जनआचरण, विश्वास र चाहनाभित्र जनताले न्याय प्राप्त गर्न सक्छन् । पुरानै परम्परागत राजनीति नवीकरण भएर राजनीति जनभावना अनुकूल प्रगति हुनसक्ने सम्भावना हुनुपर्छ ।

परम्परालाई राम्ररी विवेचना गरेर हेर्ने हो भने मगर, गुरुङ्ग, राई, लिम्बु, तामाङ्ग, शेर्पा सबैका आ–आफ्ना परम्परा छन् । सबै रैथाने हुन् । त्यस्तै, नेवार जातिमा परम्परा छ र नेवार जाति पनि रैथाने हुन् । नेपाल बाहिरबाट परम्परासहित लिएर आएर नेपालमा बसोबास गर्न आएका होइनन् । मैथिल, थारू आदिका पनि आफ्नै स्वतन्त्र अस्तित्व छन् । लडाईं लडेर जितेकाहरूका दबावमा पनि यिनीहरूका परम्परा लुप्त भने भएनन् । परम्परालाई टेवा दिने यिनीहरूमा आफ्नै खालका प्रणालीहरू छन् र गुणको बदला गुणको भावनाद्वारा यिनीहरूका हात पसारिएका छन्, सद्भावना र मित्रताका लागि, शान्तिका लागि । नेपाल मित्र समाएर बाँच्न रुचाउँछ । तर जीवनको भावनालाई नै ठेस लाग्ने गरी आँच आयो भने यिनीहरू मगर, गुरुङ्ग, राई, लिम्बु तामाङ्ग, शेर्पा र नेवार संघर्षमा उत्रन वाध्य हुन जान्छन् । मानव जाति यसरी संकीर्ण दायरामा उत्रन देशको परिस्थितिले वाध्य गराउँछ भने 'गुणको बदला गुण' भन्ने भावना 'बलियोको जीत' मा बदल्न गाहारो पनि हुँदैन । War of all against all भन्ने दार्शनिकको विचार धेरै अनुभव र अध्ययनबाट पोखिएको हुनुपर्छ जुन अहिले विश्वमा देखिन पनि थालेका छन् ।

*परम्परालाई टेवा दिने यिनीहरूमा आफ्नै खालका प्रणालीहरू छन् र गुणको बदला गुणको भावनाद्वारा यिनीहरूका हात पसारिएका छन् ।*

यसरी स्थितिको अवलोकनबाट र पुरानो भए पनि सुनिराखेका कथाहरूबाट र आफ्नै अनुभवको सम्झनाबाट

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

*देशमा समाजिक सुविधाका धेरै कुराहरू उपलब्ध छन् । यसरी हेर्दा देशमा परिवर्तन र उन्नति भैरहेको छैन भन्न सकिंदैन ।*

मलाई लागेको कुरा सम्झँदा म छिमेकीलाई हेर्छु । आफै सक्षम नभए छिमेकीलाई इष्टमित्रलाई सहयोग हुन सक्तैन। छिमेकीले आफ्नै सुरले काम गर्दा आफूलाई दबाव पर्ने कुरा स्वाभाविक हुन्छ। हाम्रो देश धान्ने अर्थनीति र आर्थिक स्थितिको अवस्था ठीक यस्तै छ । उद्योग फस्टाउन सकिरहेको छैन । आर्थिक स्थिति सुधार्ने मार्गहरू अवरुद्ध छन् । सहयोगका लागि हात फैलाउनुपर्ने अवस्था स्वत: सिर्जना हुँदैछ भने प्राकृतिक साधनको प्रयोग गर्ने सपना 'असम्भाव्य चिन्ता परिणाम' जस्तै हुने र भैरहने नै बढी चिन्ता हुन्छ । यो कम्प्युटरको युगमा यस्तो चिन्ता हुनु दु:खको कुरा हो ।

म भविष्यवक्ता होइन । मसंग प्राविधिक ज्ञान पनि छैन । म भगवान्को भरोसामा नै विश्वास गर्छु । साधारण व्यापारको ज्ञानले म पनि अरू मानिसहरूले ठाने जस्तै ठान्दछु र व्यापारमा संलग्न छु। म उन्नति, प्रगति र देशको भलो चाहन्छु। यही चाहना नै वास्तवमा मलाई लाग्छ, सबै जनताको भलो चाहनु हो। यसै चाहनामा प्रत्येक व्यक्तिको उन्नतिको चाहना निहित छ।

देशमा समाजिक सुविधाका धेरै कुराहरू उपलब्ध छन् । यसरी हेर्दा देशमा परिवर्तन र उन्नति भैरहेको छैन भन्न सकिंदैन । बजारमा कहिल्यै मन्दी पनि देखिएन । बजारमा सबै कुरा तेजी नै देख्दछु । मेरो बालककालमा घरमा दियालो बल्थ्यो । मट्टीतेलको टुकी आएपछि दियालो लोप भएर गयो । पेट्रोम्याक्स पनि बल्न थाल्यो । यसपछि बिजुली बत्ती बल्न थाल्यो । मट्टीतेलको अभाव हट्छ भन्ने सबैको धारणा थियो । मट्टीतेल सस्तो भएन । दिनपरदिन मट्टीतेलको भाउ बढ्दै गयो। बिजुलीको महसूल पनि १/८४



CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection.

बाट धेरै बढ्दै गयो । पानीका लागि धाराहरू घर–घरमा जडान भए । पानीको महसूल बढ्दै गयो ।

पाटन, भक्तपुर जान सवारी साधनमा जनता ट्रकमा बसेर जानु पर्थ्यो । अहिले गाडीको संख्या धेरै भयो । जति भए पनि नपुग्ने भैसक्यो । रत्नपार्कदेखि सिंहदरबारसम्म जान पनि बसकै आवश्यकता जनताले महसूस गर्न थाले । पेट्रोलको भाउ बढ्दै गइरहेको छ । भाउ बढेकोभन्दा अभावमा नै सबैको चिन्ता छ । तर जनताले धानिरहेकै छन् । कहाँ पुगेर यस्तो असंगतिको बजार टुङ्गिने हो, भन्न गाहारो छ । एकदिन त जरुरै टुङ्गिनु पर्छ – केवल अनुमानले भविष्य संकेत गरिरहेको छ ।

तसर्थ, पुरानो कुराको सिंहावलोकन आवश्यक छ । बन्दै आएको इतिहासतिर फर्केर नियालेर हेर्दा देशको एकीकरणले, समाज, धर्म, संस्कृति, परम्परा, साहित्य, कला र जनजीवनका पक्षहरूको एकीकरण गरी देशको गरिमा बढेर प्रगति नै भएर आएको म ठान्दछु । अझ २०१७/१८ सालतिर अधिराज्यभरि नेपाली मुद्राको प्रचलन शुरु हुनु र मान्य हुनु एउटा ठूलो आर्थिक एकीकरण म ठान्दछु । पुराना मुद्राहरू हराएर गए पनि नोट सबै ठाउँमा मान्य छन् र व्यापार कार्य सजिलो भएको छ । नेपाल अधिराज्यमा आफ्नै अधिराज्यको मुद्रा नचल्दा मानिसहरूले धेरै कठिनाई भोग्नु परेको थियो । एउटा माग्नेलाई आफ्नै मुद्रा दिंदा नचल्ने दिइयो भनेर दिइएको मुद्रा फ्याँकिएको सम्झँदा देशको दायरा कति सांघुरो रहेछ भन्ने लाग्यो । अहिले हामी डलरतिर र डलरको मूल्यबाट आफ्नो मुद्राको मूल्य जान्न अभिमुख हुनुपर्दा र छिमेकी राष्ट्रहरूमा आफ्नो देशको आर्थिक समृद्धि र उद्योगको प्रगतिका लागि उन्मुख हुनुपर्दा देशमा

*एउटा माग्नेलाई आफ्नै मुद्रा दिंदा नचल्ने दिइयो भनेर दिइएको मुद्रा फ्याँकिएको सम्झँदा देशको दायरा कति सांघुरो रहेछ भन्ने लाग्यो ।*

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

*जयप्रकाश मल्ललाई भारदारी षडयन्त्रबाट निकालिएको बेला गुह्येश्वरीका आचाजुले एक पाथी चुन्दामको सहयोग गर्दा आफ्नो राज्य फर्काएर लिन सम्भव भयो ।*

आर्थिक स्थिति उन्नत हुने बाटो त अब कसैको निगाहमा मात्र खुल्ने निश्चय हुन पुगेको ठान्नुपर्दा दुःख लाग्छ। तर के गर्नु ? यही प्रश्न लिएर म परिस्थिति हेर्दैछु। सबैको मनमा यही प्रश्न छ जस्तो लाग्छ। भेटघाटमा साथीभाइहरू यही प्रश्न राख्दछन्, सुस्केरा हाल्दछन्। 'हेरूँ, समय बलवान् छ' भनेर कुरा टुङ्गिने हुन्छन्। समय बलवान् छ भन्ने संकेत मनमा लिनु राम्रो कुरा होइन। हाम्रो समाज बलवान् छ, हाम्रो सीप र जाँगर बलवान् छ भन्नेतिर धारणा प्रवाहित हुनुपर्ने हो। येन केन प्रकारेण समाज संचालन सुचारूरूपले र निश्चिन्ततापूर्वक चल्दैन। आलु खाएर निर्वाह गर्ने जीवनले ठूलो फड्को मारिसक्यो। दुई पैसाको आलु दुई पैसाको भटमासले धानिने जीवन अहिले दन्त्यकथा जस्तो भैसकेको छ।

एउटा सुनेको घटनाको कुरा हो। जयप्रकाश मल्ललाई भारदारी षडयन्त्रबाट निकालिएको बेला गुह्येश्वरीका आचाजुले एक पाथी चुन्दामको सहयोग गर्दा जयप्रकाश मल्लले आफ्नो राज्य फर्काएर लिन सम्भव भयो। अहिले हातको बलले युद्ध हुन सक्तैन। देश जित्न सकिदैन। त्यस्तै २/४ वा ५/१० रुपैयाँले जीवन पनि धान्न सकिदैन। अनि जीवन धान्न गाहारो हुने देशको परिस्थितिले देशको जनजीवनको कल्याण गर्दैन। उपयुक्त आधुनिक प्रविधिले जनजीवन सशक्त हुने सबल हुने बाटो पहिल्याउनु पर्छ। भिक्षाले जीवन सुखी हुँदैन।

आजकाल न्युरोड घुमेर हेर्नुपर्छ। विशाल बजार घुमेर हेर्नुपर्छ। मेरो बालककालको जमाना र चाहना त अहिले केही हो जस्तो पनि लाग्दैन। आफ्नै जीवनको यथार्थसित धेरै नजीक पुगेर हेर्दा पुरानो कुरा त थाङ्नो भएको याद

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

हुन्छ । तर पनि पुरानो कुराको सिंहावलोकनले अति परिवर्तनको गतिको तीव्रताले मलाई सचेत गर्छ। समयसित लाग्नुपर्छ । पछाडि हेरेर पछ्यौटेपनमा नै रहनु हुँदैन । समयको बाढीमा बग्नु नै पर्छ। अगाडि जान तयार हुनु नै पर्छ। अन्यथा, यो जीवन पुरानो सामान फाल्नु सरह फालिएर जिउनुपर्ने हुन्छ । थाङ्गनो बोकेर बाँचिरहेको केही अर्थ हुँदैन ।

संसार घुमेर हेरें । अमेरिकामा एउटा साधारण अमेरिकीको न घर छ न खेत नै। तर आफू अमेरिकी भएको एउटा प्रबल धारणा छ । उसको जीवन गतिशील छ । अमेरिकी भएकोमा गर्व राख्छ। लेखपढ गर्न, लाउन, खान र काम गर्ने पर्याप्त क्षेत्र छ । आज कमाएको आजै निर्धक्क खर्च गरेर मानिसको जीवन जिउँछ । होला, उसमा पनि केही कमी, तर ऊ आर्थिक क्षेत्रमा आफूलाई विपन्न भने ठान्दैन। धनाढ्य अमेरिकीहरू पनि छन्। अन्य गतिविधिका पनि छन् होलान्। संसारमा विभिन्न धारणाका मानिस नहुने भए छिटपुट घटना नै घट्ने थिएन । यो त ४/५ वर्ष अगाडिको एउटा सम्झना भयो न्यूयोर्कको ।

*अमेरिकामा एउटा साधारण अमेरिकीको न घर छ न खेत नै। तर आफू अमेरिकी भएको एउटा प्रबल धारणा छ।*

त्यस्तै, ४/५ वर्ष अगाडि बेलायत पनि घुमें। बिहान लण्डन शहरमा एक्लै घुमिरहेको थिएँ, एकजना पर्यटकले बाटो सोध्यो । म पनि पर्यटक हुँ भनेर भनें, ऊ गयो । विदेशमा २/४ दिन बसेर घुम्दा सबै थाहा हुने कुरा भएन । आफ्नै देशमा आकाश भैरवमुनि पसलमा बसी हेरिरहँदा बिहानैदेखि मानिसहरूका घुइँचोमा एक दुइजना बाहेक मानिसहरू चिनिँदैन। जात्रामात्रामा जस्तै बिहानदेखि बेलुकासम्म मानिसहरूका भीड लाग्छन्। अब पुराना खालका बजार छैनन् । ठाउँ त उही नै हुन । सडक पुरानै हुन ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

> छोराहरूका कुराहरू सुन्दछु – देशमा औद्योगिक नीति नै देशको पूँजी लगानी अनुकूल छैन । तिनीहरू चिन्तित छन् ।

पसलहरू मालसामानले भरिभराउ छन् । सबैमा व्यापार हुन्छन् । घरहरू अग्ला अग्ला भए । पुराना घरहरू नयाँ नयाँ भएर बने । सडकमा हिंड्नेहरू पनि नयाँ नयाँ नै भए । व्यापारका सामानहरू पनि नयाँ नयाँ र आकर्षक रूपले सजिन्छन् । पुराना, पहिलेका, बालककालदेखि देखिरहेका मित्रहरू भने एकाध मात्र देखिन्छन् । त्यस्तै, पुरानै मान्छे म पनि एउटा भएँ ।

मेरा तीनवटै छोरी शान्ति, उषा र देविनाको पनि विवाह भैसकेको छ । नाति नातिनाहरू छन् । मेरा चारवटै छोरा पीयूषबहादुर अमात्य, दमनबहादुर अमात्य, हिरेन्द्रबहादुर अमात्य र विनोदबहादुर अमात्यको पनि विवाह भैसकेको छ । नाति नातिनाहरू छन् । छोराहरू चारैजना मिलेर उद्योगमा निरन्तर लागिरहेका छन् । छोराहरूका कुराहरू सुन्दछु – देशमा औद्योगिक नीति नै देशको पूँजी लगानी अनुकूल छैन । तिनीहरू चिन्तित छन् । तर साहसले प्रगतिको बाटोमा अगाडि बढिरहेका छन् । सर्वत्र स्वतन्त्र उद्योग स्थिति, स्वतन्त्र बजार स्थितिका बारे तिनीहरूका विचार म सुनिरहन्छु । मलाई खुशी छ, काममा लगनशील छन् । तर नाति नातिनाहरूका कुरा सुन्दछु, उनीहरूका आवश्यकताहरू बुझ्दछु – मलाई मेरो जीवनको अवलोकनले संसारलाई अगाडि उभ्याउँछ । परिवर्तनका चेहराहरू र भविष्य अनौठा छन् ।

अब जीवनका आवश्यकताहरू सरल छैनन् । सरल र सुलभ तरीकाले उपलब्ध हुनसक्ने अवस्था पनि देखिदैन । सरल र युक्तिसंगत जीवनयापन गर्न पनि मानिसलाई अब गाहारो हुने भयो । देशको जनजीवन सरल हुने उपाय खोज्न मेरो साधारण अनुभवको क्षमताले भ्याउँदैन । मेरो जीवनको

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection.

अवलोकन मात्र हो, यो पुरानो कुरा कोट्याउनु, यो मेरो खोज होइन ।

बजार भाउमा मन्दी किन आएन ? परिवर्तनको गतिमा जनजीवनले राखेको चासो, इच्छा, आशा र अभिलाषा के हुन् अध्ययन गर्ने र ठोस जनजीवनमूलक बाटो पहिल्याउने कुरा विद्वान् र खोजकर्ताहरूका विषय हुन् । मेरो विचारमा त राजनीति र परिवर्तन समाज सुहाउँदो सुधार गतिविधिमा आधारित हुन सकेमा स्थायी र मनले चाहेको जस्तो हुनसक्ने हुन्छ ।

*मेरो विचारमा त राजनीति र परिवर्तन समाज सुहाउँदो सुधार गतिविधिमा आधारित हुन सकेमा स्थायी र मनले चाहेको जस्तो हुनसक्ने हुन्छ ।*

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection



९० सालको महाभूकम्पको महाविनाशको एक दृश्य

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

कीर्तिपुर दरबार

आइमाई पनि लोग्नेमान्छे जस्तै एउटा सिर्जनात्मक व्यक्तित्व हो । समाजकै एक अभिन्न अंग हो । समाज विकासका लागि एउटा अत्यावश्यक साधन हो । उसले समाज विकसित हुन योगदान पुऱ्याइरहेको हुन्छ । खेतीको काममा त आइमाईको महत्वपूर्ण देन नै रहन्छ । विस्तृत तहमा वा सूक्ष्म तहमा देशको आर्थिक विकासको प्रक्रियामा आइमाईको पनि प्रत्यक्ष वा परोक्ष रूपले सहयोग भैरहेको हुन्छ । आइमाईको सिर्जनात्मक बलविना समाज उत्थान नै हुँदैन, न परिवारकै सामाजिक र आर्थिक प्रगति हुन्छ । त्यसैले नारी शिक्षा राम्रो प्रकारले हुनैपर्छ । समाजमा उनीहरूको पूर्ण जिम्मेवारी रहने कुरामा आत्मविश्वास हुने शिक्षा प्रदान हुनुपर्छ । एउटा आइमाईले जन्मेर हुर्केर मातृत्वको भार ग्रहण गरी भविष्य राम्रो तुल्याउनुपर्ने भावना र दृष्टिकोण सशक्त रूपले लिनसक्ने हुनुपर्छ । यसैमा परिवार र समाजको आर्थिक उन्नति पनि निर्भर रहेर समाज उन्नत बन्नसक्ने हुन्छ ।

यस कुरालाई मैले मेरो जीवनमा केही सफलता हासिल गरेको छु भने मेरा छोराछोरीहरूका आमाको देन छ भन्ने कुरा सम्झेर उल्लेख गर्न आवश्यक ठानेको हुँ । छोराछोरीहरूको देखभाल, शिक्षादीक्षा दिने अभिभाराबाट र गृहस्थी जीवनको चिन्ताबाट मुक्त हुन सकेरै मैले सक्रिय रूपले व्यापारमा लाग्न पाएको छु । बुबाको स्वर्गवासपछि सम्पूर्ण घर सम्हाल्ने जिम्मा नै मेरी श्रीमतीमै पर्न आयो । तिनको व्यावहारिक ज्ञान र यथार्थ तथा व्यावहारिक जीवनले

*आइमाईको सिर्जनात्मक बलविना समाज उत्थान नै हुँदैन, न परिवारकै सामाजिक र आर्थिक प्रगति हुन्छ । त्यसैले नारी शिक्षा राम्रो प्रकारले हुनैपर्छ ।*

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

*म भने सक्रिय हुनु नै जीवन ठान्दछु । यसैलाई जीवनको मुख्य अभिप्राय ठान्दछु । सक्रिय नरहनु र नहुनु बरू दुःखका आधार हुन् भन्ने मलाई लाग्छ ।*

नै पनि एकप्रकारले मलाई सक्रिय तुल्याएको थियो । त्यसैले समाजमा आइमाईको देन सम्झेर जीवनको सिंहावलोकन गरेमा समाज परिवर्तन र प्रगतिको चेहरा स्पष्ट अगाडि उभिन आउँछ। यसबाट आफ्नै जीवनको पनि मूल्यांकन गर्न सहयोग पुग्छ।

मलाई लाग्छ, कुनै पनि व्यक्तिको जीवनमा अप्रत्याशित मोडहरूले कसरी प्रभावित पारी जीवनमा उतार चढाव ल्याउँछ भन्ने कुरा बुझ्न आफ्नै जीवनको अध्ययनले ज्ञान दिने हुन्छ। मेरो आफ्नो सरल भावना वा धारणा के हो भने कुनै पनि काममा सक्रिय भइरहनु, काममा निरन्तर लागिरहनु दुःख होइन । दुःख भनेको त मलाई के जस्तो लाग्छ भने अभावले सिर्जना गरेको धारणा मात्र हो र अभाव पूर्तिका लागि सक्रिय हुनु र सक्रिय भइरहनुपर्ने सामाजिक स्थिति विद्यमान हुनु एउटा दुःख हो भनेर सम्झने मानिसहरूका धारणामा सत्यता त छ नै होला। तर म भने सक्रिय हुनु नै जीवन ठान्दछु। यसैलाई जीवनको मुख्य अभिप्राय ठान्दछु। सक्रिय नरहनु र नहुनु बरू दुःखका आधार हुन् भन्ने मलाई लाग्छ । दुःख भगवान्ले सिंर्जना गरेको होइन, न सुख नै । यही कुरा मानिसहरूका धारणाबाट व्यक्त भएको हामी सुन्दछौं । कसैसंग प्रशस्त धन हुनु, आफ्नो आर्थिक स्थिति बलियो हुनु सुख र नहुनु र अभावमा रहनु दुःख भनेर मानिसहरू ठान्छन् होला। वास्तवमा सक्रियताले सम्पन्नताको सिर्जना हुन्छ। यो कुरा ठीक छ भने सम्पन्न हुन खोज्नु दुःख होइन । तैपनि मानिसहरूलाई विभिन्न असजिला स्थितिहरू आइरहन्छन् । तसर्थ, दुःख आफ्नै र आफ्नो स्थितिको सिर्जना हो । समाजको असंगतिले एकातिर मानिसलाई असजिलो स्थितिमा पार्छ भने अर्को आफ्नै जीवनमा सक्रियताको बाबजूद पनि दुःखको अनुभव हुनु प्राकृतिक स्वभावको चैतन्य वा

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

चेतनशीलता शिथिल हुनु हो ।



मेरो आयु र जीवनको स्वभावले चिनी खानु हुँदैन, मधुमेहको रोग बढ्छ । रोग त जीवनमा स्वास्थ्यको स्वभाव वा स्थिति हो । रुचिकर खानेकुरा अलि बढी खाइयो भने रक्तचाप बढ्छ । जीवनमा सन्तुलन क्रियाको पनि ठूलो काम छ । सन्तुलित जीवन राम्रो जीवन हो । तैपनि समय बलवान् छ । कहिले दाँत दुख्छ, कमजोर दाँत फुकाल्नुपर्ने हुन्छ । अन्यथा केही पनि खान सजिलो हुँदैन । जीवन स्वस्थ हुँदैन, आराम हुँदैन । सक्रिय भइरहुँ भने पनि कठिनाई महसूस हुन्छ । आँखा नै पनि कमजोर भयो भने चश्मा लाउनुपर्‍यो । त्यस्तै, खुट्टा दुख्ने, घुँडा दुख्ने भएपछि हिंड्डुल गर्न सजिलो हुँदैन । अनि लठ्ठीको सहारा चाहिने हुन्छ । यी सबै जीवनका प्राकृतिक स्वभावहरू हुन् । तैपनि लठ्ठी त चाहेर पनि अवाञ्छित नै हुन्छ । जीवन चिनाउने यी प्रारूपहरू यथार्थ हुन् जुन स्वतः आफैले एकपछि अर्को गर्दै लानुपर्ने नै हुन्छ । बुढेसकाल यिनै जीवनका प्रारूपहरूका नाम त हुन् । शरीर स्वस्थ र बलियो भएसम्म औषधि उपचार, लठ्ठी, चश्मा, आराम, आदिको आवश्यकता महसूस नै हुँदैन । यसैले अवश्यम्भावी कुरालाई सम्झेर म दुःख मान्दिन । समय कसैको नियन्त्रणमा हुँदैन । सोचाइ आफ्नो हुन्छ । म भाग्यवादी पनि हुँ । त्यसैले भगवान्को भरोसा गर्छु ।

*समय बलवान् छ । मानिसले चाहेर वा नचाहेर केही हुने होइन । समयको चक्र निरन्तर घुमिरहेको छ ।*

समय बलवान् छ । मानिसले चाहेर वा नचाहेर केही हुने होइन । समयको चक्र निरन्तर घुमिरहेको छ । यो अडिग छ । यसैले परिवर्तन नै जुनसुकै कुराको होस्, देश, परिस्थिति, राजनीति, अर्थतन्त्र, समाज तथा सम्पन्नता विपन्नता एक निरन्तर प्रक्रिया हो । अपरिवर्तन भन्ने नै के छ संसारमा ? यसैले मलाई लाग्छ, केवल परिवर्तनमा

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

*म हिजो जो थिएँ, आज म आफैलाई उही जस्तो लाग्दैन ।*

नियमितता छ । यसैले नै हरक्षेत्रमा परिवर्तन भएको र भइरहेको जस्तो मलाई लाग्नसक्छ । तर म दार्शनिक होइन । म समाज अवलोकन गर्न आफैलाई बराबर हेर्छु । म हिजो जो थिएँ, आज म आफैलाई उही जस्तो लाग्दैन । हिजो मेरो बालककालमा मैले सबै बालकहरू जस्तै खेलेरै जीवन र समय बिताएको थिएँ । आजका बालकहरू पनि खेलेर जीवन बिताइरहेका छन् । बालककाल बित्यो, म व्यापारमा लागें र व्यापारको क्षेत्र मेरो अनुभव र ज्ञानबृद्धिको सहायक भयो । वास्तविक ज्ञानशक्ति नै वा भनुँ व्यावहारिक ज्ञानै ज्ञानशक्ति हो भन्ने मेरो धारणा मेरै अनुभव र अनुभवले प्राप्त भएको ज्ञानले बनेको हो । यस्तो अनुभव ज्ञान सबैमा हुन्छ । ऋतु परिवर्तन र ऋतु स्वभावले कहिले के गर्नुपर्छ भन्ने अनुभव र ज्ञान सबैमा स्वतः नै हुन्छ । एक एक गरी आफैले जानेको, थाहा पाएको र अनुभव गरेको जीवनका ६०/६५ वर्षहरूले दिएको प्रकृति र प्रकृतिमा निर्भर समाजको ज्ञान जरुर सबैलाई स्वतः प्राप्त हुने नै हुन्छ । मेरो यस्तै अनुभवको मात्र ज्ञान हो । दार्शनिकको ज्ञान र अनुभवबाट प्राप्त ज्ञानमा भेद त होला नै । तर मलाई लाग्छ कि कुनै पनि दर्शन पनि प्रकृतिमा नै आधारित हुन्छ । अनि प्राकृतिक अनुभवबाट नै दर्शन, धर्म, राजनीति, संस्कृति र समाजशास्त्र प्रतिपादन गर्न सहयोग पुऱ्याउँछ । तसर्थ, बलवान् समयले समय समयमा आवश्यकताको ज्ञान दिन्छ, आवश्यकता अनुरूप समाज निर्माण गर्छ । अनि अदलबदल हेरफेरको स्वरूप भरेर समाजलाई स्थायी स्वरूप दिने हुन्छ ।

न्युरोड र जुद्धसडक नखुलेको बेला अर्थात् ९० सालको भूकम्प अगाडिको काठमाडौं शहर भन्नु नै असन, इन्द्रचोक र काठमाडौं अर्थात् सिंह सत्तल मात्रै त बजारका रूपमा गुल्जार थिए । अहिलेको विकसित बजारले त्यसबेलाको

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

बजारको आकारमा फर्केर हेर्ने कुरा इतिहास भैसक्यो । अहिले शहर बजारको आकार विस्तृत भएर उपत्यकामा जतातत्तै बजार केन्द्रहरू स्थापना भइसके । पुरानो बजार र आधुनिक बजारमा आकाश जमीन जस्तै फरक भैसक्यो । चिनियाँहरूले बनाइदिएको चक्रपथ वरपर जतातत्तै अहिले बजार खुलिसकेका छन् । मानिसहरूका लागि आवतजावत गर्ने सडकको पनि व्यापक विस्तार भैसकेका छन् । अझ नयाँ नयाँ व्यापार केन्द्रहरू विस्तार गर्न सोच्नुपर्ने भइसकेको छ । डिपार्टमेन्टल स्टोर र सुपर मार्केटहरूले आधुनिक बजारको रूप लिइसकेका छन्, जहाँ देश विदेशका अनेक सामानहरू र विलासिताका सामानहरू पाइन्छन् । टुँडिखेल वरपरका सडकमा घुइँचोले मानिसहरूलाई हिंड्न डुल्न गाहारो भइसकेको छ । बस स्टप र गाडीहरू पार्क गर्ने स्थानहरू छुट्टै ठाउँमा बनाउन आवश्यक भैसकेको छ । यसरी काठमाडौंको जनजीवनको स्थितिले कसरी बृहत् मोड लिइरहेको छ भन्ने बुझ्न र अनुमान गर्न कसैलाई पनि अहिले गाहारो हुँदैन । खालि अब सोचाइ भएको सुनिन्छ – परिवर्तनले मानिसलाई स्तब्ध पार्ने हुन् भन्न गाहारो छ । भविष्यवाणी सजिलो कुरा होइन । तैपनि भविष्य सोच्न भने अत्यन्त जरुरी हुन्छ । अनुमानको भविष्य काम लाग्दैन, व्यावहारिक भविष्यको ज्ञान हुनु जरुरी छ ।

*पुरानो तस्वीर हेरें यी बजारहरू अब पुरातात्विक वस्तु भैसके ।*

डिल्लीबजारको चारखाल अड्डा र पुरानो बजार, बानेश्वर बत्तीसपुतलीको बजार, चाबहिल बजार, नक्सालको बजार, पकनाजोलको बजार, कालिमाटीको बजार आदि ९० साल अगाडि गाउँको सरल बजार जस्ता मात्र थिए । पुरानो तस्वीर हेरे यी बजारहरू अब पुरातात्विक वस्तु भैसके । ५०/६० वर्षको दौरानमा नै विस्तृत बजारले सरल जनजीवनलाई अब अति कठिन स्थितिमा पुऱ्याइसकेका छन्

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

*बालककालमा हामीलाई पस्न डर लाग्ने जंगल अब छैन। काठमाडौं उपत्यका काठमाडौं बाहिरबाट आएका जनताबाट भरिन थालिसकेको छ।*

भने अब भविष्यमा शहर बजारले कस्तो रूप लिनेछन् भन्न वा अड्कल गर्न सजिलो छैन। जनसंख्या बृद्धि भयावह छ। नयाँ नयाँ चमत्कारपूर्ण साधन संसारमा देखा पर्दैछन् र जनजीवन प्रभावित भइरहेका छन्। पर्यावरणको ऱ्हास भयो भनी विकसित राष्ट्रहरू कोलाहल गरी कराउन थालेको सुनिन थालिएको छ। बालककालमा हामीलाई पस्न डर लाग्ने जंगल अब छैन। काठमाडौं उपत्यका काठमाडौं बाहिरबाट आएका जनताबाट भरिन थालिसकेको छ।

काठमाडौंको जनजीवन, संस्कृति, समाज, व्यापार, कला, कौशल अब विकृत र विखण्डन भैसकेको छ। धेरै कुराबाट जनजीवन प्रभावित भैसकेको छ। अब अगाडि हेर्ने सिवाय पछाडि फर्कने भन्ने कुरा हुन सक्तैन। शिक्षा समयानुकूल उपयोगी नभएमा देशको सभ्यताले अब विलयनको मार्ग पक्रने डर र भय स्पष्ट सामुन्ने उभिन आइसकेको छ किनभने विश्वका विभिन्न संस्कृतिले मौलिक संस्कृतिलाई प्रभावित गर्न थालेको देखा पर्नुले यसको संस्मरण हुनु स्वाभाविक भएको छ। देशको उद्योग र उद्योगमा गरिने लगानी पनि अब विदेशी पूँजीपतिहरूले लगानी गरेर लैजाने वातावरणको कल्पना भैसकेको छ। यसरी हेर्दा मेरो अनुभव र आफ्नै जीवनको सिंहावलोकनले देशमा ठूलै आर्थिक र सामाजिक परिवर्तनको प्रारूप बनिसकेको देखिरहेको छु।

६०/७० वर्ष पहिलेको समस्या जस्तो अहिलेको समस्या होइन। त्यसबेलाको समस्या साधारण थियो। खान, लाउन र सरल जीवन बिताउने साधारण लक्ष्य थियो। अधिकार खोज्नेहरूले अधिकार खोज्थे, कोतपर्व जस्ता घटना घट्थे तर जनजीवनमा यस्ता घटनाहरूले कुनै पनि किसिमले प्रभावित पार्दैनथे। वर्तमान समयमा कुनै पनि घटनाबाट



CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

जनजीवन अप्रभावित भएर रहन सक्तैन । शायद भयानक क्रान्तिका प्रवृत्ति र धारणाहरूका आँधी नै बहिरहेका छन् कि जस्तो पनि लाग्नु अस्वाभाविक हुँदैन। १९९६/९७, २००२/३, २००७, २०१७, २०२८, २०३६/३७, २०४६/४७ सालका घटनाहरूले जनजीवन चेतनशील त बनायो नै तर फूटपाथमा सुत्नुपर्ने जनताको पनि निकै बृद्धि भयो ।

*वि.सं. १९९६ देखिका घटनाहरूले जनजीवन चेतनशील त बनायो नै तर फूटपाथमा सुत्नुपर्ने जनताको पनि निकै बृद्धि भयो ।*

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

सिंहदरबार



लालदरबार



CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

# अनुभव पनि ज्ञानकै एउटा स्वरूप र क्षमता



सत्य नेत्र–भ्रम मात्र हुँदैन, सत्य स्थायी हुन्छ। त्यस्तै, कल्याणकारी कार्य र राम्रो कुरा राम्रै हुन्छन्। ज्ञान र अनुभवले सदैव सत्यको आभास पाइरहेको हुन्छ। यसो नभएको भए सत्यको एकदिन विजय हुन्छ, कल्याणकारी कार्य गर्नुपर्छ र राम्रो काम गर्नुपर्छ भन्ने कुरा दोहोरिरहँदैन। समाजका आधारभूत कुरा नै यही हुन्। अन्य दृष्टिकोणबाट पनि समाज र यसको महत्व विश्लेषण गर्न सकिन्छ होला। मलाई भने मेरै सरल अवलोकनबाट, सरल अनुभवबाट प्राप्त समाजको ज्ञान उपयोगी भएको जस्तो लाग्छ। धेरै कुरा विश्लेषण गरेर धेरै कुरा भनिरहने तरीका थाहा छैन। यही नै मेरो जीवनको सरल सत्यता पनि हो।

संगतले पनि ज्ञान दिने हुन्छ। ज्ञानीहरूको संगतले हामीलाई हाम्रो जीवन मूल्य सचेत गराइरहने हुन्छ। देश, काल, परिस्थिति अवलोकन गर्दै लामो अवधिसम्म काममा लाग्ने मानिसले आफ्नै खालको काम र क्षेत्रमा दक्षता हासिल गर्छ। अनुभवले उसलाई कार्यकुशल बनाउँछ। बराबर कार्यक्षेत्रमा पर्न आउने वाधा अड्चन सामना गर्दै जाँदा अनुभव परिपक्व भएर ज्ञानको रूप लिन्छ। अनि अनुभवयुक्त ज्ञान, विचार, बुद्धि र विवेक संयुक्त भएर सफलताको बाटो लाग्छ। सफल व्यक्तिहरूको अध्ययनले यही कुरा थाहा हुन्छ र यस्तो अनुभव उपयोगी पनि हुन्छ।

*संगतले पनि ज्ञान दिने हुन्छ। ज्ञानीहरूको संगतले हामीलाई हाम्रो जीवन मूल्य सचेत गराइरहने हुन्छ।*

तर एक कटु अनुभवपछि अर्को कटु अनुभवले मानिसलाई अति कठोर पनि बनाउन सक्ने हुन्छ। कसैले मलाई मात्र,

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

*अहं र अभिमान प्रगतिको तगारो बन्छ । सीमित ज्ञान उपयोगी हुँदैन । अनुभवले मात्र ज्ञान उपयोगी हुन्छ । अवलोकनले यसलाई परिष्कृत गर्छ र मार्ग निर्देशित गर्छ ।*

जीवनमा सफलता र असफलताको तराजु निरन्तर तलमाथि पनि भई नै रहन्छ । संसार–चक्र स्थिर हुँदैन । यो पनि ज्ञानीहरूकै अनुभवको कुरा हो । राजा रंक र रंक राजा पनि हुन्छ भनेको सुनेकै छु । तथापि ज्ञान र अनुभव एकीकृत जीवन सफलताकै बाटोमा लाग्छ । यसैमा निरन्तरता र स्थायित्व हुन्छ र समाज प्रगतिको बाटो सामूहिक हुन्छ ।

म बाँची सक्रिय भैरहेको मेरो समाज सम्पूर्ण हो, म भने यसको अंश मात्र हुँ । सम्पूर्ण समाजको मूल्यांकनमा म पोख्त छैन, मैले सम्पूर्ण समाजको मूल्यांकन नै मेरो अवलोकन र अनुभवले गर्न खोजेको होइन, न चाहेको नै छु । म जस्तै धेरै अंशको अनुभव संकलन हुनु जरुरी छ । सामूहिक समाज ज्ञान र अनुभवको क्षमताले समाज प्रगतिको बाटोमा लाग्छ भन्ने मात्र मेरो सरल धारणा हो ।

अहं र अभिमान प्रगतिको तगारो बन्छ । सीमित ज्ञान उपयोगी हुँदैन । अनुभवले मात्र ज्ञान उपयोगी हुन्छ । अवलोकनले यसलाई परिष्कृत गर्छ र मार्ग निर्देशित गर्छ । हामीं अहिले २०५० साल राम्रो होस्, सुखमय होस् भनी आकांक्षा राखिरहेका छौं । प्रगति प्रवाह समाजमा सबल भएर अगाडि बढ्ने इच्छा राख्नेछौं ।

यस्तै इच्छा प्रत्येक साल राख्दै सत्तरी वर्षमा पुगें । अझै अवलोकन गर्दैछु । मैले आफैले प्रयत्न गरी व्यापार उद्योगमा लागेको ५ दशक अर्थात् ५० वर्ष भयो । २००० सालदेखि २०५० सालभित्र हाम्रो देशमा हाम्रो समाजले ठूलै हेरफेर देखिसकेको छ । अब त पूरै वैज्ञानिक प्रवाह र प्रभावमा परिसकेको हाम्रो समाजले २१०० सालसम्ममा कुन रूप प्राप्त गर्ने हो विचार गर्नुपर्ने भैसकेको छ । समाजमा निकै कठिन समय आउने आभास त अनुभव ज्ञानले संकेत

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

गरी नै सकेको छ । म 'भविष्य अन्धकार' भन्ने पक्षमा भने छुँदै छैन । तैपनि हाम्रो परम्परागत स्वचालित समाज संस्कृति विज्ञानको अत्यधिक प्रगतिमा पनि सरल रूपले वैज्ञानिक उत्पादनका विषयहरूबाट अप्रभावित भएर जीवित रहन सक्छ भन्ने कुरा भने भएन ।

यसैले हाम्रो समाजका स्वचालित विभिन्न चाडपर्वहरू संक्षेपमा विश्लेषण गरेर जनजीवन र समाजको आवश्यकता पहिल्याउन आवश्यक भएको ठान्दछु । विश्वको विभिन्न पक्षका क्रियाकलापबाट प्रभावित हुँदै आएको हाम्रो समाजको जनशक्तिले कहिलेसम्म हाम्रो सांस्कृतिक क्रियाकलाप अनुसरण गरिरहन सम्भव होला ? अहिले हामी जनै पूर्णिमा र गाईजात्रा पर्व मनाउँदैछौं । एकै हप्तापछि गोकर्ण औंसी तथा बाबुको मुख हेर्ने पर्व पनि आउँदैछ । अनि इन्द्रजात्रा र दशैं तिहार पर्वहरू । यी पर्वहरू सामाजिक सांस्कृतिक सम्वर्द्धनगामी कदम भएर पनि आर्थिक संचालन र व्यापारमुखी लक्ष्य राख्दछन् ।

जनै पूर्णिमा र गाईजात्रा आर्थिक पक्षबाट पनि महत्वपूर्ण छ, सामाजिक, सांस्कृतिक तथा धार्मिक पक्षहरूमा त स्वतः परम्पराको ज्ञान दिने अत्यधिक जनताले नै मान्ने पर्वकै रूपमा नै मानिएका छन् । यो परम्परागत धार्मिक तथा सांस्कृतिक चाड जनै पूर्णिमा – ऋषी तर्पणी अधिराज्यभरि नै सबैजसो समाजले श्रद्धापूर्वक मान्दछन् । जनै लाउनैपर्ने सबैलाई तागाधारी भन्छन् भने तागाधारी सबैले स्नान गरेर, कपाल खौरेर विधिपूर्वक नयाँ यज्ञोपवित (जनै) धारण गर्छन् । यस विधिमा दान दक्षिणाद्वारा सबै तागाधारी लाभान्वित हुन्छन् । अन्य जनताले हातमा जनै लाउने भएर सबै लोग्ने मानिसहरू, आइमाईहरू र केटाकेटीहरू पनि

*विश्वको विभिन्न क्रियाकलापबाट प्रभावित हुँदै आएको हाम्रो समाजको जनशक्तिले कहिलेसम्म हाम्रो सांस्कृतिक क्रियाकलाप अनुसरण गरिरहन सम्भव होला ?*

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

*तहजनित वर्गबाट बनेको यस देशको समाजमा प्रत्येक वर्गको स्थान र कार्यलाई महत्व दिने सांस्कृतिक दूरदर्शी कार्यक्रमले समाज धान्ने बलियो आर्थिक कार्यक्रम पनि समेटेको छ।*

रक्षाबन्धनलाई अवलम्बन गर्दछन् । यस पर्वमा स्वेच्छाले कपाल खौरने काम हुन्छ र यसबाट समाजका नाउ वर्ग लाभान्वित हुन्छन् । तहजनित वर्गबाट बनेको यस देशको समाजमा प्रत्येक वर्गको स्थान र कार्यलाई महत्व दिने सांस्कृतिक दूरदर्शी कार्यक्रमले समाज धान्ने बलियो आर्थिक कार्यक्रम पनि समेटेको छ ।

गोसाईं कुण्ड र ललितपुरको कुम्भेश्वर महादेवको मेला पनि यही दिनमा लाग्छ र मानिसहरू मेला भरेर स्नान, पाठपूजा गरेर दीर्घायुको लागि प्रार्थना गर्छन् । यस दिनमा सबैजसो कुण्डहरू, सरोबरहरू र नदीहरूमा पवित्र मानी मानिसहरूले स्नान गर्ने दिन हुनाले तीर्थस्थलहरू र मन्दिरहरूमा भीड हुन्छ । धर्म गर्ने, पुण्य कमाउने र साधारण व्यापार पनि गर्ने यस तिथि र पर्वको आर्थिक तथा दार्शनिक पक्षहरू छन् र विभिन्न स्थानहरूको आन्तरिक पर्यटनको पक्ष पनि यस पर्वले अंगालेको स्पष्ट छ ।

जसरी बालाचतुर्दशीका दिन विभिन्न स्थानबाट आएर श्लेष्मान्तक वन अर्थात् पशुपतिनाथको मन्दिरबाट पूर्वस्थित मृगस्थलीमा सतबीउ छर्ने गर्छन्, त्यसरी नै यज्ञोपवितको शुभ उपलक्ष्यमा विभिन्न नौ प्रकारका गेडागेडी – क्वाँटी पकाएर नवरस पिउँछन् । यसरी क्वाँटी खाने प्रचलनमा बलवर्द्धक पौष्टिक तत्व हुने हुँदा अनेक प्रकारका भिटामिनयुक्त यस क्वाँटीले स्वास्थ्य राम्रो तुल्याउने आयुर्वेदिक उपचारका साथसाथै विभिन्न जातका अन्नको प्रयोग हुने पनि तय गरिएको छ । यसमा कीटाणुबाट हुने शारीरिक रोगसित लड्ने शक्ति पनि हुने विश्वास गरिएको छ ।

तसर्थ, गठेमुगलबाट शुरु हुने – भूत खेतमा पठाउने चाडपछि नाग पञ्चमी पूजा गरेर नाग घरबाट बाहिर राख्ने



CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

धारणापछि यो रक्षाबन्धन स्वस्थ हुने तथा दीर्घायुको आशीर्वाद लिने दिने चाडले समाज बहुपक्षीय हित अंगालेर समाज संचालन स्वतः भइरहनु महत्वपूर्ण कुरा हो ।

चाडबाडको विश्लेषण अब पुरानो धार्मिक धारणा र अनुभवका रूपमा मानिने होला । तर आधुनिक भौतिक प्रगतिको धारणा नै लिएर विचार गरियो भने पनि यस वर्ष दुइवटा ठूलो जहाज र एउटा सानो जहाज दुर्घटना भएर ६/७ सय मानिसहरूको दुःखद् मृत्यु भयो । थाइ तथा पाकिस्तानको हवाइजहाजको दुःखद् दुर्घटनामा अरबौं रुपैयाँको धनमाल नाश भएर धेरै मानिस मरे । अझ यसै वर्ष बाढीले हजारौं मानिस मरे, हजारौं बेपत्ता भए, घरबार बगाए, धनमाल नाश भयो । पशुधनको विनाशका साथसाथै बालीनाली क्षति भयो । घर भत्के, खेत बिग्रियो । देशलाई, समाजलाई दशा लाग्यो, सर्वनाश भयो । भौतिक विज्ञानले आपत् टार्न सकेन ।

यसैले जस्तोसुकै आपत् परे पनि, विपत् परे पनि सहेर धैर्य गरेर आफ्ना दिवंगत स्वजनहरूको आत्माको शान्तिको कामना गर्दै यज्ञोपवितको दिनपछि साधारण रोगव्याधीबाट मृत्यु भएका र बुढेसकाल भएर संसारबाट विदा हुनेहरूको समेत मूल्यांकन गर्ने, तथ्याङ्क राख्ने दिनहरू एक सप्ताहसम्म चल्ने गाईजात्रा पर्व पनि प्रारम्भ भयो । मान्छे मरेको प्रत्येक घरबाट गाईजात्रा निकालेर धार्मिक तथा सांस्कृतिक उत्सव मनाइयो । यस वर्षमा जस्तो गाईजात्रा अघिल्ला वर्षहरूमा देखिएन । १९९० सालको भूकम्प हुँदाको बेला जस्तै यस वर्षको गाईजात्रा देखियो । यसै वर्ष गोलीबाट पनि धेरै मानिस मरे । बस ट्रक दुर्घटनाबाट पनि धेरै मानिस मरे । विज्ञानले ज्ञानले यस्तो दुःखद् कार्य नहुने तुल्याउन सकेन ।

*भौतिक विज्ञानले कतिपय आपत्‌हरू टार्न नसकेको उदाहरणहरू हामीसंग थुप्रै छन् ।*

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

*एक दृष्टिकोणले भौतिक प्रगतिभन्दा सरल आध्यात्मिक प्रगति नै समाज हितकारी हुने प्रबल धारणा बन्नु अस्वाभाविक हुँदैन ।*

त्यसैले एक दृष्टिकोणले भौतिक प्रगतिभन्दा सरल आध्यात्मिक प्रगति नै समाज हितकारी हुने प्रबल धारणा बन्नु अस्वाभाविक हुँदैन । सबै भगवान्‌को कृपा हो । म भगवान्‌मै भरोसा राख्छु। बुढेसकाल भएर मात्र मैले यसो भन्ने गरेको होइन। सधैं भन्ने गर्थे । बुढेसकालमा त मलाई लाग्छ, सबैले यस्तै मनमा राखेर नै भगवान्‌को पुकार गर्छन् ।

अब यस वर्ष पनि गाईजात्राको अवसरमा दिवंगत हुने आ–आफ्ना आफन्तहरूको सम्झनामा मानिसहरूले गाईका रूपमा, बाबाजीको रूपमा बालबालिकाहरूलाई सिंगारेर काठमाडौं, पाटन, भक्तपुर, देवपत्तन र अन्य शहरहरूमा पनि परिक्रमा गराए । धार्मिक विश्वास राख्ने मानिसहरू मरेका मानिसहरू गाईका पुच्छर समातेर वैतरणी नदी तरेर जाने कुरामा विश्वास गर्छन् । अनि यसरी गाई र बाबाजीहरूले शहर परिक्रमा गर्ने यो दिनमा मानिसहरू श्रद्धाभक्तिले फलफूल, रोटी, अन्न, लत्ताकपडा र द्रव्य दान गर्छन् ।

युनानी सभ्यता, मिश्रको सभ्यता, चिनियाँ सभ्यता र वैदिक सनातन सभ्यता र अन्य प्राचीन सभ्यताहरूमा पनि मानिसको जन्म र मरणको धारणा दैवी नियन्त्रणमा नै आधारित छ। यसै धारणाबाट संचालित संस्कृति र सभ्यता वैज्ञानिक कसीमा परीक्षण भएर परिष्कृत हुन खोजिरहेका छन् । सरल आध्यात्मिक राहत र सान्त्वना सबैलाई चाहिन्छ । तसर्थ यस पर्वमा साहित्यकार, कलाकार तथा व्यङ्गकारहरूले पनि हास्यव्यङ्गद्वारा समाजमा विद्यमान धारणाको राम्रो पक्षको साथै यसका विकृति, विसंगति र कुरीतिहरूलाई दर्शाई समाज गइरहेको बाटो सम्झाउने गर्छन् । निडर भएर जीवनको आधार र महत्व

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

सम्झाउँछन् ।

तर अब यस्ता प्राचीन परम्पराले, धार्मिक विश्वासले, सांस्कृतिक मान्यताले र सरल आर्थिक मन्दीले मात्र देश, समाज र अर्थतन्त्र धान्न सकिन्छ भनेर विद्वान्हरूको ज्ञान र अनुभव वा व्यावहारिक अवलोकन अनुभवले दृढ भएर बोल्न सक्तैन । अहिले देशको बहुपक्षीय स्थितिमा प्राकृतिक स्रोतहरूमा पूरै ह्रास र क्षति भएको अनुमानले वर्तमान समाज नै त्रसित तथा भयभीत भएको आभास पनि पाउन थालिएको छ। यस त्रास र भयबाट मुक्त हुन हतास भएको पनि थाहा हुन्छ ।

तसर्थ, देशको अर्थतन्त्रले धान्न सक्नेभन्दा बढी जनसंख्या अहिले देखिइसकेको छ । यो जनसंख्या देशभित्रका मात्र भएनन् । देशबाहिरका जनसंख्या पनि ओइरियो । अस्तव्यस्त बसोबास हुन थाल्यो । भौगोलिक स्थितिको जानकारी र योजनाबद्ध बसोबास नभै अन्धाधुन्ध बंगलाहरू बने । खेत बिलाए । शहरी वातावरण स्वस्थ तथा सुन्दर पनि देखिएन । उल्टो पर्यावरण विनाश भयो । अनि स्थानान्तरण भएका जनताका चापले जङ्गल नदीनालाको जल पिउन अयोग्य भयो। गन्धा ढल खोलामा मिसाइयो। पवित्र काममा गंगामा नुहाउन र देवीदेवतालाई जल चढाउन पनि घीनलाग्दो भयो ।

*देशको अर्थतन्त्रले धान्न सक्नेभन्दा बढी जनसंख्या अहिले देखिइसकेको छ ।*

यातायातका लागि अत्यधिक योजनारहित ढंगले सडकहरू निर्माण भए। संक्षेपमा भनुँ भने अब बिग्रेको काम सुधार्न पनि सकिने भनी भन्न गाह्रो भयो । कहिल्यै पनि योजनाविद्हरूले लघुकालीन र दीर्घकालीन आवश्यकता पूर्ति गर्ने योजनातिर सक्रिय चिन्तन गरेनन् । भए पुग्यो भन्ने धारणाले नै योजनाको काम गर्दै गएको लामो अवधिको

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

*यदाकदा उद्योगका लागि कदम नउठाइएको पनि होइन । तर स्वदेशी कच्चापदार्थबाट उद्योग फस्टाउन सकेन ।*

कार्यले समस्याको डाँडा बनाउँदै छोड्यो ।

अब वैज्ञानिक प्रविधिहरूको अन्धाधुन्ध प्रयोगले समस्त पृथ्वीमा गरम बढाउने काम गरिरहेको छ । यस्तो समयमा संसारमा नै जलवायुको वातावरणमा परिवर्तन आउने जस्तो भएको छ । यो स्थितिमा हाम्रो देशमा समाज सजग भएन । जेसुकै होस् भन्ने अप्रत्यक्ष भावनाले गर्दा समाज विकृत हुने बाटोमा जान थाल्यो । अनि अब ज्ञान र अनुभव रन्थनिन लाग्यो । फलतः जहाँ हेरे पनि, जुनसुकै क्षेत्र हेरे पनि भत्केको बिग्रेको घर जस्तै देखिन थाल्यो ।

परापूर्वकालदेखि भने पनि हुन्छ, नेपाली समाज धान्ने अर्थतन्त्र त भारतमुखी नै थियो । छाल जस्तै बाहिरबाट जनता देशभित्र ओइरिरहेकै थिए । तैपनि उपत्यकाभित्रका समाज आफ्नैपनले स्वचालित थियो । देशमा कोरा कपडा बन्थ्यो, कागज, माटाका भाँडाकुँडा बाहेक अन्य सबै घरेलु उद्योगका आधारभूत सामान वा भौतिक पदार्थ तथा तयारी सामान भारतबाटै आउने भएर अर्थतन्त्र भारतमुखी नै हुन वाध्य भए पनि यस देशको स्वचालित संस्कृति सम्पन्न समाजको अर्थतन्त्र जनताले आफ्नै ढंगले सुरक्षितप्रायः राखेकै थियो । स्वतन्त्र स्वदेशी उद्योग फस्टाउने नीतिको प्रतीक्षा थियो । अहिलेसम्म यस्तो नीति फस्टाउन सकेन ।

यो देशमा अपार जलस्रोत छ । विभिन्न प्राकृतिक प्रसाधनहरू छन् । सबै प्राकृतिक स्रोतहरू प्रयोगमा ल्याउने राम्रो आयोजना बन्न सकेन । यदाकदा उद्योगका लागि कदम नउठाइएको पनि होइन । तर स्वदेशी कच्चापदार्थबाट उद्योग फस्टाउन सकेन । बरू अनियन्त्रित र योजनाबिहीन क्रियाकलापले देशमा भूक्षय र बाढी पहिरोले वर्षेनी विनाश गर्दै गयो । यसबाट यो देश मात्र नभै भारत पनि कहिल्यै



CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

अप्रभावित नभै रहन सकेन । यस देशका गण्डकी, कोशी र कर्णालीका बाढीले असंख्य धनजन नाश भए । बाढीको प्रकोप भारतमा बढी पर्ने भए पनि भारतले कहिल्यै यस्तो दुःखको स्रोत पहिल्याएर त्यहींदेखि दुवै देशलाई राम्रो तुल्याउने प्रयास गरेन । नदीको मूलस्रोतदेखि बाढी नियन्त्रण योजना बनाउँदै देशमा नहरको फैलावटबाट दुवै देशमा हराभरा तुल्याई विनाशबाट बचाउन सकिने दीर्घकालीन योजना ज्ञान र अनुभवले निर्माण गरेन । आफ्नो क्षेत्र मात्र बचाव गर्ने सोचाइले कहिल्यै पनि चिरस्थायी रूपमा समस्या समाधान हुन सक्तैन । यसर्थ मलाई लाग्छ, अनुभव ज्ञानले अब हामी भुक्तभोगी भएर दीर्घकालीन दृष्टि राखेर, आउने समय राम्रो हुने र राम्रो गर्ने आर्थिक आन्दोलनमा जुट्नुपर्छ । यसरी कार्यमा जुट्न ढीलो गर्नु हुँदैन । अन्यथा परिवर्तन लाभदायी मात्र नहुने हैन, विनाशकारी पनि हुन सक्छ ।

मेरो सरल विचारमा अब देशको आर्थिक स्थिति धान्ने र सुधार्ने एउटै मात्र उपाय एकीकृत र स्वतन्त्र आर्थिक आन्दोलन हुनुपर्छ । राजा पृथ्वीनारायण शाहको विचार राम्रो लाग्छ – देशको जनता धनि भया देश धनि हुन्छ । धनी हुने काम राजनैतिक व्यवस्थाले गर्नुपर्छ । आफ्नै परम्परामा आधारित उद्योगमा जनता उत्साहित गर्नुपर्छ ।

*अब देशको आर्थिक स्थिति धान्ने र सुधार्ने एउटै मात्र उपाय एकीकृत र स्वतन्त्र आर्थिक आन्दोलन हुनुपर्छ ।*

गाईजात्रा बारम्बार आउँदै नआओस्, सालबसाली परम्परा नहोस् भन्न कसैले पनि सक्ने कुरा जस्तो लाग्दैन । संसारभरि नै गाईजात्रा मानिंदैन । तर आफ्नो परिवारका कोही सदस्य बितेमा सम्झनाका लागि गर्ने काम भने छुट्दैन । मलामी जाने काम त सबै जातिले संसारभरि नै गर्दछन्, आ–आफ्नै ढंगको परम्परा कुनै पनि संस्कृतिको अभिन्न अंग नै हुन्छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

*हाम्रो कृषिप्रधान समाज विखण्डन भएर प्राकृतिक प्रकोपले, अनिकालले, रोगले र अन्य विसंगत कार्यहरूले जनजीवन आक्रान्त तुल्याउने खतरा बढिरहेको छ ।*

यसैले हाम्रो संस्कृतिको यो गाईजात्रा पर्वले सालभरको दिवंगत आत्माहरूको तथ्याङ्क राख्ने पनि काम गरी संसारभर भइरहेको विनाश र पछि हुने विनाश पनि यसबाट सम्झाउने कुरा बिर्सनु हुँदैन । आजभोलिसम्म पनि हाम्रो यो कृषिप्रधान देशको आर्थिक स्थिति सुधार्ने काम यसै कृषि क्षेत्रको सुनियोजित उत्पादनद्वारा मात्र जनजीवन अत्यधिक शान्तमय बनाउन सकिन्छ । अन्यथा, हाम्रो कृषिप्रधान समाज विखण्डन भएर प्राकृतिक प्रकोपले, अनिकालले, रोगले र अन्य विसंगत कार्यहरूले जनजीवन आक्रान्त तुल्याउँछ ।

शहरमा बढ्न लागेको जनसंख्या अर्को दुई दशकभित्र ४० लाख पुग्यो भने जनजीवनले अर्कै रूप लिने निश्चित छ । स्वदेशी उत्पादन नगण्य भएर पूरै विदेशी उत्पादनमा भर गर्नुपर्ने हुन्छ । समाजको यस्तो वास्तविक स्वरूपको अनुभव अहिल्यै हुनुपर्छ । यस्तो भयावह परिवर्तनशील स्थितिलाई अब आधुनिक राजनैतिक व्यवस्थाले सर्वप्रथम विचार गर्नुपर्ने हुन्छ । समयको यही ज्ञान हुनु मात्र समाज हितकर हुनेछ ।



CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

# समयको ज्ञान समाज हितका लागि हुनुपर्छ



संसारमा समाजको भविष्य अन्धकार छ भन्ने मेरो धारणा छैन । तथापि म पूरा आशावादी पनि हुन सकेको छैन । किनभने संसारमा सबै कुरा परिवर्तनशील छ र समाज पनि यो स्वभावबाट मुक्त छैन । त्यसैले मलाई लाग्छ, समाजमा शान्ति छैन । वर्तमान समाजमा आपसी मनमुटाव छ, जनताका हृदयमा द्वन्द्व छ । शंका र भय छ । जनताका विचार प्रक्रियामा पनि भिन्नता छ । समाजको भलाईका नीतिगत कुराहरूका सम्बन्धमा विश्वस्तता छैन । जहाँ पनि जुनसुकै क्षेत्रमा पनि अनिश्चितता छ । समयको ज्ञानले यस्ता मनमुटाव र अनिश्चितता साम्य गर्ने प्रयास त हुनसक्छ । तर आकाश पाताल जस्तै फरक पर्ने मनमुटावको दृष्टिकोण भने समाजका लागि हानिकारक र अहितकर नै हुने हुन्छ । देशको बदलिंदो स्थिति अनुकूल स्वचालित समाजमूलक अर्थतन्त्रले समेटेको स्थिति नै सामाजिक स्थिरताका लागि वाञ्छनीय हुन्छ । तर देशमा वरपर सबैतिर कुनै पनि क्षेत्रमा निश्चितताको वातावरण सिर्जना हुने लक्षण देखा परेको छैन । अव्यावहारिक र अपरिष्कृत राजनैतिक वा आर्थिक दृष्टिकोणको परीक्षण र प्रयोगले समाजलाई वाञ्छित फल प्राप्त हुने लक्षण छैन । प्रयोगको कुरा निश्चित पनि हुँदैन । अनि देशमा सामाजिक र आर्थिक वातावरण शंका, उपशंका, वाधा, विरोध र अवरोधद्वारा अराजकताको पोषक स्थितिमा परिणत भएर नैराश्य सिर्जना हुन्छ। यसले समाजमा विस्फोटन हुने सम्भावना पनि हुन्छ । यस्तो स्थिति समाजमा देखा

*अव्यावहारिक र अपरिष्कृत राजनैतिक वा आर्थिक दृष्टिकोणको परीक्षण र प्रयोगले समाजलाई वाञ्छित फल प्राप्त हुने लक्षण छैन ।*

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

पर्दैछ । प्रचलनमा भएको सामाजिक परम्परा धान्न सबैले गाऱ्हो महसूस गरेको स्थितिमा कसैलाई पनि दृढ आशावादी हुन सजिलो हुँदैन ।

> *परिवर्तनले राम्रो गर्छ भन्ने कुरा शंकास्पद जस्तो भयो ।*

यसैले देश र समाजलाई अगाडि बढाउन चाहने देशका विद्वत्वर्ग, समाजसेवी, राजनैतिक नेताहरू र उद्योगीहरूलाई समयको ज्ञान हुनु जरुरी छ भन्ने मैले ठानेको छु। जनताले परिवर्तन चाहेपछि परिवर्तन त हुन्छ नै । तर परिवर्तन समाज अनुकूल वा विपरीत हुने कुरा परिवर्तनबाट देखिने स्थितिले मात्र प्रष्ट्याउँछ। परिवर्तन हुनु अगावै थाहा पाउन सकिंदैन । यस्तो स्थितिले अन्तरिमकाललाई लम्ब्याउँछ र यसबाट निर्धारण हुन आउने स्थिति जनमूलक नै हुन्छ भन्न सकिंदैन ।

२००७ सालले सिर्जना गरेको अन्तरिमकाल २०१५ सालमा आएर समाजका लागि निश्चित गति दिन सकिने जस्तो भए पनि २०१७ सालमा आएर अर्कै व्यवस्था र अर्कै गति समाजमा देखिन आयो। व्यवस्था जुनसुकै खालको भए पनि साधन मात्र हुन्, साध्य होइन। त्यसमा पनि दुई दशक नबित्दै समाजमा असजिलो स्थिति र असन्तोष देखा पर्न थाल्यो। पुनः परिवर्तनको चाहना बढ्न गएर २०४६ सालमा मूर्तरूप लियो । २०४७ मा आएर निर्वाचन भयो । २०१५ सालकै मिल्दोजुल्दो इतिहास पुनः दोहोरियो। देशमा शान्ति छैन, शान्तिविना समाजमा प्रगति गर्न अर्को विकल्प हुँदैन।

अब जनताले हात पल्टाउँदै गरेको देखिन थालिएको छ । के भयो त खोई ? परिवर्तनले राम्रो गर्छ भन्ने कुरा शंकास्पद जस्तो भयो। महंगी बढ्यो। शिक्षाको क्षेत्र जनमुखी भएन । शिक्षा भ्रष्ट पेशा जस्तो भएर गएको एकमुख भएर जनताले बोल्न थाले। राजनैतिक सुझबुझ हुनेले



CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

किंकर्तव्यविमूढ भएर राजनैतिक क्रियाकलापमा अनिच्छा व्यक्त गर्न थाले । कुनै पनि काम सराहनीय छ भनेर विपक्षीले भन्नै पर्ने वातावरण बनेन । उल्टो चक्काजाम र बन्द जस्ता क्रियाकलापले जनताले असन्तोष व्यक्त गर्दै गए । आर्थिक सुधारमा कुनै दूरदर्शिता देखिएन । महंगी बढ्दै गयो । उद्योगी र व्यापारीहरू उद्योग र व्यापार धान्ने आर्थिक उपाय नभएर अल्मलिन थाले । उद्योग व्यापारमा आस्रित व्यवसायीहरूले काम पाउन छोडे । देशको प्राकृतिक उत्पादनमा समेत ह्रास आउन थाल्यो । अब समाजले अर्थतन्त्र धान्ने कसरी ? विदेशी पूँजीको लगानी नै यस्तो परिस्थितिको समाधानमा वरदान हुने पनि होइन । देशको मुद्राको क्षमता नै अत्यधिक न्यूनतम तहमा छ । समाजमा अशान्ति र भय छ ।

समयको गतिविधिको सिंहावलोकन गर्दा बिलकूल चिन्तित हुनुपर्ने स्थिति छ। समयले पूर्ति गर्न चाहेको समाजको अभाव भयावह छ । पुरानो एकजना सुब्बाको वार्षिक बाह्र सय तलब, मासिक सय रुपैयाँले धान्ने जीवन, मासिक बाह्र हजारको हाराहारीमा हुनुपर्ने आंकलनमा पुगिसकेको छ भने नौसिन्दाको मासिक नौ रुपैयाँ तलब त दन्त्यकथाको विषय बनिसकेको छ । किसानको उत्पादनले महंगीको चुली समातिसकेको छ। व्यापारीको लाभ देश र समाजको गतिहीन दिशावोधक छ। जे जस्तो व्यवस्था होस्, आखिर जनताले नै सबै बोझ बोक्नु नै पर्ने भएको छ भने समयले समाजलाई आशावादी तुल्याउन गाह्रो भएको छ। घर खर्च गर्नेलाई आफ्नो घर, परिवार, चाडबाड, विवाह, व्रतबन्ध आदि धान्न कति खर्च आवश्यक छ, थाहा छैन ।

*पुरानो एकजना सुब्बाको वार्षिक बाह्र सय तलब अब मासिक बाह्र हजार हुनुपर्ने भइसक्यो भने नौसिन्दाको मासिक नौ रुपैयाँ तलब दन्त्यकथा बनिसकेको छ ।*

१९९० सालको महाभूकम्पले नयाँ सडक अथवा जुद्ध

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

*समयको तस्वीर एकनासको हुँदैन । हेर्दाहेर्दै बदलिंदै गइरहेको छ ।*

सडक खुल्यो। परिवर्तनको शुरुवात भयो। फराकिलो सडक बन्यो । सडकको दायाँ बायाँ पेटी अनि प्रशस्त व्यापारको लागि मालसामान अटाउने पसलहरू खुले। राम्रा घरहरूका लामले र झलमल बत्तीले काठमाडौं शहरको रूप बदलिदियो। भैरवनाथमुनिको मेरो सानो व्यापारस्थल पनि उज्यालो भयो । इन्द्रचोक एउटा उन्नत व्यापार केन्द्र बन्यो। कपडा पसल खुले। कपडा र अन्य व्यापार सामग्रीका थोक व्यापारी मारवाडीहरू र खुद्रा व्यापारीहरू सबै त्यसबेला उत्साहित भएका थिए । असन, भोटाहिटी, त्यौड, ठँहिटी, नरदेवी, काठमाडौंका बजारहरू पनि इन्द्रचोक व्यापार केन्द्रबाट संचालित हुन थाले । व्यापार केन्द्रका रूपमा इन्द्रचोक नै उच्च स्थानमा पुग्यो। तर अचेल व्यापार बजार उपत्यकाभरि सडक सडक गल्ली गल्लीमा स्थापित भैसकेका छन्। सडकमा भरिभराउ मानिस हिंड्छन् । अगाडि जान एउटा मानिसले अर्को मानिसलाई पन्छ्याएर जानुपर्ने अवस्था आइसकेको छ। ९० सालमा फराकिलो भएको सडक १० वर्ष वा केही वर्ष अगाडिसम्म पनि हिंड्न असजिलो नभएको आजकाल सांघुरो भैसकेको छ। गाडीहरू साइड लगाई रोकी राख्न सडकमा स्थानको अभाव भैसकेको छ। सानो सानो गाडी एकतर्फी गरेर इन्द्रचोक भेडासिं बांगेमुढा भएर जान्छन्, कुनै इन्द्रचोक वटुटोल भएर जान्छन् भने कुनै इन्द्रचोक मखनटोल भएर काठमाडौं पुग्छन्। धेरैजसो गाडी त इन्द्रचोक न्यूरोड भएरै जानुपर्छ। एक दुइवटा गाडी र ट्याक्सीबाट बढेर अब असंख्य भैसक्यो । बस त्यत्तिकै भैसक्यो । अझ पुगेको छैन । बस चढ्नेको भीड दिनपरदिन बढ्दै नै छ। समयको तस्वीर एकनासको हुँदैन । हेर्दाहेर्दै बदलिंदै गइरहेको छ।

इन्द्रचोक न्यूरोडमा विशाल बजार छ । पहिले यहाँ



CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

जनसेवा गृह थियो । यहाँ विदेशी सामानको व्यापार केन्द्र बन्यो । मानिसहरू यस विशाल बजारलाई नेपालको हङ्कङ्ग बजार पनि भन्छन् । अनि जुद्ध सडकबाट न्यूरोड गेटसम्मको बजार अहिले निकै राम्रो भैसक्यो । पहिले हामी कलकत्ताको नमूना भन्थ्यौं । अहिले यो बजार पनि सांघुरो भयो । जुनसुकै सडकमा गए पनि उत्तिकै भीड छ । व्यापार भने स्वदेशी सामानको हुनुभन्दा विदेशी सामानकै बढी हुने गरेको देखिन्छ । हाम्रो देशको राजधानीको बजार अहिले आएर भीडमभीडको बजार भएको देख्दा त हाम्रो देशको अर्थतन्त्र धान्न नसकिने अवस्थाको छ भनी कल्पना गर्न नै गाहारो हुन्छ । तर समाज बेपत्तासित परिवर्तनको मोडमा खडा भएकोले राम्ररी नियालेर हेर्दा भविष्यमा हुने कुराको कल्पना गर्न नै गाहारो देखिन थाल्यो । बम्बई, बैंकक, हङ्कङ्ग, जापान, कोरिया जस्ता देशहरूमा बनेका अग्ला अग्ला गगनचुम्बी घरहरू पनि अब यस देशमा बन्ने समय आउन अब धेरै कुर्न नपर्ने स्थिति देखा पर्न थालिसकेको छ । ८० वर्षसम्म मात्र बाँचिए पनि यस्तो प्रगति हेर्न पाउने नै आशा गर्न सकिन्छ ।

अहिले हाम्रो देशमा भक्तपुर, पाटन जाने धेरैजसो मानिसहरू हिंडेर जाँदैनन् । गाडी र बस सेवा उपलब्ध छन् । ३ आना, ५ आनामा लरी (ट्रक) मा बसेर भक्तपुर जाने कुरा संझदा रमाइलो लाग्छ । भक्तपुर अहिले हिंडेर जाने विचार नै शायद कुनै पनि मानिसको मनमा हुँदैन । पाटन हिंडेर जान भ्याउँछ । तर बस पाएसम्म हिंड्ने कोही हुँदैन । रत्नपार्क पाटन ढोकाको बसको भीड रत्नपार्कमा मेला लागे जस्तै भैसकेको छ । अझ २०३२ सालतिर रिङ्गरोड बनिसकेपछि शहरको विस्तार हुँदै गएको छ । पहिलेदेखि सबै विचार गरेर शहर विस्तार गरिएको भए

*राजधानीको बजार बजार देख्दा त हाम्रो देशको अर्थतन्त्र धान्न नसकिने अवस्थाको छ भनी कल्पना गर्न नै गाहारो हुन्छ ।*

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

*शहर बजारको बाह्य आकृतिमा मौलिकता र सांस्कृतिक परम्परा अनुकरण गरिएको भए अहिलेको हाम्रो सडक बजारका घरहरू सौन्दर्यहीन आकृतिको हुने थिएन ।*

परिवर्तनले एउटा सुन्दर नमूनाको रूप लिइसक्ने थियो । योजनारहित अन्धाधुन्ध शहरीकरणले शहर सुन्दर पार्न असम्भव पारिसकेको स्पष्ट भएको छ । प्राचीन संस्कृतिले भरिपूर्ण काठमाडौं, पाटन र भक्तपुरमा आधुनिकीकरणको विशेष योजना गर्न पनि धेरै गाहारो हुने देखिन्छ । मन्दिर देवलहरू हटाएर काठमाडौंलाई आधुनिक शहर बनाउने प्रयास हुनु पनि हुँदैन । यसबाट देशको सांस्कृतिक सम्पदा संरक्षण हुनेभन्दा विनाश हुने हुन्छ । यसैले नगरपालिकाले शहरको घर भत्काएर आधुनिक डिजाइनको घर बनाउन दिनु हुँदैन । बरू, घर सम्भार गर्दा घरभित्रका कोठाहरू आरामदायी, सुग्घर र स्वस्थकर रहन-सहनका लागि, संस्कृति संरक्षण गर्नका लागि इञ्जिनियरिङ्ग सेवा प्रदान गर्नुपर्छ । पुरानो घर भत्केर जानु अस्वाभाविक होइन । मर्मत गर्न आवश्यक हुन्छ । तसर्थ, परम्परागत मौलिक वास्तुकला संरक्षण गर्ने दृष्टिकोण सबल बनाउन दृढता राख्नु उचित हुन्छ । यो मेरो आफ्नै सरल विचार मात्र हो ।

न्यूरोड, जुद्धसडक बन्दा परम्परागत मौलिक वास्तुकलाको संरक्षण गर्ने विचार गरिएन । सडक फराकिलो गर्ने र बाटो खोल्ने ध्यानले मात्र विदेशी शैलीको शहर बजार निर्माण हुन गयो । परम्परागत संस्कृतिको सम्वर्द्धन र संरक्षण गर्नेतर्फ ध्यान जान सकेन । शहर सुन्दर र बाटो फराकिलो पार्न नहुने भन्ने मेरो भनाइ होइन । परम्परागत संस्कृति र मौलिक वास्तुकलाको महत्वलाई ध्यानमा राख्नु पनि जरुरी हुन्छ । शहर बजारको बाह्य आकृतिमा मौलिकता र सांस्कृतिक परम्परा अनुकरण गरिएको भए अहिलेको हाम्रो सडक बजारका घरहरू सौन्दर्यहीन आकृतिको हुने थिएन । भए पुग्ने, सरल र सजिलो गरी कम खर्चले बनाउन पाए हुने आजको युगको धारणा नै भइसकेको छ । जीवन धान्ने

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

अर्थतन्त्र नै कमजोर भएपछि समयले यस्तै धारणा ल्याउने कुरा स्वाभाविक छ। काठ महंगो, ज्याला महंगो छ। आफ्नै देशका डकर्मी सिकर्मीको अभावले, भारतबाट आएका, संस्कृतिको ज्ञान नभएकाले काम गर्ने भएर मर्मत, संभार, संरक्षण र नवनिर्माण कार्यहरू पनि हुन गाहारो भएको छ। देशको सांस्कृतिक परम्परासित अनभिज्ञ कामदार मिस्त्रीहरूका भरमा पर्नुपर्ने स्थिति छ।

इन्द्रचोकलाई केन्द्र बनाएर अवलोकन गरे धेरै कुराहरू स्पष्ट हुन्छ। इन्द्रचोक वटु जाने सडक दायाँबायाँका घरहरू मात्र धेरै भए। सडक अँध्यारो र हिंड्डुलका लागि असजिलो हुँदै गएको छ। इन्द्रचोक नयाँ सडकमा परम्परागत चिन्ह पनि देखिंदैन। इन्द्रचोक मखन सडक पनि सांघुरो र अँध्यारो भएको छ। एउटा घर पनि परम्पराको प्रतिनिधित्व गर्ने खालको बनेन। यसको उदाहरण इन्द्रचोक भैरवनाथ मन्दिरको बायाँ गल्ली नै भयो। घरहरू नयाँ भएर आफ्नोपन गल्लीबाट पनि हरायो। इन्द्रचोक भेडासिं जाने बाटो र भेडासिंबाट बाङ्गेमुढा, किलागल र केलटोल जाने बाटोमा पनि अब देशको आफ्नोपनको वास्तुकला बिलायो। इन्द्रचोक असन जाने बाटोमा एक दुईवटा मन्दिर र सत्तलमा मात्र केही प्राचीन चिन्ह बाँकी छन्। यसरी मुख्य शहर बजार सर्सर्ती हेरे पनि आफ्नोपन बिलाएर गएको स्थितिको ज्ञान सबैलाई हुन्छ। अनुभवले समयलाई नियालेर केही दशक मात्र पीठ फर्केर अवलोकन गरे पनि कुनै पनि देशको प्रगति र उन्नति चाहने हृदयलाई, मनस्थितिलाई खुशी हुने अवसर आयो भनेर भन्न सकिने भएन।

*इन्द्रचोक असन जाने बाटोमा एक दुईवटा मन्दिर र सत्तलमा मात्र केही प्राचीन चिन्ह बाँकी छन्।*

अब असनलाई केन्द्र बनाएर असनमा उभिएर असन भोटाहिटी, असन कमलाक्षी, असन त्यौड, असन न्हैकन्तला,

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collecti

*समयको चक्र र भाग्यको चक्र केही गरी समाज अनुकूल हुने हुन्छ कि भनी आशा त गरी नै रहन्छु ।*

असन इन्द्रचोक, असन महाबौद्ध अवलोकन गर्ने कुनै पनि अवलोकनकर्ताले असनमा मात्र प्राचीन अन्नपूर्ण मन्दिर, गणेश, नारायण र त्यौडमा ज्वालादेवी बाहेक संस्कृतिको गौरव सम्झाउने केही पाउने सम्भव भएन ।

काठमाडौं नै पनि गद्दी वैठकलाई केन्द्र बनाएर हेरे देखिन्छ (कुमारीको घर, अग्ला मन्दिरहरू, महादेव पार्वती झ्यालबाट हेरिरहेको सुन्दर प्राचीन घर, ठूलो घण्टा र हनुमान्ढोकामा देखिने प्राचीन कलाकृति र काठमाडौं नाम रहन गएको ठूलो सत्तल काष्ठमण्डप र सिंहसत्तल बाहेक अरू जनताका घरहरू प्राचीन परम्परागत शैलीबाट बिमुख भएर गइसकेका छन् । शहर सौन्दर्यहीन एवं विसंगतिपूर्ण भएको छ । सामाजिक जीवन धान्ने देशको अर्थतन्त्रको दुर्गति विकृति परिचालक भयो । अनि समयले मानसिक चैतन्यलाई आशाको सास फेर्ने क्षण दिने हुनै सक्ने भएन । अनि म आशावादी छु भन्न मैले सकिन । हेर्दै जान्छु, समयको चक्र र भाग्यको चक्र केही गरी समाज अनुकूल हुने हुन्छ कि भनी आशा त गरी नै रहन्छु ।

समय बलवान् छ, ज्ञान चक्षुले ज्ञानको द्वार खोल्छ र अनुभवलाई तीव्र तुल्याउँदैछ । यसैले भूतको अनुभव लिएर वर्तमानले भविष्यमा समाजको हितका लागि दृष्टि सबल बनाउँदैछ । यही मेरो विश्वास हो । मेरो सरल अनुभव ज्ञान यही विश्वासमा सीमित तथा आधारित छ । देश र समाजको उन्नति र प्रगतिमा मेरो दृष्टिकोण आशान्वित छ, भरोसा छ । यसैले मलाई समय ज्ञान समाज अनुकूल शान्ति र प्रगतिका लागि हुनेछ ।

काठमाडौं, ललितपुर र भक्तपुर नजीक पारेर अविकसित जनजीवनको भिन्नता दूर गरेर एकतामा आबद्ध गर्न चक्रपथ



CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

बनेको छ । देशको विस्तृत भूभाग पहाड र तराइ जोड्ने मार्गहरू पनि धेरै निर्माण भएका छन् । त्रिभुवन राजपथ, पूर्व पश्चिम राजमार्ग, पृथ्वी राजमार्ग, काठमाडौं कोदारी राजमार्ग र मुगलिङ्ग पोखरा राजमार्गहरूको निर्माण द्रुततर समाज विकासका आधारशीला भएका छन् । सबै मार्गहरू राम्ररी संचालन भएर देशको अर्थतन्त्र बलियो पार्न सक्षम हुनेछ । हवाइ मार्गहरू र विमानस्थलको निर्माण र प्रगतिले देशको समाजको भविष्य राम्रो बनाउन सबल हुनेछ र आधारभूत आधारशीलाहरू देशको अर्थतन्त्र सबल बनाउन राम्ररी संचालन गर्न अत्यन्त जरुरी छ । यसैमा देशको राजनैतिक, सामाजिक र आर्थिक उन्नतिको निहित छ ।

समयले यसरी विस्तारै काँचुली फेरिरहेको हाम्रो यो देशमा जता हेरे पनि जहाँ गए पनि देवी–देवताका मन्दिरहरू छन् । भनेको सुनेको छु, भगवान्को इच्छाविना एउटा सानो पत्थर पनि हल्लने होइन । हुने हुन्छ जे पनि रचिराखेको रामले भन्ने गर्छन् बूढापाकाहरू गाएर – “होगा वही जो राम रचि रखा ।” संसारको चिन्ता लिएर हिंडेर मेरो सरल जीवन निर्वाह हुँदैन । समयको ज्ञानले विद्वान्हरूले देश र समाजको समयानुकूल सुधार गर्ने प्रयास गर्नुपर्ने मेरो साधारण विचार हो ।

*आधारभूत आधारशीलाहरू देशको अर्थतन्त्र सबल बनाउन राम्ररी संचालन गर्न अत्यन्त जरुरी छ ।*

म त साँच्चै भनुँ भने इन्द्रजात्रामा रमाउँछु । हनुमान्ढोकामा लिङ्गो ठड्याउने जात्रा रमाइलो छ । कुमारीको रथ यात्रा हुन्छ । हजारौं हजार जात्रा हेर्न आउनेहरू देवल तथा विभिन्न स्थानहरूमा बसेर जात्रा हेर्छन् । भैरवनाथको मूर्ति सजाइन्छ । व्यापारमा चहलपहल हुन्छ । कुमारीको रथ जात्रा पहिलो दिन काठमाडौंबाट दक्षिणमा हुन्छ । दोस्रो दिन कुमारीको रथ यटखा, नरदेवी, बाङ्गेमुढा र

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

*अब हाम्रो संस्कृतिलाई सुम्पने कुरा के रह्यो ? पुरानो बिलाउने, नयाँ हामी बनाउन सक्षम भएका छैनौं ।*

असन भएर इन्द्रचोक आइपुग्छ । अन्त्यमा किलागलबाट इन्द्रचोक ल्याइन्छ । यो एउटा परम्परा हो जसमा देशको जनजीवन तथा जनजीवनका आवश्यक वस्तुको व्यापार हुन्छ । यसरी आठ दिन चल्ने इन्द्रजात्रामा बेलुका बेलुका महाकाली नाच, देवी नाच, भैरवनाच, लाखे नाच र नाटकहरू हेर्ने परम्परा राम्रो लाग्छ । यस इन्द्रजात्रामा पहिले राणा प्रधानमन्त्रीहरूले हात्तीमा बसेर चाँदीको मोहर झ्यालझ्यालमा छर्ने र सडकमा छर्ने गर्थे । यही एउटा कुरा त्यसबेला चित्त नबुझ्ने खालको थियो । अनि सोऱ्हश्राद्ध शुरु हुन्छ । पितृ सम्झने काममा समाज व्यस्त हुन्छन् । दशैंको वातावरण विस्तारै बन्न थालेर दशैं बजारको चहलपहलले समाज व्यस्त भएर नवरात्रदेखि देवी–देवताका मन्दिरहरूमा गएर पूजा अर्चना गर्ने माहौलले देशमा समाज संचालनको परम्परा अनुसरण हुन्छ । अहिलेको समयको तस्वीर बितिसकेको समयको तस्वीरबाट धेरै भिन्न भैसकेको छ । परिवर्तनको निरन्तरतामा पुरानो जति संस्कृति बन्ने कुरा स्वयसिद्ध नै छ । अब हाम्रो संस्कृतिलाई सुम्पने कुरा के रह्यो ? पुराना संस्कृतिका कुराहरू एक एक गरी बिलाउँदै गइरहेको देखिरहेका छौं । पुरानो बिलाउने, नयाँ हामी बनाउन सक्षम भएका छैनौं । यो परिवर्तनबाट, क्रान्तिबाट हुने कुरा हामी गर्छौं । तर हुने के ? गर्ने के ? समाज निर्माणको पथ अलमल छ । विश्वास र आशा दुवै धरमर छ । तैपनि आशा गर्छु, समयले समाज हितको ज्ञान खोजी गरेर बाटो पहिल्याई नै दिन्छ ।



CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

# परिवर्तन समन्वयात्मक हुनुपर्छ

व्यापार क्षेत्रबाट मैले साधारणतया पाएको अनुभवको चर्चा गर्दा ज्ञान र अनुभव नै कार्यक्षमता बढाउन सहायक हुने भावना वा विचार व्यक्त गर्दै आएको छु। ज्ञानलाई अनुभवले परिष्कृत गर्छ भन्ने कुरामा नै मेरो दृढ विश्वास छ। यसै सन्दर्भमा यहाँ मेरो विचार र धारणा उल्लेख गर्न प्रासाङ्गिक हुने ठान्दछु। कुनै पनि कार्यक्षेत्रमा कार्यरत् व्यक्तिलाई बुद्धि, विचार र क्षमताले कार्यक्षेत्रमा प्रगति गराउँछ। सरल बुद्धि र सरल विचारलाई विस्तारै आफ्नै क्षमताले क्रियाशील तुल्याउँछ र विवेक र अनुभवले कार्यकुशलतामा स्थायित्व ल्याइदिन्छ। तर कहिलेकाहीं कुशल भएर पनि कार्यक्षेत्रमा देखा पर्न गाहारो अवस्था र कठिनाईबाट उत्पन्न हुने निराशाजनक स्थितिमा विवेक र धैर्य तथा समयको ज्ञानले मात्र मानिसलाई यस्तो असजिलो स्थितिबाट उम्कन सहयोग हुन्छ। यसैले आफ्नो क्षेत्रमा आफैले पाइरहेको विश्वास स्थिर राख्न सकिने हुन्छ। मलाई राम्ररी याद छ, मैले संचालन गर्दै आएको मेरो व्यापार क्षेत्रमा मलाई कठिनाई नआएको होइन, मलाई बारम्बार कार्यक्षेत्रमा असजिलो पर्न आएको थियो। समय समयमा तत्कालीन राजनैतिक र सामाजिक चिन्तनमा आउने विचार र दृष्टिकोणले पनि व्यापार क्षेत्रमा असर पार्छ, पर्न आउने पनि हुन्छ। तर विस्तारै अफठ्यारो हराएर जान्छ। यसैले मलाई यस्तो अनुभवको संझना मीठो लाग्छ। अनुभवले व्यावहारिक ज्ञान प्रवर्द्धन गर्ने हुँदो रहेछ।

*मैले संचालन गर्दै आएको मेरो व्यापार क्षेत्रमा मलाई कठिनाई नआएको होइन, मलाई बारम्बार कार्यक्षेत्रमा असजिलो पर्न आएको थियो।*

एकताका विदेशी मुद्राको रूपमा भारतीय नोटको सटही दर नै पनि मेरो पसलबाट कायम हुने गरेको मैले राम्ररी थाहा पाएको थिएँ। आजकाल बैंकबाट विदेशी मुद्राको

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

*त्यसबेला बजार र व्यापार अनियन्त्रित भयो भने कसरी यस्तो स्थिति सिर्जना भयो भनी बुझ्न मलाई तत्कालीन अधिकारीहरूले बोलाउने गर्थ्यो ।*

दरभाउ राख्ने जस्तो चलन २०१५ सालसम्म पनि थिएन। वाणिज्य वा व्यापार जनजीवनको आवश्यकता ज्ञानबाटै संचालित हुन्छ। विदेशी मुद्राको विनिमय दरमा उतार चढाव व्यापारको व्यावहारिक ज्ञानबाट हुने आभास पनि पाइन्छ। विदेशी मुद्रा बजारमा कम भयो भने विदेशी मुद्राको दरभाउ बढ्ने र बजारमा बढी देखिन आएमा भाउ घट्ने कुरा व्यापारमा स्वाभाविक र सरल कुरा नै हुन्। त्यसैले त्यसबेला अलिकति बजार र व्यापार अनियन्त्रित भयो भने कसरी यस्तो अवस्था पर्न आयो वा कसरी यस्तो स्थिति सिर्जना भयो भनी खोज गर्न मलाई तत्कालीन अधिकारीहरूले बोलाउने गरेको मलाई राम्ररी संझना छ। कहिलेकाहीं तारिखमै पनि बस्नुपर्ने हुन्थ्यो । त्यसैले बुद्धि, विचार र क्षमताले मात्र पर्न आएको कठिनाई हट्दैन । स्थिति वा अवस्था बुझ्ने र बुझेर कार्य गर्ने विवेकको पनि आवश्यकता पर्छ ।

अब ५०/६० वर्षको समयको अन्तरालमा बजार र व्यापारको अवस्थामा धेरै परिवर्तन भैसकेको छ । पहिले जस्तो अहिले व्यापारको क्षेत्र सजिलो छैन । भंसार कर र प्रतिस्पर्धाको आयाम धेरै विस्तार भैसकेको छ। नियम कानून पनि सरल छैन। उद्योग क्षेत्रमा सरंक्षणभन्दा नियन्त्रण बढी हुने गरेको छ । मेरो आफ्नै व्यापार क्षेत्र र पसल पनि निष्क्रिय भैसकेको छ। मुद्रा विनिमय गर्ने काम जनताले गर्न नपाइने नियम कानून बनेपछि मैले नेशनल ट्रेडिङ्गको एजेन्सी लिएर काम गरें । अन्य व्यापारको काम पनि गर्दै लगें । जस्तोसुकै परिस्थिति आइपरे पनि देश र समाजको सेवाको लागि हात बाँधी नबस्ने दृष्टिकोणले आफू सक्रिय भएर समाजको सेवा गरी आफ्नो जीवनको प्रतिपालन गर्नु जीवन हो भनी मैले ठानें ।

समयसापेक्ष कार्य गर्दै जानु जीवनको गति हो । यस



CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

गतिलाई राम्ररी जान्नेहरूले नाङ्गलोमा चुरोट राखेर वा अन्य पदार्थ राखी व्यापार गरेर वा तस्वीर पसल, पुस्तक पसल, बिजुलीका सामान पसल, भाँडाकुँडाका पसल, कपडाका पसल, अन्नादिको पसल र अन्य धेरै प्रकारका पसल खोलेर व्यापारीहरूले प्रगति गरेका छन् । उन्नतशील मारवाडी व्यापारीहरूको त राष्ट्रिय व्यापार र अर्थतन्त्रमा नै धेरै ठूलो सहभागिता छ। वास्तवमा वर्तमान व्यापार क्षेत्रको व्यापकता र विस्तृतीकरणको एक अध्ययन तथा राष्ट्रिय विश्लेषणकै आवश्यकता छ ।

उद्योग नगरी देशको अर्थतन्त्र धान्न सकिँदैन । उद्योग गर्नुपर्छ । अहिले देशमा उद्योग गर्न नेपाली मूलका व्यापारी र उद्योगीहरूले नेपाली मारवाडी व्यापारी समूह, भारतीय मूलका व्यापारी समूह, आदिसंग कडा प्रतिस्पर्धा गर्न सक्षम हुनुपर्छ । अन्यथा, अन्य व्यापारीहरूका उद्योग व्यापार फस्टाउन सजिलो हुँदैन। सकेदेखि नयाँ व्यापार क्षेत्र पहिल्याउनुपर्छ र त्यसैमा लागिपरेर सशक्त प्रयास गर्नुपर्छ। यसैले व्यापारको क्षेत्रमा मेरो प्रयास रहिरह्यो । आफ्नै छोराहरू पनि व्यापार क्षेत्रमै लागेर देश र समाजको सेवाका लागि विभिन्न उद्योगमा कार्यरत् छन् ।

निरन्तर व्यापार क्षेत्रमा कार्यरत् भइरहेको हुँदा अहिले पनि व्यापार क्षेत्रमा भैरहेको गतिविधिमा ध्यान जानु मेरो स्वाभाविक जीवन नै भएको छ। वास्तवमा म अहिले सक्रिय भएर व्यापारमा नै लागेको छु भन्ने कुरा होइन । सबै व्यापारका कामहरू मेरा चारैजना छोराहरूले धानेका छन् । म उपयुक्त तरीकाले छोराहरूले गरिरहेका उद्योग व्यापारमा सहभागी मात्र भएको छु। तैपनि व्यापार परिस्थिति अवलोकन गर्ने मेरो ठूलो चाख यथावत सक्रिय नै छ ।

*मेरा चारैजना छोराहरू व्यापार क्षेत्रमै लागेर देश र समाजको सेवाका लागि विभिन्न उद्योगमा कार्यरत् छन् ।*

देशमा २०४६ सालपछि आएको परिवर्तनले सिर्जना

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

*उहाँहरूका कुराकानी र रायमा वर्तमान परिस्थितिप्रति असन्तोष र क्षोभ व्यक्त भैरहेको स्पष्टसंग पाइन्छ ।*

गरिरहेको व्यवस्थाले देशको अर्थतन्त्र धान्न निकै प्रयास गर्नु जरुरी छ । विचार, बुद्धि र विवेक पुऱ्याएर जनअनुकूल समाजमूलक औद्योगिक कार्यहरू गर्दै लैजान अति आवश्यक छ । यो सजिलो काम होइन । हजारौं वर्षदेखि संचालित समाज विपरीत प्रयासले परिवर्तनबाट प्राप्त राजनैतिक व्यवस्था स्थायी हुन गाहारो हुन्छ। अर्थतन्त्रको राम्रो विकास साथसाथै प्रशासनको बागडोर हातमा लिनेहरूका नैतिकताको स्तर उच्चकोटीको भएर त्यागले मात्र प्राप्त परिवर्तन टिकाउ हुनसक्छ । देशमा भ्रष्टाचार जताततै जुनसुकै क्षेत्रमा पनि व्याप्त छ भन्ने सुनिन्छ । यस्तो भनाइ बिलकूल सत्यहीन भन्न पनि सकिंदैन। किनभने मेरो पसलमा आजकाल विभिन्न क्षेत्रमा अनुभवी विद्वान्हरू र बूढाहरू आइबस्ने गर्नुहुन्छ। व्यापारी तथा उद्योगपतिहरू पनि आएर देशको उद्योगमा आइपरेका समस्याहरू लिएर कुराकानी गर्नुहुन्छ। उहाँहरूका कुराकानी र रायमा वर्तमान परिस्थितिप्रति असन्तोष र क्षोभ व्यक्त भैरहेको स्पष्टसंग पाइन्छ ।

हाम्रो देशमा बूढाबूढी र अवकाशप्राप्त अनुभवी बूढाहरूको सेवा गर्ने र अनुभवी राय सल्लाह लिने संस्थाको चलन चलिसकेको छैन । उनीहरूलाई घरमा मात्र बसेर समय बिताउन पनि गाहारो हुन्छ। विक्रम सम्वत् २०४० को भाद्र आश्विनतिर म बेलायत, अमेरिका, जापान, जर्मनी, फ्रान्सको भ्रमण गर्न जाँदा मैले त्यहाँ बूढाबूढीहरू भेटघाट गर्ने र बूढाबूढीहरूको सेवा तथा देखरेख गर्ने स्थानहरूको प्रबन्धका बारेमा पनि हेर्ने बुझ्ने अवसर पाएको थिएँ। हाम्रो देशमा यस्तो राम्रो प्रबन्ध पछि पछि होला भन्ने आशा राख्न सकिन्छ । तर मेरो पसलमा म बिहान करीब १० बजेदेखि १२ बजेसम्म बस्ने गरेको हुँदा बूढाहरू र सज्जनहरूसंग भेटघाट गर्ने, अनुभव सुन्ने, विचार र धारणा सुन्ने अवसर मैले पाएको छु। मेरो उमेरको हिसाबले पनि यस्तो भेटघाट

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

मेरोलागि एक उपलब्धि नै ठानेको छु। सबैले यस्तो भेटघाटका लागि साथीहरूले एउटा बृद्धाश्रम भए हुने धारणा पनि पोखेको सुनेको छु । यसका लागि कदम उठाउन अगाडि सर्ने व्यक्तिको आवश्यकता सबै महसूस गर्छन् र साधारणतया बृद्धावस्थाका अनुभवी मानिसहरू आफ्ना परिवारका लागि दुःखद् सूचक अवस्थामा बाँचिरहेको भावना पनि व्यक्त गर्दछन् । संसारमा नैसर्गिक स्वभावबाट कोही पनि अपरिचित हुँदैनन् । १०० वर्ष नै बाँचे पनि एकदिन संसारबाट जानैपर्ने कुराबाट कोही पनि अनभिज्ञ देखिँदैनन् ।

यहाँ एउटा प्रसंग जोड्नु सान्दर्भिक नै होला । आजकाल सधैं जस्तै इन्द्रचोकमा बिहानदेखि बेलुकीसम्म नै भीड हुन्छ । व्यापारको चहलपहल पनि धेरै छ । विदेशी पर्यटकहरू पनि प्रशस्तै देखिन्छन् । त्यसमा पनि सतबीउ छर्न आउनेहरूको इन्द्रचोकमा ठूलै भीड देखियो । बालाचतुर्दशीको पर्वमा पूर्वजहरूले देशमा चलाएको एउटा अति राम्रो राष्ट्रिय सामाजिक परम्परालाई आत्मसात् गरिआएका छन् । भविष्यमा यसरी राम्रो जीवन धारण गर्नलाई सबैले धार्मिक दृष्टिकोणले महत्व देओस् । पशुपति क्षेत्र र गुह्येश्वरी स्थान र मृगस्थली, जुन श्लेष्मान्तक वन भनेर पनि ख्यातिप्राप्त छ, मा मानिसहरू फलफूल र विभिन्न अन्न पाइला टेक्न ठाउँ नहुने गरी छर्ने गर्दछन् । अधिराज्यभरि नै यसरी अन्न छर्ने स्थानहरू धार्मिक विश्वास अनुसार स्थापित छन् ।

बालाचतुर्दशीको यो पर्वमा जाति अनुसार भिन्न भिन्न आचरण पनि देखिन्छ । यो पर्वमा वन जङ्गलका चराचुरुङ्गीहरूको लागि पेटभरि खान पाइने दिन भनी मानिएको छ । यो पर्वको महिमा गाईजात्राको पूरकको रूपमा भविष्य राम्रो होस् भन्ने धारणासंग जोडिएको छ । तिहार वा दीपावली लगत्तै अन्नादि बेचबिखन, वितरण तथा धूप बत्ती बाली

*बालाचतुर्दशी पर्व वन जङ्गलका चराचुरुङ्गीहरूको लागि पेटभरि खान पाइने दिन भनी मानिएको छ ।*

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

*समाज परिवर्तनको नाराले परम्पराको जरोलाई नै उखेल्न चाहेको आभास पाइन थालेको छ।*

भविष्यमा जीवनको शुभकामना राखी पर्यटन प्रवर्द्धन र देशको कृषिजन्य व्यापार संचालनमा ध्यान राखिएको र सांस्कृतिक महत्व कायमै राख्न टेवा दिने यो पर्वको सुअवसर मानिआएको छ। यसरी देशको परम्परामा राजनैतिक दृष्टिकोण के कस्तो किसिमको छ र कसरी राजनीति यसमा समावेश भएर परिचित छ भन्ने कुरा विद्वान्हरूको अन्वेषणको कुरा हो। मेरो अनुभव क्षेत्र राजनीतिक विश्लेषण गर्ने होइन। वर्तमान समयमा वादको राजनीतिले यस क्षेत्रभित्र विषमताको परोक्ष प्रभाव पर्दै जानु अर्कै कुरा भयो। समाज परिवर्तनको नाराले परम्पराको जरोलाई नै उखेल्न चाहेको आभास पाइन थाल्यो। राजनीति र परम्पराको सम्बन्ध विचार गर्दा शाह खान्दानको २०० वर्षको राजनैतिक अनुभव छ र राणा शासनको १०४ वर्षको राजनैतिक अनुभव छ। यति लामो अवधिको राजनीतिको अनुभवले नछोएको, प्रभावित नभएको परम्परा अब विभिन्न वादको राजनीतिले विज्ञानको प्रगतिको आधार र सहारा लिएरै पनि जनजीवनबाट छुटाई नयाँ परम्परा दिने सोचाइ र कल्पना सजिलो हुँदैन।

यस्तै, बालाचतुर्दशी अगाडि देशभर मानिएको तिहारको परम्परा मामूली परम्परा होइन। यो परम्परा वास्तवमा सशक्त जीवन दर्शनमा आधारित छ। पाँच दिन लगातार मानिने दीपावली उत्सव तथा चाडमा जनजीवनमा व्यापार पद्धति र जीवनदर्शन समन्वयात्मक प्रकृतिको हुन गएको छ। यसमा जीवनका विभिन्न पक्षहरू आबद्ध छन्। काग र कुकुरको पनि पूजा गरिने यो चाडमा भौतिक पदार्थको सकेसम्म प्रयोग गरी अध्यात्मवादलाई नै जनजीवनले हृदयङ्गम गरेको छ। 'घर घर लक्ष्मी पूजा र घर घर दीपावली' गरी यस चाडको असाधारण व्यापारिक सक्रियता र भौतिक उन्नतिको अध्यात्म जीवनको समन्वयामक प्रतीकका रूपमा व्यवस्थित गरी व्यवहारमा उतारिएको छ। जुवा खेल्ने,



CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

आनन्द मनाउने र जीत–हारमा जीवनको जोखना हेर्ने – 'राजा रंक हुने, रंक राजा हुने' जस्ता धारणाले पनि यस अवसरमा स्थान पाएको छ ।

अनि गोवर्द्धन पूजा अर्थात् म्हपूजा अथवा भनुँ आफ्नै आत्मालाई प्राधान्यता दिएर गर्ने पूजा नेवारहरूले मात्र गर्ने गर्छन् । आत्मपूजाद्वारा परमात्माको एक अणुको रूपमा आफूलाई सम्झनु अध्यात्मवाद चरम सीमामा व्यवहारमा उतारिएको धारणा वा दृष्टिकोण युगौंको अनुभवले संगालेको परम्परा हो । यसैले संस्कृतबाट नामकरण भएका देवी–देवताका नामहरू सहज रूपले ग्रहण गरी पूजाआजा गरिआएका नेवार जातिको भाषामा आफ्नै भाषाबाट सर्वशक्तिवान् भगवान्को नामकरण भएको देखिँदैन । यसर्थ दीपावलीको महत्वपूर्ण दिन म्हपूजामा पृथ्वीमा उम्रेका सबै किसिमका अन्न तथा गेडागुडी र मानिसले अफ्नै बुद्धिले सिर्जना गरेका वस्तुहरू सहज समावेश भएका हुन्छन् । कुनै पनि वस्तु अनावश्यक भनेको यस चाडमा हुँदै हुँदैन । थाङ्नो नै पनि बत्तीको रूप लिएर बलेर जीवन उज्यालो पारेर भष्म भएर बिलाएर जान्छ । र, संसारमा काम नलाग्ने वस्तु नै के छ र भन्ने यस चाडले संझना गराउँछ । पूजामा प्रयोग हुने पदार्थहरूको नामको सूची हेरेमा एउटा मानिसको भागमा सारा व्यापारका सामानका बानाहरू र पदार्थ समावेश भएर प्रदर्शित हुन्छन् । मखमली फूल र अरू विभिन्न फूलहरू, विभिन्न फलफूलहरू, विभिन्न रोटीहरू, पृथ्वीमा उम्रेका सबै प्रकारका अन्नहरू, धूप बत्ती र जनै जस्तो बनाइएका धागो र विभिन्न टीकाका रंगहरू आदि तयार पारेर क्रमबद्ध प्रयोग गर्न आइमाईहरू कुशल छन् । वास्तवमा आइमाईहरूको कुशल संचालनमा नै पर्वको गरिमा जीवित रहन्छ ।

*दीपावलीको चाडले संसारमा काम नलाग्ने वस्तु नै के छ र भन्ने संझना गराउँछ ।*

अर्को दिन भाइटीकामा ओखर, मखमली फूल

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

> *वृटिशहरूले उपनिवेशको विस्तार गर्दै आउँदा पनि नेपालको जनजीवन र समाज राजनीतिदेखि अलग्ग र सरल थियो ।*

बिमिरो र स्यांगलीको महत्व दर्शाई अनेक फलफूल र लामो बत्ती बाली दिदी बहिनीहरूले दाजुभाइको चिरायुको कामना गर्ने प्रविधि साँच्चै नै काल विजय गर्ने अध्यात्म धारणाले प्रेरित छ । मखमली फूल चाँडै ओइलाउँदैन । बिमिरो चाँडै सुक्दैन, स्यांगली पानीमा पनि भिज्दैन, न ओखर भिज्छ पानीमा । यी वस्तुहरू नाश नभै दाजुभाइलाई यमले लान नपाउने शर्तमा दिदीले भाइ दीर्घजीवी तुल्याउने कामना साँच्चै सऱ्हाहनीय तथा आपसी माया, स्नेह र सद्भावना अभिबृद्धि हुने समाजका लागि नै एउटा चिरस्थायी प्रक्रियाको उपलब्धि हुन् ।

मेरा यी कुराहरू भावनात्मक अभिव्यक्ति मात्र होइनन् । समाज सुचारूरूपले संचालन गर्ने एउटा दूरगामी परम्परा प्रचलनको सिर्जना नै हुन् र यो प्रचलनले संस्कार संस्कृतिको रूपमा बलियो जग बसालिसकेको छ । यसबाट दिदी–बहिनीहरू पनि लाभान्वित हुन्छन् । व्यापार संचालन र सामाजिक अर्थतन्त्र स्थिर तुल्याउन यस चाडले बृहत् रूपले सघाउ पुऱ्याएका पक्षहरू सबै चाडभन्दा प्रबल रहेको मान्न सकिन्छ । शक्तिका लागि होडबाजी गर्ने राजनीतिले यस क्षेत्रमा चियाउनसम्म पनि सक्दैन । अनि समाजका यस्ता परम्पराहरू नै राजनीति भए यसमा मानव अधिकार सम्मानका लागि यस्तो परम्परा बलियो समाज सूत्र नै भयो ।

यसैले होला विदेशीहरू विशेष गरेर वृटिशहरूले उपनिवेशको विस्तार गर्दै आउँदा पनि नेपालको जनजीवन र समाज राजनीतिदेखि अलग्ग र सरल थियो । यस समाजलाई चलाउन आवश्यक थिएन । नेपालको प्रशासनले आफ्नो प्रशासनलाई सम्मान गरे पुग्ने विचार व्यक्त गरेर नेपाललाई स्वतन्त्र राज्यको रूपमा राख्यो । र, आफ्नै परम्परामा कसैको



CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

हस्तक्षेपविना लाग्नसक्ने क्षमता र अवसर नै उपलब्ध गरायो ।

प्राचीन रूढीवादी समाज परिवर्तन गर्नमा गीताको भूमिका पनि कम महत्वपूर्ण छैन। नयाँ समाजको निर्माणको आवश्यकता गीताले महसूस गराएको छ । हाम्रो देशले परम्परागत समाजमा मानव मूल्य र मानवहितको सम्मान समन्वयात्मक तरीकाले गरेको छ । केवल प्रशासनको हस्तक्षेपले मात्र कहिलेकाहीं समाजमा विपरीत कार्य हुन गएका हुन्छन् । अर्थात्, प्रशासन समाज, परम्परा र मानव मूल्यको सापेक्ष भएर चल्न सकेमा अहिले देखिन आएका परिवर्तनबाट सृजित विसंगतिहरू देखा पर्ने थिएनन् ।

यसरी साथीभाइहरूका विचारहरूबाट पनि मैले संगालेको मेरो अनुभव वर्तमान वैज्ञानिक प्रविधिले प्रभावित ठूल्ठूलै परिवर्तन वा आमूल परिवर्तन चाहने क्रियाकलापसित बिलकूलै विपरीत जस्तो देखिए पनि मलाई लागेको मेरो यो विचारको कुनै पनि समाजको परिकल्पनामा मानिस नै स्वतः तयार नै हुन नसकी परिवर्तनले स्थायी बाटो लाग्न सक्दैन भन्ने हो। समयले सबै कुरा परिवर्तन गर्दै लैजाने कुरा मान्न सकिंदैन भन्ने भने होइन । समयले परिवर्तन गर्छ, गर्दै लैजान्छ। तर मानव हित विपरीत केवल परिवर्तनका लागि परिवर्तन हुँदैन। समाज परम्परा र परिवर्तन समन्वयात्मक हुनुपर्छ । विवेक नै यसका लागि मार्ग पहिल्याउने उत्तम तथ्य हो ।

*प्रशासन समाज, परम्परा र मानव मूल्यको सापेक्ष भएर चल्न सकेमा अहिले देखिन आएका परिवर्तनबाट सृजित विसंगतिहरू देखा पर्ने थिएनन् ।*

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection



पशुपतिनाथ मन्दिर



CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

# परिवर्तनपछिको सामाजिक प्रारूप

युगौंदेखि संचालन भएर आजसम्म यथावत रहेको हाम्रो परम्परामा कहीं पनि रुकावट र नियन्त्रण छैन । वर्षैभरि, बाऱ्है महिना साना ठूला चाडपर्व परम्परागत रूपमै संचालित छन् । अन्य तिथिमितिले सम्वर्द्धन गरिएको हाम्रो परम्परामा समाज, संस्कृति र सभ्यता संरक्षण भएर उन्नतशील नै छन् । संस्कृतिले भरिपूर्ण हाम्रो परम्परा र समाज सभ्यताकै स्वभावजन्य प्रारूपले जीवित छन् । हाम्रो समाज स्वतन्त्र छ, स्वच्छन्द छ र न्यायमूलक छ । व्यक्तिगत जायजेथा धनमाल भोग गर्ने अधिकार हाम्रो समाजमा प्रत्येक व्यक्तिलाई प्राप्त छ । आइमाईहरू मातृत्वको तहमा सम्मानित छन् र आफ्नो व्यक्तिगत धनमाल उपभोग गर्न उनीहरूलाई हक प्राप्त छ । अविवाहित भएर बसुञ्जेलसम्म मात्र नियन्त्रित देखिन्छन् । यस्तो नियन्त्रण आइमाईलाई मातृत्वको पवित्र तहमा पुऱ्याउन आवश्यक मानिएको होला । आइमाईलाई अनादर गरिन्छ भन्ने आलोचना शायद यदाकदा आइमाईका लागि र आइमाईबाट हुने घटनाहरूले सिर्जना गरेको धारणा होला ।

अन्यथा जयस्थिति मल्लबाट तहजनित तथा रोजगारमूलक वर्ग सिर्जना र सुधार जनस्वीकृतिबाट प्रचलनमा आएको हाम्रो समाजमा मनुस्मृति र याज्ञवल्क्यको आचारसंहिता र शास्त्रको अनुसरण प्रबल छ । तसर्थ, एकाध अप्रिय घटनाले पाश्चात्य देशका आइमाईहरूले भोग्न परेको दुःखद् तहमा हाम्रो समाजका आइमाईहरूको तह तुलना हुँदैन । सत्ता राजनीतिबाट अलग्ग भएर हाम्रो समाजका आइमाईका बारेमा सूक्ष्म विश्लेषण गर्नुपर्दछ । हाम्रो

*संस्कृतिले भरिपूर्ण हाम्रो परम्परा र समाज सभ्यताकै स्वभावजन्य प्रारूपले जीवित छन् ।*

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

*हाम्रो समाजमा राजाको स्थान सर्वोपरि छ । तर राजाले गर्ने काम के के हुन् ?*

परम्परागत समाजमा विभिन्न पक्षको अवलोकन तथा अध्ययन गरेमा हाम्रा आइमाईहरू संस्कृति उन्मुख देखिन्छन् र नारीत्वको संरक्षण, सुरक्षा र सम्वर्द्धनमा सशक्त रूपमा अभिमुख छन् । कोही पनि मातापिता आफ्ना छोरी अलपत्र हुनसक्ने स्थिति नै नआओस् भन्ने अभिप्राय र धारणाले नै नारी स्वभाव नियन्त्रणको पक्ष सबल देखिएको हुनुपर्छ । र, यसैले राजनीति, समाज, अर्थतन्त्र, धर्म र संस्कृति नारी वरिपरि केन्द्रित भएर प्रदक्षिणा गर्छन् ।

हाम्रो परम्परागत समाज किराँतकाल, लिच्छवीकाल, मल्लकाल, शाहकाल, राणाकाल र वर्तमानकाल समाज र शक्ति संघर्षबाट पनि हाम्रा नारीहरू अप्रभावित छन् । तर आजकाल समाज अनुकूल नहुने, बाह्य विचारधाराको बाहुल्य हुने र बाह्य राजनीतिकवादहरूले प्रभावित हुने शिक्षाको प्रणाली नै परम्पराको विनाश गर्ने साधनका रूपमा बलियो जग बसिसकेको छ । निम्न तहका विद्यालयहरूमा नै परम्पराको ज्ञान दिइँदैन भने उच्च शिक्षा दिने तहमा त यसको अपेक्षा नै राख्न सकिन्न । यसैले मलाई लाग्छ, सर्वप्रथम हामीले हाम्रो समाज र परम्पराकै विश्लेषण गर्न अति आवश्यक छ ।

स्वतन्त्र र न्यायमूलक समाज नै हाम्रो परम्परागत प्रजातन्त्रात्मक समाज होइन र ? हाम्रो समाजमा राजाको स्थान सर्वोपरि छ । तर राजाले गर्ने काम के के हुन् ? जनता भोकै नराख्ने, जनतालाई कामधन्दा वा रोजगार सिर्जना हुने क्षेत्र सिर्जना गर्ने, जनताको संरक्षण गर्ने र न्याय गर्ने, राजनीति र व्यापार नगर्ने यिनै हुन् राजाका कामहरू ।

हाम्रो संस्कृति अनुसार बनाइने घरको छानामा बिरालो पस्ने प्वाल भौप्वाल हुनैपर्ने वास्तुकला विधान छ । भौप्वालबाट

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

भात पकाएपछि धूवाँ निस्कन्छ र जनताले भोजन गर्ने थाहा पाउने प्रक्रिया यसबाट स्थापित भएको छ । कुनै घरको भौप्वालबाट धूवाँ ननिस्के राजाका दूत पुगेर हालखबर लिनैपर्ने भएकोले कसैले पनि घर बनाउँदा भौप्वाल राख्नैपर्ने नियम र विधान हुन् ।

अब हाम्रो कृषिप्रधान देशमा यसबाट कृषिमा काममा लाग्न नपर्ने बेलामा कृषकहरू सिकर्मी, डकर्मी, र वास्तुकलाविद् भएर देशमा नयाँ घरहरू बनाउन, मर्मत गर्न र कला सिर्जनामा लाग्न पाउँथे । यो रोजगारी व्यवस्थाको उपाय पनि थियो ।

हाम्रो यस्तो स्वभाव वा परम्परागत रूपमा उपलब्ध जनव्यवस्थाभित्र पनि प्रजातन्त्र चाहियो, प्रजातन्त्रात्मक व्यवस्था र जनव्यवस्थाको चाहना देखिन थाल्यो । अर्थात्, जनताले चेतनशील भएर देश र राज्य व्यवस्थामा संलग्नताको चाहना गर्न थाले । वैज्ञानिक प्रगतिले गर्दा संसारमा उपलब्ध भएका सुविधाहरूको चाहना विस्तारै परिवर्तनको विचार र दृष्टिकोण पक्षबाट प्रबल हुँदै आयो । परिवर्तनको पनि आफ्नो जीवित स्वभाव छन् । अर्थात्, संसारको स्वभाव नै परिवर्तनशील छ । परिवर्तन हुन्छ । तर परिवर्तन केका लागि ? परिवर्तन ग्राह्य हुन गाहारो हुन्छ । परिवर्तन जनभावना अनुकूल जनता र समाज सबल बनाउन लक्षित हुनु जरुरी छ ।

*वैज्ञानिक प्रगतिले गर्दा संसारमा उपलब्ध भएका सुविधाहरूको चाहना विस्तारै परिवर्तनको विचार र दृष्टिकोण पक्षबाट प्रबल हुँदै आयो ।*

यसैले हाम्रो परम्परागत समाजमा पनि परिवर्तनको आकांक्षाले प्रजातन्त्रका लागि वा प्रजातन्त्रात्मक व्यवस्थाभित्र पनि समाज ग्राह्य परिवर्तनको चाहना र सजगता देखिन लाग्यो । अन्य राजनैतिक व्यवस्थाभित्र प्रजातन्त्रका लागि आन्दोलन नै हुने गर्छ, क्रान्ति नै हुने गरेका उदाहरणहरू

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection.

*जनचाहना अनुरूपकै व्यवस्था भएपनि नेतृत्व गर्नेहरूमा उच्च नैतिकता, आत्मबल र दक्षताको गुण हुनुपर्छ ।*

प्रशस्त छन् तर प्रजातान्त्रिक व्यवस्थाभित्र भने आन्दोलन वा परिवर्तन केवल समाज सुदृढीकरणका लागि हुने गरेको पाइन्छ । सत्ता बदलिन्छ, व्यवस्था बदलिन्छ, पुराना काम नलाग्ने अर्थतन्त्र र काम नलाग्ने न्याय नीति रूपान्तरण हुन्छन् । धर्म, अर्थ र संस्कार जस्ता सामाजिक मूल्य र मान्यताहरूको पुनर्मूल्यांकन हुन्छन् ।

२००७ सालमा श्री ५ त्रिभुवनले १०४ वर्षसम्म चलाइएको राणा जहानियाँ शासनबाट मुक्त हुन भारतीय राजदूतावासमा शरण लिएपछि देशमा क्रान्ति भयो । प्रजातन्त्र आयो । राणाशासनको अन्त्य भयो । धार्मिक, आर्थिक, सामाजिक, न्यायिक र परम्परागत राज्यसत्ता नै हटाउन यो क्रान्ति हुन गएको थिएन । यो स्वस्थ जनमूलक शासन पद्धतिका लागि जनताले राजालाई साथ दिएको कदम थियो । तर अन्तरिमकाल लम्बियो र जनताले आकांक्षा राखे जस्तो निश्चित प्रजातान्त्रिक व्यवस्था तर्जुमा हुन सकेन । श्री ५ त्रिभुवनको स्वर्गवासपछि श्री ५ महेन्द्रबाट देश सुहाउँदो व्यवस्था पहिल्याउन प्रयास भयो । तर, २०१४ सालमा अवज्ञा आन्दोलन भयो र २०१५ सालमा आमनिर्वाचनबाट संसदीय व्यवस्था अनुरूपको प्रजातन्त्र स्थापना भयो ।

संसदीय व्यवस्था देशमा बिलकूल नयाँ व्यवस्था नै थियो । जनचाहना अनुरूपकै व्यवस्था भएपनि नेतृत्व गर्नेहरूमा उच्च नैतिकता, आत्मबल र दक्षताको गुण हुनुपर्छ । अनि जनसमर्थन पनि त्यत्तिकै आवश्यकता पर्छ, जति व्यवस्थाको सक्षमताले माग गर्छ । संसदीय व्यवस्था के कुराले मिलेन, कसरी मिलेन, किन जनअनुकूल भएर गएन, इतिहासले केलाउने कुरा भयो । २०१७ सालमा संसदीय व्यवस्था निलम्बन भएर दलविहीन व्यवस्थाका नाममा



CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

पंचायती व्यवस्था लागू भयो । यस व्यवस्थामा समाज, धर्म, संस्कृति र परम्परा विपरीत असर पर्ने केही पनि क्रियाकलाप देखिएन । केवल एउटा पक्ष कमजोर थियो । यो व्यवस्था पनि दूरगामी रोजगारमूलक सामाजिक र औद्योगिक अवधारणा लिएर अगाडि बढ्न सकेन ।

फलस्वरूप श्री ५ महेन्द्रको स्वर्गवासपछि श्री ५ वीरेन्द्रले पंचायत पद्धति नै कायम रहन दिए पनि सो व्यवस्थामा पनि दूरगामी दृष्टिकोण र सक्षम राष्ट्रिय परम्पराको अवधारणा नराख्ने कमजोर नेतृत्व गर्नेहरूबाट दिनानुदिन अप्रिय वा जनआंकाक्षा विपरीत कार्य हुन थाल्यो । २०३६ सालको जनमत संग्रहबाट स्पष्टै भैसकेको थियो कि व्यवस्थामा परिवर्तन हुन अपरिहार्य भयो । राजनीतिले समयसापेक्ष ज्ञान राख्न जरुरी छ। जनभावनालाई हृदयंगम गर्नुपर्छ। होइन भने समय र जनभावना राजनीतिको वशमा हुँदैन। यो विभिन्न राजनैतिक वादका दार्शनिकहरूका विचार हुन् ।

२०४६ साल आयो । विभिन्न राजनैतिक दृष्टिकोणले गर्दा विभिन्न क्षेत्रमा व्यवस्थाको नीति अन्योलमा परेको त छँदै थियो । त्यतातिर जान मेरो चाहना र क्षेत्र भएन र आर्थिक नीति विवादग्रस्त र अनिश्चित भएपछि समाज अन्योलमा पर्छ र परिवर्तनको चाहना हुन्छ भन्ने मेरो साधारण धारणामा नै अवलोकन गर्न चाहेको हो । मेरो अनुभवको क्षेत्र पनि यही मात्र हो ।

*जनभावनालाई हृदयंगम गर्नुपर्छ । होइन भने समय र जनभावना राजनीतिको वशमा हुँदैन ।*

मलाई समाजप्रति राजनीतिको प्रतिज्ञा र धारणा के हुन् भन्ने कुरा स्पष्ट हुन सकेन । मेरो विचारमा राजनैतिक प्रतिज्ञा कानूनी राज्य र स्पष्ट अर्थतन्त्रको दिशावोध समाजलाई हुनुपर्छ र मन, वचन र कर्मले नेतृत्व सबल र सक्षम भएर

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

*अर्थतन्त्रको जटिल प्रश्न समाधान हुने बाटो नै विपरीत भए राजनीति हुर्कने वातावरण नै सिर्जना हुँदैन ।*

अगाडि सर्नुपर्छ । प्रजातान्त्रिक कानूनी राज्यमा एकजना पनि निरपराधले सजायँ पाउनु हुँदैन । एउटा निरपराध छुटेर ९९ जना अपराधी छुट्ने भए छुट्छ भन्ने हाम्रो परम्परा न्याय निसाफको अटल दिशावोध हो । समाजमा धेरै व्यक्ति प्रायः कमजोर हुने गर्छ । त्यसैले यस्तै दिशावोध हुन जरुरी छ । अनि देशको अर्थतन्त्रमा त झन् सान्हो जटिल प्रश्न खडा भएको हुन्छ, जसको समाधान हुने बाटो नै विपरीत भए राजनीति हुर्कने वातावरण नै सिर्जना हुँदैन ।

हाम्रो परम्परा रोजगारमूलक राजनीतिमा आधारित नभएको भए हाम्रो समाजले निकै भयानक कोल्टो फेरिसकेको हुन्थ्यो । अद्यापि यस्तो अवस्था आइपरेको जस्तो लाग्दैन । वैज्ञानिक प्रविधिले रोजगारीको बाटो बदलिसकेको छ । अब केही दशकभित्र यदि आर्थिक व्यवस्था पुनः बृद्धि वा सम्वर्द्धन हुन सकेन भने साधारणतया अर्थतन्त्र नियालेर भविष्यमा निश्चिन्तता व्यक्त गर्न कसैलाई पनि सजिलो नहुने निश्चित छ ।

देशमा जनभावना विपरीत बेकम्मा अर्थनीति दशकौंसम्म चलेपछि जनतालाई पीरमर्का पर्ने अर्थनीति वा अर्थतन्त्रमै परिवर्तनको चाहना निरन्तर रूपमा जनताले गर्ने नै हुन्छ । राजनैतिक परिवर्तनको भूमिका नै देशको अर्थतन्त्रको सिर्जना हो भन्ने मैले ठानेको छु। अन्य क्षेत्रमा स्थायित्व छ, व्यवस्थाले अंगालेको जनचाहनाको क्षेत्र व्यापक छ भने पनि समाज धान्ने अनुकूल अर्थतन्त्र प्रत्याभूत भएन भने जनताले परिवर्तन चाहने नै हुन्छ । देशमा समय समयमा भैरहेको राजनैतिक परिवर्तनमा मलाई एउटा कुरा राम्रो र रमाइलो लाग्छ । कुनै पनि परिवर्तनले राज्यसत्ता नै परिवर्तन गर्ने लक्ष्य राखेको छैन । खालि शक्ति परिवर्तन मात्र चाहेको हाम्रो

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

परम्पराले दिएको ठूलो देन मैले सोचेको छु । जङ्गबहादुर प्रथम जनता थियो जसले राज्यसत्ताबाट आफ्नो हातमा शक्ति लियो । त्यसबेला हाम्रो देशको राज्यसत्तामा संवैधानिक राजतन्त्र नै थियो । अहिले पनि संवैधानिक राजतन्त्रमा नै जनताका धारणा लक्षित छन् ।

संसारमा सक्षम राजनैतिक व्यवस्था भएका प्रसिद्ध देशहरू बेलायत, अमेरिका, फ्रान्स, जापान, भारत, रूस, युगोस्लाभिया, चेकोस्लोभाकिया, चीन, जर्मनी, इटाली, आदि हुन् । बेलायत, अमेरिका, फ्रान्स, जापान र भारतमा जनताले राज्य व्यवस्थामै परिवर्तन गर्न चाहेको देखिँदैन । शक्ति परिवर्तन र नीति परिवर्तनको जनताले समय समयमा चाहना राखेका कुराहरू हामी पाउँदछौं । जर्मनी र इटालीमा भने सत्ता परिवर्तन र शक्ति परिवर्तन भई नै रहे । अन्य देशमा सत्ता र शक्तिमा नै आमूल परिवर्तन देखा पर्न थालिसकेका छन् । अमेरिकामा अर्थतन्त्र सक्षम रूपले जनमूलक हुन परिवर्तन आयो । राष्ट्रपति क्लिन्टनको नारा नै अर्थतन्त्र परिवर्तनमा आधारित थियो, जुन नाराले क्लिन्टनलाई जनताले समर्थन दियो । यी हुन् संसार नियालेर हेरेमा थाहा हुने छोटो विवरण ।

*राजनैतिक परिवर्तनको चाहना अर्थतन्त्रको परिवर्तनको सशक्त चाहनाको पूरक हो ।*

हाम्रो देशमा पनि परम्पराले र समाजले अर्थतन्त्रको परिवर्तनको सशक्त चाहना राखेको छ । राजनैतिक परिवर्तन यसै चाहनाको पूरक हो । हाम्रो देशको परम्परा अनुसार समाजमा ९० प्रतिशत जनता कृषक छन् । कृषि आयमा नै जनता निर्भर छन् । कृषि नै जनताको जीवन धान्ने बलियो आर्थिक पक्ष हो । केवल १० प्रतिशत जनता व्यापार, जागीर र उद्योगमा आस्रित छन् ।

जनतामा परिवर्तनको चाहना हुनुको परोक्ष आधार

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

*शिक्षा र स्वास्थ्य क्षेत्रको राम्रो विकासविना सामाजिक अर्थतन्त्र स्वस्थ हुनै सक्तैन । यी दुवै पक्ष स्वस्थ समाजका बलिया स्तम्भ हुन् ।*

आर्थिक समस्यामूलक समाजले उग्ररूप धारणा गर्दै लगेको मुख्य पक्ष हुन् । परम्परागत रोजगारको रूपरेखा विश्लेषण गर्दा जनताको रोजगारीको आवश्यकता पूरा गर्ने व्यवस्थाले कृषि विकास र सुधारमा आधारित राजनैतिक प्रतिज्ञा अगाडि सारेको छैन । "कृषि विकासविना हाम्रो समाज विकास हुँदैन" भनेर बोलेको सुनिन्छ । यस कार्यका लागि दीर्घकालीन योजना पनि प्रतिपादन हुन सकेको छैन । लघुकालीन योजना पनि सर्वसाधारण कृषकछेउ पुग्न सकेको छैन ।

देशको खुला तथा निजी क्षेत्रको संस्थागत आर्थिक प्रगति गर्ने स्पष्ट नीति तय हुन जरुरी छ । यस्ता जनमूलक नीति परम्परागत सामाजिक क्रियाकलाप सम्वर्द्धन हुने गरी प्रजातान्त्रिक मूल्य र मान्यता तथा राष्ट्रियता र पूँजीको संरक्षण र सुदृढीकरणमा सघाउ पुग्ने हुनुपर्छ । राष्ट्रिय परम्परा, संस्कार, संस्कृति र धर्मको संरक्षण र सम्वर्द्धन यसैमा निहित हुन्छ ।

शिक्षा, स्वास्थ्य र आर्थिक क्षेत्र तथा राष्ट्रिय जनसहभागिता र अन्तर्राष्ट्रिय सहयोग रोजगारी बृद्धिमा सहयोगी हुने गरी नीति तर्जुमा हुनुपर्छ अन्यथा जनताले आफूलाई हीन ठान्न छोड्न सकिने हुँदैन ।

शिक्षा राष्ट्रमूलक हुनुपर्ने खालको विश्लेषण शिक्षाविद्हरूबाट आउनुपर्ने हो । स्वास्थ्य स्वास्थ्यविद्हरूको क्षेत्र हो । दुवै क्षेत्रमा राम्रो विकासविना सामाजिक अर्थतन्त्र स्वस्थ हुनै सक्तैन । यी दुवै पक्ष स्वस्थ समाजका बलिया स्तम्भ हुन् । उपर्युक्त पक्षमा छुट्टै विश्लेषण गर्न आवश्यक छ । यी पक्षहरूबाट समाजमा उत्रन लागेका चित्रण भयावह देख्दछु । यद्यपि म आफ्नो अवलोकन समाजमा परम्परागत रूपमा उपलब्ध रोजगारहरूमा नै अहिले केन्द्रित गर्न

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

लागिरहेको छु । पहिले म रोजगार वर्गीकरणतिर नै लाग्ने प्रयास आफूले जानेसम्म गर्नेछु ।

## रोजगार वर्गीकरण

१. ९० प्रतिशत कृषकको सहभागिता भएको समाज (आजीवन कृषक)

क) परम्परागत खेतीमा नै निर्भर कृषक वा किसान

ख) विज्ञ कृषक वा कृषि विशेषज्ञ

ग) गोठाला, घाँसी, कृषि ज्यामी स्त्री वा पुरुष

२. निर्माण काममा पनि लाग्ने कृषक समाज – आजीवन

क) सिकर्मी, डकर्मी, बज्रकर्मी, अवाल, ढुङ्गाकर्मी

ख) काठ, ढुङ्गा, ईंटाका कलाकार, चित्रकार, वास्तुकलाविद्

३. कृषि सहायक रोजगार कृषि औजार बनाउने र घरेलु उद्योग गर्ने जनता

क) नकर्मी, कामी

ख) जलाहा, सूचिकार

ग) राढीपाखा बुन्ने गुरुङ्सेनी, थाकसेनी, शेर्पिनीहरू

४. अन्य रोजगार

क) दमाई– लुगा सिउने, बाजा बजाउने

ख) सार्की– जुत्ता सिउने, छाला बनाउने

ग) सुनार– गहना बनाउने

*समाजमा परम्परागत रूपमा विभिन्न रोजगारीहरू उपलब्ध छन् ।*

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

*आजकाल विभिन्न व्यवसायहरू देखिन्छन् जुन परम्परागत भन्न मिल्ने खालका छैनन् ।*

५. कर्मकाण्डी – पुरोहित रोजगार – वर्गीकरण अधिकारी

६. सैनिक, प्रहरी र पीपा, भरिया, लाहुरे

७. दाउरे, माझी

८. कुचिकार (परम्परागत सुग्घर सफाई)

९. पुजाहारी – मन्दिर संरक्षण रेखदेख

१०. कुशले – सत्तल संरक्षण र रेखदेख

११. माली – बगैंचा रेखदेख र फूल बेच्ने अधिकारी

१२. वनपाले

१३. बगरे र कसाही

१४. धोबी

१५. व्यापारमूलक रोजगार

क) थोक व्यापारी साहु महाजन

ख) खुद्रा पसले व्यापारी

ग) घिऊ, तेल, नून व्यापारी

घ) किराना मालसामान व्यापारी

ङ) कपडा व्यापारी

च) रंग, धागो, पोते, चुरा, टीका व्यापारी

१६. कपडा रंगाउने व्यवसायी

भाँडाकुँडा बनाउने – कुमाले, कंसाकार र ताम्राकार

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

१७. धुप बाट्ने, धागो काट्ने, गलैंचा बुन्ने, राढीपाखी बुन्ने

१८. भट्टी पसल – जाँड रक्सी व्यापार

१९. भीक्षा माग्ने व्यवसायी – साधु, ब्रम्हचारी र साधारण माग्ने

२०. जागीर व्यवसायी

१) कर्मचारीहरू

२) टहलुवाहरू

२१. वैद्य

उपरोक्त व्यवसाय वा रोजगार परम्परागत हुन् । कृषक भएर वा कृषि परिवारभित्र भएर पनि कृषिमा नलागी अन्य पेशामा लागेका पनि समावेश गर्दा विभिन्न वर्गमा र व्यवसायमा विभाजित भएका हुन् । आजकाल विभिन्न व्यवसायहरू देखिन्छन् जुन परम्परागत भन्न मिल्ने खालका छैनन् ।

ढल, डुड, बाथरूम र धारा जडानमा लागेका प्लम्बरहरू, ट्याक्सी ड्राइभरहरू, रंगरोगन गर्ने मिस्त्रीहरू, कलपूर्जासम्बन्धी काम गर्ने मिस्त्रीहरू, शिक्षामा काम गर्ने शिक्षण व्यवसायीहरू, रेष्टूराँ र होटेल व्यवसायीहरू, डाक्टर, इन्जिनियर र नर्सहरू परम्परागत तालीम व्यवसायीका रूपमा गणना हुँदैनन् ।

अब बढ्दो जनसंख्याको चापले परम्परागत व्यवसायमूलक वर्गलाई अत्यधिक प्रभाव पारेको पक्ष स्पष्ट अगाडि उभिन आएको देखिन्छ । यसैबाट पनि परम्परागत समाजमा परिवर्तन ल्याउन बलियो कार्य गर्ने नै भयो । अहिले आर्थिक दृष्टिकोणबाट मध्यम वर्गलाई ठूलै मर्का पर्ने गरी असर परेको छ । मध्यम वर्गीय जीवनस्तर विश्लेषण

*अहिले आर्थिक दृष्टिकोणबाट मध्यम वर्गलाई ठूलै मर्का पर्ने गरी असर परेको छ ।*

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

*१० प्रतिशत देशवासी कृषिमा निर्भर छन् भन्न गाहारो छ । यस्तो तथ्याङ्कको आधारमा देशको अर्थतन्त्र धान्ने अवधारणा सही सावित हुन पनि गाहारो छ ।*

गरी हेर्ने हो भने निम्नवर्गीय स्तरमा मूल्यांकन हुनसक्छ र निम्नवर्गीय पेशाको मूल्यस्तर निकै बढेको छ र निम्नवर्गीय पेशेवरले जुनसुकै काम गर्न पनि अहिलेको समयमा सुविधा भैसकेको पाइएको छ । यसले गर्दा निम्न पेशेवरहरूको आयस्रोतमा वृद्धि हुन गएको छ । उनीहरूको जीवनस्तरमा प्रगति हुँदा समाज सन्तुलन सकारात्मक स्थितितर्फ बढ्न पुगेको छ । बजार भाउको मूल्यबृद्धिले यो असन्तुलित परिस्थितिले जीवनस्तर पनि धान्न गाहारो पारिसकेको आभास पाइन थालेको छ । निम्नवर्गीय पेशेवरहरू अब सुविधायुक्त स्तरमा पुगेका छन् । हाल ट्याक्सी चालकहरू आफै ट्याक्सी मालिक पनि भएका छन् । ४/५ रोपनी जग्गामा आफ्नै स्वामित्व भएका किसानहरू करोडपतिमा गनिन थालेका छन् । परम्परागत समाजमा देखिन थालेका यी सिधै उथलपुथल र परिवर्तन नै हुन् । उपत्यकामा अन्धाधुन्ध रूपमा बंगला निर्माण भएकोलाई जग्गाको मोल बढाउन सहायक मान्न सकिन्छ ।

कृषि विकासतर्फ दृष्टि दिने हो भने देश र समाज प्रारम्भिक अवस्थामा नै छन् । कृषकहरू आधुनिक तरीकाले कृषि कार्य गर्न सक्षम छैनन् । कृषि विशेषज्ञहरूको सहयोग, सल्लाह र रेखदेख राष्ट्रव्यापी कृषि उत्पादनमा समर्पित भएर प्रगति गर्न सक्षम हुने वातावरण तयार भैसकेको परिस्थिति पनि देखा परेको छ भन्न सकिएको छैन । मलखाद आपूर्तिमा पनि वैदेशिक सहयोग नैं प्राथमिक भूमिकामा आधारित छन् ।

यसैले ९० प्रतिशत देशवासी कृषिमा निर्भर छन् भन्न गाहारो छ । र, यस्तो तथ्याङ्कको आधारमा देशको अर्थतन्त्र धान्ने अवधारणा सही सावित हुन पनि गाहारो छ । सडक

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

फराकिलो पार्नुपर्ने आवश्यकता र परिस्थितिले जग्गा जमीन कृषकको स्वामित्वबाट अधिकरण हुँदै गइरहेछ । जग्गा बेचबिखन प्रक्रियाले गर्दा अन्धाधुन्ध घरहरू निर्माण हुन गएर अब उपत्यकाले उपत्यकाभित्र कुनै पनि उत्पादनमा आत्मनिर्भर हुनसक्ने स्थिति हराइसकेको छ । भूक्षय र पर्यावरण प्रदूषणका कारण खोलानाला सुकेर गइरहेका छन् । पुराना राजकुलाहरू संरक्षण गरेर नयाँ कुलाहरू पटनीका लागि निर्माण गरेर खेती गर्ने देखा परेको छैन । पटनी गर्ने राम्रो प्रबन्ध नै गरिए पनि दीर्घकालीन प्रबन्ध हुन सकेन भने वातावरण सन्तुलन हुँदैन ।

पिउने पानीको प्रबन्ध गर्न कठिनाइ भइरहेको अवस्थामा कृषि उत्पादनमा प्रगति गरेर कृषिमा आधारित देशको अर्थतन्त्र सुधार्न सजिलो हुने परिस्थिति निकट भविष्यमा देखा पर्ने आशा गर्न गाहारो भएको छ। त्यसमा पनि पिउने पानीको स्तर हेर्ने हो भने पनि पानीबाट पैदा हुने रोगहरू वा जनस्वास्थ्य सुरक्षित छैन। संक्रामक रोगको प्रकोपको डर भयानक भएर समाजको संघारमा उभिएको छ । औषधि उपचार र जनस्वास्थ्यमा सुदृढीकरण र सक्षम अस्पताल कृषकका आधार हुन् जसबाट कृषक स्वस्थ हुन्छन् र कृषिमा संलग्न कृषक उत्पादन बृद्धिद्वारा समाज धान्न, उत्पादन गर्न सक्ने हुन्छन् ।

*जता हेरे पनि समाज धान्न र उन्नत बनाउन आवश्यक पक्षहरू भताभुङ्ग देखिन्छन् ।*

जता हेरे पनि समाज धान्न र उन्नत बनाउन आवश्यक पक्षहरू भताभुङ्ग देखिन्छन् । यसरी हेर्दा मेरा आफ्ना भावावेशहरू पनि यहाँ प्रकट हुन खोज्छन् । म निराशावादी होइन भनेर मैले अगाडि आफ्नो भावना व्यक्त गरेको छु । तर म आशावादी पनि हुन सकिरहेको छैन । समाजको स्वरूप नै परिवर्तन हुने भय उठेर आएँछ । परिवर्तन हुन्छ,

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

*भविष्यमा यसरी अध्ययनबाट हुर्केका बच्चाहरू समाजमूलक र परम्परा बुझ्ने हुनुभन्दा व्यक्तिवादी स्वभावका बढी हुनेछन् ।*

तर परिवर्तनबाट आउने अर्थात् बन्ने समाज कस्तो हुने हो त्यसको प्रारूपको चित्रण हृदयमा उतार्न सकिएको पनि छैन । अन्दाज र अनुमानले युक्ति वा युक्तिसंगत कुरालाई स्थान दिँदैन ।

विद्यालय, शिक्षा, शिक्षक, पुस्तक र पुराना मानिसहरूको शिक्षाको धारणामा पनि अनौठो रूपले परिवर्तन आएको जस्तो मलाई लाग्छ । प्राथमिक र माध्यमिक विद्यालयको तथ्यांक हेर्दा र निःशुल्क पठनपाठन हुने नीति शासन व्यवस्थाले लिएको सुन्दा शिक्षामा ठूलो सुधार हुने तथा भएको नै आभास पाइन्छ । तर कक्षाको हरेक तहमा उत्तीर्ण हुने विद्यार्थीहरूले भर्ना फी बुझाउनुपर्ने भएको छ । अलिकति नाम चलेको विद्यालयमा विद्यार्थी भर्ना गर्दा विद्यालय सहयोगस्वरूप चन्दा लिइने प्रक्रिया शुरु भएको छ । विद्यार्थीहरूलाई ट्युशन राखिदिएन भने विद्यार्थीहरूले कम प्रतिशत अङ्क पाउने तथा अनुत्तीर्ण नै पनि हुने डर बढेको छ ।

५ वर्ष नभै 'न म वा गि श्व रा य' शुरु नगरिने परम्परागत धारणा अब रहेन । लोअर के.जी., के.जी., अपर के.जी. र कक्षा १ भनेर ४ वर्ष पढेपछि पाँचौं वर्षसम्मका बच्चाहरू स्कूलमा लगातार अध्ययनरत् हुन थालेका छन् । घरमा आमाबाबुलाई बच्चा हेर्ने फुर्सत हुँदैन । यो मेरो साधारण अवलोकनमा मलाई लाग्छ, भविष्यमा यसरी अध्ययनबाट हुर्केका बच्चाहरू समाजमूलक र परम्परा बुझ्ने हुनुभन्दा व्यक्तिवादी स्वभावका बढी हुनेछन् ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

# भविष्यमा धर्म र समाज



वर्तमानमा निकै अनिश्चितताको वातावरण छ। यसका मुख्य कारण राजनैतिक अस्थिरता, उद्योग र अर्थतन्त्रको सही बाटो वा राष्ट्रिय वातावरण नबन्नु नै हो भन्ने मलाई लाग्छ । यसैले समाजको हरेक पक्ष क्षीण भएर गइरहेका छन्। परम्परागत स्वतन्त्र अर्थतन्त्र त जर्जर स्थितिमा पुगिसकेको छ नै । सामाजिक आचरण र व्यवहारमा पनि परम्परालाई मान्यता दिन गाहारो भएको छ । अनुकरण गरिएका भेषभूषाको बाहुल्यता देखा परेको छ । समाज र संस्कृतिमा बाह्य आचरणको प्रभावले ठूलो असर पारिसकेको छ । पाश्चात्य देशका भेषभूषा मात्र जुनसुकै बखत अर्थात् चाडबाड, भोज, जात्रा तथा साधारण आवतजावतमा देखा परेको स्थिति निरन्तर देखिंदा आफ्नो समयको सम्झना हुन्छ । यस सम्बन्धमा एउटा पुरानो धारणा याद आउँछ । "खानु आफू खुशी, लाउनु अरूको खुशी ।" अब लाउन आफूखुशी भैसकेको छ । लवेदा सुरुवाल र फरिया बूढाबूढीहरूले मात्र लाउने भैसकेको छ। ५० वर्ष अगाडि पाइन्ट लाएर बाहिर जान असजिलो लाग्ने गरेको कुरा सुनिन्थ्यो । धेरैलाई असजिलो नै हुन्थ्यो । तर अब ती सबै सहज भएका छन् ।

*५० वर्ष अगाडि पाइन्ट लाएर बाहिर जान असजिलो लाग्ने गरेको कुरा सुनिन्थ्यो । तर अब ती सबै सहज भएका छन् ।*

अब हाम्रो समाज सीमित परम्पराको घेरामा मात्र जीवित रहेको महसूस हुन्छ। साधारण आचरण, धर्म, पूजाआजा र चाडबाड जस्ता परम्परामा मात्र आधारित भएर चलिरहेछ । यद्यपि बूढाबूढी प्रतिदिन निरन्तर रूपमै परम्परा अनुसरण गरिरहेका होलान्, तर युवायुवती सन्ततीहरूले आमाबाबुका करले बाध्यतावश मात्रै परम्परा

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

*जन्मदेखि मृत्युसम्म अनुसरण गर्नुपर्ने संस्कार अनुरूप परम्परागत प्रक्रियाहरू वाध्यता ठान्न थालिएका छन् ।*

अनुसरण गर्ने गरेका पाइन थालिसकेका छन् । जन्मदेखि मृत्युसम्म अनुसरण गर्नुपर्ने संस्कार अनुरूप परम्परागत प्रक्रियाहरू वाध्यता ठान्न थालिएका छन् । व्रतबन्ध र बेलविवाह जस्ता सांस्कृतिक संस्कारहरूलाई वाध्यता मान्न थालिसकेका छन् । धर्म र परम्परा नै समाजका अर्थतन्त्रामक प्रारूप हुन् भन्ने पक्षलाई स्थान दिने धारणा अब सम्झना पनि नहुने भएर गएका छन् । संस्कार अनुरूप गरिने कार्यलाई रूढीवादी कार्य भन्न र मान्न थालिसकेका छन् र प्रतिदिन मन्दिरमा गएर भक्ति गर्ने वा समयानुकूल तीर्थ जाने भावना पनि क्षीण भएर गइरहेका छन् जसले गर्दा समाजका अमर कृति संस्कृतिको विलय हुने अवस्था आइरहेको देखा पर्न थालेको छ । मन्दिरहरू जीर्णोद्धार गर्ने काम पनि अब वर्तमान समाजबाट हुन गाहारो भएर वैदेशिक सहयोगको आवश्यकता परेको देखिन र सुनिन थालिसकेको छ । यसरी सर्सर्ती आफ्नै अनुभवका कुरा प्रस्तुत गर्दा विद्वान्हरूलाई यस कुराको मान्यता दिन गाहारो हुनसक्छ । विद्वान्हरूका ज्ञानशक्तिले धेरै गहिरिएर विश्लेषण खोज्ने हुनसक्छ । तर मेरो सरल विचारमा अनुभव ज्ञानशक्ति सरह भएर परम्पराभित्र खोज गर्न ज्ञानशक्तिलाई आग्रह गर्छ । किनभने सशक्त अनुभव ज्ञानविना समाज र परम्परा निर्माण हुन सजिलो हुँदैन ।

ज्ञान र अनुभवको सामञ्जस्यले सशक्त समाज निर्माण हुन्छ वा समाज सशक्त बन्छ । आधुनिक ज्ञानले अर्थात् वैज्ञानिक दायराभित्रको ज्ञानले समाजलाई समयसापेक्ष बनाउन भविष्यको ज्ञान गराउँछ । समाजको आमूल परिवर्तन चाहने शायद कोही पनि हुँदैन । तर समाजमा विद्यमान रोजगारीहरू विश्लेषण गर्दा पुराना रोजगारीहरू परिवर्तन भएर गइरहेका देखा पर्न थालिसकेका छन् । यो वैज्ञानिक प्रविधिको विकासको प्रभावले होला, यसरी देखा परेको

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

परिवर्तनले परम्परागत समाजभित्रका जनताबाट आफ्नो सामाजिक रोजगारीलाई आप्रवासीका हातमा जान दिनु समाज हितकर काम भएन । हरेक सामाजिक कार्य आप्रवासी वा विदेशीबाट गराउन वर्तमान समाज वाध्य हुनु परेको राम्रो कुरा होइन । यसबाट परम्परागत अर्थतन्त्र सुदृढ हुँदैन । यसबाट समाजमा प्रतिकूल असर पर्न गएको स्पष्ट छ । वैज्ञानिक प्रभावले यस्तो समाज विपरीत कार्य भएको होइन । समाजको हित हुने परम्परा अन्तर्गत जनमूलक वैज्ञानिक शिक्षा प्रणालीको आवश्यकता समयमै सोचिएन ।

विज्ञानको प्रगतिले नयाँ रोजगारी सिर्जना गर्छ । यसरी सिर्जना भएको नयाँ रोजगारी समाजभित्रकै जनतालाई प्राप्त हुनुपर्छ । यसो भन्दा यो त धेरै पुरानो धारणा भयो भन्ने होला । तर म परिवर्तनविरोधी होइन, न प्रगतिविरोधी नै । गाउँघरमा यदाकदा वस्तुले वस्तु नै साट्ने व्यापार अझै हुन्छ होला । आधा शताब्दी अगाडि यस्तो बजार सामान्य थियो । त्यस्तै, गाउँघरमा हातले कपडा सिउने सूचीकारको काम दमाईंले गर्ने गर्थे । विस्तारै दमाईंहरूले सिउने कलको प्रयोग गर्न थाले । शहर बजारमा राम्रो कमीज सिउने मुसलमान भए । अहिले सूचीकारहरूका पसलहरू गनेर साध्य हुँदैन, जहाँ विभिन्न डिजाइनका लुगाहरू तयार हुन्छन् । राम्रा ढाँचा परेका लुगाहरू सबैले लगाउँछन् । केटाकेटीहरू विभिन्न प्रकारका लुगा लगाएर ठाँटिएर हिंड्दछन् । शहर बजार पोशाकका घर भने पनि भयो । यी सब परिवर्तनका कुराहरू हुन् । तर यस्ता परिवर्तनमा नियालेर हेर्दा धेरै विदेशीहरूले नै रोजगारी पाएका छन् । कोट, पाइन्ट, आदि लुगा सिउने केवल कुराले मात्र भएन जसलाई मास्टर टेलर भन्ने गर्थे । कुशले, च्यामे, पोडे, बगरे, सार्की, कसाईं, ज्यापु र ब्राह्मणहरूलाई पनि रोजगारीको दृष्टिकोणले

*म परिवर्तनविरोधी होइन, न प्रगतिविरोधी नै ।*

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

*विदेशीहरूलाई कामसित मतलब छ र आफ्नो मानव स्वरूपका आस्था तिनीहरू जान्दछन् ।*

अवलोकन गरूँ । उपरोक्त जात कसैको पनि काम सजिलो होइन । बाजा बजाउने र सत्तल सफा सुग्घर राख्ने कामको जिम्मा परम्परागत धेरैजसो स्थानमा कुशलेहरूले लिएका हुन्थे । अब सत्तलहरू भत्केर जान थाले । कुशलेको परम्परागत रोजगारी हराउन थाल्यो । घर, आँगन, सडक सफा गर्ने, बाथरूम सफा गर्ने रोजगारीबाट च्यामे पोडे जातले समाजको ठूलो सेवा गर्थे । ठूलाठूला देवी–देवताहरूका हेरचाह गर्ने तिनीहरू नै थिए । कठोर हृदय लिएर पशुवध गर्ने काम गर्नेहरू कसाईं, बगरे चाडबाडका लागि हिंसा गर्ने जात भए । पीठ पीठमा बली दिन उनीहरू नै तैनाथ थिए । किसानी कामका लागि ज्यापु र पूजाआजाका ब्राम्हण पुरोहित भए । ज्यापु र ब्राम्हण बाहेक सुनको गहना लगाउन राणाकालमा उपरोक्त अरू जातलाई रोजगार अनुसार निषेध थियो । जुत्ता सिउन सार्कीको रोजगारी एकाकी पेशा थियो । संक्षेपमा, यो विवरणको संझना परिवर्तन मूल्यांकनकै लागि मात्र भनेको हुँ । यथावत रहनु नै पर्ने भन्ने धारणाले उल्लेख गरेको होइन ।

मैले अमेरिका, जर्मनी र बेलायतमा केही दिन मात्र भए पनि घुम्न जाँदा निम्न खालको रोजगारी कसले गर्ने गर्छन् भन्ने सोचें । शहर, बजार, सडक, बाथरूम सफा गर्नेहरूलाई देखें । सफा सुग्घर गर्ने, बढार्ने समयमा तिनीहरू लुगामाथि लगाउने लुगा लगाउँछन् । अस्पतालमा डाक्टरले बिरामी जाँच्ने बेलामा जस्तै समयमा काम पूरा गरेर राम्रो र सफा लुगा लगाएर हिंड्छन् । उनीहरूलाई कामसित मतलब छ र आफ्नो मानव स्वरूपका आस्था तिनीहरू जान्दछन् । व्यवहार राम्रो छ । तिनीहरूलाई तिनीहरूका राम्रा आचरणले समाजमा राम्रै स्थान प्राप्त छ । हाम्रो जस्तो चण्डाल, नीच जाति भन्ने धारणा कुनै पनि रोजगार गर्ने व्यक्तिमाथि राखिएको

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

पाइँदैन । हाम्रो समाजमा अब निकै परिवर्तन आइसकेको छ । शहरको ढल व्यवस्था भने सुदृढ छैन । घरबङ्गलाको धेरै बृद्धि भयो । जति घर भए त्यति बाथरूम हुने नै भयो । सडकदेखि लिएर ढल, बाथरूम, धारा, सुग्घर सफाईका काम त्यति नै बढे । यतातिर ध्यान दिएर रोजगारी सेवा संरचनात्मक संगठनद्वारा उपलब्ध गराइने प्रयास छैन । वधशालाको प्रबन्ध छैन । यस्ता तत्काल जीवनोपयोगी सामाजिक सेवामूलक रोजगारी लथालिङ्ग छ। यसैले समाज सुधार, प्रगति र परिवर्तनका दिशाहरू भविष्यमा कुन मोड लिएर जाने हुन् भन्ने मेरो तर्क हो। मेरो समाज अवलोकनको एउटा पक्ष मात्र हो ।

उपरोक्त परम्परागत रोजगारीमा राम्रो सुधार आउने लक्षण देखा परेको जस्तो मलाई लागेन। उनीहरू आफूलाई मुलुकी ऐन अनुसार बन्धनमुक्त ठान्दछन् । व्यवहार भने उस्तै छ। यसो हेर्दा उनीहरू अब धेरै धनी छन्। धेरैजसोका ट्याक्सीहरू छन् । बंगला पनि बनाएर आधुनिक सामानले युक्त भएर बस्दछन्। ४ रोपनी जग्गा हुने मानिस आजकाल सजिलैसित करोडपति भएका छन्। तर व्यवहारमा उत्कृष्टता, आचरणमा सुधार र सभ्यपन आउन सकेको जस्तो लागेन। यस दृष्टिकोणले मलाई परिवर्तित घटनाहरू दुघर्टना जस्तो लाग्छ, जसबाट समाज दूरगामी निर्दिष्ट सुसभ्यतातिर अग्रसर हुन गइरहेको छैन ।

*परम्परागत आचरण र धर्मले परम्परा नै अनुसरण गर्ला भन्न सकिन्न ।*

यसैले भविष्यको धर्म र परम्पराको स्वरूप कस्तो हुने हो भनेर चिन्तन गर्दा अध्यात्म चिन्तनको रूपमा धर्मको अस्तित्व त रहला । तर परम्परागत आचरण र धर्मले भने परम्परा नै अनुसरण गर्ला भन्न सकिने भएन। अन्य धर्महरू जस्तो बौद्ध, इसाई वा इस्लाम धर्महरूको विश्लेषण गर्न


CC-0 Nepal Sanskrit...

> *चाडबाड, परम्परा हाम्रो समाज र समाजको अर्थतन्त्र सम्वर्द्धन गर्ने व्यावहारिक गतिविधि नै हुन् ।*

मेरो क्षेत्र होइन र अनुभव पनि छैन । आ–आफ्ना आचरण, धर्म र विश्वासमा बसी सबै भएर समझदारीले बाँच्न खोजे राम्रो हो । धर्म भेद राम्रो कुरा होइन । मेरो धर्म र मेरो संस्कार मेरो अपनत्व हो । यसैमा म रमाउन, आनन्दित हुन र सरल जीवन जिउन मलाई सजिलो हुन्छ । मेरो धर्म जसमा मलाई र मेरो सोचाइलाई स्थान छ, मेरो सनातन धर्म हो । यही सनातन धर्ममा नै समाजको अर्थतन्त्र संचालित छ, व्यापार संचालित छ, व्यवहार र समाज संचालित छ । यसैले सोच्यौं भने धर्म समाजमा अर्थतन्त्रको रूपमा वा अर्थतन्त्र नै धर्मको पर्यायवाची अर्थमा संचालन भइरहेको छ ।

वर्षभरि पालैसित आउने पर्वहरू सबै धर्म र अर्थतन्त्र समन्वयात्मक व्यवहार हुन् । धेरै पर्वहरू र तिनीहरूका मूल्य र मान्यतामा आफ्नो विचार व्यक्त गरिसकेको पनि छु । अब हालै गएका फागु पूर्णिमा, पिशाच चतुर्दशी र घोडेजात्रा उल्लेख भएपछि चाडबाड तेरीजपूर्ण पनि हुन्छ र पुनः नववर्षदेखि यथावत् चाडबाड प्रक्रिया चली नै रहने कुरा दोहोऱ्याउन परेन । यसबाट समाज अवलोकन गर्ने ठूलै पक्ष पूरा भएर समाजको अर्थतन्त्रात्मक गतिविधिको राम्रो ज्ञान हुने मेरो धारणा हो । तसर्थ, चाडबाड, परम्परा हाम्रो समाज र समाजको अर्थतन्त्र सम्वर्द्धन गर्ने व्यावहारिक गतिविधि नै हुन् ।

फागु पूर्णिमा पर्वमा आठ दिनसम्म लगातार अबीर र रंगको प्रयोग व्यापारका लागि नै हुन् । वसन्त आगमनको उत्सव, उत्साह र उमंग जीवनको एउटा रमाइलो पक्ष हो । यस उत्सवपछि जनताले लगाइराखेका एकजोर पुरानो लुगा वा कपडा काम नलाग्ने नै प्रायः हुन्छ । नयाँ कपडा वा नयाँ



CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection.

लुगाको व्यापार रोजगारमूलक नै भयो । पिशाच चतुर्दशीले 'जाकि मदु' 'बजिमदु' 'पाहाँचरे' भनेर चाडद्वारा कृषि अर्थतन्त्रको आधार नै संकेत गरेकै भयो । यसबाट बजार मन्दिरको पनि ज्ञान भयो । अन्नको भाउ अलि तेज वा बढ्ने भयो । अनि कृषकहरू यस उत्सवपछि अर्को वर्षको बाली उत्पादनका लागि अग्रसर हुने संकेत पनि भयो । यसैबेला अर्को घोडेजात्राको प्रचलन पनि थपिन आएकोले पहाडबाट मानिसहरू आएर घोडेजात्रा हेर्ने हुँदा समय रमाइलो पनि भयो । अनि जात्रापछि फर्केर जाँदा नून, तेल, मसला, कपडा आदि आफूलाई चाहिने सामान बजारबाट किनेर लैजाने र उनीहरूले पहाडबाट ल्याएका सामान बिक्री गरेर जाने बजार पनि गुल्जार र समाजमूलक अर्थतन्त्र धान्ने एउटा प्रक्रिया नै बन्यो ।

यसरी काठमाडौंमा बसेर मैले आफ्नो समाज अनुभव उल्लेख गर्दा जस्तै धेरै कुरामा मेरो अनुभवमा म सीमित नै होला । विद्वान्हरूको भनाइ र साथीभाइहरूको संगतबाट र मेरो आफ्नै समाजको क्रियाकलापको अनुभवबाट मैले जानेको कुराको विवरण मलाई लाग्छ, अधिराज्यका विभिन्न जिल्लाहरूमा पनि परम्परागत मेला पर्व अनुसरण गर्ने नै हुनाले हाम्रो समाज धान्ने दृष्टिकोणले नै यसरी परम्पराको स्थायित्व प्रादुर्भाव भएको हुनुपर्छ । भक्तपुरको नववर्षको उत्सव, पाटनमा सहकालको देवता मछिन्द्रनाथको रथयात्रा, काठमाडौंको श्वेत मछिन्द्रनाथको रथयात्रा लगत्तै हुने यात्रा हुन् । पनौती स्नान मेला, मातातीर्थ, गोकर्ण औंसी, श्राद्ध आदि भेग भेगको भौगोलिक परिचय हुन् र यसबाट सामाजिक परम्पराको परिचालन पनि भएका छन् ।

*हाम्रो समाज धान्ने दृष्टिकोणले नै यसरी परम्पराको स्थायित्व प्रादुर्भाव भएको हुनुपर्छ ।*

उपत्यकाबाहिर पनि सबै पर्वहरू सबैलाई मान्य नै

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collecti

*धर्मको दोस्रो परिधि उच्च चैतन्य, वैराग्य र योग साधनामा अभिमुख छन् ।*

हुन्छन् । जनकपुर विवाह पंचमी उत्सव, छठ व्रत उत्सव तथा माईबेनी र देवीघाटका माघे संक्रन्ति मेला आदि पनि प्रत्यक्ष वा परोक्ष तरीकाले सामाजिक अर्थतन्त्र संचालनको अवधारणाबाट नै संचालित छन् । संक्षेपमा भन्ने हो भने हाम्रो धर्म र परम्परा नै हाम्रो समाजको सशक्त संचालन र सक्रिय व्यावहारिक दर्शन हो । यसै दर्शन अनुसार, धर्मको परिधि, आचरण र नैतिकताको परिचालन भएर सामाजिक अर्थतन्त्रले जीवन पाइरहेको छ । यसैबाट सामाजिक अधिकार र स्वतन्त्रताका रूपमा अभिमुख भएका छन् । धर्मको दोस्रो परिधि उच्च चैतन्य, वैराग्य र योग साधनामा अभिमुख छन् । देवीदेवताहरूका प्रतीकात्मक मूर्तिहरू र असंख्य मन्दिर भएको हाम्रो देश र समाज सत्यको आधारमा जीवन्त छ । यसैले सभ्य समाज, सरल व्यवहारमूलक सामाजिक सभ्यता, धार्मिक सम्मिश्रण र सहिष्णुतामा विशेषता राख्ने खालको हुनु नै हाम्रो समाजको राम्रो परिचय र गौरव पनि बनेको छ ।

धर्म, सत्य, ईश्वर पर्यायवाची र उत्कृष्ट अवधारणा हो । एकाध महान् व्यक्तित्वले खोज गर्ने उत्कृष्ट दर्शन अभिमुख हुन धेरै दर्शनहरूको तुलनात्मक अध्ययनको आवश्यकता पर्छ । मेरो जीवनको सरल प्रकृति र मेरो अनुभव समाजभित्रै सीमित छ । म दैनिक बिहान सबेरै पूजा गर्छु । भैरवनाथ दर्शन गर्छु । समय समयमा भगवान् पशुपतिनाथ दर्शन गर्न जान्छु । गुह्येश्वरी दर्शन गर्न जान्छु । कहिलेकाहीं परिवार सबै लिएर टाढाटाढाका देवीदेवताहरू पनि पूजा गर्न जान्छु । भगवान्मा आस्था भएको मेरो मनस्थितिमा भगवान् जहाँतहीं छ । भविष्यमा धर्म र समाजले कुन रूप लेला भन्ने मेरो चिन्ता होइन, यो उसैको चिन्ताको विषय हो ।



CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

# अस्थिर राजनीतिले देशको उन्नति हुँदैन



नदीनाला, पहाड, पर्वत, जङ्गल, मैदान, जलवायु तथा प्राकृतिक साधन सबै जुटेर मानिसको चरित्र र आचरण पनि विकास र प्रगति अनुकूल हुनुपर्छ, अनि मात्र देशको उन्नति हुन्छ। ग्रहगतिको प्रभाव पनि समयानुकूल हुनुपर्छ चौतर्फी विकास हुन । कहिले दैवी प्रकोपले, कहिले बाढीले विनाश गर्ने अनि कहिले भूकम्प र रोगव्याधीको प्रकोपले जनता पीडित हुने भयो भने उन्नति र प्रगतिको अर्थ हुँदैन । मानव प्रगति भनेको मानव सभ्यताको प्रगति र उन्नति हुन्। त्यसैले उद्योग, व्यापार र समाजको उन्नतिलाई शान्तिपूर्ण वातावरण र मानिसको उन्नतशील आचरणको उपज र प्राकृतिक देन मान्नुपर्छ । मानिसको स्वभाव, आचरण र भौगोलिक स्वभाव नै देशको उन्नतिको सबैभन्दा ठूलो पक्ष हो। मानिसले गर्ने हो उन्नति, मानिसले नै गर्ने हो प्रगति। मानिस नै उन्नत सभ्यताको सक्रिय प्रथम शक्ति र साधन हुन् । प्रकृति र प्राकृतिक साधन उन्नतिका आधारशीला हुन्। यिनैको समन्वयबाट अर्थतन्त्रको उन्नति हुन्छ ।

*मानिस नै उन्नत सभ्यताको सक्रिय प्रथम शक्ति र साधन हुन् । प्रकृति र प्राकृतिक साधन उन्नतिका आधारशीला हुन् । यिनैको समन्वयबाट अर्थतन्त्रको उन्नति हुन्छ ।*

आफ्नो देशको परम्परा केलाएर मैले अर्थतन्त्रको अवलोकन र जनजीवनको पद्धतिलाई व्यक्त गरेको मेरो जीवनको साधारण अनुभव ज्ञानको कुरा मात्र हो । मैले जस्तो जानें बुझें, त्यो मैले व्यक्त गरें । यसरी जानेको अनुभवको कुरा उल्लेख गर्दै जाँदा देशमा समय समयमा देखा परेको राजनीतिको पनि केही विवेचना भयो होला ।



CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

*हाम्रो देशको अर्थतन्त्र यसरी स्वचालित छ कि परम्परागत अर्थतन्त्र अनुरूप राजनीति हुन सकेन भने यहाँ राजनीति स्वस्थ भएर हुर्कन सक्तैन ।*

मेरो धारणामा देशको राजनीति जनमूलक हुनुपर्छ। राजनैतिक विवेचनाबाटै प्राप्त साधारण अनुभव ज्ञानमा निहित छ । किनकि राजनीति नै वास्तवमा देशको अर्थतन्त्र विकासको अर्को आधार पनि हो ।

जनता देशको राजनीतिबाट अप्रभावित भएर रहन सक्तैन । त्यस्तै, देशको उद्योग र व्यापार पनि राजनीतिबाट अप्रभावित भएर रहन सक्तैन । तर हाम्रो देशको अर्थतन्त्र यसरी स्वचालित छ कि यस स्वचालित परम्परागत अर्थतन्त्र अनुरूप राजनीति हुन सकेन भने यहाँ राजनीति स्वस्थ भएर हुर्कन सक्तैन। यहाँ मनिसहरू जापानको अर्थतन्त्रको उन्नति र प्रगतिको प्रशंसा गर्छन्। जापानी मालसामान प्रयोग गर्न रुचाउँछन्। यहाँ मानिसहरू बेलायतको मालसामान बेचबिखन र व्यापार गर्न रुचाउँछन्। चीनबाट आएको मालसामानको व्यापार गर्न चाहन्छन् । भारतबाट आएका सामानहरूको लागि त हाम्रो देश मुख्य व्यापारस्थल नै भएको छ। तर, राजनीतिको आयातमा मानिसको रुचि छैन ।

अहिले मानिसहरू वादको धारणाबाट राजनीति संचालन हुन लागेको अनुभव गर्दैछन् । व्यापार र उद्योगका लागि वादको स्थान हुँदैन। वाद शक्तिको उपलब्धिका लागि एउटा द्वन्द्व छुट्टै क्षेत्र मात्र हुनसक्छ। अर्थतन्त्र समृद्धशाली हुन वाद अवरोध हुन्छ। यसले अर्थतन्त्रको उन्नति हुन दिँदैन। यसैले होला, ठूला ठूला क्रान्तिपछि पनि देशमा राजनीति स्थिर हुन सकेन र राजनीतिज्ञहरूले राजनीति र अर्थतन्त्र समान रूपले दुई खुट्टा जस्तै संगसंगै जाने हुनुपर्छ भन्न लागेका छन् । मलाई लाग्छ, राजनीति र अर्थतन्त्र एउटै रूप हो। राजनीति र अर्थतन्त्र देशको समाज, परम्परा, धर्म र सभ्यता अनुरूप संचालन भएर जानुपर्छ। समाजको आमूल परिवर्तन चाहने

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

राजनीति नयाँ समाजको निर्माणको स्पष्ट दिशावोधविना जनमुखी हुन सक्तैन । देशमा वेग्लै राजनैतिक परिपाटीबाट आमूल परिवर्तन ल्याउने चेष्टा भैरहेको पूरा आधा शताब्दी हेरिसकें । यस चेष्टाले देशको अर्थतन्त्रलाई विनाश गरिरहेको छ । जनतालाई गरिबीको रेखामुनि मात्र पुऱ्याएको छ । प्रगति गरेर लैजान सकेको देखिएन ।

म आजीवन व्यापारमा लागेको एउटा मानिस हुँ । व्यापार उद्योग गरेर  राम्ररी जीवन यापन गर्ने लक्ष्य राख्नु मेरो धर्म हो । त्यसैले यसै क्षेत्रमा स्वतन्त्रपूर्वक अवलोकन गरिरहने मेरो रुचि हो । म यसैमा रमाउँछु । त्यसैले आजकालको परिवर्तित व्यापार प्रक्रियाको पनि म निरन्तर अवलोकन गर्दैछु । जनसंख्या धेरै बढेकोले होला, अहिले व्यापारको क्षेत्र धेरै विस्तार भएर फैलिएर गैरहेको छ । गल्ली गल्लीका दलानहरू र घर घरका कोठाहरू अहिले बजार जस्तै देखिएका छन् । सडकका दायाँबायाँ फूटपाथमा पनि सामान प्रदर्शन गरेर विदेशीहरू पनि व्यापारमा संलग्न छन् । व्यापार नभएको भए यसरी सडकमा सामान प्रदर्शन गरेर बस्नेहरू टिक्न सक्ने थिएनन् । पसल बहालमा नपाएर वाध्यतावश व्यापारीहरू यसरी  मेलामा जस्तै सामान प्रदर्शन गरी व्यापार गरिरहेका होलान् ।

इन्द्रचोकका ठूलाठूला घरहरू विशाल बजार जस्तै वा विदेशमा देखिने डिपार्टमेन्टल स्टोरहरू जस्तै देखिन थालेका छन् । व्यापारको क्षेत्रमा यो त अवश्य पनि प्रगति हो । तर परिस्थिति भने सबै अनुकूल भएको जस्तो मलाई लागेन । व्यापारको क्षेत्रमा के मिलेन के मिलेन जस्तो लाग्छ । परिवर्तित राजनीति र परिवर्तित अर्थतन्त्र यसरी नै जाने हो कि भन्ने सोच्न थालेको छु । मेरो जस्तो अनुभव साथीहरूले

*इन्द्रचोकका ठूलाठूला घरहरू विशाल बजार जस्तै वा विदेशमा देखिने डिपार्टमेन्टल स्टोरहरू जस्तै देखिन थालेका छन् ।*

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

*५०/६० वर्ष पहिलेको वा मेरो बाल्यकालको स्थिति त म आफैलाई कथा वा आश्चर्यको कुरा लाग्न थालिसकेको छ ।*

पनि गरेका होलान्, सोचेका होलान् । कहिलेकाहीं उनीहरूले भन्ने पनि गर्छन् । आजकाल काठमाडौंमा धेरै परिवर्तन भैसक्यो । घर घरमा व्यापार, सडकमा व्यापार । यसले गर्दा पनि सडक गल्ली जस्तै सांघुरो भैसक्यो । कति धेरै मानिस, कहाँबाट यति धेरै मानिस आए ! कोही चिनिंदैनन् । दैनिक जात्रा जस्तै छ ।

समय, काल, बेला र परिस्थितिको यस्तो विचित्र परिवर्तन देखेर आश्चर्यचकित नभए पनि विचित्र लाग्नु स्वाभाविक लाग्छ । किनकि काठमाडौंको यस्तो विचित्र समय देखेर १० वर्ष पहिलेको कुरा सम्झँदा पनि समयको अनौठो गति अनुभव हुन्छ । ५०/६० वर्ष पहिलेको वा मेरो बाल्यकालको स्थिति त म आफैलाई कथा वा आश्चर्यको कुरा लाग्न थालिसकेको छ ।

मेरो पसल आउने साथीहरूले खुलेआम भन्न थाल्नुभएको कुरा सुन्दा आफैलाई समयले ल्याएको हेरफेर उलटपुलट भविष्यको संकेत जस्तै लाग्छ । मारवाडी साथीहरू भन्नुहुन्छ, १०/१५ वर्ष अगाडिसम्म सबै मारवाडी साहूहरू र व्यापारी चिनिन्थ्यो र आपसमा समझदारी र आनाजाना हुन्थ्यो । अब मारवाडी व्यापारीहरू नै अनगिन्ती हुन थालेका छन् । अब चिनाजानी नै हुन छोड्यो । पहिले मारवाडीहरूलाई यहाँ व्यापारमा लाग्न र कमाउन सजिलै थियो । पहिले भारतबाट आफ्नै चिनाजानीका व्यापारीहरू आउँथे । तिनीहरूलाई आपसमा सघाएर र सहयोग गरेर व्यापार गर्न लगाइन्थ्यो । एउटा धोती लाएर आउने मारवाडी अहिले साहू बनिसक्यो भन्थे । मारवाडी साहूहरू वा व्यापारीहरूको सफलताको पछाडि कारण पनि सहयोग र समझदारी नै थियो । भारतबाट आएर मारवाडीहरूले यहाँ व्यापार गरे

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

जस्तै नेपालीहरू पनि ल्हासा जान्थे । ल्हासाबाट कमाएर ल्याउँथे। अहिले ल्हासाको राजनीतिले गर्दा नेपालीहरू ल्हासा जान छोडी स्वदेशमा नै व्यापार गर्ने भए। तथापि वास्तवमा नेपालमा व्यापार गर्न १०/२० वर्ष अगाडिसम्म धेरै नै सजिलो थियो। अहिले त्यो स्थिति छैन। नेपालमा कमाएको धन नेपालमा नै व्यापारमा लाउँथे पहिलेका नेपाली मारवाडीहरू । अहिले भारतबाट पैसाको कानूनी मान्यता प्राप्त गरेर भारतमा नै फर्कने खालको व्यापार पनि हुन थाल्यो । उद्योग पनि भारतमुखी नै हुन थाल्यो ।

नेपाल व्यापारका लागि एउटा साँच्चै सरल देश थियो। नेपालकै कच्चा सामानले आवश्यक साधारण सामान मात्र बन्थे । पाटन, भक्तपुर र काठमाडौंका किसानहरू अर्थात् ज्यापु समुदाय आफै धोती बुनेर लाउँथे। आइमाईहरू कालो धोती लाउँछन् र धोतीको किनाराको फरकले कहाँका ज्यापुनी भन्ने तुरुन्त थाहा पाइन्थ्यो। लोग्ने मानिसहरूका लवेदा सुरुवाल पनि स्वदेशी बुट्टेदार कपडाबाटै बनेका हुन्थे । भारतबाट आएको गाउन कपडा, नैनसुत, आदि लाउने नेपालका मध्यम वर्गीय जनता हुन्थे । सियोसम्म पनि नबन्ने देशमा पनि स्वदेशी उद्योगबाट अर्थतन्त्र धान्ने परम्परा थियो । १९९० सालको भूकम्पबाट नयाँ सडक खुलेपछि वास्तवमा विभिन्न सामानको व्यापार र कपडा व्यापारको क्षेत्र विस्तार भएको हो ।

*१९९० सालको भूकम्पबाट नयाँ सडक खुलेपछि वास्तवमा विभिन्न सामानको व्यापार र कपडा व्यापारको क्षेत्र विस्तार भएको हो ।*

सन् १९४५ मा समाप्त भएको विश्वयुद्धको समाचार सुन्न एकाध घरमा रेडियो हुन्थ्यो। अहिले टेलिफोन, रेडियो र टेलिभिजन नभएको घर पाउन मुश्किल भैसकेको छ । केही वर्ष अगाडिका कुरा पुराना भैसके, कथा भैसके । व्यापारको प्रगतिले निकै छिटो गति लिइसकेको छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

*अर्थतन्त्र र समाज सन्तुलित रूपमा परिवर्तित भएर जानु मात्र भविष्यको लागि राम्रो दिशावोध हुनसक्छ ।*

व्यापार उद्योगमा सन्तुलन नआई देशको अर्थतन्त्रमा सन्तुलन आउन निकै गाहारो हुने अवस्थामा राजनैतिक अस्थिरता देशको उन्नतिका लागि खतरा हुनसक्छ। त्यसमा पनि परम्परा र समाजसित अनि देशको आवश्यकतासित मेल नखाने प्रक्रियाले जनताको विश्वास पाउन सक्तैन। अर्थतन्त्र र समाज सन्तुलित रूपमा परिवर्तित भएर जानु मात्र भविष्यको लागि राम्रो दिशावोध हुनसक्छ। अस्थिर र अनिश्चितताले समाजलाई उँभो लाउँदैन। देशको उन्नति हुँदैन।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

# कृषि युग र अर्थतन्त्रको विकास



मानिसको चाहना असीमित हुनसक्छ । मानिसमा धेरै प्रकारका चाहनाहरू हुनु स्वाभाविक नै हो । तर धेरैजसो मानिसहरूका चाहना सीमित, सरल र एकैनासका हुन्छन् । पेटभर खानेकुराको चाहना, एकजोर लुगा र एउटा बास बस्ने घरको चाहना सरल मानवीय चाहना हुन् । यस्ता सरल चाहनादेखि लिएर महत्वाकांक्षी चाहना पनि मानिसमा हुनु अस्वाभाविक भन्न मिल्दैन । यसो भन्दा म अर्थतन्त्रको सिद्धान्त विपरीत जान खोजेको होइन । मेरो सरल अनुभवमा मलाई लागेको कुरा मात्र उल्लेख गर्न खोजेको हुँ । अत्यधिक धन कमाउन सबै व्यापारी र उद्योगीहरूको आकांक्षा हुन्छ तर सबैका महत्वाकांक्षा पूरा हुन्छन् भन्ने मलाई लाग्दैन । एकाधको महत्वाकांक्षा धेरै संघर्षपछि सफल हुनु अर्कै कुरा हो । सफल महत्वाकांक्षीहरू उदाहरण नै हुन्छन् । राजनीतिमा पृथ्वीनारायण शाह र जङ्गबहादुर सफलताका उदाहरण हुन् । तर जनभावना अनुसार उनीहरू भाग्यमानी हुन् । उनीहरूका साहस र दुःखले फल पाए ।

यसैले सरल चाहना पूर्तिका लागि खेती, व्यापार, जागीर र अन्य रोजगार नै अर्थतन्त्रका सजीव संचालनका आधार हुन् । मानिस रोजगारीको चाहना राख्छन् । राम्रो रोजगार पाएका मानिसको जीवन राम्ररी संचालन हुन्छ । साधारण रोजगारीबाट साधारण जीवन निर्वाह हुन्छ । अब देशको अर्थतन्त्र नियालेर हेर्ने हो भने ३/४ दशक अगाडिसम्म खेती र व्यापार नै मुख्य रोजगार मानिएको थियो । उद्योगको नाममा देशमा सियोसम्म पनि उत्पादन हुँदैनथ्यो । साधारण

*अत्यधिक धन कमाउन सबै व्यापारी र उद्योगीहरूको आकांक्षा हुन्छ तर एकाधको महत्वाकांक्षा धेरै संघर्षपछि सफल हुनु अर्कै कुरा हो ।*

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

*मानिसको चाहना र समाज सुसंचालनका लागि सबल अर्थतन्त्रको ठूलो महत्व हुन्छ ।*

कपडा घरैमा बुनेर किसानहरू कोरा कपडाकै लुगा लाउँथे। किसानका लुगाबाट अझ विशेष गरेर अहिलेसम्म पनि ज्यापुनीहरूका फरियाबाट उनीहरूका शहर र वस्तीको पहिचान हुने गर्छ । काठमाडौं, भक्तपुर वा पाटनका ज्यापुनीहरूका पहिरनबाट अहिले पनि तिनीहरूलाई यो शहरको बासिन्दा भनेर थाहा पाउन सकिन्छ ।

२००७ सालपछि देशको भेषभूषामा विस्तारै परिवर्तन आयो । प्रशासनिक क्षेत्र विस्तार भयो । बैंकको कार्यक्षेत्र विस्तार भयो । अनि कार्यक्षेत्रमा पनि विभिन्नता देखा परेर पुरानो अर्थतन्त्रको नयाँ मोड देखा पर्न थाल्यो। मानिसहरूमा विभिन्न रोजगारीका चाहनाहरू बढ्न थाले । नाङ्गलो पसल मात्र राखेर वा आलु पकौडा मात्र बेचेर पनि निर्वाह हुने पुरानो स्थिति बिलाएर गयो। समग्र रूपमा सरल मानवीय चाहना भने देशको राम्रो र असल अर्थतन्त्रको व्यवस्थाबाट मात्र प्राप्त हुने हुन्छ। परिवर्तन आयो । तर मानिसहरूका चाहनालाई टेवा दिने तरीकाको अर्थतन्त्रको व्यवस्था सिर्जना हुन सकेन ।

मानिसको चाहना र समाज सुसंचालनका लागि सबल अर्थतन्त्रको ठूलो महत्व हुन्छ । खेती गर्नु, व्यापार गर्नु, रोजगारमूलक वर्ग बन्नु, जागीर खानु, सेवामूलक प्रशासन निर्माण हुन तथा निर्माण उद्योगमूलक पेशा फस्टाउनु, आदि व्यवसाय अर्थतन्त्रमा निहित विषय हुन् । तसर्थ, समाजमा आधारित सबल अर्थतन्त्र नै समाजलाई सभ्य, सुसम्पन्न र समृद्धशाली बनाउने साधन हुन् । यसैबाट राष्ट्रिय व्यापार, संस्कार, राष्ट्रिय संस्कृति र परम्परा पनि सिर्जना हुँदै सम्वर्द्धन भएर जान्छन् । संस्कार, संस्कृति, परम्परा, धर्म र सभ्यता गतिशील अर्थतन्त्रबाट हुन्छ । अर्थतन्त्र पनि गतिशील



CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

समाजबाट मात्रै परिष्कृत र सम्वर्द्धन हुँदै जान्छ।

त्यसैले मलाई लाग्छ, सभ्यताको स्वरूप हेर्ने ऐना नै देशको अर्थतन्त्र हो। सरल व्यवसायबाट जीवन यापन गर्न सकिने नेपाली समाज सिर्जनाको पूर्वकाल सरल आचरण धर्मबाट पोषित थियो। सुन, चाँदी, तामाको मूल्य सिक्काको रूपमा प्रयोग शुरु भएपछि अर्थतन्त्रले सशक्त रूप पायो। तामाको १ पैसाको ४ दाम भएर प्रयोग भएपछि अर्थ र धर्मको समन्वय भएर परम्परा अगाडि बढ्यो। १ पैसाको ४ दामले ४ वटा चीजबीज वा उपभोग्य सामान क्रय विक्रय वा बेचबिखन हुनसक्ने भएपछि सामाजिक परम्पराले अर्थतन्त्र विकसित गऱ्यो। महेन्द्र मल्लको पहिलो टक र अर्थतन्त्रको विकास अनुसन्धानका विषय हुन्। तसर्थ, मेरो उक्त विचार साधारण अनुमान मात्रै हुन्। समय समयमा इतिहासका विद्वान्हरूबाट सुनेका कुरा नै उद्धृत गरेको हुँ।

तसर्थ, युग युगसम्म यसरी सरल अर्थतन्त्रबाट संचालन हुँदै आएको हाम्रो नेपाली समाजले कल–कारखानाको उद्योग संचालन गर्ने महत्वाकांक्षी चाहना राख्ने अर्थतन्त्रको विकास गर्न खोजी गरेन। महत्वाकांक्षाको चाहनाको बाटो नै बेग्लै हुन्छ। यस विषयमा म अनभिज्ञ नै छु।

*महेन्द्र मल्लको पहिलो टक र अर्थतन्त्रको विकास अनुसन्धानका विषय हुन्।*

धातुका भाँडाकुँडा बनाउने काममा नेपालीहरू दक्ष नै छन्। हातैले नेपालमा नै ढलौटका मूर्तिहरू बनाउने काम पनि हुन्छन् र भैरहेका छन्। आजकाल ढलौटका मूर्तिहरू क्यूरियो अर्थात् प्राचीन कलाकृतिका रूपमा बजारमा प्रशस्त पाइन्छन्। हाम्रो नेपाली समाजको उन्नत व्यापारको यो एउटा क्षेत्र हो। माटाका भाँडाकुँडाहरूको त एउटा चाड नै छ। श्रीस्वस्थानी व्रत शुरु गर्ने पूर्णिमाको दिन गुरुजुको पल्टन आएर टोल टोलको चोकमा एकमाथि अर्को खप्टाएर

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

*एकमाथि अर्को खप्टाएर राखेको पुरानो घ्याम्पो हाँडी फुटाएर चूर्ण पारेर जाने चाड त लोप नै भैसकेको छ ।*

राखेको पुरानो घ्याम्पो हाँडी फुटाएर चूर्ण पारेर जाने चाड उत्सव त लोप नै भैसकेको छ ।

परम्परा परिवर्तन वा समयानुसार बदलिंदै जाने परिवर्तनशील समाजका विषयमा सोचेर हेर्दा र आफ्नै जीवनभरिका अवधिभित्र सिंहावलोकन गरी हेर्दा सामाजिक, राजनैतिक तथा आचरणमूलक धार्मिक परम्परा परिवर्तनमा मानवीय चाहना नै देखिन्छ र परिवर्तनशील समाजको प्राकृतिक स्वरूप परिवर्तन हुने पक्ष दृष्टिगत हुन्छ। समयको चक्र स्वतः स्वचालित हुने स्वभाव कहिल्यै अवरुद्ध नहुने पनि स्पष्ट हुन्छ। केवल मानिसले आफ्नै प्रयासले समाजमा परिवर्तन ल्याउन चाहना गर्नुमा भने विचारधाराको द्वन्द्व मात्र अगाडि बढिरहेको भान हुन्छ । समाजमा स्वतः परिवर्तन देखिंदै जानुमा भने अर्थतन्त्रको नै समसामयिक प्रभाव प्रबल हुन्छ । र, समाज परिष्कृत भनुँ वा प्रवर्द्धन हुनुमा नै यथार्थमा ठूलो हात देखिन्छ ।

तसर्थ, समसामयिक समाज परिवर्तन होस् वा विचारधाराबाट ल्याउन खोजिने परिवर्तन होस्, म कुनै पनि खालको समाजमा आउने परिवर्तनको विरोधी होइन। केवल मेरो एउटा धारणा हो कि समसामयिक समाज परिवर्तन राजनैतिक महत्वाकांक्षाको फल जस्तो भने मलाई लाग्दैन। मैले समाज परिवर्तन सम्बन्धमा आफ्नो अनुभव तथा अवलोकन अगाडि पनि व्यक्त गरिसकेको छु । राजनैतिक विचारधाराद्वारा लक्षित परिलक्षित समाजको कुरा गर्दा देशको अर्थतन्त्रसित मेल खाने भएर प्राप्त परिवर्तनले मात्र समाज विकसित हुने धारणा मेरो आफ्नै समाज अवलोकनको अनुभवबाट समाज परिवर्तन प्रक्रिया प्राकृतिक हुने मैले ठानेको छु ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

राजनैतिक चाहनाको परिवर्तनले हाम्रो समयको र हाम्रो समाजको चाहना राख्दैन । हाम्रो अनुभव शैलीको चाहना राख्दैन । बूढाहरूका धारणा निकम्मा ठानिने हुन जाने हुन्छ । चाहनाले ल्याउन खोजिएको परिवर्तनले समन्वय खोज्ने हुँदैन । बूढापाकाहरूले इतिहास जस्तै सुनाएका कुराहरू सुनिराखेको पनि छु। आफ्नै जीवनमा पनि अनायास परिवर्तन हुँदै आएको समाजको स्वरूप पनि अनुभव गरेको छु । मेरा पूर्वजहरू प्रशासनमा नै अभिरुचि राख्ने हुनुहुन्थ्यो । तर मेरो तीन पुस्ता अर्थात् बाजे र बुबाको पालामा भने व्यापारमा रुचि भएकोले बाजे व्यापारतिर लाग्नुभयो । बुबाले बाजेको व्यापार अभिरुचिपूर्वक नै सम्हाल्नुभयो । मैले बुबाको व्यापार गर्ने अभिरुचिलाई सकारें । मैले तत्कालीन व्यापार प्रक्रिया अनुकरण गरें । मेरा छोराहरू पनि व्यापार तथा उद्योगमा नै लागे । मेरो आफ्नै बुबा बाजेको व्यापार परम्परामा लाग्दा मेरो समयमा पनि व्यापार प्रक्रिया सरल नै थियो। आफ्नै स्वभाव र रुचि अनुसार मैले व्यापारमा उन्नति गरें। मेरा छोराहरूलाई भने मेरो समयको व्यापार प्रक्रिया समयानुकूल भएन। उनीहरूका लागि वतर्मान समयमा मेरो शैलीको व्यापार प्रक्रिया अनुसरण गर्न समयानुकूल भएन । राजनैतिक पद्धतिले आधुनिक खुला तथा मिस्रित व्यापार प्रक्रिया अनुसरण गर्न लगायो । उनीहरूले मेरो पुरानो व्यापार प्रक्रिया बदले । उनीहरूलाई मेरो समयमा भन्दा भिन्न तरीकाको उद्योग र व्यापार प्रक्रिया अपनाउनु नै पर्ने बाटोमा उभ्यायो। समयको मोड अनुसार व्यापार उद्योग गरेर उन्नति पनि गरे । यसरी समयले ल्याउने परिवर्तन अनुरूपको प्रक्रियाले पारिवारिक स्वभाव, रुचि र आचरणमा पनि स्वभावतः परिवर्तन आउने नै हुन्छ। परिस्थितिले नै ल्याउने बदलावमा

*मेरा छोराहरूलाई मेरो समयको व्यापार प्रक्रिया समयानुकूल भएन ।*

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

> चन्द्र शम्शेरको पालामा कुनै पनि देशवासीले राम्रो लुगा लगाएर, राम्रो घर बनाएर आराम र अलिकति पनि विलासी स्वभाव देखाएर हिंड्नु हुँदैनथ्यो ।

व्यापार शैली र प्रक्रिया स्वतः परिवर्तन भएर जानु स्वाभाविक नै भयो । उद्योगी तथा व्यापारी समयसापेक्ष भएर चनाखो हुनुपर्छ ।

विश्वका औद्योगिक देशहरूले नयाँ मोड लिएर वा फड्को मारेर विश्वका देशहरूलाई एउटै औद्योगिक सूत्रमा आबद्ध गरिसकेको बेलामा आधुनिक व्यापार तथा उद्योगशैली कदापि सरल हुँदैन । प्राग् ऐतिहासिककाल, किराँतकाल र लिच्छवीकालको व्यापार प्रक्रियाको मुख्य भाग कृषि जनशक्ति र कृषि उपज उत्पादनमा नै केन्द्रित थियो । त्यो बेलादेखि देशको अर्थतन्त्र कृषि युगको रूपमा सरल कृषि उपज आदानप्रदान तथा बेचबिखन प्रक्रिया वस्तुबाट नै क्रय विक्रय हुने गर्दै आएको प्रचलन तीन दशक जति पहिले पनि हाम्रो देशको गाउँघरमा छँदै थियो । यो साधारण अनुभवको कुरा हो। यसबाट अर्थतन्त्रको इतिहासलाई नै विश्लेषण प्रक्रियाको आधार बनाउन प्रयास गरेको होइन। अर्थतन्त्र जस्तो विषयको अन्वेषणका लागि विद्वान्हरूकै अनुसन्धान र तथ्यांकको खाँचो हुन्छ। मैले तथ्यांक नै संकलन गरेर व्यक्त गरेको यो विचार वा अध्ययन होइन । यो साधारण किसिमले कृषि युगको प्रक्रिया जान्न चाहेको जिज्ञासाबाट जानकारी भैरहेको कुरा मात्र हो ।

सुनिराखेका कुराहरूमा पनि तथ्य हुन्छ । मेरा बुबा चन्द्रबहादुर अमात्यलाई चन्द्र शम्शेरको पालाको राम्रो अनुभव थियो । मलाई पनि चन्द्र शम्शेरको अन्तिम शासनकालको परिस्थितिको जानकारी छ । त्यसबेला देशमा कुनै पनि देशवासीले राम्रो लुगा लगाएर, राम्रो घर बनाएर आराम र अलिकति पनि विलासी स्वभाव देखाएर हिंड्नु, बस्नु, गर्नु हुँदैनथ्यो। धनको प्रदर्शन त बिलकुलै गर्नु हुँदैनथ्यो। त्यसैले

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

घर घरमा आँखीझ्याल मात्र राख्ने चलन थियो । देशमा त पैसा खर्च गर्ने र तडकभडक देखाउने कुरा गर्नु नै हुँदैनथ्यो । विदेशमा पनि खर्च गरेर कसैले ऐश गरेको थाहा भएमा देशमा फर्केर आउँदा त्यस्तो मानिसको कुनै न कुनै किसिमले सर्वस्व हरण हुने गर्थ्यो । किलागलको ज्ञानमान एकपल्ट कलकत्ता गएर १६ वटा घोडाले तानेको बग्गीमा बसेर गएको चन्द्र शम्शेरले देखेछ । ज्ञानमान फर्केर आउँदा दरबारमा बोलावट भयो । कोरा खाएर उनको निधन नै पनि भयो । राणाकालीन प्रशासन त्यसैले दबाव र डरत्रासको युग भयो । जनताका लागि उत्साह दिने र अर्थतन्त्रको विकास गर्ने कुनै पनि कदम यस युगमा चालिएन ।

मेरो पुर्खा मेरो जिज्यू बाजेहरू भक्तपुर चण्डेश्वर चाखेल निवासी अमात्यहरू थिए । मेरा बाजे लालबहादुर अमात्य काठमाडौं आएर व्यापारमा लाग्नुभयो । हाम्रो कुल परम्परामा व्यापार गर्ने परम्परा नै बाजेले चलाउनुभएको थियो । बाजेका दुई परिवारमा जेठीबाट मेरा बुबा चन्द्रबहादुर र फुपू हीरादेवी र कान्छीबाट मोहनबहादुर (काका भाइ) र फुपू बालानानी जन्मे । त्यसैले बिहाबारी, लेनदेन, व्यापार बाजेकै पालादेखि काठमाडौंमा नै स्थायी रूपले चल्न थाल्यो । भक्तपुरको जायजेथा अंशको रूपमा प्राप्त गर्न पनि बाजेले खोज्नुभएन । घरजग्गा त भक्तपुरमा अझै पनि छँदैछ ।

*जनताका लागि उत्साह दिने र अर्थतन्त्रको विकास गर्ने कुनै पनि कदम राणाकालमा चालिएन ।*

बाजेको व्यापार बुबाले अनुसरण गर्नुभयो । बुबाको स्वर्गवासपछि मैले उहाँकै व्यापार अनुसरण गरें । मेरो बुबाका दुई छोरामा जेठो परलोक भयो । म र मेरी बहिनी विष्णुदेवी काका मोहनबहादुरबाट भिन्न भयौं । यसरी परिवारको सम्झना मेरा बाजे लालबहादुर अमात्य भक्तपुर चण्डेश्वर चाखेलबाट

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

*भक्तपुरमा शाहकाल आएपछि प्रशासकीय काम ठप्प भएपछि हामीलाई जीवन सक्रिय हुने वातावरण भएन।*

काठमाडौं आउनुभएको परिस्थितिको स्मरणका लागि गरेको छु। भक्तपुरमा शाहकाल आएपछि प्रशासकीय काम ठप्प भएपछि हामी अमात्य परिवारका मानिसहरूलाई साधारणतया जग्गामा गरेको लगानी र कृषि उपजले मात्र परिवार र जीवन सक्रिय हुने वातावरण भएन। अन्य काममा र व्यापारमा नै आकर्षित हुन आवश्यकता भयो।

त्यसैले मल्लराज्यकालको करीब सय सवासय वर्षमा भक्तपुरमा व्यापार गरी स्थानीय रूपमा रहेपछि व्यापारको केन्द्र काठमाडौंमा धेरै आए र व्यापारमा लागे। त्यस्तै परिस्थितिबाट बाजे लालबहादुर अमात्य काठमाडौं आउनुभएर स्थायी बसोबास इन्द्रचोक नजीक तधँ चुकमा गर्नुभयो।

करीब छ सय वर्ष अगाडि मल्लकालीन व्यवस्थामा पनि व्यापार प्रक्रिया कृषि उपजमा केन्द्रित थियो। जयस्थिति मल्लले रोजगारमूलक व्यवस्था तर्जुमा गरेर व्यापार प्रक्रियाको प्रथम थालनी भएको हो भन्ने मेरो धारणा बनेको छ। रोजगारमूलक व्यवस्थाले वर्गको सिर्जना भयो। यसैबेला एउटा ६ थरि भन्ने वर्गको सिर्जना हुन गयो। यस वर्गभित्र अमात्य, प्रधान, जोशी, कर्माचार्य, मास्के र राजभण्डारीहरू परे भन्ने सुनिन्छ। यो वर्ग राजकाज गर्ने सामन्तहरू नजीक बसेर प्रशासनिक कार्य गर्ने वर्ग मानिन्छ। यस वर्गले व्यापारमा संलग्न हुनुपर्दैन।

अब राम्रो र असल सरकार अर्थात् असल प्रशासन नभैकन देश र समाजमा सुव्यवस्था आउँदैन। प्रशासनले सुव्यवस्था ल्याउन प्रयास नगरी देशको आर्थिक व्यवस्था सुदृढ हुँदैन। हाम्रो देशको किराँतकाललाई प्राचीनकाल र लिच्छवीकाललाई मध्यकालीन युग मान्छौं हामी। यस कालमा

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

साधारण मालपोत उठाउने र सानोतिनो झगडा मिलाउने सिवाय अरू खालको प्रशासनको काम भएन। जनता आफै धर्मभीरु र इमान्दार भएपछि प्रशासन चलाउन गाहारो हुने पनि भएन। साधारण मालपोत उठाउन साधारण सिपाहींहरू भए पुगी हाल्ने भयो । समाजको सुरक्षाका लागि मात्र संगठित सिपाहींहरू भए पुगिहाल्यो। धार्मिक समाज संचालन गर्न शास्त्र र कथाहरू नै यथेष्ट भए होलान् । सती जाने प्रथा मल्लकाल र राणाकालमा पनि भए पनि यस्तो प्रथा रोक्न प्रथम प्रयास राजा मानदेवले गरेका थिए । उनले आफ्नी आमालाई सती जान दिएनन् । राजाले गरे नहुने त्यस बेला केही थिएन । यस्तो सरल समयमा जनताको सिधै राय बुझेर राज्य गर्न सकिने बेलामा अर्थतन्त्रमा धन भन्नु नै घरजग्गा र वस्तुभाउ मात्र हुन् भन्ने कुरा इतिहासबाट थाहा पाइने कुरा भयो। सुनचाँदी पनि अति सस्तो हुँदा दान दिने वस्तु नै सुनचाँदी, जग्गा र गाईवस्तु थिए। अहिले त यस्तो कुरा सम्भव भएन। पहिले लखपति भयो भने यस्तो काम सम्भव हुन्थ्यो । अहिले लखपतिहरूका लागि पनि यस्तो काम गर्न सम्भव हुने भएन। सबैभन्दा महंगो गाई ८ आना १ पैसाले पाइने समयमा गाई दान ठूलै दान हुने भयो। यसबाट जीवन निर्वाह पनि हुने यो कार्य व्यापारको विकल्प जस्तै थियो।

*सती जाने प्रथा मल्लकाल र राणाकालमा पनि भए पनि यस्तो प्रथा रोक्न प्रथम प्रयास राजा मानदेवले गरेका थिए।*

आजकाल परम्परा अनुसार, राजा वा धेरै धनी मानिसको मृत्यु भयो भने मात्र विर्ता जग्गा दान दिने वा सुनचाँदी दान दिने काम हुनसक्छ। धर्ममा शरीर जत्तिकै तौलको सुन पनि दान दिने प्रचलन थियो । यस्ता धर्मकार्यहरू या धर्मकै धारणाले गरिन्थ्यो या डरकै प्रभावले गर्ने गरिन्थ्यो । तसर्थ, प्रशासनका आधार पनि डर र धर्म नै थिए।

मल्लकालमा आएर प्रशासन कडा हुन आवश्यक

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

*आधुनिक युगमा आएर मानव अधिकार, समान अधिकार र समान न्यायका लागि समाज उभिएको छ ।*

पऱ्यो । त्यसैले जयस्थिति मल्लको समयमा थर सिर्जना भएर अनेक वर्ग बनाएर प्रशासन चलाउन आवश्यक पऱ्यो । आफ्नै थरभित्र बिहाबारी गर्ने चलनको प्रशासन यही बेलादेखि चलेको ऐतिहासिक कुरा भयो । भेदभावको प्रशासन धार्मिक समाजको विखण्डन र विकृतिका लागि प्रयोग हुन थाल्यो । अब आधुनिक युगमा आएर मानव अधिकार, समान अधिकार र समान न्यायका लागि समाज उभिएको छ । समय बलवान् छ । त्यसैले मलाई लाग्छ, समयबाटै परिवर्तन स्वचालित छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection